CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामानुजाचार्यको विशिष्टाद्वैत दर्शन

प्रा. पद्मप्रसाद भट्टराई

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामानुजाचार्यको विशिष्टाद्वैत दर्शन

प्रा. पद्मप्रसाद भट्टराई

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामानुजाचार्यको विशिष्टाद्वैत दर्शन

प्रा. पद्‌मप्रसाद भट्टराई

प्रकाशक	:	नेपाल प्रज्ञा-प्रतिष्ठान
सर्वाधिकार	:	नेपाल प्रज्ञा-प्रतिष्ठान
संस्करण	:	पहिलो, वि.सं. २०७८ (१,२०० प्रति)
कम्प्युटर सेटिङ	:	रञ्जन घिमिरे
आवरण सज्जा	:	वसन्तराज अज्ञात
मुद्रण	:	प्रज्ञा छापाखाना, कमलादी, काठमाडौँ
मूल्य	:	रु. २३०/
ISBN	:	978-9937-761-28-4

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत् तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा सुरुमा नेपाली साहित्य-कला एकेडेमीका रूपमा स्थापित नेपाल एकेडेमीले क्रमशः रायल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललितकला एवम् नाट्य-सङ्गीत विधालाई छुट्टयाई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ अन्तर्गत नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने उद्देश्यले वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरिएको हो। यस अर्थमा आफ्नो गठनदेखिकै बिरासत ग्रहण गर्दै हाल कानुनबमोजिमका विषयक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अगि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक अध्ययन, अनुसन्धानको अभिभारा प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कार्यक्रम रहने गरेका छन् । यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ । यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो। अतः नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्नु नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो। नेपाल प्रज्ञा-प्रतिष्ठान स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्वसामु नेपाललाई चिनाउने काममा लागिरहेको छ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभागहरू छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आआफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन्।

यसै गरी युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालको अध्ययन/अनुसन्धानमा पनि नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अगि बढिरहेको छ। यस प्रज्ञा-प्रतिष्ठानअन्तर्गत गठित ११ ओटै विभागहरूले आ-आफ्ना अनुसन्धान परियोजनाका रूपमा सम्बद्ध विषयका विद्वान्हरूबाट तयार गराएका प्रतिवेदनहरूलाई विज्ञहरूबाट मूल्याङ्कन गराई सिफारिसका आधारमा प्रकाशन गर्ने कार्यसमेत गरिँदै आएको छ। साथै प्रज्ञा-प्रतिष्ठानको स्थापनादेखि विभिन्न कालखण्डमा प्रकाशन भएका तर हाल अप्राप्य अवस्थामा रहेका ग्रन्थहरूलाई समेत पाठकीय माग, आवश्यकता र औचित्यका आधारमा पुनः प्रकाशन गर्ने नीति लिइएको छ। यसै सन्दर्भमा दर्शनशास्त्र विभागको अनुसन्धान परियोजनाअन्तर्गत प्रा. पद्मप्रसाद भट्टराईद्वारा तयार गरिएको 'रामानुजाचार्यको विशिष्टाद्वैत दर्शन'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शीर्षकको प्रतिवेदनलाई पुस्तकाकार रूपमा प्रकाशन गरिएको छ। यस पुस्तकबाट वेदान्तपरम्पराका विशिष्ट विद्वान् रामानुजाचार्य र उनीद्वारा प्रतिपादित विशिष्टाद्वैत दर्शनको अध्ययन/अनुसन्धान गर्न चाहने साधारण पाठकदेखि विशिष्ट विद्वान्हरूसम्म लाभान्वित हुनुहुने विश्वास गरिएको छ। यस्तो कठिन विषयमा कलम चलाएर महत्त्वपूर्ण सामग्री तयार गरिदिनुभएकोमा प्रा. पद्मप्रसाद भट्टराईप्रति आभार व्यक्त गर्दछु। साथै यस पुस्तकलाई प्रकाशनयोग्य तुल्याउन आ-आफ्नो तर्फबाट सहयोग गर्नुभएका योजना तथा प्रकाशनसँग सम्बद्ध सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन्छु।

वि.सं. २०७८ आषाढ
कमलादी, काठमाडौँ

(डा. जगमान गुरुङ)
उपकुलपति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभागीय मन्तव्य

नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन-२०६४ अनुसार निर्धारित भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिक शास्त्र विषयक्षेत्रअन्तर्गत रहेर गठन गरिएका एघारओटा विभागमध्ये दर्शनशास्त्र विभाग एक हो। २०६६ सालमा प्रज्ञा-प्रतिष्ठानअन्तर्गत पहिलो पटक दर्शनशास्त्र विभाग गठन भएको हो। भाषा, साहित्य, संस्कृति र सामाजिक शास्त्र विभागसरह मान्यतासहित काम गर्न सुरु गरेको यस विभागले छोटो अवधिमै अध्ययन/अनुसन्धान र प्रकाशन तथा विचार-गोष्ठी, कार्यशाला र सम्मेलनका माध्यमबाट दर्शनशास्त्रको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। वर्तमान प्राज्ञ परिषद् (२०७५-२०७९) को गठन र विभागीय जिम्मेवारी निर्धारणपश्चात् बसेको दर्शनशास्त्र विभागको पहिलो बैठकमा विभागीय प्रमुखद्वारा प्रस्तुत अध्ययन/अनुसन्धान, प्रकाशन एवम् विचार-गोष्ठी आदिसँग सम्बन्धित तात्कालिक, मध्यकालिक र दीर्घकालिक योजनासहितका विषयगत शीर्षकहरू पारित र प्राज्ञ परिषद्‌बाट अनुमोदन भएसँगै तिनको कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सन्दर्भमा केही महत्त्वपूर्ण काम सम्पन्न भएका छन्, केही सम्पन्न हुँदै छन् र केही भविष्यमा सम्पन्न हुनैपर्ने अवस्थाका कार्यका लागि सूचीबद्ध भएका छन्।

यसै सन्दर्भमा पौरस्त्य ज्ञान र विज्ञानको उद्‌गम भूमिका रूपमा रहेको नेपालमा प्रवर्तन र विकास भएका दार्शनिक चिन्तनहरूका साथै वर्तमान बहुविधतायुक्त नेपाली समाजका जातीय जीवनदर्शनहरूको उत्खनन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ र केही समयभित्रै 'नेपाली दर्शन' का रूपमा पाठकहरूका हातमा आइपुग्ने गरी प्रकाशन हुने छ। यसबाट नेपाली भूमिमा प्रवर्तित र आविष्कृत दर्शन/चिन्तनहरूले अर्कै देशका नामबाट संसारमा चिनिनुपर्ने र त्यसको पहिचानको कुनै पनि स्वत्व हामीसँग नरहने स्थितिको अन्त्य हुने छ। विभिन्न कालखण्डमा कठोर तपस्या र दीर्घ साधनाद्वारा हाम्रा प्राचीन ऋषिमुनिहरूले आफ्नो मस्तिष्कबाट निकालेका चिन्तन र दर्शनहरू संसारमा नेपाली विशेषण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बोकेरै चिनिने छन् । यसले आज र यसपछिका नेपाली चिन्तकहरूमा आफ्नै माटो, पानी र हावाको स्पर्श पाएर अनि यहीँका हिमाल र पहाडका शिखर, खोँच, गुफा तथा उपत्यका र तराईका नदी किनारहरूमा बसेर हाम्रा पुर्खाहरूले आफ्नो समयमा कसरी प्राज्ञिक चिन्तन गरेका रहेछन् ? उनीहरूले विकास गरेको ज्ञान र विज्ञानको संस्कृति कस्तो रहेछ ? उनीहरूका चिन्तन कति दूरगामी महत्त्वका रहेछन् ? पाश्चात्य प्राचीन ज्ञान-विज्ञानसँग तिनको साम्य-वैषम्यको अवस्था कस्तो रहेछ ? र आधुनिक प्राच्य-पाश्चात्य चिन्तनहरूमाथि तिनको प्रभाव वा उपजीव्यत्व कति रहेछ ? यी र यस्तै अनेकौं प्रश्नहरूको उत्तर खोज्ने उत्प्रेरणा जागृत गराउने छ । यसरी नेपाली दर्शनको खोजीका साथै प्राच्य र पाश्चात्य दुवै परम्पराका दर्शन/चिन्तनहरूको अन्वेषण-विश्लेषण तथा प्राचीन र आधुनिक दर्शनका बिचमा तुलनात्मक अध्ययन/अनुसन्धान गराउने कार्यमा समेत दर्शनशास्त्र विभाग लागिरहेको छ ।

प्रस्तुत 'रामानुजाचार्यको विशिष्टाद्वैत दर्शन' शीर्षकको ग्रन्थ पौरस्त्य दर्शनहरूको अन्वेषण र विश्लेषण गर्दै तिनलाई नेपाली पाठक समाजसमक्ष प्रस्तुत गर्ने सन्दर्भमा तयार गराइएको हो । दर्शनशास्त्र विभागको वार्षिक अध्ययन/अनुसन्धान परियोजनाअन्तर्गत विभागका सदस्य एवम् पौरस्त्य दर्शनमध्येको अत्यन्त क्लिष्ट र दुरूह मानिने नव्यन्याय दर्शनका विशिष्ट विद्वान् प्राध्यापक पद्मप्रसाद भट्टराई (वि.सं. २०१७, तेह्रथुम) ले यस ग्रन्थलाई तयार गर्नुभएको छ । यसमा विशिष्टाद्वैत दर्शनका प्रवर्तक रामानुजाचार्य (वि.सं. १०९४-११९४/सन् १०३७-११३७) को जीवनसँग सम्बद्ध सामग्रीका साथै विशिष्टाद्वैत दर्शनका तत्त्वमीमांसा, ज्ञानमीमांसा र आचारमीमांसाका बारेमा विस्तृत रूपमा वर्णन गरिएको छ ।

वास्तवमा रामानुजको विशिष्टाद्वैत दर्शन वेदान्त दर्शनकै एक प्रकार हो । वैदिक वाङ्मयको अन्तिम भागका रूपमा रहेका उपनिषद्हरू नै प्रारम्भिक वेदान्त हुन् । वेदान्तको अन्त शब्द उपनिषद्हरूको पारिभाषिक शब्द हो । यहाँ अन्तको तात्पर्य सिद्धान्त हो । वैदिक ज्ञानको अन्त अर्थात् सिद्धान्त ब्रह्मज्ञानमा निहित छ र त्यसको प्रतिपादन वेदान्तमा गरिएको छ । उपनिषद्हरूका सिद्धान्तको सारलाई सङ्क्षेपीकृत गरेर सूत्रबद्ध गर्ने अर्थात् 'वेदान्तसूत्र' को रचना गर्ने काम कृष्णद्वैपायन वेदव्यासले गरेका हुन् । कृष्णद्वैपायन वेदव्यासकै अर्को नाम वादरायण पनि हो । 'वेदान्तसूत्र'लाई 'ब्रह्मसूत्र' पनि भनिन्छ । वैदिक ज्ञानकै पृष्ठभूमिमा उद्भूत र अभिन्न उद्देश्य भएका उपनिषद्, वेदान्तसूत्र र गीतालाई 'प्रस्थानत्रयी' अन्तर्गत एउटै मानिए पनि यिनका दार्शनिक व्याख्यामा आएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

असमानताले यिनलाई फरक फरक मान्यतासमेतमा चिनाएका छन्। 'वेदान्तसूत्र' अर्थात् 'ब्रह्मसूत्र' कै भाष्य गर्ने क्रममा वेदान्त दर्शनबाटै अद्वैत, द्वैत, द्वैताद्वैत, विशिष्टाद्वैत, अचिन्त्य भेदाभेद आदि अनेक सिद्धान्त स्थापना भएका छन्। यिनै सिद्धान्तका आधारमा अनेक सम्प्रदाय वा मतसमेत चले। यी मतहरू अहिले पनि प्रचलनमा छन् र समाजमा यिनले सम्मान तथा प्रतिष्ठा पनि प्राप्त गरिरहेकै छन्।

'वेदान्तसूत्र' अर्थात् 'ब्रह्मसूत्र' माथि शङ्कराचार्य, रामानुजाचार्य, वल्लभाचार्य, निम्बार्काचार्य, मध्वाचार्य, चैतन्यदेव आदिले भाष्य लेखेका छन्। यी आचार्यहरूले आफ्ना आफ्ना मतअनुसार 'वेदान्तसूत्र' अर्थात् 'ब्रह्मसूत्र' माथि भाष्य लेखे, जसमा शङ्कराचार्यले लेखेको 'शाङ्करभाष्य' र रामानुजाचार्यले लेखेको 'श्रीभाष्य' बढी प्रसिद्ध छन्। 'वेदान्तसूत्र' अर्थात् 'ब्रह्मसूत्र' को भाष्य लेख्ने क्रममा शङ्कराचार्यद्वारा अद्वैतवाद, रामानुजाचार्यद्वारा विशिष्टाद्वैतवाद, मध्वाचार्यद्वारा द्वैतवाद, निम्बार्काचार्यद्वारा द्वैताद्वैत (भेदाभेद) वाद, वल्लभाचार्यद्वारा शुद्धाद्वैतवाद र चैतन्यदेवद्वारा अचिन्त्य भेदाभेद सिद्धान्तको प्रवर्तन भयो। यी सबै मत वा सम्प्रदायलाई वैष्णव दर्शनअन्तर्गत राख्ने गरिएको छ।

वैष्णव दर्शनमध्ये शङ्कराचार्यद्वारा प्रतिपादित अद्वैतवादपछि सर्वाधिक प्रभाव भएको दर्शन रामानुजाचार्यको विशिष्टाद्वैत सिद्धान्त नै हो। विद्वान्हरूले विशिष्टाद्वैतका धेरै अर्थ गर्ने गरेका छन्। तीमध्ये एउटा अर्थ- दुई विशिष्टको अद्वैत अर्थात् तादात्म्य वा अभेद नै विशिष्टाद्वैत हो। स्थूल चेतनता तथा अचेतनताद्वारा विशिष्ट जीव एवम् सूक्ष्म चेतनता तथा अचेतनताद्वारा विशिष्ट परमात्माका बिचको एकता नै विशिष्टाद्वैत हो। यसलाई यसरी पनि भन्न सकिन्छ- कारणब्रह्म र कार्यब्रह्म गरी ब्रह्मका दुई रूप छन्। कारणब्रह्म सूक्ष्म चित् र अचित्द्वारा विशिष्ट छ। यस्तै गरी जीवहरूसहित सम्पूर्ण जगत्रूप कार्यब्रह्म स्थूल चित् र अचित्द्वारा विशिष्ट छ। कतिपय विद्वान्हरूले उपर्युक्त अर्थलाई अस्वीकार गर्दै विशिष्टाद्वैतको अर्थ द्वैतद्वारा विशिष्ट अद्वैत लिने गरेका छन्। उनीहरूका अनुसार द्वैत भनेको चित् र अचित् हो भने अद्वैत भनेको अन्तर्यामी परमात्मा हो। यस्तो मत राख्ने दार्शनिकहरूले द्वैतलाई नियम्य र अद्वैतलाई नियामक मान्ने गरेका छन्।

रामानुजको विशिष्टाद्वैत दर्शनका अनुसार पदार्थ तीनओटा छन्। ती हुन्- चित् (जीव), अचित् (प्रकृति) र ईश्वर। चित् भनेको भोक्ता जीव हो। अचित् भनेको भोग्य जगत् हो। ईश्वर अन्तर्यामी हो। जीव र जगत् यथार्थ रूपमा नित्य र स्वतन्त्र पदार्थ हुँदा हुँदै पनि ईश्वर ती दुवैमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रहन्छ। यस दर्शनमा ईश्वरलाई अङ्गी र जीव र जगत् अर्थात् प्रकृतिलाई अङ्ग मानिएको छ। चित् र अचित् विशेषण हुन् भने ईश्वर विशेष्य हो। चित् र अचित् विशेषणले युक्त वा विशिष्ट ईश्वर नै एक मात्र सत् हो। त्यो ईश्वर भनेकै अद्वैतरूप ब्रह्म हो। अङ्गरूप चित् र अचित् अङ्गीरूप ब्रह्मदेखि भिन्न रहँदैनन्। चित् र अचित् द्रव्य र गुण दुवै हुन्। ईश्वर सगुण द्रव्य हो। ईश्वर एक र अद्वितीय भएकाले यसमा सजातीय र विजातीय भेद छैनन्। तर चित् र अचित्सँग ईश्वरको जुन सम्बन्ध हुन्छ, त्यसलाई विशेषण-विशेष्यभाव सम्बन्ध भनिन्छ। यही विशेषण-विशेष्यभाव सम्बन्धले युक्त अद्वैत सिद्धान्त मान्ने हुनाले यसलाई विशिष्टाद्वैत भनिएको हो।

यस दर्शनले सृष्टिलाई माया नमानेर वास्तविक मान्दछ तर सम्पूर्ण जगत्को निमित्त र उपादान कारण भने ईश्वरलाई मान्दछ। यसमा ईश्वर वा ब्रह्मलाई सत्, ज्ञान, अनन्त, पापरहित, सुन्दर, आनन्दमय र आनन्द मानिएको छ। ईश्वर पनि शरीरधारी छ। त्यो चित् र अचित्को आधार, नियन्ता र शेषी छ भने चित् र अचित् आधेय, नियम्य र शेष छन्। चित् अजड, आनन्दरूप, नित्य, अणु, अव्यक्त, अचिन्त्य, निरवयव, निर्विकार र ज्ञानाश्रय छ। चित् हृदयमा बस्छ। चित्मा शेषत्व रहने भएकाले ऊ सधैँ शेषी ईश्वरमाथि आश्रित रहन्छ। चित् अर्थात् जीव मुक्तावस्थामा ईश्वरमा नै एकाकार हुन्छ। अचित् तत्त्व ज्ञानरहित हुन्छ। अचित् तत्त्व तीन प्रकारको हुन्छ- शुद्ध सत्त्व, मिश्र सत्त्व र सत्त्वशून्य। शुद्ध सत्त्वलाई नित्य विभूति पनि भनिन्छ। मुक्तावस्थामा जीवको शरीर यसैबाट बन्दछ भन्ने मान्यता रामानुजको छ। रजोगुण र तमोगुणको मिश्रित रूप भएकाले मिश्र सत्त्व संसारको उपादान कारण हो। यसैलाई माया, प्रकृति वा अविद्या पनि भनिन्छ। सत्त्वशून्य तत्त्वका रूपमा काल अर्थात् समयलाई लिइएको छ। ब्रह्मको स्वरूपका बारेमा चिन्तन गर्दै जाँदा साधकमा ब्रह्मप्राप्तिको इच्छा जागृत हुन्छ। ब्रह्मप्राप्तिको इच्छालाई नै मुमुक्षा भनिन्छ। मुमुक्षुलाई कर्मयोग, ज्ञानयोग र भक्तियोगबाट मोक्ष प्राप्त हुन्छ। छोटकरीमा दिग्दर्शन गरिएका यी बुँदाहरू नै रामानुजको विशिष्टाद्वैत दर्शनका सार हुन्।

रामानुज दर्शन जसरी वैष्णव धर्मका मान्यतामा आधृत छ, त्यसरी नै वैष्णव धर्मलाई दार्शनिक आधार दिएर प्रतिष्ठित गराउने काम रामानुजले गरेका हुन्। यसै दर्शनमा आधृत भएर नै वेद र उपनिषद्मा प्रतिपादित ज्ञानमार्ग, कर्ममार्ग, उपासनामार्ग र भक्तिमार्गका बिचमा समन्वय गरेर श्रीवैष्णव सम्प्रदाय वा मतको स्थापना भएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामानुजाचार्यले वादरायणको 'ब्रह्मसूत्र' अर्थात् 'वेदान्तसूत्र' माथि 'श्रीभाष्य' लेख्नुका साथै 'वेदान्तसार', 'वेदार्थसङ्ग्रह', 'गीताभाष्य' आदि ग्रन्थहरूको रचना गरेर तर्क, अनुभव अनि श्रुतिप्रमाणद्वारा शङ्कराचार्यको अद्वैतवाद र मायावादको खण्डन गरेका छन्। यसरी शङ्कराचार्यद्वारा प्रतिपादित अद्वैतवादसित टक्कर लिँदै जन्मेको र भारत, नेपाल आदि वैदिक सनातन परम्पराको सशक्त प्रभाव भएका समाजमा फैलिएको रामानुजाचार्यको विशिष्टाद्वैत दर्शनको आफ्नै किसिमको स्थान र महत्त्व छ। यसै महत्त्वलाई आत्मसात् गरेर नेपाल प्रज्ञा-प्रतिष्ठान, दर्शनशास्त्र विभागले प्राध्यापक पद्मप्रसाद भट्टराईद्वारा प्रस्तुत ग्रन्थ तयार गराएर प्रकाशन गरेको छ। रामानुजाचार्य र उनको विशिष्टाद्वैत दर्शनको गहिराइमा पुगेर विद्वान् लेखकले यस सामग्रीलाई तयार गर्नुभएको छ भन्ने कुरामा हामी विश्वस्त छौँ। यो ग्रन्थ रामानुजाचार्य र उनीद्वारा प्रतिपादित विशिष्टाद्वैत दर्शनका विषयमा जान्न चाहने अध्येता/अनुसन्धाताहरूका लागि उपयोगी प्राज्ञिक सामग्री सिद्ध हुने अपेक्षा गरिएको छ। अत्यन्त परिश्रमपूर्वक यस पुस्तकलाई तयार गरिदिनुभएकोमा विद्वान् लेखक प्राध्यापक भट्टराईप्रति दर्शनशास्त्र विभागका तर्फबाट म आभार व्यक्त गर्दछु। यस पुस्तकलाई प्रकाशनयोग्य तुल्याउन तद्भव र आगन्तुक शब्दका सन्दर्भमा शुद्धाशुद्धिका लागि सम्पादक रोशन थापा, सुसाङ्ख्य सज्जाका लागि नायब सुब्बा रञ्जन घिमिरे तथा आवरण सज्जाका लागि वसन्तराज श्रेष्ठका साथै योजना र प्रकाशनसँग सम्बद्ध सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन्छु।

वि.सं. २०७८ आषाढ २१ गते मङ्गलवार
कमलादी, काठमाडौँ

(प्रा. जगत् उपाध्याय 'प्रेक्षित')
प्रमुख
दर्शनशास्त्र विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखकीय मन्तव्य

विपुल वैदिक वाङ्मयको सर्वस्व रत्न, विद्याहरूमा सर्वश्रेष्ठ सारतम पारमार्थिक विद्याका रूपमा वेदान्त दर्शनको महनीय प्रतिष्ठा छ। यसलाई ब्रह्मविद्या पनि भनिन्छ। उपनिषत् प्रमाणका आधारमा सबै प्रमेयहरूको प्रामाणिकतालाई स्थापित गर्ने शास्त्र नै वेदान्त हो। त्यसैले औपनिषदशास्त्रका रूपमा वेदान्त दर्शन विश्वप्रसिद्ध छ। सबै शास्त्रको परिसमाप्ति वेदान्तमा नै हुन्छ भन्ने वेदान्तका मर्मज्ञ विवेचकहरूको निष्कर्ष छ। जुन तत्त्व जानेपछि जान्नुपर्ने केही पनि अवशेष रहँदैन, त्यो भनेको नै वेदवेदान्त प्रतिपाद्य तत्त्व हो, जसलाई परमात्मा, नारायण, पुरुषोत्तम, सर्वेश्वर ब्रह्म आदि नामहरूद्वारा बताइएको छ। त्यसैले भनिएको छ **येन विज्ञातेन सर्वं विज्ञातं भवति** अर्थात् जुन तत्त्वको ज्ञानद्वारा सबै पदार्थहरू विज्ञात हुन्छन्, त्यो नै जीवनको परम लक्ष्य हो। तत्सम्बन्धी विषयहरूलाई वस्तुगत रूपमा प्रकाश पार्ने शास्त्र नै वेदान्त हो।

दर्शन मूलतः प्रमाण र प्रमेयको निर्धारण गर्ने शास्त्र हो। यसको सम्यक् ज्ञानले कर्मका सबै बन्धनहरू निर्मूल हुन्छन्। त्यसैले दर्शनको परिभाषा गर्दै मनुस्मृतिमा भनिएको छ- **'सम्यग्दर्शनसम्पन्नः कर्मभिर्न निबध्यते। दर्शनेन विहीनस्तु संसारं प्रतिपद्यते'** (मनुस्मृति) अर्थात् राम्ररी दर्शनविषयक ज्ञानले युक्त व्यक्ति कर्मरूपी बन्धनद्वारा बाँधिँदैन, अतः दर्शनविषयक ज्ञानले सम्पन्न जो हुन्छ त्यसलाई संसारको बन्धन हुँदैन, जो त्यसको ज्ञानले विहीन छ, त्यो संसारबाट मुक्त हुन सक्दैन अर्थात् संसारको बोध भइरहन्छ। यसमा प्रयुक्त दर्शन शब्द ज्ञानवाची वा ज्ञानको साधनवाची हो। साक्षात् परम्परा वा दर्शनशास्त्रले तत्त्व, हित र पुरुषार्थलाई नै प्रतिपादन गर्दछ। दर्शनको निष्कर्षात्मक रूप वेदान्त दर्शन भएकाले मनुस्मृतिकारले यहाँ दर्शन शब्दद्वारा वेदान्त दर्शनलाई नै निर्देश गरेको कुरो निर्विवाद सिद्ध हुन्छ।

उपनिषद् जस्तै वेदान्त दर्शनमा सूत्रहरू पनि सर्वोपरि प्रमाण हुन्छन्। यसैका आधारमा सबै आचार्यहरूद्वारा भाष्यग्रन्थहरू लेखेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वसिद्धान्तअनुसार तत्त्वको स्वरूप के हो ? त्यसको विस्तृत र विशद विवेचन गरी श्रुति, स्मृति र उपपत्तिद्वारा तत्त्वको निर्णय गरिएको छ। त्यसमा सर्वप्रथम आद्य शाङ्कराचार्यद्वारा शाङ्करभाष्य लेखेर अद्वैतवेदान्तको महनीयतालाई अगाडि सारियो भने त्यसको केही संशोधन गर्दै उत्तरवर्ती कालमा रामानुजाचार्यद्वारा सबै श्रुति र स्मृतिको समन्वयका साथ अनादिसिद्ध विशिष्टाद्वैतवादको सर्वोच्चतालाई प्रमाणित गर्न जीव र प्रकृति यी दुईको स्वरूपलाई निर्धारण गरी ती दुईको ब्रह्मसँगको सम्बन्धको व्यवस्थापनका साथ तत्त्वत्रयवादको सिद्धान्तलाई प्रतिष्ठापन गरियो। त्यसैले वेदान्तवाङ्मयमा विशिष्टाद्वैत वेदान्तदर्शन परम प्रामाणिक मानिन्छ। अतः यस दर्शनका प्रवर्तक शिखर पुरुष रामानुजाचार्यको जीवनी र यस दर्शनले प्रतिपादन गरेका प्रमाण र प्रमेयको परिचय यसमा प्रस्तुत गरिएको छ।

श्रीवैष्णवपरम्परामा श्रीसम्प्रदायको नामले एउटा गौरवशाली परम्परावैभव छ। जसको उपक्रम लक्ष्मीबाट भएकाले यसको प्रसिद्धि श्रीसम्प्रदायको नामले पनि रहेको पाइन्छ। त्यसैले श्रीवैष्णवपरम्पराको गुरुपरम्परालाई स्मरण गर्दै भनिन्छ-

लक्ष्मीनाथसमारम्भां नाथयामुनमध्यमाम् ।
अस्मदाचार्यपर्यन्तां वन्दे गुरुपरम्पराम् ॥

(कूरेशाचार्यद्वारा अनुगृहीत)

अर्थात् लक्ष्मीनाथबाट प्रारम्भ भएको नाथमुनि र यामुनाचार्य बिचमा हुँदै आफ्ना आचार्यपर्यन्त अविच्छिन्न रूपले चल्दै आएको जो गुरुपरम्परा हो त्यसको म वन्दना गर्दछु। त्यसमा पनि भगवान्की अनपायिनी शक्ति श्रीदेवीद्वारा यसको उपदेश सेनापति विष्वक्सेनलाई दिइएको कारण यो लक्ष्मीद्वारा प्रवर्तित छ। त्यसकारण यसलाई **श्रीसम्प्रदाय** भनिएको हो।

सम्प्रदाय भनेको अविच्छिन्न रूपले चल्दै आएको अनादिसिद्ध वेदविद्याको उपदेशपरम्परा हो। जसमा नियमपूर्वक गुरुद्वारा शिष्यहरूलाई वेदविद्याको उपदेश गरिन्छ। त्यस्तो अवस्थाविशेषलाई नै सम्प्रदाय भनेर परिभाषित गरिएको छ। यसको पुष्टि गर्दै न्यायकुसुमाञ्जलिमा भनिएको छ-

सम्प्रदायो नाम वेदः । सम्यक् प्रदीयते
गुरुणा शिष्येभ्यः, इति सम्प्रदायः

(न्यायकुसुमाञ्जलिः हरिदासीव्याख्या)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् गुरुद्वारा शिष्यहरूका लागि जुन ज्ञानराशिलाई राम्ररी उपदेश गरिन्छ त्यसैको नाम सम्प्रदाय हो। यो विषयलाई अझ स्पष्ट गर्दै उदयनाचार्यद्वारा न्यायकुसुमाञ्जलिको द्वितीय स्तबकमा भनिएको छ–

जन्मसंस्कारविद्यादे :शक्तेः स्वाध्यायकर्मणोः।
ह्रासदर्शनतो ह्रासः सम्प्रदायस्य मीयताम् ॥

अर्थात् जन्म, संस्कार, विद्यावैभव आदिको ह्रास, त्यस्तै शक्ति, स्वाध्याय र कर्मको उत्तरोत्तर हुँदै आएको ह्रासको प्रत्यक्ष अनुभवद्वारा सम्प्रदायको ह्रासको अनुमान हुन्छ। यहाँ प्रयुक्त सम्प्रदाय शब्दको अर्थ वेद हो। फलतः जन्म, संस्कार आदिको जसरी क्रमिक रूपले ह्रास हुँदै आएको विषय प्रत्यक्षगम्य छ त्यसरी नै वेदको विद्यापरम्परा पनि ह्रासोन्मुख छ भन्ने कुरो स्वतः विदित हुन्छ। यसरी जन्म, संस्कार, विद्या, अध्ययन, वृत्ति आदिको जो उत्तरोत्तर ह्रास हुँदै आएको देखिन्छ, त्यसबाट प्रतीत हुन्छ सम्प्रदायको पनि ह्रास क्रमशः हुँदै गएको छ। यस कथनको सोदाहरण व्याख्या गर्दै स्वयं ग्रन्थकार भन्दछन्- **पूर्वं हि मानस्यः प्रजा समभवन्, ततोऽपत्यैकप्रयोजनमैथुनसम्भवाः, ततः कामावर्जनीयसन्निधिजन्मानः, इदानीं देशकालाद्यवस्थया पशुधर्मादेव भूयिष्ठाः। पूर्वं चरुप्रभृतिषु संस्काराः समाधायिषत, ततःक्षेत्रप्रभृतिषु, ततो गर्भादितः, इदानीं तु जातेषु लौकिकव्यवहारमाश्रित्य पूर्वं सहस्रशाखः समस्तो वेदोऽध्यगायि, ततो व्यस्तः, ततःषडङ्ग एकः, इदानीं तु क्वचिदेका शाखेति। (न्या.कु.गद्यभाग पृष्ठ २१७)**

पहिले मानसिक सङ्कल्पद्वारा प्रजाको सृष्टि हुन्थ्यो, त्यसपछि- **ऋतौ भार्यामुपेयात्** अर्थात् ऋतुकालमा धर्मपत्नीसँग सम्बन्ध गरोस् भन्ने विधि-वचनअनुसार सृष्टि प्रारम्भ भयो। यहाँ ऋतुकालको तात्पर्य पुष्पवती भएको पाँच दिनपछि हो। यस्तो विधिवाक्यको आधारमा ऋतुकालमा मात्र आफ्नी धर्मपत्नीसँग **प्रजातन्तुं मा व्यवच्छेत्सीः** यो वचनअनुसार वंशपरम्पराको निरन्तरताका लागि पति-पत्नीको सम्बन्धद्वारा सृष्टि प्रारम्भ भएको शास्त्रपरम्परा छ। त्यसपछि क्रमशः यस्तो सृष्टिको परम्परा पनि शिथिल हुँदै गयो र कामवासनाप्रधान सृष्टि हुन थाल्यो। गर्भाधान एउटा विशेष संस्कार हो, त्यसको उपेक्षा गर्दै अब स्त्री र पुरुषको संयोग नै सन्तानोत्पत्तिको कारण हुन पुग्यो। त्यसको पनि अपकर्ष भएर अहिले देश, काल आदिको न्यूनतम मर्यादालाई समेत उपेक्षा गर्दै पाशविक धर्म नै सन्तानोत्पत्तिमा कारण भएको देखिन्छ। यसरी उत्तरोत्तर जन्मको ह्रास हुँदै आएको प्रत्यक्ष अनुभव हामी सबैले गर्दै आएका छौं। यो नै जन्मह्रासको ज्वलन्त उदाहरण हो। त्यस्तै संस्कारको पनि ह्रास हुँदै आएको देखिन्छ। जस्तै पहिले चरु आदिमा संस्कार गरिन्थ्यो अर्थात् आमाले खाने भोज्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वस्तुमा नै संस्कार हुन्थ्यो, यस्तो संस्कारको प्रभावले नै विश्वामित्र, परशुराम जस्ता प्रभावशाली महापुरुषहरूको जन्म भएका प्रसङ्गहरू महाभारत, पुराणहरूमा पाइन्छन्। अगाडि गएर सन्तानको क्षेत्रका रूपमा रहेका स्त्रीहरूमा यो संस्कार हुन थाल्यो। फलतः गर्भाधान संस्कारको ह्रास हुँदै स्त्रीहरूमा गएर त्यो संस्कार केन्द्रित हुन पुग्यो। त्यसमा पनि शैथिल्य आउन थाल्यो। अब कालक्रमले सन्तानोत्पत्तिपश्चात् लोकव्यवहारका आधारमा नाम मात्रको संस्कार हुन थाल्यो। यसरी शास्त्रनिर्दिष्ट संस्कारहरू ह्रासोन्मुख हुँदै गए। यसै क्रममा वेदविद्याको अध्ययनपरम्परा पनि ह्रासोन्मुख हुँदै गएको स्पष्ट छ। पहिले हजारौँ शाखाले युक्त अङ्गसहित चारै वेदहरूको अध्ययन गर्ने परम्परा थियो। त्यसमा सर्वप्रथम स्वशाखाको अध्ययन गरेर क्रमशः सबै वेदहरूको अध्ययन गरिन्थ्यो। त्यसपछि ६ अङ्गहरूका साथ एउटै शाखाको मात्र अध्ययन हुन थाल्यो, त्यसमा पनि शैथिल्य आउँदै गयो र एउटा शाखाको पनि कहीँ-कहीँ कसै-कसैले मात्र अध्ययन गर्न थाले। अब त्यसको पनि लोप हुँदै गएको देखिन्छ। यसरी वेदविद्या परम्पराको उत्तरोत्तर ह्रास हुँदै आएको प्रत्यक्ष अनुभव हामी सबैले गरिरहेका छौँ। एतावता सम्प्रदायको ह्रास भएको तथ्य सर्वथा प्रमाणित हुन्छ। त्यसैले अनुमानका प्रेमी नैयायिकहरू सम्प्रदायको ह्रासको अनुमानपरक वाक्य प्रयोग गर्दै भन्दछन्- **वेदादिसम्प्रदायोऽत्यन्तमुच्छिद्यते ह्रासमानत्वात् प्रदीपवत्।** अर्थात् ह्रासमानत्वहेतुद्वारा वेदादि सम्प्रदायमा अत्यन्त उच्छेदको सिद्धि गरिन्छ। यो नै वेद आदि सम्प्रदायको ह्रास हो। त्यसमा दृष्टान्तका रूपमा बत्तीलाई अगाडि सारिएको छ अर्थात् बालेको दियो जसरी क्षीण हुँदै जान्छ त्यसरी नै वेद आदि सम्प्रदाय पनि उत्तरोत्तर अत्यन्त उच्छिन्न हुँदै गएको छ। किनभने त्यसमा ह्रासमानत्वको अवस्था देखिएकाले। यो नै क्रमशः वेद आदि सम्प्रदायको ह्रास हो भन्दै उदयनाचार्य सप्रमाण निरूपण गर्दछन्। एतावता सबै प्राच्यविद्याहरूको ह्रास भइरहेको अवस्थामा पनि श्रीसम्प्रदाय र त्यसको वैभवलाई देदीप्यमान गर्ने विशिष्टाद्वैत सिद्धान्त अद्यावधि अविच्छिन्न रूपमा प्रवाहमान भएर चलिरहेको परम्परा सर्वथा स्मरणीय छ।

यो सम्प्रदाय दुई धारामा विभक्त भएर विकसित हुँदै अगाडि बढेको पाइन्छ। त्यसमा पहिलो दिव्यसूरिहरूको परम्परा छ। जसमा परम ज्ञानी भक्ति र प्रपत्तिका प्रतिमूर्ति अयोनिज भूतयोगी, सरोयोगी, महद्योगी, श्रीविष्णुचित्त, श्रीभक्तिसारसूरि, कुलशेखर, श्रीयोगिवाहन, भक्ताङ्घ्रिरेणु, परकालसूरि जस्ता अनेकौं परमवन्दनीय महामनीषीहरू प्रकट भएर भगवद्भक्तिद्वारा यस सम्प्रदायलाई आलोकित गर्नुभयो। यही शृङ्खलामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शठकोपसूरि जस्ता दिव्यसूरिद्वारा भगवद्भक्तिको अमृत धारालाई प्रवाहित गर्न **सहस्रगीति** जस्तो ग्रन्थको उपदेश गर्नुभयो । जसको समग्र रहस्यलाई मधुरकवि जस्ता दिव्य ज्ञानीले ग्रहण गर्नुभएको अविस्मरणीय उपदेशपरम्परा छ । यसको सर्वोच्च वैभवको वर्णन गर्दै नाथमुनिस्वामीद्वारा भनिएको छ-

भक्तामृतं विश्वजनानुमोदनं सर्वार्थदं श्रीशठकोपवाङ्मयम् ।
सहस्रशाखोपनिषत्समागमं नमाम्यहं द्राविडवेदसागरम् ॥

अर्थात्- भक्तहरूका लागि अमृतस्वरूप, सम्पूर्ण जनद्वारा अनुमोदन गरिएको सबै कामनाहरूलाई प्रदान गर्ने, हजारौं शाखाहरूले युक्त वेद, उपनिषद्को समान सहस्रगाथा भएको दिव्य द्राविडवेदको सागरस्वरूप श्रीशठकोपवाङ्मयलाई म नमन गर्दछु । यस प्रकार सहस्रगीति सबै मनोरथलाई परिपूर्ण गर्ने द्राविडवेदसागर शठकोप वाङ्मय हो । यसबाट सिद्ध हुन्छ दिव्यसूरिद्वारा प्रवर्धित उपदेश परम्परा एउटा छ ।

नाथमुनिस्वामी जस्ता परमयोगी प्रचुर विद्यावैभवशाली महापुरुष हुनुभयो, यद्यपि उहाँले लेखेका मूलग्रन्थहरू अहिले उपलब्ध छैनन् । तथापि उत्तरवर्ती आचार्यहरूले आफ्ना ग्रन्थहरूमा नाथमुनिद्वारा लिखित न्यायतत्त्व ग्रन्थका धेरै प्रामाणिक वचनहरूको यत्र तत्र प्रकरणअनुसार प्रमाणका रूपमा प्रयोग गरिएको पाइन्छ । जस्तै-**अन्नस्यातिसूक्ष्मपरिणाममिन्द्रियम् कर्मेन्द्रियाणामप्यन्नपरिणामत्वात्,** इत्यादि अनुमानपरक वाक्यहरू देशिकाचार्यद्वारा न्यायसिद्धाञ्जन ग्रन्थमा प्रयोग गरिएका छन् । यसरी नाथमुनिका **न्याय**तत्त्व र **योगरहस्यम्,** यी दुई ग्रन्थहरूको चर्चा पूर्वाचार्यहरूद्वारा यत्र तत्र गरिएको छ । यसमा प्रयुक्त वाक्यहरू देख्दा प्रतीत हुन्छ **न्यायतत्त्व ग्रन्थ** न्यायदर्शनको शैलीमा लेखिएको एउटा विशिष्ट ग्रन्थ थियो । यसमा धेरै अनुमानपरक वाक्यहरू प्रयुक्त छन् । त्यसैले वेदान्तदेशिकाचार्यले यत्र तत्र नाथमुनिस्वामीद्वारा अनादिसिद्ध यो वैदिक सिद्धान्तको विशेष प्रचार प्रसारमा ल्याइएको हो भनी उल्लेख गर्नुभएको छ । त्यसपछि उहाँका नाति ईश्वरमुनिका पुत्र यामुनाचार्यले यसको वैभवलाई अत्यन्त सक्रिय भएर आलोकित गर्नुभयो भने रामानुजाचार्यले राम्ररी यसको संरक्षण गरेर विशिष्टाद्वैतसिद्धान्तलाई जाज्वल्यमान बनाउनुभयो । जसमा वेदान्तसूत्रका मूलभूत र वस्तुगत विषयवस्तुलाई आग्रहमुक्त भएर व्याख्या, विश्लेषण र विवेचन गरेर ब्रह्मतत्त्व भनेको के हो ? त्यो निर्विशेष किन हुन सक्दैन ? त्यसको मूलमर्मलाई वेद, उपनिषद् वाल्मीकिरामायण, महाभारत, विष्णुपुराण, आगम आदिका अनेकौं वचनप्रमाणहरूद्वारा उद्घाटित गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसमा अर्को वैदिक ऋषिपरम्पराको शृङ्खलालाई पनि जोड्नु प्रासङ्गिक हुन्छ। त्यो के हो भने रामानुजाचार्यले **श्रीभाष्यम्**को रचना गर्दा व्यासका शिष्यहरूमध्ये अन्यतम शिष्य बोधायनाचार्यको वृत्तिलाई सर्वोपरि प्रमाणका रूपमा अगाडि सार्नुभएको छ। यो अत्यन्त प्रामाणिक र सर्वप्राचीन पनि हो। जसमा ब्रह्मसूत्रका आशयलाई राम्ररी वस्तुगत रूपमा प्रकाशित गरिएको पाइन्छ। त्यहाँबाट एउटा परम्पराको प्रारम्भ भएको मानिन्छ। यसमा वाक्यकार ब्रह्मानन्दी, द्रामिडाचार्य श्रीवत्साङ्क मिश्र आदि आचार्यहरू पर्नुहुन्छ भने योगावस्थामा शठकोपसूरिको रहस्यपूर्ण श्रीसूक्तिहरूलाई साक्षात्कार गरेर उहाँका उपादेय उपदेशहरूलाई ग्रहण गर्दै श्रीमन्नाथमुनिद्वारा प्रवर्तित परम्परा अर्को। यी आचार्यहरूद्वारा अनादिसिद्ध सविशेषाद्वैतवादको श्रुति, स्मृति आदिका आधारमा पुनरुद्भावन मात्र गरिएको हो नकि कुनै नूतन सिद्धान्त अगाडि सारिएको हो। त्यस्तै ब्रह्मसूत्रहरूमा यस्ता धेरै ऋषिका नामहरूको उल्लेख गरिएको छ, जुन ऋषिहरूले सविशेषाद्वैतवादको अनुमोदन र सम्पोषण गरेका प्रशस्त प्रमाणहरू पाइन्छन्। जस्तै **प्रतिज्ञासिद्धेर्लिङ्गमाश्मरथ्यः**[१] **(ब्र.सू.१।४।२०)** यस सूत्रमा अश्मरथ्यऋषिको नामको उल्लेख सूत्रकारद्वारा गरिएको छ। जसमा सविशेष परमात्मा तथा जीव र परमात्माको भेदाभेद सम्बन्धलाई स्वीकार गरिएको स्पष्ट निर्देश छ। सूत्रकारदेखि भिन्न बादरिको नाम पनि विभिन्नसूत्रहरूमा उल्लिखित छ। जसले सविशेष ब्रह्मको समर्थन गरेको देखिन्छ।

त्यस्तै औडुलौमि, कार्ष्णाजिनि, आत्रेय, जैमिनि, काशकृत्स्न आदि अनेकौं ऋषिहरूले कुनै न कुनै रूपमा सविशेषाद्वैतवादको नै समर्थन गरेको पाइन्छ। यद्यपि यी ऋषिहरूका बिच सैद्धान्तिक केही मतभेदहरू देखिन्छन्, तथापि तत्सम्बन्धी विचारहरूलाई पूर्वपक्षका रूपमा प्रस्तुत गरी भाष्यकारद्वारा निराकरण गरिएको छ। त्यसमा काशकृत्स्नाचार्यको मतचाहिँ सर्वथा विशिष्टाद्वैत नै हो भनी त्यही मतलाई सूत्रकार व्यासाचार्यले स्वीकार गरेको कुरा पनि स्पष्ट गरिएको छ। जसको उल्लेख गर्दै **श्रीभाष्यम्मा**

---

१ (प्रतिज्ञायाः = एकविज्ञानेन सर्वविज्ञानप्रतिज्ञायाः सिद्धेः =निष्पत्तिं प्रति, लिङ्गम्= ज्ञापकम् इति आश्मरथ्यः =आश्मरथ्यनामा आचार्योऽभिप्रैति। यो ब्रह्मसूत्रको पदवृत्ति रामभद्राचार्यले गरेका हुन्। जसमा भनिएको छ- एक, अद्वितीय विशिष्ट ब्रह्म विषयक विज्ञानद्वारा सर्वविषयक विज्ञान हुन्छ भन्ने जो प्रतिज्ञा छ त्यसको निष्पत्तिमा यो लिङ्ग हुन्छ यहाँ लिङ्गको अर्थ ज्ञापक हो। यसरी जीवात्मवाची शब्दहरूद्वारा परमात्माको निर्देश गरिएको छ। यस्तो अभिप्राय आश्मरथ्यनामक आचार्यको छ भनी उक्त सूत्रले स्पष्ट गरिदिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनिएको छ- **एवमात्मशरीरभावेन तादात्म्योपपादने परस्य ब्रह्मणः, अपहतपाप्मत्वसर्वज्ञत्वादिगोचराः, जीवस्य अविदुषः शोचतो ब्रह्मोपासनान्मोक्षवादिन्यः, जगत्सृष्टिप्रलयाभिधायिन्यः, जगतो ब्रह्मतादात्म्योपदेशपराश्च सर्वाः श्रुतयः सम्यगुपपादिता भवन्तीति काशकृत्स्नीयमेव[२] मतं सूत्रकारः स्वीकृतवानिति (श्रीभाष्यम्, द्वितीयसम्पुट, ई.सन्. १९८७ पृ.३९५)**

अर्थात् यस प्रकार परमात्मासँग आत्मशरीर भावात्मक सम्बन्धले यी दुईका बिच अपृथक्त्व सम्बन्धको निरूपण गर्ने सन्दर्भमा परब्रह्मगत अपहतपापत्व, सर्वज्ञत्व, विजरत्व, सर्वशक्तिमत्त्व आदि विषयहरूलाई बोध गराउने, अज्ञ, शोकग्रस्त बद्ध जीवको ब्रह्मको उपासनाबाट मोक्ष हुन्छ भनी प्रतिपादन गर्ने, त्यस्तो ब्रह्ममा जगत्को सृष्टि र प्रलयको कारणत्वलाई निर्देश गर्ने, प्रपञ्चात्मक जगत्सँग ब्रह्मगत अभेदलाई विवेचन गर्ने सबै श्रुति वाक्यहरू राम्ररी उपपादन हुन्छन् भन्ने काशकृत्स्नाचार्यको मतलाई सूत्रकारद्वारा स्वीकार गरिएको छ भन्दै रामानुजाचार्यले प्रस्ट गर्नुभएको छ। जसको स्पष्टतः सूत्रहरूमा प्रकरणअनुसार निर्देश गरेको पाइन्छ। यसरी सूत्रहरू सविशेष ब्रह्मलाई नै प्रतिपादन गर्न उन्मुख देखिन्छन् भन्ने तथ्य सूत्रग्रन्थमा उल्लिखित प्रमाणहरूबाट सिद्ध हुन्छ। यसमा उत्तरवर्ती धेरै आचार्यहरूद्वारा पनि शाङ्करभाष्यप्रतिपाद्य कतिपय विषयहरू सूत्रानुरूप छैनन् भन्दै सप्रमाण व्याख्या विश्लेषण पनि गरिएको पाइन्छ। अतः सबै श्रुति वाक्यहरूको समन्वय गरेर रामानुजाचार्यले सविशेषाद्वैतवादलाई स्थापित मात्र गर्नुभएन अपितु सूत्रहरूको वास्तविक अर्थको रक्षासमेत गर्नुभएको कारण नै **त्रातं सम्यग् यतीन्द्रैः** भनेर रामानुजाचार्यको योगदानप्रति देशिकाचार्यको अभिव्यक्ति सर्वथा उपयुक्त र वस्तुगत प्रतीत हुन्छ। यसरी आपाततः यस दर्शनका मूलभूत प्रमाण र प्रमेयको परिचय प्रस्तुत गर्नु नै यसको केन्द्रीय विषय हो।

यसमा विशिष्टाद्वैतका दार्शनिक सिद्धान्तहरूका साथै भक्ति र प्रपत्तिगत विशेषताहरूको पनि विचार गरिएको छ। विशेषतः शरणागति नै मोक्षको उपाय हो, जसलाई सयकडौँ श्रुति स्मृतिहरूले निर्देश गरेका छन्। अतः तत्सम्बन्धी विमर्श प्रकरणानुसार यसमा प्रस्तुत छ।

विशिष्टाद्वैतीहरू भक्तिलाई ज्ञानरूप मान्दछन्। अतः मोक्षका साधनका रूपमा जेजति वेदन, उपासन, ध्यान आदि शब्दहरू प्रयुक्त छन्

---

२ अवस्थितेरिति काशकृत्स्नः (ब्र.सू.१।४।२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ती सबैको तात्पर्य ज्ञानात्मक भक्तिमा नै पर्यवसित छ। यो नै यस दर्शनको निचोड हो।

सूक्ष्म चिदचिद्विशिष्ट ब्रह्मलाई कारण ब्रह्म भनिन्छ भने स्थूल चिदचिद्विशिष्ट ब्रह्मलाई कार्य। यी दुवैको ऐक्यलाई लिएर नै सविशेषाद्वैत एक अद्वितीय सर्वाधार, सर्वशेषी, सर्वान्तर्यामी, सर्वकर्माराध्य स्वेतर समस्तविलक्षण भनिएको हो। यसैका आधारमा ब्रह्म र प्रपञ्चको कार्यकारण भावात्मक सम्वन्ध निर्धारित हुन्छ। जसको विवेचन यसमा गरिएको छ। त्यसमा नाम र रूपको विभागयोग्य अवस्थाविशेषको नाम स्थूल हो भने नाम र रूपको विभाग नभएको अवस्था सूक्ष्म। त्यसमा चित् र अचित्का सजातीय र विजातीय शेषतत्त्व हुन्, जीव चेतन भएकाले ब्रह्मको सजातीय तत्त्व हो भने प्रकृति जड भएकाले विजातीय। यी दुवै अपृथग्सिद्धि सम्बन्धले ब्रह्ममा सम्बद्ध हुन्छन्। जीव स्वशरीरका प्रति शेषी पनि बन्दछ भने ब्रह्मको सदैव शेष भएर रहन्छ। त्यस्तो जीवलाई बताउने पारिभाषिक शब्द प्रत्यक् हो। त्यसको स्वरूप पनि यसमा स्पष्ट गर्ने प्रयास गरिएको छ।

जीव अणुरूप हुन्छ भने ब्रह्म विभुरूप। जीवको अणुत्वलाई शास्त्रवचन र अनुभवका आधारमा सिद्ध गरिएको छ। अन्यमतको निरास गर्दै ब्रह्ममा अभिन्न निमित्तोपादान कारणत्वको सप्रमाण निरूपण गरिएको छ। प्रकृतिकारणतावादको निराकरण गरेर ब्रह्मकारणतावादलाई प्रतिष्ठापित गरिएको छ। अजडका रूपमा प्रत्यक्, पराक् गरी दुई तत्त्वहरू बताइएका छन्। त्यसमा पराक् भनेको के हो ? त्यसको परिभाषा गरेर धर्मभूतज्ञान र नित्यविभूतिको स्वरूपसम्बन्धी व्यवस्थापन गरिएको छ। कर्ममीमांसा र ब्रह्ममीमांसाको एक शास्त्रत्वलाई सप्रमाण विचारविमर्श गरेर निर्णय गर्ने सर्वथा प्रयत्न भएको छ। सगुण र निर्गुण श्रुति वाक्यहरूको तात्पर्यलाई स्पष्ट गर्दै त्यसको समन्वय गर्न घटक श्रुति वाक्यहरूको अवलम्बन गर्नुपर्ने अपरिहार्यतालाई वस्तुगत रूपमा उपपादन भएको छ। यो नै यस दर्शनको इतर दर्शनको अपेक्षा विलक्षणता पनि हो। व्युत्पत्तिका आधारमा प्रमाणतत्त्वको विवेचन गर्दै प्रत्यक्ष, अनुमान र शब्द गरी तीन प्रकारका प्रमाणहरूको औचित्यलाई स्थापित गरिएको छ। तिनका लक्षण भेद-उपभेदहरू उदाहरणसहित निर्दिष्ट छन्।

प्रकरण र विषयवस्तुका आधारमा कार्यकारण भावात्मक सम्बन्धलाई स्पष्ट गर्न युक्तिहरूको उपस्थापन गरिएको छ। यसरी प्रमाण र प्रमेयको विवेचक यस कृतिमा विशिष्टाद्वैतका मूलभूत सिद्धान्तहरू विवेचित छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रथम खण्ड (रामानुजाचार्यको जीवनी), **द्वितीय खण्ड** (दार्शनिक वैभव प्रभाव अन्य प्रसिद्ध वैष्णव वेदान्तहरूको सङ्क्षिप्त परिचय तथा समीक्षा र निष्कर्ष) तथा **तृतीय खण्ड** (परिशिष्ट र सन्दर्भग्रन्थ-सूची) गरी तीन भागमा विभक्त यो कृति विशिष्टाद्वैत वेदान्तदर्शनको सङ्क्षिप्त परिचयका लागि अत्यन्त उपयोगी सिद्ध हुनेछ भन्ने मेरो धारणा छ। त्यसैले यस दर्शनका केही पारिभाषिक शब्दहरूको शब्दार्थ विवरण बुझ्न सजिलो होस् भन्ने उद्देश्यले परिशिष्ट खण्डलाई यसमा समाविष्ट गरिएको हो। जसमा रामानुजाचार्यको जीवनीपरक परिचयात्मक दश श्लोकहरू समाविष्ट छन्। त्यसको नेपालीमा पनि अर्थ गरेर राखिएको छ। जसले गर्दा संस्कृतमा गति नभएका व्यक्तिहरूका लागि पनि प्रस्तुत श्लोकहरूका माध्यमले रामानुजाचार्यको जीवनीलाई सङ्क्षिप्त रूपमा बुझ्न सरल हुने छ भन्ने मैले ठानेको छु।

त्यस्तै यस वेदान्तका प्रमाण र प्रमेयको दिग्दर्शनात्मक परिचय होस् भनेर तिनका सङ्क्षिप्त परिभाषाहरू परिशिष्टअन्तर्गत समाविष्ट छन्। तिनीहरूको पनि नेपालीमा रूपान्तरण गरेर स्पष्ट गर्ने प्रयत्न गरिएको छ। यसरी समग्रमा भन्नु पर्दा विशिष्टाद्वैत वेदान्तको मौलिक स्वरूप यसबाट निर्दिष्ट भएको छ।

अब म यो कृतिको उपक्रमका सम्बन्धमा केही आफ्ना मनोगत भावहरू व्यक्त गर्न चाहन्छु। जसमा सर्वप्रथम तात्कालिक नेपाल प्रज्ञा-प्रतिष्ठानका दर्शन विभाग प्रमुख तथा वर्तमान सामाजिक शास्त्रका विभाग प्रमुख प्राज्ञ इतिहासविद् संस्कृत वाङ्मयका महनीय ओजस्वी साधक प्रा.दिनेशराज पन्तको प्रेरणाले मैले यो परियोजनाको प्रारम्भिक प्रस्ताव तयार गरेर स्वीकृतिका लागि दर्शन विभागमा प्रस्तुत गरेको थिएँ। वार्षिक कार्यक्रमअन्तर्गत यसको स्वीकृति दर्शन विभागको बैठकबाट भएको थियो। एक वर्षभित्र पूरा गर्नुपर्ने यो परियोजना मैले निर्दिष्ट अवधिभित्र गर्न सकिनँ किनकि यसका लागि आवश्यक सामग्रीको अभाव अरू विविध व्यवधान आदिले गर्दा पूरा हुन नसकेको वस्तुस्थितिलाई सनम्र निवेदन गर्दछु। अहिले मेरा अत्यन्त निकटतम शुभचिन्तक मित्र पौरस्त्य-पाश्चात्त्य दर्शनका युवा जागरूक विद्वान् प्रा. जगत्प्रसाद उपाध्यायज्यू, नेपाल-प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव तथा दर्शन विभाग प्रमुखसमेत हुनुहुन्छ। अतः अत्यन्त हर्षित हुँदै विलम्ब भए तापनि आफ्ना मित्रको नेतृत्वमा यो प्रबन्ध प्रस्तुत गर्न पाएकोमा म आफूलाई गौरवान्वित भएको ठान्दछु।

नेपाल प्रज्ञा-प्रतिष्ठान भाषा, साहित्य, कला, धर्म, संस्कृति, दर्शन आदिको संरक्षण र संवर्धन गर्ने गौरवशाली ऐतिहासिक स्थापित संस्था हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जसले स्थापनाकालदेखि नै भाषिक, साहित्यिक, सांस्कृतिक, दार्शनिक वैभवलाई आलोकित गर्न सम्बद्ध विषयका मौलिक कृतिहरू राष्ट्रिय भाषामा विभिन्न विद्वान्हरूद्वारा तयार गराई प्रकाशित गर्दै आएको प्राज्ञिक इतिहास सर्वथा स्मरणीय छ। त्यसैको शृङ्खलामा यो वेदान्त दर्शनपरक कृति तयार गर्ने अवसर मलाई प्राप्त भएकोमा म सर्वप्रथम यस प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीज्यू, उपकुलपति जगमान गुरुङ्गज्यू, सदस्य सचिव प्रा.जगत्प्रसाद उपाध्यायज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। त्यसमा पनि विशेष गरेर यस कार्यमा प्रवृत्त गराउने पूर्वदर्शन विभागका प्रमुख तथा वर्तमान सामाजिक शास्त्र विभागका प्रमुख प्रा.दिनेशराज पन्तज्यूप्रति हृदयतः कृतज्ञता ज्ञापन गर्दछु। त्यस्तै यो प्रबन्धको वस्तुगत परीक्षण तथा मूल्याङ्कन गरी सार्थक र उपयोगी परामर्शद्वारा यसको गौरव र वैभवलाई बढाइदिएकोमा परीक्षक, नेपाल संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति, न्यायवैशेषिक दर्शनका विशिष्ट विद्वान् प्रा. शिवहरि मरहट्टाज्यूप्रति हार्दिकतापूर्वक कृतज्ञता प्रकट गर्दछु। साथै उहाँको निर्देशानुसार नै शुद्धद्वैत वेदान्त (मध्वाचार्य), द्वैताद्वैतवेदान्त (निम्बार्काचार्य), शुद्धाद्वैतवेदान्त (वल्लभाचार्य) यी तीन वेदान्त दर्शनको सङ्क्षिप्त परिचयपरक विषयवस्तुहरूको मूल्याङ्कनपश्चात् यसमा समावेश गरेको विषय पनि सहर्ष निवेदन गर्न चाहन्छु। त्यस्तै विषयसूचीअन्तर्गत प्रथम खण्ड, द्वितीय खण्ड र तृतीय खण्डका रूपमा विभाजन गरेर यस प्रबन्ध विषयसूचीको व्यवस्थापन मूल्याङ्कनकर्ताको निर्देशनअनुसार गरिएको छ।

यसै क्रममा स्मरणीय व्यक्तित्वहरूमध्ये दर्शन विभागका सदस्य मित्रहरू विष्णु प्रभातज्यू, गोपीरमण उपाध्यायज्यूलगायत सबैमा हार्दिक आभार व्यक्त गर्नुलाई मैले आफ्नु कर्तव्य ठानेको छु। त्यस्तै यो पुस्तक तयार गर्दा मेरा सहयोगी परामर्शदाता गुरुजन, मित्र, मेरी सहधर्मिणी धर्मपत्नी उपप्रा. डा. रमा भट्टराई, मेरा मेधावी शिष्य कमलेश दवाडी, न्यूनतम पारिश्रमिक लिएर टाइप गर्ने भाइ सुशान्त अधिकारी र सागर भाइ आदि सबै सहयोगीहरूमा हृदयतः कृतज्ञता तथा साधुवाद व्यक्त गर्दछु।

शुभमस्तु, दैवी स्वस्तिरस्तु नः ।

– प्रा. पद्मप्रसाद भट्टराई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

प्रथम खण्ड : रामानुजाचार्यको जीवनी	२५
१.१ जन्मकाल	२५
१.२. शेषावतार रामानुजाचार्य	२७
१.३ वेदको अध्ययन र विवाह	२८
१.४ वेदान्तको अध्ययनमा प्रवृत्ति	२९
१.५ बुद्धिवैभव र काञ्चीपूर्णसँग मिलन	३०
१.६ राजकुमारीका उद्धारक	३५
१.७ रामानुजाचार्यको बुद्धिवैभवप्रति ईर्ष्याभाव	३७
२.८ रामानुजाचार्यको रक्षा	३९
१.९ यामुनाचार्यद्वारा रामानुजाचार्यको संस्मरण	४०
२.१० श्लोकश्रवणबाट रामानुजाचार्यको मन आकृष्ट	४२
१.११ यामुनाचार्यको निधन र रामानुजाचार्यका प्रतिज्ञात्रय	४३
१.१२ तत्त्वोपदेश	४६
१.१३ दीक्षा	४७
१.१४ पत्नीको परित्याग	४८
१.१५ यतिराजको पदवी	५०
१.१६ शिष्यवैभव	५०
१.१७ 'श्रीरङ्गम्' गमन	५३
१.१८ विभूतिद्वयपदवीद्वारा विभूषित	५४
१.१९ आचार्य	५५
१.२० तीर्थयात्रा र श्रीभाष्यम्को रचना	५९
१.२१ प्रमुख शिष्यहरू	६४
१.२२ केही उल्लेख्य विशेषताहरू	७४
१.२३ परमपद	७६
१.२४ कृति	७७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वितीय खण्ड : दार्शनिक वैभव, प्रभाव, अन्य वैष्णव वेदान्त-दर्शनहरूको सङ्क्षिप्त परिचय, समीक्षा र निष्कर्ष ८५

(क) दार्शनिक वैभव ८५

२.१ वेद र वेदान्त ८५
२.२ वेदान्त दर्शन ८७
२.३ विशिष्टाद्वैत ८८
३.४. तत्त्वत्रय ९०
२.५ प्रमाण ९१
२.६ प्रत्यक्ष ९४
२.७ अनुमान ९६
२.८ शब्द १००
२.९ प्रधान अङ्गी शास्त्र (वेद) १०२
२.१० प्रमाणहरूको प्रवृत्ति १०५
२.११ प्रमेय १०७
२.१२ प्रमेयका भेदहरू ११०
२.१३ जडद्रव्य ११२
२.१४ प्रकृति ११२
२.१५ चौबिस तत्त्वहरू ११४
२.१६ पञ्चमहाभूत र पञ्चतन्मात्र ११५
२.१७ शरीर ११८
२.१८ काल ११९
२.१९ नित्यविभूति १२०
२.२० धर्मभूतज्ञान १२१
२.२१ भक्ति १२२
२.२२ जीव १२४
२.२३ ईश्वर १२८

(ख) दार्शनिक प्रभाव १३०

२.२४ पुरुषोत्तम शब्दको प्रयोग १३०
२.२५ व्युत्पत्ति र पुरुषोत्तम शब्दको विशेषता १३१
२.२६ ब्रह्ममा जन्मादिकारणत्वको विचार १३५
२.२७ ईश्वरमा शास्त्रमात्रगम्यत्वको व्यवस्थापन १४१
२.२८ तत्त्वत्रयको मूर्धन्यता १५१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.२९ सगुण र निर्गुणको समन्वय १५४
२.३० विशिष्टाद्वैतको वैशिष्ट्य १५८

(ग) अन्य वैष्णव वेदान्त दर्शनहरूको सङ्क्षिप्त परिचय, समीक्षा र उपसंहार १६२
२.३१. वैष्णव वेदान्त दर्शनहरूको सङ्क्षिप्त परिचय १६२
२.३१.१ शुद्ध द्वैतवेदान्त (मध्वाचार्य) १६६
२.३१.२ द्वैताद्वैतवेदान्त (निम्बार्काचार्य) १६८
२.३१.३ शुद्धाद्वैतवेदान्त (वल्लभाचार्य) १७१
२.३२ उपसंहार र निष्कर्ष १७५

तृतीय खण्ड : परिशिष्ट तथा सन्दर्भ ग्रन्थसूची १७९
सन्दर्भग्रन्थ-सूची १९५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीमते रामानुजाय नमः

प्रथम खण्ड

(रामानुजाचार्यको जीवनी)

१.१ जन्मकाल

वेदान्तदर्शनका प्रवर्तक तथा प्रवर्धक आचार्यहरूमध्ये अद्वितीय विश्वविख्यात विशिष्टाद्वैत दर्शनका प्रवर्तक, प्रपत्तिमार्गका प्रतिष्ठापक आचार्यका रूपमा रामानुजाचार्यको ख्याति र वैभवपूर्ण प्रभाव रहेको छ। अद्वैतवेदान्त (शङ्कराचार्य), शुद्ध द्वैतवेदान्त (मध्वाचार्य) द्वैताद्वैतवेदान्त (निम्बार्काचार्य), शुद्धाद्वैतवेदान्त (वल्लभाचार्य) र विशिष्टाद्वैतवेदान्त (रामानुजाचार्य) यी पाँच प्रकारका वेदान्त दर्शनहरू पारमार्थिक विद्याका रूपमा सुपरिचित छन्। ती मध्ये विशिष्टाद्वैतवेदान्तका महनीय प्रचारक भाष्यकार रामानुजाचार्य विद्यावैभवशाली अद्वितीय महापुरुष हुनुहुन्थ्यो भन्ने कुरा उहाँका जीवनवृत्त प्रकाशक अभिलेखहरूबाट प्रमाणित हुन्छ।

रामानुजाचार्यको जन्म प्रयोजनविशेषका लागि भएको थियो। आजभन्दा लगभग एक हजार वर्षपूर्व कलियुगको ४११८ वर्ष व्यतीत भएपश्चात् पिङ्गलानामक संवत्सरमा विक्रम संवत् १०७४ (इस्वी सन् १०१७) वैशाख शुक्लपक्षको पञ्चमी तिथि बृहस्पतिवार, आर्द्रा नक्षत्रको सिंहलग्नमा भारतको तमिलनाडु प्रान्तअन्तर्गत श्रीमहाभूतपुरीनामक स्थानमा रामानुजाचार्यको प्रादुर्भाव भएको थियो। श्रीमहाभूतपुरीलाई तमिलभाषामा **श्रीपेरुम्बुदर** भनिन्छ। यो ठाउँ सुप्रसिद्ध चेन्नई (मद्रास) सहरबाट पश्चिमतर्फ १० कोस टाढा पर्दछ। उहाँको पिताको नाम केशवयज्वा हो भने माताको नाम कान्तिमती। रामानुजाचार्यको जन्म नक्षत्रको निर्देशक श्लोक यस प्रकार छ- **मेषाद्रसम्भवं विष्णोर्दर्शनस्थापनोत्सुकम्। तुण्डीरमण्डले शेषमूर्तिं रामानुजं भजे॥ (श्रीभाष्यम् प्रास्ताविकम् पृ.सं.१८)** अर्थात् मेषराशिमा सूर्यको सङ्क्रमण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएको आर्द्रानक्षत्रमा प्रकट हुनुभएका वैष्णवदर्शनलाई स्थापन गर्न उत्सुक महाभूतपुरीमा जन्मनुभएका शेषावतार रामानुजाचार्यको म भजन गर्दछु ।

रामानुजाचार्यका पिता आङ्गिरस, अम्बरीष, यौवनाश्व, त्रिप्रवरान्वित हारीतगोत्रीय कृष्णयजुः शाखाध्यायी केशवयज्वा परम्परागत रूपमा प्रशस्त श्रौतयज्ञ गर्ने सदाचारसम्पन्न आसूरिनामक प्रख्यात वंशमा जन्मनुभएका उच्चकुलीन ब्राह्मण हुनुहुन्थ्यो भने उहाँकी धर्मपत्नी कान्तिमती[३] शठमर्षणगोत्रीय श्रीनाथमुनिस्वामीकी वंशज श्रीशैलपूर्णस्वामीकी दिदी हुनुहुन्थ्यो । त्यसमा पनि केशवाचार्य अत्यन्त यज्ञनिष्ठ ब्राह्मण हुनुभएकाले विद्वान् ब्राह्मणहरूद्वारा उहाँलाई **सर्वक्रतुपदवी**द्वारा विभूषित गरिएको थियो । यसरी उहाँको पूर्ण नाम श्रीमदासूरिसर्वक्रतुकेशवदीक्षित थियो । यस्ता मातापिताका सन्तानरत्न रामानुजाचार्यको प्रसिद्धि हारीतगोत्रतिलकका[४] रूपमा पनि छ। रामानुजाचार्य तथा उहाँका मातापिताका सम्बन्धमा उल्लेख गर्दै भनिएको छ- **श्रीमन्महाभूतपुरे श्रीमत्केशवयज्वनः । कान्तिमत्यां प्रसूताय यतिराजाय मङ्गलम् ॥**[५] **(श्रीभाष्यम्, प्रथमसम्पुटः, श्रीभाष्यप्रास्ताविकम्, पृ.१९)** अर्थात्- अत्यन्त समृद्ध श्रीमहाभूतनगरीमा आमा कान्तिमतीको गर्भबाट जन्मनुभएका ऐश्वर्यशाली केशवयज्वाका पुत्र यतिराज रामानुजाचार्यको जय होस् ।

---

३ तमिलभाषामा कान्तिमतीलाई **तिरुमलैतम्बि** भनिन्छ ।

४ हरितगोत्रं हारीतगोत्रञ्चैकमिति मन्यते । श्रीभाष्यकारगोत्रं प्रथमतो हरितगोत्र-आसूरिसोमयाजिसुतवीरराघवसर्वक्रतुयाजितनय-आदि केशवेत्येवं हरितपदेन निर्दिश्य, पश्चात् "यः श्रीभूतपुरे हरेरभिमतो हारीतगोत्रोद्भव" इति हारीतशब्देन तस्य निर्देशात् । अतः श्रुतप्रकाशिकायामपि मातृकाभेदेन हरितहारीतपदभेददर्शनं न दोषायेति । (श्रीभगवद्रामानुजविरचितं श्रीभाष्यम्, श्रीसुदर्शनसूरिविरचितश्रुतप्रकाशिकाख्यव्याख्या-समुद्भाषितम्, तिरुनक्षत्रमहोत्सवदिने चित्रभानुतुलायां प्रकाशितम्, प्रथमसम्पुटः, पृ.२४०, अर्थात् हरितगोत्र, हारीतगोत्र एकै हो भन्ने मान्यता छ । त्यसमा आसुरि सोमयागीका छोरा वीरराघव, जो सर्वक्रतु योगीका रूपमा प्रसिद्ध हुनुहुन्थ्यो, उहाँका छोरा आदिकेशव हो भने गोत्र हरित । यहाँ हरितपदले सर्वप्रथम रामानुजाचार्यको हरितगोत्र हो भन्ने निर्देश गरिएको छ। पछि श्रीभूतपुरिमा हरिको अभिमत हुनुभयो, तसर्थ उहाँलाई हारीतगोत्रोत्पन्न भनिएको हो । अतः श्रुतप्रकाशिकामा पनि मातृकाका भेदले हरित र हारीतपदको जो भिन्नता देखाइएको छ, त्यो दोष हुँदैन ।

५ यो श्लोक वरवरमुनिको हो । (श्री वरवरमुनिस्तोत्ररत्नावली, मुक्तकमङ्गलम्, पृ. १२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१.२. शेषावतार रामानुजाचार्य

श्रीवैष्णव परम्पराअनुसार रामानुजाचार्यलाई आदिशेषका रूपमा मानिन्छ किनकि सर्वप्रथम शेषशायी श्रीमन्नारायणको शेषको नाम अनन्त थियो भने त्रेतायुगमा उहाँ भगवच्छेषत्वको निर्वहण गर्दै श्रीरामको भाइ लक्ष्मण हुनुभयो । त्यस्तै द्वापरमा भगवान् श्रीकृष्णका दाजु बलराम शेषका रूपमा आउनुभयो भने कलियुगमा प्राणी मात्रको उज्जीवन गर्न भगवान्‌को आज्ञाअनुसार विभूतिद्वयको स्वामी हुँदै शेषरूपमा रामानुजाचार्यको प्रकट भएको थियो । त्यसैले भनिएको छ- **प्रथमोऽनन्तरूपश्च द्वितीयो लक्ष्मणस्तथा । तृतीयो बलरामश्च कलौ रामानुजो मुनिः ॥**[६] **(श्रीरामानुजनूत्तन्दादि (प्रपन्न गायत्री)** । यसमा उल्लेख्य विषय के छ भने- रामानुजाचार्यका पिता विशिष्ट वैदिक यज्ञकर्ता, शास्त्रज्ञ, जितेन्द्रिय, कर्मयोगी हुनुहुन्थ्यो, तर उहाँले सन्तानलाभ गर्न सक्नुभएको थिएन । त्यसैले सन्तानका लागि उहाँले विशेष अनुष्ठान गर्नुभयो, फलतः एक दिन चन्द्रग्रहणका अवसरमा सपत्नीक केशवयज्वाले सन्तानप्राप्तिका लागि कैरविणी तीर्थमा सर्वप्रथम स्नान गरिसकेपछि समुद्रमा गएर स्नान गर्नुभयो । त्यसपछि धेरै कालसम्म दिव्यदेशमा विराजमान पार्थसारथि भगवान्‌को आराधना गर्दै पुत्रप्राप्तिका लागि विधान गरिएको पुत्रेष्टि गर्न प्रवृत्त हुनुभयो । त्यसबाट पार्थसारथि भगवान् प्रसन्न भई म नै आफ्नु अंशबाट तपाईंको वंशमा पुत्रका रूपमा प्रकट हुनेछु भन्ने स्वप्न पुत्राभिलाषी केशवयज्वालाई भयो । त्यसैको परिणामस्वरूप उहाँकी धर्मपत्नी गर्भवती हुनुभयो । यसरी कान्तिमतीका गर्भबाट प्रथम अनन्तशेष नै आदिशेषका रूपमा आजभन्दा लगभग एक हजार वर्षपूर्व रामानुजाचार्यको प्रादुर्भाव भएको थियो । त्यस्ता रामानुज अत्यन्त तेजस्वी, परम सुन्दर शुभचिह्नहरूले युक्त बालकलाई देखेर सम्पूर्ण भूतपुरवासीहरू सर्वतोभावेन आह्लादित भएका थिए । उहाँको नामसंस्कार सम्पादन गर्न यामुनाचार्यका प्रियशिष्य श्रीवेङ्कटाचलनिवासी मामा श्री शैलेशस्वामी श्री भूतपुरीमा आउनुभयो । दिव्यस्वरूप भएका नवजात बालकलाई देखेर प्रसन्न हुँदै वैदिक विधिका साथ श्रीशैलपूर्ण स्वामीले भान्जाको नामकरण संस्कार गराउनुभयो । त्यस्तै भान्जा जन्मेको बाह्रौं दिनमा शङ्ख, चक्र प्रदान गरी दीक्षित गराउनुभएको थियो भने केशवाचार्यले लौकिक नाम

---

६. श्रीरामानुजवैभवस्तोत्रम्, श्रीब्रह्मसंहिता, श्लोक- २१, पृ. ९, प्रकाशक : रामदयाल सोमाणी चेरिटेबिल ट्रस्ट, बम्बई ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामानुज राख्नुभएको उल्लेख **प्रपन्नामृतम्**मा गरिएको छ । मणिप्रवालभाषमा[७] रामानुजाचार्यलाई **श्रीएम्बेरुमानार्** वा **उडैयवर** पनि भनिन्छ ।

त्यस अवसरमा कमलका समान दिव्य नेत्र, दिव्य कान्तिले युक्त बालकलाई देखेर आश्चर्य प्रकट गर्दै विशिष्ट विद्वान् ब्राह्मणहरूले यी सामान्य बालक जन्मेका छैनन्, अपितु यिनका शुभसङ्केतहरूले साक्षात् शेष अथवा विष्वक्सेनका अवतार नै हुन् भनी व्यक्त गरिरहेका छन् भन्ने एकआपसमा वार्तालाप हुन थाल्यो ।

गर्गसंहितामा रामानुजाचार्यको वर्णन यस प्रकार गरिएको छ- **रामानुजस्तु शेषांशो निम्बार्कः सनकस्य च** । (गर्गसंहिता, १० । ६१) अर्थात्- रामानुजाचार्य शेषको अंश हुन् भने निम्बार्काचार्य सनकको ।

त्यस्तै बृहद्ब्रह्मसंहितामा भनिएको छ- **द्वापरान्ते कलेरादौ पाखण्डप्रचुरे जने । रामानुजेति भविता विष्णुधर्मप्रवर्तकः ॥ (बृ.ब्र.सं. २।७) ६७)** । अर्थात् द्वापरको अन्तमा कलिको आदिमा पाखण्डी जनहरूको प्रभाव प्रचुर रूपमा बढ्दै गरेको स्थितिमा विष्णु धर्मका प्रवर्तक रामानुजाचार्य हुनुहुने छ। भगवान् रामका अनुज लक्ष्मणकै अवतारका रूपमा प्रकट हुनुभएको कारण उहाँको नाम रामानुज भएको हो। यसबाट पनि रामानुजाचार्यको शेषावतारत्व प्रमाणित हुन्छ ।

१.३ वेदको अध्ययन र विवाह

प्रभावशाली बालकलाई विशिष्ट वेदवेदाङ्गका पारङ्गत विद्वान् पिता केशवाचार्यले शास्त्रवचनका आधारमा सबै संस्कारद्वारा संस्कारसम्पन्न बनाउनुभयो। यही क्रममा **अष्टवर्षब्राह्मणमुपनयीत तमध्यापयेत्** यो उपनयनसंस्कारबोधक विधिवाक्यका आधारमा गर्भधारणदेखि आठौं वर्षमा पुगेपछि अङ्गसहित वेदाध्ययन गराउनुभयो। तीक्ष्ण बुद्धिका धनी बालक रामानुजले पनि पिताद्वारा उपदिष्ट विद्यालाई सहजतः ग्रहण गर्नुहुन्थ्यो । यहाँ स्मरणीय विषय के छ भने- उपनयन संस्कार नगरी अनुपनीत बालकलाई वेदाध्ययन गर्ने अधिकार हुँदैन ।

यस प्रकार १५ वर्षको कलिलो उमेरमा आफ्ना विद्वान् पिताबाट रामानुजाचार्यले प्रारम्भिक रूपमा वेदवेदाङ्गको अध्ययन पूरा गर्नुभयो। त्यसपछि १६ वर्षका उमेरमा उच्च ब्राह्मणकुलीन कन्यासँग रामानुजाचार्यको विवाहसंस्कार सम्पन्न भएको थियो। यहाँकी धर्मपत्नीको नाम रक्षकाम्बी थियो । जसलाई तमिल भाषामा **तन्जमाम्बा** भनिन्छ ।

---

७. तमिल र संस्कृतमिश्रित भाषालाई मणिप्रवाल भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसपछि केही समयमा नै वयोवृद्ध पिता केशवाचार्य दिवङ्गत हुनुभयो। दिवङ्गत हुनुलाई श्रीसम्प्रदायमा **परमपद** भन्ने चलन छ। यस घटनाले रामानुजाचार्यलाई केही मर्माहत बनायो। तर के गर्ने, विधिको विडम्बनालाई कसैले टार्न सक्तैन। त्यसैले धैर्य धारण गर्दै सबै परिवार जन तथा इष्टमित्र शुभचिन्तकका सहयोगले पिताको अन्त्येष्टिलगायत सबै काजकिरिया श्राद्ध आदि कर्महरू परम्परा र वैदिक पद्धतिअनुसार पूरा गर्नुभयो। पतिवियुक्ता माताज्यूलगायत सबै आफ्ना परिवारजनहरूलाई सान्त्वना दिँदै केही दिनसम्म भूतपुरीमा नै रहनुभयो। तर धेरै समयसम्म त्यहाँ बस्न उहाँलाई इच्छा भएन। वेदान्त आदि विशेष शास्त्रहरूको अध्ययन गर्ने उत्कट इच्छा जागृत भएकाले सपरिवार काञ्ची जाने विचार गर्नुभयो। यस किसिमले [८]रामानुजाचार्यको बाल्यकालदेखि विवाहसम्मको प्रारम्भिक जीवनयात्रा पूरा हुन्छ।

१.४ वेदान्तको अध्ययनमा प्रवृत्ति

त्यस बेला नाम चलेका सबैले मानेका सुविख्यात अद्वैतवेदान्तका प्रकाण्ड विद्वान् यादवप्रकाशाचार्य काञ्चीमा रहनुहुन्थ्यो। काञ्ची र भूतपुरी नजिकै भएकाले यादव प्रकाशाचार्यको प्रसिद्धि वरपर राम्ररी नै फैलिएको थियो। पिताज्यूको परमपदपश्चात् रामानुजाचार्यलाई यस्ता नाम चलेका काञ्चीवासी वेदान्ती विद्वान् यादववप्रकाशाचार्यसँग वेदान्त आदि शास्त्रहरूको विशेष अध्ययन गर्ने उत्कट इच्छा जागृत भयो। त्यसैले परिवारसहित भूतपुरीबाट श्रीविष्णुकाञ्ची गएर यादवप्रकाशाचार्यसँग वेदान्त विषयको अध्ययन गर्न लाग्नुभयो। यादवप्रकाशाचार्यले पनि अद्भुत ओजस्वी रामानुजाचार्यलाई देखेर यी साधारण पुरुष होइनन्, अपितु अनन्तशेषकै रूपमा अवतार लिएर आएका हुन् भन्ने विचार गरेर तदनुरूप वेदान्तशास्त्रको अध्ययन अत्यन्त मनोयोगपूर्वक गराउनुभयो। यसरी वेदान्तका अध्ययनमा रामानुजाचार्यको प्रवृत्ति बढ्दै गयो। कुशाग्रबुद्धि

---

८. रामानुजाचार्यका जीवनीलगायत अन्य वैभवविषयक प्रामाणिक जानकारीका लागि पूर्वाचार्यहरूद्वारा अनेकौं काव्यात्मक तथा गद्यात्मक ग्रन्थहरू विभिन्न कालखण्डमा लेखिएका छन्। जस्तै अष्टादशसर्गात्मक **दिव्यसूरिचरितम्, दिव्यसूरिप्रभावदीपिका, गुरुपरम्पराप्रभावम्** आदि ग्रन्थहरू अत्यन्त प्रामाणिक मानिन्छन्। तीमध्ये श्रीमत्पश्चात् सुन्दरमुनिद्वारा विरचित गुरुपरम्पराप्रभावम् नामक ग्रन्थ सर्वोत्कृष्ट मानिन्छ। श्रीमत्पश्चात् सुन्दरमुनिको प्रसिद्धि यज्ञेश मुनिका नामले पनि रहेको छ। यो ग्रन्थ संस्कृत, द्रविड र मणिप्रवाल भाषामा समेत लेखिएको छ। यसमा ६ हजार श्लोकहरू छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामानुजाचार्यले पिताज्यूबाट नै धेरै वेदान्तसम्वन्धी विषयहरूको ज्ञान प्राप्त गरिसक्नुभएको थियो। उहाँ स्वयं पनि शेषावतारका रूपमा यो लीलाविभूतिमा आउनुभएको हुँदा स्वतःस्फूर्त रूपले उहाँलाई उपनिषत्प्रतिपाद्य वास्तवार्थ प्रस्फुटित हुन्थे। त्यसैले यादवप्रकाशाचार्यद्वारा गरिएको उपनिषद् वा गीता आदिको कतिपय व्याख्या रामानुजाचार्यलाई चित्त बुझ्दैन थियो। यो वस्तुस्थिति हुँदाहुँदै पनि गुरुको आदर गर्दै धेरै प्रतिवाद गर्न चाहनुहुन्नथ्यो रामानुजाचार्य।

त्यस बेलाका काञ्ची क्षेत्रका निर्विकल्प अद्वैत वेदान्ती यादवप्रकाश अहोरात्र अध्ययन-अध्यापनमा समर्पित हुनुहुन्थ्यो। उहाँका धेरै शिष्यहरू थिए, कसैले पनि उहाँले गरेको अनुचित व्याख्याका बारेमा केही बोल्न हिम्मत गर्दैनथे।

१.५ बुद्धिवैभव र काञ्चीपूर्णसँग मिलन

व्यासाचार्यले वेदान्तको रहस्य वताउन ब्रह्मसूत्रको रचना गर्नुभयो। उपनिषद्हरू नै वेदान्तविद्याका मूल आधार भएकाले त्यसको वास्तव मर्मलाई उद्घाटित गर्न ब्रह्मसूत्रहरू अत्यन्त उपयोगी मानिन्छन्। त्यसैले ब्रह्मसूत्रलाई वेदान्तसूत्र वा भिक्षुसूत्र पनि भनिन्छ। उपनिषद् वाङ्मयमा तत्त्वदर्शी ज्ञानीहरूले अनुभव गरेका प्रशस्त पारमार्थिक विद्याहरू उपदिष्ट छन्। यी उपनिषद् वचनहरू साक्षात् ब्रह्मतत्त्वका वास्तवार्थ विवेचक मानिन्छन्। तिनीहरूको अपव्याख्याले अर्थको अनर्थ हुन्छ। एक दिनको घटनाप्रसङ्गको उल्लेख गर्नु यहाँ सान्दर्भिक हुन्छ, त्यो के भने यादवप्रकाशाचार्यले छान्दोग्योपनिषद्को व्याख्या गर्ने क्रममा शास्त्रविपरीत अर्थ गरेको सुनेर अन्यन्त दुखित र मर्माहत हुँदै रामानुजाचार्यले त्यसको अभिप्रायलाई स्पष्ट गरेको रोचक र मार्मिक प्रसङ्ग यहाँ उल्लेखनीय छ।

एक दिन प्रातःकालको पाठ समाप्त गरेर मध्याह्नको सन्ध्यावन्दन आदि कर्म गर्न शिष्यहरू आआफ्ना घरमा गएका थिए। त्यही अवसरमा यादवप्रकाशाचार्यले रामानुजाचार्यलाई तेल लगाएर आफ्नो सेवा गर्न अभिप्रेरित गर्नुभयो। त्यस बेला एउटा शिष्य छान्दोग्योपनिषद् पढिरहेको थियो। सामवेदीय तलबकार ब्राह्मणअन्तर्गत पर्ने छान्दोग्योपनिषद्को उपनिषद्वाङ्मयमा सर्वोत्कृष्ट स्थान रहेको छ। यसमा क्रमबद्ध रूपमा तत्त्वज्ञानको उपदेश भएको छ। जसमा आठ अध्यायहरू छन्। त्यसमा प्रथम अध्यायको षष्ठ खण्डको सातौं मन्त्रको व्याख्या यादवप्रकाशाचार्यले गरिरहनुभएको थियो। त्यो मन्त्र यस प्रकार छ- **तस्य यथा कप्यासं पुण्डरीकमेवमक्षिणी..... वेद।** (छान्दोग्योपनिषद् अध्याय-१, खण्ड-६, मन्त्र-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७) । यी छान्दोग्योपनिषद्का वचनहरू मुमुक्षु उपासकका ध्येय सूर्यमण्डल अन्तर्वर्ती परमात्माको दिव्यमङ्गलमय विग्रहको वर्णन गर्न प्रवृत्त छन् । त्यसको प्रयोजनचाहिँ उपासक सबै पापहरूबाट मुक्त भई परिशुद्ध हुनु हो । यस उपनिषद्का वचनहरूको व्याख्या यादवाचार्यद्वारा यस प्रकार गरिएको थियो- यहाँ कपि भनेको वानर हो, त्यसको पृष्ठभाग रातो वर्णले युक्त हुन्छ, तत्समान रक्तवर्ण भएको जो कमलपुप्प हुन्छ, त्यस्ता प्रकारका ठुलठुला नेत्र परमात्माका छन् । यस्तो व्याख्या श्रवण गर्नासाथ गुरुको सेवा गरिरहेका रामानुजका नेत्रद्वयबाट आँसुका धारा बग्न थाले । ती आँसुका थोपाहरू यादवप्रकाशका चरणमा खसे । त्यसपछि के भएछ भनेर झसङ्ग हुँदै सेवा गरिरहेका शिष्यलाई हेर्नुभयो, अनि आँसुका धारा बगाइरहेका शिष्यसँग प्रश्न गर्नुभयो- "किन तिमी रोइरहेका छौ ?" त्यसको उत्तर दिँदै रामानुजाचार्यले भन्नुभयो- "हजुर जस्ता विद्वान् आचार्यबाट उपनिषद्को अपव्याख्या श्रवण गरेर मलाई असह्य भयो । त्यसकारण मेरा आँखाबाट आँसुका धाराहरू बग्नथाले" । किनकि यसमा प्रयुक्त कप्यास शब्दको अर्थ 'वानरको पृष्ठभाग' भन्नु यो सर्वथा अपव्याख्या हुन्छ र यस्तो कुत्सित अर्थ गर्दा श्रोताहरूमा उपनिषद् र उपनिषत्प्रतिपाद्य परमात्माप्रति अत्यन्त घृणास्पद असद्भाव जागृत हुन्छ । अतः त्यस्तो विपरीत व्याख्याबाट मेरो हृदय व्यथित भयो, जसको कारण मेरा आँखाबाट दु:खका आँसुहरू बगिरहेका छन् । पुनः यादवप्रकाशाचार्यले प्रश्न गर्नुभयो- "किन तिमीलाई त्यस्तो क्लेश भयो त ? सबै पूर्ववर्ती आचार्यहरूले यसको यस्तै अर्थ स्वीकार गर्नुभएको छ । त्यसैका आधारमा मैले यस्तो व्याख्या गरेको हूँ" भनी उत्तर दिनुभयो । त्यसपछि रामानुजले भन्नुभयो- परब्रह्म परमात्माको नेत्रद्वयको नीच उपमानद्वारा वर्णन गर्नु, यो अत्यन्त असङ्गत छ भन्दै सप्रमाण त्यस्तो व्याख्याको खण्डन गर्नुभयो । त्यसपछि त्यसको उत्तर दिँदै यादवप्रकाशाचार्य भन्नुहुन्छ- **उपमितोपमात्वात् न हीनोपमा** (विशिष्टाद्वैतवैभवम् पृ.२२) अर्थात्- उपमितविषयको उपमा भएकोले यसलाई हीनोपमा भन्न मिल्दैन । किनभने यहाँ पहिले वानरको पृष्ठ भागको उपमा कमलपुष्पसँग गरिएको छ, त्यस्तो कलमको जस्ता परमात्माका दुई नेत्र छन् भनी व्याख्या गर्दा दोष हुँदैन । यो नै आचार्यद्वारा गरिएको अभिमत अर्थ पनि हो । यसमा तिमीले दुखित हुनुपर्ने आवश्यकता छैन ।

उक्त समाधान प्रति विमति राख्दै रामानुजाचार्यले भन्नुभयो- हीनोपमाद्वारा युक्त कमलको उपमा नेत्रद्वयसँग गर्दा परम्परा सम्बन्धले परमात्माका नेत्रद्वय पनि हीनोपमाको नै विषय हुन्छ त्यसबाट मुक्त हुन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सक्तैन। कथङ्कदाचित् त्यसलाई स्वीकार गर्दा पनि वानरको पृष्ठभाग जस्तो भन्ने अश्लील अर्थ त्यसअन्तर्गत परेकाले मनलाई व्यथित गर्ने अश्लील दोषको निराकरण हुन सक्तैन र त्यस्तो कुत्सित अर्थले उपासकहरूमा आस्थाको जागृति हुन नसक्ने विषय छर्लङ्गै छ। त्यसपछि तिमी नै यसको उपयुक्त व्याख्या गर न त भनी केही क्रुद्ध जस्तो भएर यादवप्रकाशाचार्यले झर्कंदै भन्नुभयो। हस् भनी उपनिषद् वचनको सप्रमाण व्याख्या गर्दै रामानुजाचार्य भन्नुहुन्छ- यस प्रकारका धेरै श्रुति वाक्यहरू प्रसिद्ध छन्, जसमा भनिएको छ- **कपिर्विभास्तितेजनम्** अर्थात्- कपिको अर्थ **तेज, सूर्य** पनि हुन्छ। यसबाट सिद्ध हुन्छ कपि शब्दले सूर्यलाई पनि बुझाउँदछ। महर्षि पाणिनिद्वारा **असु-क्षेपणे** क्षेपण अर्थलाई बुझाउने अस् धातुको उपदेश गरिएको छ। तदनुसार व्युत्पत्ति हुन्छ- **अस्यते=क्षिप्यते, सूर्यरश्मिभिः प्रस्फुट्यते इत्यासम्, कम्=जलम् पिबतीति=कपिः=सूर्यः तादृशकपिना अस्यते प्रस्फुटीक्रियते इति कप्यासम्।** यस्तो व्याकरणसम्मत व्युत्पत्तिका आधारमा कपिको=अर्थ सूर्यका किरणहरूद्वारा पृथिवीमा विद्यमान जललाई खिच्ने सूर्य, त्यसबाट प्रस्फुटित कमलपुष्प, त्यस्ता कलमपुष्पका समान परमात्माका नेत्रद्वय छन् भन्ने वस्तुगत अर्थ हुन्छ। फलतः यहाँ हीनोपमा दोष पनि हुँदैन र पुण्डरीकाक्ष जो परमात्माको नाम यत्रतत्र प्रामाणिक शास्त्रहरूमा सुनिन्छ, त्यसको पनि सार्थकता सिद्ध हुन्छ। अतः **कप्यासं पुण्डरीकमेवमक्षिणी** वचनको यस्तो उत्तम र उपयुक्त अर्थ सहजतः सम्भव हुँदाहुँदै पनि उक्त प्रकारले अपव्याख्या गर्नु उपनिषद् वचनको वस्तुगत मर्मलाई आत्मसात् गर्न नसक्नु नै हो। यसरी सप्रमाण रामानुजाचार्यले उक्त उपनिषद् वचनको व्याख्या गरेर आफ्नु अद्भुत मेधा देखाउनुभएको थियो। जुन व्याख्याको कुनै रूपले पनि अपलाप गर्न सकिँदैन।

यति मात्र नभएर यही व्युत्पत्तिका आधारमा अर्को विशिष्ट अर्थ गर्न सकिन्छ। जस्तै- जलबाट उत्पन्न कमलको नाल पनि कपिको अर्थ हुन्छ, त्यसमा जो रहन्छ त्यो नै कप्यास हो अर्थात् त्यसमा आश्रित जो छ त्यो नै पुण्डरीक कमल हुन्छ, त्यस्ता कमलका जस्ता विशाल सुन्दर नेत्रद्वय परमात्माका छन्। त्यस्तै अपि उपसर्गपूर्वक आसुधातुबाट पनि अप्यास शब्द निष्पन्न हुन्छ। त्यसमा अकारको लोप गर्दा प्यास शब्द बन्दछ। ककारको अर्थ जल पनि हुन्छ। **फलतः के=जले प्यासं वर्तमानमिति कप्यासः।** जलमा रहने कमल हुन्छ, जो सूर्यका किरणहरूद्वारा प्रस्फुटित नालसहित जलस्थ कमल, तत्समान भगवान्का नेत्रहरू छन्। यस्तो रमणीय सबैमा अतिशय श्रद्धाप्रेम जागृत हुने शास्त्रसम्मत अर्थ सम्भव

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुँदाहुँदै तदनुकूल त्यसको अभिप्रायलाई अभिव्यक्त गर्न नसक्नु, यो उपनिषद्को वास्तविक रहस्यको वोध नहुनु नै हो ।

यसमा यो आशङ्का गर्नु पनि उचित छैन- उक्त अर्थ पूर्वाचार्यसम्मत नभएकाले नवीन हो। किनकि उपनिषद्का प्रामाणिक व्याख्याता, ब्रह्मानन्दीले नै **आदित्यक्षिप्तं वा श्रीमत्त्वात्** इत्यादिको विवरण गर्दा सप्रमाण स्पष्ट गरिदिनुभएको छ। ब्रह्मानन्दीलाई वाक्यकार पनि भनिन्छ। यस्तो प्रामाणिक अर्थको उपेक्षा गर्दै गुरुदेवद्वारा गरिएको कुत्सित व्याख्या सुनेर म अत्यन्त शोकाकुल भएको छु भनी रामानुजाचार्यले समाधान दिनुभयो। यस्ता धेरै असङ्गत र शास्त्रविपरीत उपनिषद् र ब्रह्मसूत्रका आशयहरूलाई पूर्वाचार्यहरूको व्याख्या र आशयलाई अतिक्रमण गर्दै गरिएका व्याख्याको रामानुजाचार्यले सप्रमाण निराकरण गर्नुभयो। यसरी प्रारम्भदेखि नै स्वभावतः रामानुजाचार्यको बुद्धिवैभव अद्‌भुत विलक्षण र अलौकिक थियो भन्ने कुरो सर्वथा प्रमाणित हुन्छ।

यो विषय श्रीप्रपन्नामृतम् नामक काव्यग्रन्थमा यसरी वर्णन गरिएको छ।

कप्यासमिति वाक्यस्य वक्ष्याम्यर्थं शृणु द्विज ।
तस्याः श्रुतेरेवमर्थो वक्तव्यः शास्त्रवित्तमैः ।
षाड्गुण्यपरिपूर्णस्य विष्णोरमिततेजसः ॥१५॥
मर्कटासनसादृश्यमुच्यते नेत्रयोस्त्वया ।
त्वयोदितमबद्धार्थं श्रुत्वा शोचामि यादव ॥१६॥

(प्रपन्नामृतम्, अध्याय-८, पृ.-२५)

अर्थात्- हे यादवाचार्य ! **कप्यासम्** यो उपनिषद् वाक्यको अर्थ म भन्दछु। तपाईं सुन्नुहोस्। ऐश्वर्य आदि षड्गुणले परिपूर्ण अपरिमित तेजस्वी भगवान् विष्णुको नेत्रद्वय वानरको पृष्ठभाग जस्ता रक्तवर्णका छन् भनी जो तपाईंले व्याख्या गर्नुभयो, त्यस्तो विपरीत कुत्सित अर्थ सुनेर म शोकाकुल भएको छु। भन्नुको तात्पर्य तपाईंले व्याख्या गरेजस्तो भगवान्का दुई नेत्रहरू होइनन्। अपितु सूर्यका किरणहरूद्वारा प्रस्फुटित कमलका जस्ता परमात्माका नेत्रहरू छन् भन्ने उक्त उपनिषद् वाक्यको अर्थ हो। विस्तृत रूपले जान्न चाहनेहरूले मूलग्रन्थ **श्रीप्रपन्नामृतम्**को अवलोकन गरेर जानकारी लिन सक्नुहुने छ।

रामानुजाचार्यका शिष्यहरूमध्ये आन्ध्रपूर्णस्वामी अनन्य आचार्यनिष्ठ संस्मरणीय महापुरुष शिष्यरत्न हुनुहुन्थ्यो। उहाँले रामनुजास्वामीका १०८ नामावलीलाई सङ्ग्रह गरी **रामानुजाष्टोत्तरशतनामावली** नामक स्तोत्र लेख्नुभएको छ। यो स्तोत्र श्रीववैष्णवपरम्परामा अत्यन्त लोकप्रिय छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसमा रामानुजाचार्यको एउटा नाम **काञ्चीपूर्णप्रियसखः** हो। यसै सन्दर्भमा जब रामानुजाचार्य काञ्चीमा अध्ययनका लागि सपरिवार बस्न थाल्नुभयो, त्यही क्रममा वरदाज भगवान्का परमभक्त काञ्चीपूर्णस्वामीसँग उहाँको सम्पर्क भयो। योभन्दा पूर्व **सर्वं खल्विदं ब्रह्म नेह नानास्ति किञ्चन** इत्यादि उपनिषद्को व्याख्याको प्रतिवाद गर्दा रामानुजाचार्यलाई यादवप्रकाशाचार्यले बहिष्कृत गरिदिएका थिए। त्यसपछि आफ्नै घरमा बसेर स्वाध्याय गर्नुहुन्थ्यो। एक दिन घुम्दैघुम्दै काञ्चीपूर्णस्वामी रामानुजाचार्यको कुटीमा पुग्नुभयो। वरदराज भगवान्का परमसेवक भगवद्भक्त काञ्चीपूर्ण स्वामीलाई आफ्नो कुटीमा पाएकोमा रामानुजाचार्य धेरै खुसी हुनभयो र उहाँको आगमनलाई वरदराज भगवान्को विशेष निर्हेतुक कृपा ठान्नुभयो। त्यसपछि सुप्रसन्न रामानुजाचार्यले वस्ने उपयुक्त आसन प्रदान गर्दै भन्नुभयो- "मेरा गुरु यादवप्रकाशज्यूले पढ्नका लागि नआउनु भनी मलाई निषेध गर्नुभएको छ। यसले गर्दा म अत्यन्त दुखित थिएँ, यही बेला यहाँ जस्ता महान् गुरुलाई मैले प्राप्त गर्न सकें। यो वरदराज भगवान्को नै विशेष कृपा हो। अतः हजुर मेरा आचार्य हुनुहुन्छ, मलाई शिष्य बनाएर कृपा गर्नुहोस् भनी सनम्र निवेदन गर्नुहुन्छ। यो सुनेर काञ्चीपूर्णस्वामीज्यूले भन्नुहुन्छ- म तपाईंको गुरु बन्न योग्य व्यक्ति होइन। एक ता म जातले वैश्य हुँ, दोस्रो न म त्यस्तो शास्त्रज्ञ विद्वान् नै हुँ। बरु तपाईं शास्त्रमर्मज्ञ र उत्तम ब्राह्मणकुलीन पनि हुनुहुन्छ। अतः मेरा आचार्य हुन योग्य पुरुष हजुर नै हुनुहुन्छ जस्ता एकआपसमा सद्भाववर्धक वार्तालापहरू दुई सन्तका बिचमा भए। रामानुजाचार्यले भन्नुभयो- यदि शास्त्रज्ञानले भगवद्भक्तिलाई उत्पन्न गर्न सकेन भने त्यसको कुनै अर्थ छैन, त्यो ता केवल म जान्दछु भन्ने ज्ञानाभिमानको कारण मात्र हुन्छ। हजुर भगवान्का परमभक्त हुनुहुन्छ, त्यसकारण यस्ता हजुरले मलाई परित्याग गरिदिनुभयो भने ता म कसको शरणलाई ग्रहण गरूँ ? भन्दै अत्यन्त भावविह्वल भई काञ्चीपूर्णस्वामीका चरणकमलमा लम्पसार पर्नुभयो। फलतः रामानुजाचार्यलाई उठाउँदै भन्नुभयो- "तपाईंको यो अद्भुत भगवद्भक्तिलाई देखेर मलाई अत्यन्त प्रसन्नता भएको छ। अतः आजदेखि तपाईंले प्रत्येक दिन शालकूपबाट गाग्रामा जल भरेर ल्याई वरदराज भगवान्को सेवा गर्नुहोस्। शीघ्र नै तपाईंको इच्छा वरदराज भगवान्ले पूर्ण गरिदिनुहुने छ भनी रामानुजाचार्यको मङ्गलानुशासन गर्नुभयो। यसरी भक्तशिरोमणि काञ्चीपूर्णस्वामीको आज्ञाअनुसार त्यो दिनदेखि घरमा गएर गाग्रो लिएर शालकूपबाट जलसेवा गर्न लाग्नुभयो रामानुजाचार्य।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काञ्चीपूर्णस्वामीको जन्म पुविरुन्दावल्लिमा भएको थियो। बाल्यकालदेखि नै उहाँ वरदराज भगवान्को सेवामा सर्वतोभावेन समर्पित हुनुहन्थ्यो। यहाँमाथि वरदराज भगवान्को यति ठुलो अनुग्रह थियो जसले कुनै पनि समयमा वरदराज भगवान्सँग साक्षात् वार्तालाप गर्न सक्नुहुन्थ्यो। जातिले शूद्र भए पनि काञ्चीवासी सबैले उहाँको सम्मान गर्दथे। उहाँमा कसैप्रति कुनै किसिमको रिस, राग, द्वेष, ईर्ष्या आदि दुर्गुणहरू लेश मात्र थिएनन्। अहोरात्र वरदराज भगवान्को सेवा गर्नु नै उहाँको दैनिकी थियो। जहाँजहाँ ऋतुअनुसारका उत्तम फलफूलहरू उपलब्ध हुन्थे, तत्काल त्यस्ता वस्तुहरू खोजेर वरदराज भगवान्का लागि भनेर ल्याउनुहुन्थ्यो। जसको माथि उहाँको दृष्टि पर्दथ्यो, त्यसको कल्याण नै कल्याण हुन्थ्यो। मानौँ काञ्चीक्षेत्रको उहाँ एक अविस्मरणीय रत्न हुनुहुन्थ्यो। यस्ता सन्तशिरोमणि भगवद्भक्तसँग रामानुजाचार्यको एक सुन्दर मिलन र त्यसबाट वरदराजभगवान्को सेवा गर्ने प्रेरणा मिल्नु यी दुवैका लागि अन्यन्त सुखद विषय हो। त्यसैले त्यो दिनबाट रामानुजाचार्यका प्रिय साथी काञ्चीपूर्णस्वामी हुनुभएकाले उहाँलाई (रामानुज) **काञ्चीपूर्णप्रियसखः** भनिएको हो।

१.६ राजकुमारीका उद्धारक

यादवप्रकाशाचार्य वेदान्ती विद्वान् मात्र थिएनन् तन्त्र मन्त्रका पनि ज्ञाता थिए। भूतप्रेत आदिबाट धेरै रोगीहरूलाई यादवप्रकाशाचार्यले रेगमुक्त गराएको कुरो धेरैतिर फैलिएको थियो।

एक समयको घटना हो- काञ्चीपुरीका राजाकी छोरी राजकुमारीलाई पनि भूतप्रेतको समस्या आयो। कुनै ब्रह्मराक्षसले यिनको शरीरमा प्रवेश गरेर दुःख दिन थाल्यो। अनि राजाले राज्यमा नाम कहलाइएका सबै तन्त्रमन्त्रका ज्ञाताहरूलाई आह्वान गरे। तर कसैले पनि राजकुमारीलाई प्रेतमुक्त गर्न सकेनन्। त्यसपछि प्रख्यात वेदान्ती यादवप्रकाशलाई बोलाइयो। मनमनमै मन्त्रको जप गर्दै शिष्यहरूका साथ राजदरबारमा उहाँको आगमन भयो। त्यस्ता मन्त्रविद् यादवप्रकाशलाई देखेर राजकुमारी जोरले अस्वाभाविक रूपमा हाँस्तै भनिन्- "तपाईंको तन्त्रमन्त्रले कुनै तात्त्विक लाभको सम्भावना म देख्तिनँ। त्यसकारण तपाईं यहाँबाट फर्किनुहोस्। यस्तो कुरो राजकुमारीमा प्रविष्ट ब्रह्मराक्षसले भन्यो। त्यो कुरामा ध्यान नदिई एक प्रहरसम्म यादवप्रकाशाचार्यले मन्त्रको जप गरिरहनुभयो। तर त्यसले कुनै पनि प्रभाव पार्न सकेन। त्यसपछि ब्रह्मराक्षसले भन्यो- तपाईं मभन्दा पनि अधम हुनुहुन्छ, त्यसकारण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तपाईंको मन्त्रले मलाई केही गर्न सक्तैन। बरु तपाईंका शिष्यहरूमध्ये सबैभन्दा कान्छा अत्यन्त सुन्दर रामानुज नाम गरेका जो शिष्य छन्, उनलाई बोलाउनुहोस्, ममाथि उनको कृपा भयो भने म यहाँबाट हट्न सक्छु। त्यो सुनेपछि तुरुन्त त्यहाँ रामानुजाचार्यलाई बोलाइयो, अनि राजकुमारीमा प्रविष्ट ब्रह्मराक्षसलाई हटाउनका लागि निवेदन गरियो। ब्रह्मराक्षसले भन्यो- "यदि ममाथि[९] कृपा गरेर मेरो शिरमा हजुरले आफ्ना चरणारविन्द राखिदिनुभयो र त्यो चरणोदक मलाई दिनुभयो भने म यहाँबाट निक्लेर जानेछु।" त्यो सुनेर रामानुजाचार्यले गुरुको आज्ञा लिएर उनको शिरमा चरण राखी चरणोदक राखिदिनुभएको थियो। त्यसपछि तत्काल त्यो ब्रह्मराक्षस त्यहाँबाट निस्किएर गयो। यसरी राजकुमारी ब्रह्मराक्षसबाट मुक्त भइन्।

त्यो ब्रह्मराक्षसले पहिले नै यादवप्रकाशाचार्यलाई भनेको थियो, तपाईं यदि तन्त्रमन्त्रका ज्ञाता हुनुहुन्छ भने मेरो एउटा प्रश्नको उत्तर दिनुहोस्, योभन्दा पूर्वजन्ममा तपाईं के हुनुहुन्थ्यो ? जसको जबाफ यादवप्रकाशसँग थिएन। उल्टै ब्रह्मराक्षसले जवाफ दिँदै भन्यो- मथुरानामक सहरको पश्चिम दिशामा कमलै कमलले युक्त तलाउको बाँध भएको ठाउँमा धमिराको थुप्रो थियो, त्यसमा तपाईं गोहीको शरीर धारण गरेर रहनुहुन्थ्यो। कुनै दिन एक जना वेदान्ती वैष्णव घुम्दै-फिर्दै आइपुग्नुभयो र त्यही ठाउँमा भोजन बनाई भगवान्लाई अर्पण गरेर लिनुभयो। त्यसपछि खाएको पत्तल त्यही छोडी आफ्नो बाटो लाग्नुभयो। उहाँले खाएको पत्तल त्यहाँ भएकाले गोही तिमीले चाटीचुटी त्यो पत्तलमा रहेको स्वादिष्ट अवशिष्ट अन्न सहर्ष स्वीकार गऱ्यौ। त्यसैका प्रभावले यो जन्ममा तिमी यति ठुला नामी वेदान्ती भएका हौ। यदि तिमी आफ्नो कल्याण चाहन्छौ भने रामानुजको शरण पर अवश्यमेव तिम्रो कल्याण हुने छ। अरू कुनै पनि उपाय छैन। मेरो पनि पूर्वजन्मको कथा सुन। म वेदवेदान्तको पारङ्गत विद्वान् ब्राह्मण थिएँ। मलाई श्रौत यज्ञ गर्ने इच्छा भयो र पत्नीका साथ यज्ञ गरे, तर कर्मगत वैगुण्यको कारण म यसै जन्ममा ब्रह्मराक्षस भएर जन्मिएँ। धेरै वन, पर्वत आदिमा भड्किँदै काञ्चीनगरीमा पुगे। यहाँ सुन्दर वाटिकामा विहार गरिरहेकी यी सुन्दरी राजकुमारीलाई मैले पाएँ। अहिले म यिनमा प्रवेश गरेर आनन्दका साथ बसिरहेको छु। मलाई छुटाउन धेरै मन्त्रज्ञहरू यहाँ आए, तर कसैले पनि

९. स तु पादेन मां स्पृष्ट्वा दत्वा पादोदकं शुभम् ॥३५॥ यदि दास्यत्यनुज्ञां मे गमिष्येऽहं यथासुखम् ॥ (श्रीप्रपन्नामृतम्, अ.३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजकुमारीबाट अलग गर्न सकेनन् र तिमी पनि मलाई छुटाउन सक्तैनौ, यो निश्चय हो । त्यसपछि राजाले साष्टाङ्ग अभिवादन गर्दै विशेष सम्मानका साथ बिदाइ गर्नुभयो । त्यस दिनदेखि झन् रामानुजाचार्यको प्रभाव व्यापक रूपमा फैलिँदै गयो । उहाँको अलौकिक शक्तिलाई देखेर राजा पनि आश्चर्यचकित भए । अतएव रामानुजाचार्यका १०८ नामहरूमध्ये **ब्रह्मराक्षसमोक्षकः** नाम पनि एउटा हो ।

१.७ रामानुजाचार्यको बुद्धिवैभवप्रति ईर्ष्याभाव

रामानुजाचार्यद्वारा ब्रह्मराक्षसमोचनको घटनाले गुरुशिष्यका बिच सम्बन्ध बिग्रिँदै गयो । सबैबाट सम्मानित यादवप्रकाशलाई यो घटनाले आफ्नो प्रतिष्ठामा ठुलो चोट पुऱ्यायो । आफ्नु शिष्यको वैभव र प्रभावको कारण यादवप्रकाश निस्तेज बन्दै गए, असह्य भएर अरू शिष्यहरूसँग आफ्ना मनोव्यथाहरू व्यक्त गर्न थाले । रामानुजको अद्भुत प्रतिभा र प्रभावका बिचमा आफू अपमानित भएकोमा यादवप्रकाशाचार्य अनेक प्रकारका दुर्भात्रका तानामानासमेत बुन्न थाले । आफूले पढाएको शिष्यले आफूलाई तपाईंले श्रुतिको अपाव्याख्या गर्नुभयो भनी मेरो मानमर्दन गर्दै मलाई ओझलमा पार्न लागिरहेको छ, यो हिजोको फुचो रामानुज । अतः यो मेरो ठुलो शत्रु हो । यादव प्रकाशाचार्यले अब यसलाई निर्मूल नपारी नहुने भयो भन्दै शिष्यहरूसँग आफ्ना मनोभावहरू व्यक्त गर्दा उनीहरू भन्दछन्- यति धेरै हामी शिष्यहरू जीवित हुँदा हुँदै हजुरले चिन्तित हुनु उचित हुँदैन । हामीहरू यसको उपाय के हुन सक्तछ, त्यसका बारेमा राम्ररी विचार गर्ने छौँ भने । त्यसपछि यादवप्रकाशले शिष्यहरूसँग भन्दछन्- "अब हामी सबै मिली तीर्थयात्रा गर्न प्रयागराज जाने योजना गरौँ । रामानुजलाई त्रिवेणीमा स्नान गर्ने बेलामा केही बहानाको नाटक गरेर उसलाई बाँच्न नसक्ने किसिमले गङ्गामा डुबाइदिनुपर्छ । त्यसो गर्नाले मलाई ब्रह्महत्यादोष पनि लाग्दैन र मेरो अभीष्ट पनि सिद्ध हुन्छ ।" यो गुरुको प्रस्ताव सुनेर सबै शिष्यहरू प्रसन्न हुँदै अनुमोदन गर्दा भए ।

त्यही बिचमा रामानुजाचार्य गुरुको असन्तुष्टिको कारण अध्ययन गर्नका लागि आउन छोड्नुभएको थियो । पुनः गुरुको आज्ञाअनुसार शिष्यहरूले पढ्नका लागि बोलाएर ल्याए । त्यस बेला बाह्यरूपले प्रसन्नता व्यक्त गर्दै यादवप्रकाशाचार्यले भने विशिष्ट र तीक्ष्ण बुद्धिका धनी हे रामानुज तिमी मसँग रुष्ट भएर पढ्न आउन छोड्यौ । शिष्यहरूमध्ये म तिमीलाई सबैभन्दा प्रियतम शिष्य मान्दछु । मेरो कृपाले तिम्रो सुकीर्ति सर्वत्र फैलिने छ र तिमी छिटै अद्वितीय विश्वविख्यात विद्वान् हुनेछौ । यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुरुको विषपूर्ण वाणीलाई रामानुजाचार्यले मेरा गुरुदेवले मेरो कल्याणका लागि नै भन्नुभएको हो भनी त्यसलाई सत्य ठान्दै पुनः उहाँसँग अध्ययन गर्न प्रारम्भ गर्नुभयो । तर यादवप्रकाशाचार्यको भाव रामानुजाचार्यका प्रति पूर्णतः कलुषित नै थियो ।

त्यही क्रममा शिष्यसहित यादवप्रकाशाचार्यले सङ्गमस्नान गर्न प्रयागराज जाने इच्छा व्यक्त गर्दै रामानुजाचार्यसँग भने- माघमासमा प्रयागराजमा स्नान गरेको ठुलो महिमा छ । त्यसकारण तिमीलाई पनि साथमा लिएर तीर्थयात्रा गर्ने मेरो इच्छा छ । त्यसो भएको हुँदा तिमी पनि प्रयागराज जानुपर्दछ भनेपछि रामानुजाचार्यले आमासँग सोध्छु आमाले मलाई जानका लागि अनुमति दिनुभयो भने हजुरसँग म जानका लागि तयार छु भनी उत्तर दिनुभयो । आमासँग सोध्दा जानका लागि अनुमति प्राप्त भएकाले रामानुजाचार्य पनि गुरुसँग प्रयागराज जान सहमत हुनुभयो । साथमा रामानुजाचार्यका सानिमाका छोरा गोविन्दाचार्य पनि थिए । आफ्ना दाजु रामानुजाचार्यप्रति यादवप्रकाशाचार्यको भाव राम्रो छैन भन्ने विषयमा उनलाई राम्ररी थाहा थियो । जे होस्, प्रयागराज जाने कुरो निश्चय भयो र गुरुका आज्ञाअनुसार सबै शिष्यहरू पनि तयार भएर तीर्थयात्राका लागि प्रस्थान गरे ।

बाटोमा घनघोर जङ्गल पर्दथ्यो । एक दिनको घटना हो, हिंस्रक पशुहरूले युक्त घनघोर जङ्गलमा रामानुजाचार्यलाई छोडेर यादवप्रकाशाचार्य आफ्ना केही शिष्यहरूका साथ अगाडि बढे । सानिमाका छोरा गोविन्दाचार्यलाई यो कुरा थाहा थियो, यो तीर्थयात्रा बहाना मात्र हो, यही बहानामा आफ्नो शत्रुका रूपमा देखा परेको रामानुजलाई कसरी हुन्छ सिद्धचाउनु नै मुख्य सङ्कल्प छ । गोविन्दाचार्यलाई तत्सम्बन्धी जानकारी भएकाले त्यही मौका पारेर आफ्ना दाजु रामानुजाचार्यलाई भने- दाजु यादवप्रकाशको हजुरप्रति नियत राम्रो छैन । हजुरलाई जसरी भए पनि समाप्त गर्छु भन्ने यिनको कुसङ्कल्प छ । त्यसकारण तपाईं यहाँबाट फर्कनुहोस् । भाइको यस्तो वचन सुनेर त्यसलाई अत्यन्त गम्भीरताका साथ लिँदै रामानुजाचार्य त्यही रुखको फेदमा बस्नुभयो । हिंस्रक बाघ भालु भएको घोर जङ्गल थियो । गुरुका डरले यति कुरा रामानुजाचार्यलाई एकान्तमा सुनाएर गोविन्दाचार्य हतारहतार यात्री समूहमा गएर मिले । यसरी दगुर्दै आएका गोविन्दाचार्यलाई देखेर यादवप्रकाशले सोधे खोइ त रामानुज ? गोविन्दाचार्यले रामानुज धेरै अगाडि गइसक्नुभएको छ भनी उत्तर दिए । कता गए त भनेर सोधे, यताउति खोज्ने स्वाङ पनि गरियो तर भित्री रूपमा यादवप्रकाशाचार्य धेरै खुसी थिए । त्यही बेला विशाल पानी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि पऱ्यो। सबै पानीले चुर्लुम्म भिजेका थिए। शिष्यहरूलाई रामानुज कता गए, सबै मिलेर खोज भनी आज्ञा दिए, गुरुको आज्ञाअनुसार शिष्यहरूले वनको चारैतिर दौडिँदै-दौडिँदै खोजे, अन्ततोगत्वा नभेटेपछि भेटिएन भन्दै शिष्यहरूले गुरुसँग निवेदन गरे। त्यो सुनेर केही दुखित भएको स्वाङ यादवप्रकाशाचार्यले पारे। यसरी त्यो दिन रामानुज अब यो संसारमा छैन भन्ने ठानेर आनन्दले शयन गरेको प्रसङ्ग रामानुजाचार्यको जीवनीप्रकाशक ग्रन्थहरूमा उल्लेख गरिएको छ।

२.८ रामानुजाचार्यको रक्षा

यादवप्रकाशाचार्यको समूहबाट अलग हुनुभएका रामानुजाचार्यले एकाग्रचित्त भएर निर्जन वनमा भगवान् केशवको ध्यान गर्नुभयो। त्यसपछि श्रीहस्तिगिरिका अधिष्ठाता शरणागतरक्षक वरदराज भगवान् व्याधादम्पतीको भेषलाई धारण गरेर त्यहाँ आउनुभयो। त्यस्ता व्याधालाई देखेर रामानुजाचार्यले सोध्नुभयो- "हे व्याधा, तिमी को हौ ? स्त्रीका साथ तिमी यो घोर जङ्गलमा किन आएका ?" उनले भने म सत्यव्रत क्षेत्र जानका लागि आएको हूँ, तिमी यो निर्जन वनमा एक्लै किन घुमिरहेका छौ ? तिमी कुन ठाउँमा जाने हो ? भनी प्रश्न गर्दा रामानुजाचार्य भन्नुहुन्छ- म काञ्चीबाट प्रयागराज जानका लागि निक्लिएको थिएँ, केही कारणले एक्लै यहाँ बसिरहेको छु र फेरि काञ्चीमा नै म फर्किन चाहन्छु। यस प्रकार व्याधारूपधारी दम्पती र रामानुजाचार्यका बिच वार्तालाप भयो। त्यसपछि रामानुजलाई लिएर दम्पती अगाडि बढे। एक कोसको बाटो हिँडिसकेपछि सूर्यास्त भयो। अनि त्यो रात रुखको फेदमा व्याधारूपधारी दम्पती र रामानुजाचार्यको वास भयो।

आधारातमा पिपासाले आकुल भएकी व्याधापत्नीले शयन गरिरहेका पतिदेवसँग जल मागिन्, रात भएको र केही प्रकाश पनि नभएकाले घोर जङ्गलमा जल दिने स्थिति थिएन। त्यसैले तिर्खाले आकुल भएकी पत्नीसँग भने- हे प्यारी, यद्यपि जलकूप यहाँ नजिकै छ, तर अँध्यारो भएकाले यहाँ नै छ भनी जल भएको ठाउँ अहिले ठम्याउन सकिँदैन। त्यसकारण अहिले जल ल्याएर तिमीलाई म दिन सक्तिनँ। यस्तो व्याधादम्पतीका कुरा सुनेर रामानुजाचार्यले विचार गर्नुभयो, यी व्याधादम्पती ता मलाई सहयोग गर्न लक्ष्मीका साथ वरदराज भगवान् नै यहाँ आउनुभएको रहेछ। के गर्नु, अहिले म पनि जल ल्याएर दिन सक्तिनँ, बिहान उठेर अवश्यमेव जलको सेवा गर्ने छु। यसरी एकआपसमा वार्ता गरेर पुनः चुपचाप भएर उहाँहरूले रात बिताउनुभयो। अनि प्रातःकालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नजिकैमा रहेको कुआबाट रामानुजले अञ्जलिमा जल ल्याएर तीनचोटिसम्म दिनुभयो, पुनः अर्कोचोटि जल लिएर आउँदा ता दुवै दम्पती अकस्मात् त्यहाँबाट अदृश्य हुनुभयो । त्यही क्रममा वरपर हेर्दा ता रामानुजाचार्यले नदी, सेतै टल्केको बालुवा, सुन्दर बाटो देखेर आश्चर्यचकित भएर त्यहाँ हिँडिरहेका बटुवाहरूसँग सोध्नुभयो- यो देशको नाम के हो ? त्यो वाक्य सुनेर बाटोमा हिँडिरहेका व्यक्तिहरूले भने- यो भोग र मोक्ष दिने सत्यव्रत क्षेत्र हो, यसका नजिकै सुन्दर गोपुरहरू देदीप्यमान भएर देखिएका छन्, जहाँ वरदराज भगवान्को दिव्य मन्दिर छ, यस क्षेत्रको प्रसिद्ध नाम काञ्चीपुरी हो । त्यो सुनेर रामानुज आश्चर्यचकित हुनुभयो । प्रसन्नतापूर्वक आफ्नो नगरीमा प्रवेश गर्नुभयो ।

यसरी आफ्नो गृहनगरीमा पुगेर सबै कुरा मातालाई निवेदन गर्नुभयो । त्यसपछि माताले पनि छोरालाई आशीर्वाद दिँदै यस नगरीमा शवरीका अंशका रूपमा प्रकट हुनु भएका भगवान्का परमभक्त नित्यनिरन्तर वरदराज भगवान्का सेवक काञ्चीपूर्णस्वामी हुनुहुन्छ । उहाँसँग गएर यो सबै घटनाहरूका सम्वन्धमा भन । आमाको आज्ञालाई स्वीकार गर्दै रामानुजाचार्यले पनि काञ्चीपूर्णस्वामीसँग गएर गुरुदेवसँग तीर्थयात्रा गर्दा भएका मार्गका घटनाहरू र त्यहाँबाट आफू फर्कदाका घटनाहरूसमेत विस्तारपूर्वक बताउनुभयो । त्यो सुनेर काञ्चीपूर्णस्वामीले भन्नुभयो- तपाईंमाथि भगवान् हरिको ठुलो कृपा रहेछ, जसको कारण तपाईं यस्तो अकल्पनीय आपत्बाट बच्नुभयो । अब वरदराज भगवान्ले तपाईंबाट शालकूपको जलद्वारा आफ्नो सेवा चाहनुभएको छ । सो कैङ्कर्य तपाईंले गर्नु, तपाईंको कल्याणै कल्याण छ । यस्तो वचन सुनेर त्यस दिनदेखि रामानुजाचार्यले स्वर्णकलशमा शालकूपको जल भरी नित्य वरदराज भगवान्को सेवा गर्न सुरु गर्नुभयो ।

१.९ यामुनाचार्यद्वारा रामानुजाचार्यको संस्मरण

श्रीवैष्णवपरम्परामा यामुनाचार्यस्वामीलाई सिंहासनावतार मानिन्छ । उहाँ विशिष्ट विद्यावैभवशाली श्रीरङ्गम् क्षेत्रमा आचार्यपीठासीन हुनुहुन्थ्यो । वार्धक्यका कारण यस क्षेत्रका लागि योग्य उत्तराधिकारी आचार्यको खोजीमा यामुनाचार्यलाई चिन्ता हुनु स्वभाविकै हो । एक दिन सहस्रगीतिको अनुसन्धान गरिरहँदा शिष्यहरूलाई बोलाएर भन्नुभयो- "तपाईंहरू यस्तो कुनै महापुरुषको अन्वेषण गर्नुहोस्, जो विशिष्ट विद्यावैभवशाली, सदाचारसम्पन्न, सज्जन पुरुषहरूद्वारा सदा सम्मानित, शमदम आदि गुणसमलङ्कृत, भगवान् विष्णुका भक्त, मधुरभाषी, समदर्शी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लोककल्याणकारी होस्। यामुनाचार्यका यस्ता वचनहरू सुनेर उहाँका शिष्यहरू उक्त गुणशाली महापुरुषको अन्वेषण गर्दै काञ्चीनगरीतिर लागे त्यहाँ सर्वगुणसम्पन्न रामानुज र उहाँका प्रवर्धमान प्रभाव र विद्यावैभवलाई देखेर शिष्यहरूले त्यहाँबाट फर्केर यामुनाचार्यसँग निवेदन गरे। हजुरले बताएका सबै गुणहरूले परिपूर्ण रामानुज नाम गरेका महापुरुष काञ्चीपुरमा हुनुहुन्छ, त्यसकारण उहाँलाई श्रीरङ्गम्मा ल्याउनुपर्छ।

शिष्यका यी वाक्यहरू सुनेर यामुनाचार्य प्रसन्न हुनुभयो। किनकि योभन्दा पूर्व अरूबाट पनि रामानुजका प्रभाव र वैभवका बारेमा सकारात्मक प्रशस्त कुराहरू यामुनाचार्यले सुन्नुभएको थियो। उता तीर्थयात्राको प्रसङ्गमा यादवप्रकाशाचार्य प्रयागराजबाट काञ्ची फर्केपछि रामानुजाचार्य काञ्चीमा रहेको खबरले उनलाई झन् चिन्ता भयो। फलतः अब रामानुजसँग वैरभाव उचित छैन भन्ने ठानी शिष्यहरूका माध्यमले रामानुजाचार्यलाई बोलाएर आफ्नो मनोभावहरू व्यक्त गरे। त्यसपछि रामानुजाचार्य पनि गुरुको आशयलाई आत्मसात् गर्दै पुनः शास्त्राभ्यासमा प्रवृत्त हुनुभयो।

उता शिष्यहरूद्वारा रामानुजाचार्यको देदीप्यमान प्रभावलाई सुनेर यामुनाचार्यलाई उहाँको दर्शन गर्ने उत्कट इच्छा भयो। त्यसैले शिष्यहरूका साथ श्रीरङ्गम् क्षेत्रबाट यामानुजाचार्यस्वामी काञ्ची आउनुभयो। त्यहाँ काञ्चीपूर्णस्वामीसँग भेट भयो र उहाँले यामुनाचार्यस्वामीलाई वरदराज भगवान्को दर्शन गराउनुभयो। यामुनाचार्यले पनि वरदराज भगवान्को दर्शन गरी दिव्यस्तुति गर्दै मङ्गलाशासन निवेदन गर्नुभयो। त्यस अवसरमा शिष्यहरूका साथ एकदण्डी त्यस क्षेत्रका प्रख्यात वेदान्ती त्रिपुण्ड्रधारी यादवप्रकाशाचार्य आइरहेको देखेर यामुनाचार्यस्वामीको दृष्टि त्यसमा केन्द्रित भयो। त्यो समूहलाई इङ्गित गर्दै यामुनाचार्यस्वामीले काञ्चीपूर्णस्वामीसँग त्रिपुण्ड्रधारी यिनीहरू को हुन् ? भनी सोध्नुभयो। काञ्चीपूर्णस्वामीले यादवप्रकाशाचार्यको वैदुष्यवैभवको वर्णन गरेर परिचय दिँदै यिनका साथमा कान्तिमतीका छोरा रामानुज वेदान्तको चर्चा गर्दै उनको काँधमा हात राखेर हिँडिरहेका छन् भनी उत्तर दिनुभयो। यसरी गुरुकुल पद्धतिमा अध्ययनरत रामानुजाचार्यसँग वार्ता गर्दा अध्ययनमा व्यवधान हुन्छ भन्ने ठान्दै त्यस अवसरमा यामुनाचार्यस्वामीले वार्ता गर्न चाहनुभएन। बरु उहाँको विद्यावैभव बढोस् भनेर वरदराज भगवान्सँग प्रार्थना गर्दै भन्नुभयो -

यस्य प्रसादकलया बधिरः शृणोति ।
पङ्गुः प्रधावति जवेन च वक्ति मूकः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्धः प्रपश्यति सुतं लभते च बन्ध्या ।
तं देवमेव वरदं शरणं गतोऽस्मि ॥३०॥

(प्रपन्नामृतम्, अ.-७, पृ.-२३)

अर्थात् - जुन वरदराज भगवान्को थोरै प्रसन्नताले पनि बहिरो श्रवण गर्न समर्थ हुन्छ, लङ्गडो तीव्र गतिले दगुर्न सक्तछ, लाटो बोल्न सक्तछ, अन्धो हेर्न सक्तछ, बाँझी स्त्रीलाई सन्तान मिल्दछ त्यस्ता अभीष्ट वस्तु प्रदान गर्ने वरदराज भगवान्को म शरणमा पर्दछु ।

यसरी स्तुति गरेर यामुनाचार्यस्वामीज्यू शिष्यहरूसहित श्रीरङ्गम् फर्कनुभयो । अनि रामानुजाचार्यको अभ्युदयलाई चाहने यामुनाचार्यले भगवद्वैभवप्रकाशक स्तोत्ररत्नको रचना गर्नुभयो । यसलाई श्रीवैष्णवसम्प्रदायमा **आलवन्दारस्तोत्रम्** भनिन्छ । दक्षिण भारतमा आलवन्दारको नामले यामुनाचार्यको प्रसिद्धि छ । स्तोत्रवाङ्मयमा यसको सर्वोत्कृष्ट स्थान छ । त्यसैले यसलाई स्तोत्ररत्न[१०] भनिएको हो ।

२.१० श्लोकश्रवणबाट रामानुजाचार्यको मन आकृष्ट

स्वरचित स्तोत्ररत्न वरदराज भगवान्का साथ रामानुजाचार्यका कानमा पनि यसका वैभवहरू पुगुन् भन्ने उद्देश्यले आफ्ना शिष्य महापूर्णलाई बोलाएर यामुनाचार्यले भन्नुहुन्छ- हे महापूर्ण, मैले लेखेको स्तोत्ररत्न काञ्चीमा गई वरदराज भगवान्लाई सुनाऊ । यस्तो गुरुको आज्ञालाई शिरोधार्य गर्दै महापूर्णाचार्य अत्यन्त आतुरताका साथ काञ्चीपुरी आउनुहुन्छ र स्तोत्ररत्नका श्लोकहरू मुक्तकण्ठले पाठ गर्दै वरदराज भगवान्लाई सुनाउनुहुन्छ । त्यही बेला रामानुजाचार्य शालकूपबाट जल लिएर भगवान्को सन्निधिमा पुग्नुभएको हुन्छ, जुन बेला महापूर्णाचार्य- **स्वभाविकानवधिकातिशयेशितृत्वं नारायण त्वयि न मृष्यति वैदिकः कः । ब्रह्मा शिवः शतमखः परमस्वराडित्येतेऽपि यस्य महिमार्णवविप्रुषस्ते ॥ (आलवन्दारस्तोत्रम्, ११)** यो श्लोकको पाठ गरिरहेको हुनुहुन्थ्यो । अर्थात्- हे सर्वेश्वर नारायण संसारमा को त्यस्तो वैदिक होला, जसले हजुरको स्वभावसिद्ध, असीम, अतिशय उत्कर्ष शासकत्वरूपी सत्तालाई स्वीकार नगरोस् । किनकि वेदका ज्ञाताहरूले हजुरको यस्तो वैभवशक्ति विशेषलाई अवश्यमेव स्वीकार गर्दछन्, त्यसकारण नै ती वैदिक मानिन्छन् । त्यसैले चतुर्मुख ब्रह्मा, शिव, इन्द्र र मुक्तात्माहरू पनि हजुरको महिमारूपी

---

१० श्री वैष्णवसम्प्रदायमा मन्त्ररत्न, पुराणरत्न र स्तोत्ररत्न गरी तीन रत्नहरू प्रसिद्ध छन् । त्यसमा मन्त्ररत्न भन्नाले **अष्टाक्षरी** मन्त्र हो भने पुराणरत्नका रूपमा पराशरको **श्रीविष्णुपुराण** प्रसिद्ध छ, त्यस्तै स्तोत्ररत्नमा यामुनाचार्यको **आलवन्दारस्तोत्र** पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सागरका एक बिन्दु मात्र हुन् भनी शास्त्रले वर्णन गरेका छन्। यस्तो भगवद्वैभवप्रकाशक श्लोकलाई सुनेर रामानुजाचार्य आश्चर्यचकित हुँदै महापूर्णाचार्यसँग सोध्नुहुन्छ- तपाईं जुन स्तोत्रको पाठ गरिहनुभएको छ त्यसका रचयिता को हुनुहुन्छ ? त्यसको उत्तर दिँदै महापूर्णाचार्य भन्नुहुन्छ- श्रीरङ्गम्निवासी, सकलशास्त्रका ज्ञाता, सात्त्विक, सन्न्यासी नाथमुनिका नाति सिंहासनावतार यामुनाचार्य नाम गरेका महामनीषी हुनुहुन्छ। उहाँले नै लेखेको स्तोत्ररत्नको यो पद्य हो। यस्तो वचन सुनेर रामानुजाचार्य यामुनाचार्यको दर्शन गर्न अतिशय आतुर हुनुभयो। त्यसपछि, वरदराज भगवान्लाई जल अर्पण गरेर काञ्चीपूर्णस्वामीसँग आज्ञा लिई महापूर्णाचार्यका साथ श्रीरङ्गम् जानुभयो।

१.११ यामुनाचार्यको निधन र रामानुजाचार्यका प्रतिज्ञात्रय

यो एउटा विधिको विडम्बना नै थियो, जसले गर्दा यामुनाचार्य र रामानुजाचार्यको मिलन हुन सकेन। यसमा पूर्वाचार्यहरूको अनुभव के छ भने- यी दुई महापुरुषका बिचमा कथङ्कदाचित् वार्तालाप भएको स्थितिमा रङ्गनाथ भगवान्को लीलाविभूति नै समाप्त हुने थियो। त्यसैले भगवद्वैभवपरम्परालाई अक्षुण्ण राख्न रङ्गनाथ भगवान्ले अर्चकका माध्यमले यामुनाचार्यलाई परमपद प्रदान गर्ने निर्देश दिनुभयो। फलतः रामानुजाचार्य श्रीरङ्गक्षेत्र पुग्दा-नपुग्दै यामुनाचार्यको शरीर छुट्यो। श्रीवैष्णवसम्प्रदायको भाषामा भन्नुपर्दा आचार्यसम्बन्धप्राप्त यामुनाचार्य इहलीला परित्याग गरी भगवदाज्ञानुसार परमपद जानुभयो।

महापूर्णाचार्यस्वामीका साथ रङ्गनाथ क्षेत्रमा अवस्थित काबेरीको तटमा पुग्नुभएका रामानुजाचार्यले बालुवाको राशिमा ब्राह्मणहरूको ठुलो समुदाय भेला भएको देख्नुभयो। त्यो देखेर बाटामा हिँडिरहेका व्यक्तिहरूसँग उहाँहरू दुवैले उत्कण्ठाका साथ यो भेला केको हो ? भनी जिज्ञासा राख्दा त्यहाँका व्यक्तिहरूले भने यस क्षेत्रका प्रख्यात विद्वान्, सन्न्यासी यामुनाचार्य परमपद हुनुभएकाले उहाँको अन्त्येष्टिमा यो मानवसमुदाय जुटेको हो। त्यसपछि दुवै जना मूर्च्छित हुनुभयो। केही समय व्यतीत भएपछि महापूर्णस्वामीले आफूलाई संयमित गर्दै उठ्नुभयो र मूर्च्छित रामानुजाचार्यलाई सम्झाई-बुझाई आश्वस्त गराउनुभयो। अनि जहाँ यामुनाचार्यको अन्त्येष्टिका लागि तयारी भइरहेको थियो, त्यस ठाउँमा दुवै जना पुग्नुभयो र अत्यन्त शोकाकुल हुँदै यामुनाचार्यको अन्तिम दर्शन गर्नुभयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसमा एउटा विचित्र घटनाको रोचक प्रसङ्ग यसमा उल्लेख गरिएको छ। त्यो के हो भने रामानुजाचार्यले यामुनाचार्यस्वामीसँग आफ्नो भेट नहुनुको कारणको अनुसन्धान गरिरहनुभएको थियो। जसरी क्षुद्र पापी जनलाई महापुरुषसँगको सत्सङ्गति दुर्लभ हुन्छ, त्यस्तै म रहेछु, जसले गर्दा मैले यामुनाचार्य जस्ता महापुरुषसँग साक्षात् वार्तालाप गर्न पाइनँ। हे वैष्णवजनहरू यदि मैले उहाँसँग कुराकानी गर्न पाएको भए यो निश्चित थियो- यस लोकका संसारी जीवहरूका लागि यहाँबाट परमपदसम्म पुग्न एउटा शाश्वत सिँढीको निर्माण हुने थियो। जुन सिँढीबाट बद्ध जीवहरू संसारदेखि छुटेपछि सजिलै वैकुण्ठलोक पुग्न समर्थ हुन्थे। यस्तैयस्तै उद्गारहरू भावविह्वल हुँदै व्यक्त गरिरहेका अवसरमा अकस्मात् यामुनाचार्यस्वामीका दाहिने हातका तीनओटा औँला खुम्चिएको मुठीमा रामानुजाचार्यको दृष्टि पर्‍यो। त्यो देखेर आश्चर्यचकित हुँदै रामानुजाचार्यले त्यहाँको समुदायसित सोध्नुभयो, यी औँलाहरू पहिलेदेखि नै यस्तै थिए अथवा अहिले यस्ता भएका हुन् ? यो सुनेर, देखेर सबैले आश्चर्य व्यक्त गर्दै भने- यस्तो ता योभन्दा पहिले थिएन, अहिले हजुरले (रामानुजाचार्य) भनेपछि मात्र हामी यामुनाचार्यका औँलाहरूलाई यस रूपमा देख्दै छौँ। यस्तो हुनुको मूल कारण के हो त्यो त्यहाँ रहेको कसैलाई पनि थाहा नहुनु स्वाभाविक थियो। रामानुजाचार्यले गम्भीर भएर विचार गर्नुभयो, यसमा केही न केही विशेष रहस्य छिपेको छ। किनकि रामानुजाचार्य शेषावतारी पुरुष हुनुहुन्थ्यो। त्यसपछि यामुनाचार्यको हृदयगत अपूर्ण सङ्कल्पलाई आत्मसात् गर्दै भन्नुभयो-

वैष्णवानां वचः श्रुत्वा लक्ष्मणार्यः परार्थवित् ।
अभिप्रायं यामुनस्य ज्ञात्वा बुद्ध्या महामतिः ॥ ६७ ॥

मध्ये द्विजानां सर्वेषां जगाद वचनं तदा ।
अहं विष्णुमते स्थित्वा जनानज्ञानमोहितान् ॥६८॥

पञ्चसंस्कारसम्पन्नान् द्राविडाम्नायपारगान् ।
प्रपत्तिधर्मनिरतान् कृत्वा रक्षामि सर्वदा ॥६९॥

एवं रामानुजाचार्ये गदत्यात्मवतां वरे
महात्मा यामुनाचार्यो जहावैकाङ्गुलिं तदा ॥७०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात्- यामुनाचार्यको अन्त्येष्टिमा उपस्थित वैष्णवजनहरूको वचन सुनेर परामर्थका ज्ञाता विवेकका साथ महाबुद्धिशाली रामानुजाचार्यले यामुनाचार्यको अभिप्रायलाई आत्मसात् गरी त्यस अवसरमा त्यहाँ भएको जनसमुदायका बिचमा भन्नुभयो- म (रामानुजाचार्य) विष्णुको मतमा रहेर अज्ञानले मोहित जनहरूलाई पञ्चसंस्कारसम्पन्न, द्राविड वेदमा पारङ्गत र प्रपत्तिधर्ममा अभिमुख गराई तिनीहरूको रक्षा गर्ने छु। आत्मज्ञानीहरूमा श्रेष्ठ रामानुजाचार्यले यसरी उक्त कुरा व्यक्त गरिसकेपछि महात्मा यामुनाचार्यको एउटा औँला तुरुन्त जस्ताको त्यस्तै भयो।

त्यसपछि अगाडि अर्को वाक्य व्यक्त गर्दै भन्नुहुन्छ -

ततः प्रोवाच धर्मात्मा वाक्यं रामानुजः पुनः।
सङ्गृह्य निखिलानर्थान् तत्त्वज्ञानपरं शुभम् ॥७१॥

श्रीभाष्यञ्च करिष्यामि जनरक्षणहेतुना ।
इत्युक्तवति विप्रेन्द्रे वचनं वदतां वर ॥ ७२ ॥
अङ्गुलिं यामुनाचार्यो द्वितीयां सहसाऽत्यजत् ।

जनरक्षण गर्ने उद्देश्यले पुनः अर्को प्रतिज्ञा गर्दै भन्नुभयो- म सम्पूर्ण उपनिषद् प्रतिपाद्य विषयवस्तुलाई सङ्ग्रह गरेर तत्त्वज्ञानको उद्‌घाटक ब्रह्मसूत्रको वास्तवार्थप्रकाशक **श्रीभाष्यम्** नामक भाष्यग्रन्थको रचना गर्ने छु। यसरी वक्ताहरूमा श्रेष्ठ ब्राह्मणोत्तम रामानुजाचार्यले उक्त वाक्य व्यक्त गरिसकेपछि यामुनाचार्यको दोस्रो अङ्गुलि पनि जस्ताको त्यस्तै भयो।

अनि तेस्रो प्रतिज्ञा गर्दै रामानुजाचार्य भन्नुहुन्छ -

ततोऽन्यदर्थदं वाक्यं धीमान् रामानुजोऽवदत् ॥७३॥

जीवेश्वरादीन् लोकेभ्यः कृपया यत्पराशरः ।
सन्दर्शयन् तत्स्वभावान् तदुपायगतीस्तथा ॥७४॥

पुराणरत्नं सञ्चक्रे मुनिवर्यः कृपानिधिः ।
तस्य नाम्ना महाप्राज्ञवैष्णवस्य च कस्यचित् ॥७५॥

त्यसपछि बुद्धिमान् रामानुजाचार्यले अर्थपूर्ण वाक्यको तात्पर्यलाई उद्‌घाटित गर्दै भन्नुभयो- जीव, ईश्वर र प्रकृतिको वस्तुगत भेद र त्यसका स्वभाव, उपाय तथा गतिलाई राम्ररी देखाउँदै कृपाका सागर मुनिश्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पराशरले पुराणरत्न विष्णुपुराणको रचना गर्नुभयो । उहाँको नामले प्रसिद्ध कुनै परमज्ञानी वैष्णवाचार्यको व्यापक प्रचार-प्रसार गर्ने छु भनी के व्यक्त गर्नुभएको थियो, यामुनाचार्यको तेस्रो औँलो पनि सोझो भयो ।

यस्तो घटना देखेर त्यहाँको जनसमुदायद्वारा आश्चर्यचकित हुँदै रामानुजाचार्य साक्षात् पुरुषोत्तम हुनुहुँदो रहेछ भन्ने ठहर गरियो ।

त्यसपछि दुखित रामानुजाचार्य श्रीरङ्गनाथ भगवान्को दर्शन नै नगरी आफूलाई धिक्कार्दै रङ्गनाथ भगवान्प्रति एक प्रकारको आक्रोश व्यक्त गरी काञ्चीपुरी फर्कनुभयो । त्यस क्रममा कावेरी नदी पार गरी सत्यव्रतक्षेत्रमा विद्यमान क्षीरवती नदीमा स्नान गरी पितृतर्पण आदि कृत्य सम्पन्न गर्दै तिलकधारण सन्ध्यावन्दन गर्नुभयो । त्यसपछि वरदराज भगवान्को दर्शन गरेर आफ्नो घर गई सुखपूर्वक शयन गर्नुभयो ।

१.१२ तत्त्वोपदेश

श्रीरङ्गम्बाट फर्केर आएपछि रामानुजाचार्यले श्रीकाञ्चीपूर्णसँग भेट गर्नुहुन्छ र यात्रासम्बन्धी सम्पूर्ण वृत्तान्त सुनाउनुहुन्छ । दुःखद समाचार सुनेर आफ्ना आचार्य यामुनाचार्यका लागि गर्नुपर्ने कर्म पूरा गर्दै काञ्चीपूर्ण वरदराज भगवान्को सेवामा संलग्न हुनुभयो ।

एक दिन पारिवारिक असन्तुष्टिको करण रामानुजाचार्यलाई काञ्चीपूर्णसँग दीक्षित हुने इच्छा हुन्छ । त्यसैले उहाँको सन्निधिमा गएर रामानुजाचार्य भन्नुहुन्छ- **काञ्चीपूर्णमुवाचेदं प्राञ्जलिर्वरदप्रियम् । त्वमद्य पञ्चसंस्कारान् कृत्वा मम दयानिधे ॥४६॥ (प्रपन्नामृतम्)** हात जोड्दै- हे दयाका सागर, हजुर वरदराज भगवान्का प्रिय हुनुहुन्छ, अतः हजुरले मलाई पञ्चसंस्कारसम्पन्न गरेर कृपा गर्नुहोस् । रामानुजाचार्यको यस कथनलाई मर्यादाविपरीत ठानी स्वीकार गर्नुहुन्न । किनकि काञ्चीपूर्ण भगवान्को परमभक्त हुँदाहुँदै पनि जातिले उहाँ चतुर्थ वर्णको हुनुहुन्थ्यो । यो मर्यादाको उल्लङ्घन रामानुजाचार्यले पनि गर्न नमिल्ने हुँदा पुनः अर्को पारमार्थिक जिज्ञासा काञ्चीपूर्णका सन्निधिमा राख्नुभयो । जो यस प्रकार छ- परतत्त्व के हो ? जीव र ईश्वरको भेद सत्य हो वा असत्य ? उज्जीवनका लागि अन्तिम उपाय के हो ? शरीर त्याग गर्ने अवसरमा भगवत्स्मरण आवश्यक छ वा छैन ? मोक्षको दर्शन कहिले मिल्दछ ? मैले कुन आचार्यको समाश्रयण गर्नु उचित हुन्छ ? यस प्रकृतिका छ प्रश्नहरू रामानुजाचार्यले काञ्चीपूर्णस्वामीसँग गर्नुभयो । ती प्रश्नहरूको उत्तर वरदराज भगवान्सँग काञ्चीपूर्णस्वामीले त्यही दिनको रातमा सोध्नुभएको थियो । जसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शास्त्रसम्मत उत्तर दिँदै वरदराज भगवान्ले परमभक्त काञ्चीपूर्णस्वामीसँग भन्नुभयो-

अहमेव परं तत्त्वं जगत्कारणकारणम् ।
क्षेत्रज्ञेश्वरयोर्भेदः सिद्ध एव महामते ॥६६॥

मोक्षोपायो न्यास एवं जनानां मुक्तिमिच्छताम् ।
मद्भक्तानां जनानाञ्च नान्तिमस्मृतिरिष्यते ॥६७॥

देहावसाने भक्तानां ददामि परमं पदम् ।
पूर्णाचार्यं महात्मानं समाश्रय गुणाश्रयम् ॥६८॥

अर्थात् - जगत्को कारणको पनि कारण म नै हुँ (वरदराज)। हे महान् बुद्धिशाली रामानुज जीवात्मा र परमात्मको भेद प्रमाणसिद्ध छ। मुक्तिलाई चाहने जनहरूका लागि मोक्षको उपाय प्रपत्ति नै हो, जसलाई न्यास वा शरणगति भनिन्छ। शरणागत मेरा भक्तहरूलाई अन्तिममा मेरो स्मरणको आवश्यकता पर्दैन। देहको अवसान भएपछि म मेरा भक्तहरूलाई परमपद प्रदान गर्दछु। गुणका खानि महात्मा महापूर्णस्वामीलाई तपाईं आफ्नु आचार्य बनाउनुहोस्।

यसरी वरदराज भगवान्ले काञ्चीपूर्णका माध्यमबाट रामानुजाचार्यका जिज्ञासाहरूको समाधान गरिदिनुभयो। जसको चर्चा प्रपन्नामृतम्को एघारौँ अध्यायमा गरिएको छ।

१.१३ दीक्षा

यामुनाचार्यस्वामीको परमपदपश्चात् वैष्णवसमुदायमा योग्यतम आचार्यको अन्वेषण हुन थाल्यो। रामानुजाचार्यको विशेषवैभव सर्वत्र फैलिँदै गएको स्थिति थियो। त्यही क्रममा सबैले वयोवृद्ध महापूर्णस्वामीसँग निवेदन गरे- हजुर काञ्ची गएर रामानुजाचार्यलाई श्रीरङ्गम्मा ल्याउने कार्य सम्पन्न गर्नुहोस्। किनकि अहिले यस क्षेत्रमा आचार्यपीठमा आसीन हुनका लागि योग्यतम महापुरुष सर्वगुणसम्पन्न रामानुजाचार्यबाहेक अरू कोही छैन। यामुनाचार्यस्वामीको प्रथम शिष्य र वयोवृद्ध महापूर्णस्वामी हुनुहुन्थ्यो। रामानुजाचार्यका सम्बन्धमा धेरै जानकारी पनि उहाँलाई नै थियो, त्यसैले श्रीरङ्गनाथवासी सबैले एक स्वरमा रामानुजाचार्यलाई श्रीरङ्गम्मा ल्याउने दायित्व महापूर्णस्वामीमाथि विश्वासका साथ निर्वहण गर्न निवेदन गरे। यसरी सबैको आग्रहलाई स्वीकार गर्दै श्रीरङ्गम्बाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महापूर्णस्वामी वरदराज भगवान्‌को सन्निधि काञ्चीपुरी प्रस्थान गर्नुहुन्छ। यता त्यही अवसरमा काञ्चीपुरीबाट रामानुजाचार्य पनि महापूर्णस्वामीसँग दीक्षा लिन अत्यन्त आतुरताका साथ श्रीरङ्गम्‌तर्फ प्रस्थान गरिसक्नुभएको हुन्छ। त्यही क्रममा दुवै जनाको भेट मधुरान्तकनामक ठाउँमा हुन्छ। भेट भएपश्चात् एकआपसमा दुवैका बिचमा सहर्ष वार्तालाप हुन्छ। त्यसपछि रामानुजाचार्यले महापूर्णस्वामीसँग तत्काल पञ्चसंस्कारसम्पन्न गराई आफूलाई अनुगृहीत गर्न अत्यन्त नम्रताका साथ निवेदन गर्नुहुन्छ। महापूर्णस्वामीले अहिले सन्ध्याको बेला भएकाले एक दिन प्रतीक्षा गरी अर्को दिन काञ्चीमा पुगेर भगवान् वरदराजको सन्निधिमा दीक्षा ग्रहण गर्नु उपयुक्त हुन्छ भनी सम्झाउने प्रयत्न गर्नुभयो। तर दीक्षा लिन अत्यन्त आतुर रामानुजाचार्यले उक्त आग्रहलाई स्वीकार गर्न चाहनुभएन। किनकि यामुनाचार्यसँग भेट हुन नसकेको घटनाले उहाँलाई नराम्ररी मर्माहत बनाएको थियो। त्यसैले एक क्षण पनि उहाँका लागि प्रतीक्षा गर्न असह्य भयो। फलतः मलाई दीक्षा प्रदान गर्नुहोस्, भोलि के हो, के हो भन्दै रामानुजाचार्यले महापूर्णस्वामीसँग दीक्षाका लागि आतुरताका साथ आग्रह गर्नुहुन्छ। उहाँको त्यस्तो आतुरतालाई देखेर तत्काल दीक्षाको तयारी गरी महापूर्णस्वामीले रामानुजाचार्यलाई विधिपूर्वक पञ्चसंस्कारसम्पन्न गराउनुहुन्छ।

यसरी महापूर्णस्वामीसँग रामानुजाचार्यले मधुरान्तकनामक ठाउँमा पञ्चसंस्कारले युक्त भएको तथ्य प्रमाणित हुन्छ। त्यसैले रामानुजाचार्यका पाँच जना आचार्यहरूमध्ये दीक्षाप्रदाता प्रथम आचार्य महापूर्णस्वामी हुनुहुन्छ। त्यसपछि भोलिपल्ट महापूर्णस्वामीका साथ सत्यव्रतक्षेत्रमा गएर वरदराज भगवान्‌को दर्शन तीर्थ[११] शठारि लिएर आफ्ना कुटीमा महापूर्णस्वामीसँग वेद-वेदान्त आदि शास्त्रका रहस्योद्घाटक दिव्यप्रबन्धहरूको अध्ययन छ महिनासम्म गर्नुभएको चर्चा प्रपन्नामृतका नेपाली अनुवादक गोविन्दाचार्यले गर्नुभएको छ। (स्वामी गोविन्दाचार्य, द्वितीय प्रकाशन, २०६२)

१.१४ पत्नीको परित्याग

भगवान्‌को सम्बन्धी वा शरणागत भक्तजनहरूलाई भागवत भनिन्छ। त्यस्ताको सेवा गर्नु श्रीवैष्णव सद्गृहस्थहरू परमकर्तव्य र

---

११. श्रीवैष्णवसम्प्रदायमा शालग्राम भगवान् वा अर्चाविग्रहको पञ्चामृत आदिले स्नान गराएको पवित्र वस्तुविशेषलाई **तीर्थ** भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परमसौभाग्य ठान्दछन् । बाल्यावस्थादेखि नै रामानुजाचार्यमा यस्ता विशेष गुणहरू स्वतःस्फूर्त रूपमा देखिन्थे । एक दिनको घटना हो कुनै भोको ब्राह्मण भोजनको याचना गर्दै रामानुजाचार्यको घरमा आए । त्यस अवसरमा रामानुजाचार्य भगवत्सेवामा संलग्न हुनुहुन्थ्यो । अतः उहाँले घरमा आएको भोक र प्यासले आकुल देवस्वरूप अतिथि हुन्छ भन्ने वचनलाई हृदयङ्गम गर्दै ती अतिथि ब्राह्मणलाई म अहिले कार्यान्तरमा संलग्न छु त्यसकारण घरमा मेरी पत्नी छन्, उनीसँग मैले पठाएको भनेर भोजन मागेर ग्रहण गर्नु भनी घर पठाउनुभयो र आफू भगवत्सेवामा लाग्नुभयो । उनले पनि भोजनका लागि रामानुजाचार्यकी धर्मपत्नी रक्षाकाम्बासँग पुगेर आफू भोकाएको विषय निवेदन गर्दै भोजनको याचना गरे । तर रक्षाकाम्बाले अहिले भोजनका लागि भोज्य वस्तु केही छैन भनी अपमानपूर्वक ती ब्राह्मणदेवलाई फर्काइन्, यो विषयको जानकारी रामानुजाचार्यलाई के भएको थियो, रामानुजाचार्यले तुरुन्त विचार गर्नुभयो, यी मेरी धर्मपत्नी मेरो गृहस्थ जीवनलाई उपयुक्त रूपले निर्वहण गर्नका लागि अनुकूल छैनन् । गृहस्थ जीवनलाई व्यवस्थित रूपले सञ्चालन गर्न, गृहस्थीहरूका पालनीय, शास्त्रसम्मत कर्तव्यहरूलाई राम्ररी परिपालन गर्न गृहिणीहरूको विशिष्ट भूमिका रहन्छ । तिनीहरूको अभावमा गृहस्थ जीवन दुःखमय हुन्छ । जसको कारण इहलोक परलोक दुवै दुःखद बन्दछ इत्यादि कुराहरूलाई आत्मसात् गर्दै एउटा कृत्रिम घटनाको कल्पना गर्नुभयो । त्यो के भने प्रायः स्त्रीहरूलाई माइती घरका खबरहरू वा व्यक्तिहरू प्रिय हुन्छन् । त्यसैले ससुरालीका तर्फबाट कृत्रिम पत्र लेखेर त्यसमा बेसार फल आदि दिँदै ती ब्राह्मणलाई भन्नुभयो, यो लगेर मेरी पत्नीलाई दिनु र उनलाई भन्नु- यो उपहार हजुरको माइतीबाट आएको हो । त्यसपछि अवश्यमेव तपाईंले भोजन पाउनुहुने छ । यस किसिमको रामानुजाचार्यको आज्ञाअनुसार उक्त कुरा ती ब्राह्मणले रक्षकाम्बासँग भने, त्यो सुन्नासाथ रक्षकाम्बा धेरै खुसी हुँदै आफ्ना आमा बुबाको कुशलताविषयक प्रश्न सोधिन् । त्यसको उत्तर दिँदै ब्राह्मणले भने हजुरको भाइको विवाह छ, त्यसकारण हजुरलाई माइतबाट बोलाइएको हो । यो सारा सुखद खबर सुनेपछि खुसी हुँदै उनले ब्राह्मणलाई सुन्दर व्यञ्जन तयार गरेर भोजन तुरुन्त गराइन् । रामानुजाचार्यले पनि पत्नीलाई आफ्ना मनोनुकूल वस्त्र गहनाका साथ माइतजान सहर्ष आज्ञा दिनुभयो र उनी सेवक-सेविकाका साथ मातृगृहका लागि प्रस्थान गरिन् । यसपछि रामानुजाचार्य यो सबै पारमार्थिक विषयका विरोधी तत्त्व हुन् यसको परित्यागमा नै आत्मकल्याण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ भन्ने निष्कर्षमा पुग्नुभयो र पत्नीको परित्याग गर्दै सन्न्यास आश्रममा प्रवेश गर्ने सङ्कल्प गर्नुभयो ।

१.१५ यतिराजको पदवी

पत्नीलाई माइत पठाएपछि निवृत्तराग रामानुजाचार्य वरदराज भगवान्को सन्निधिमा विद्यमान अनन्त सरोवरमा स्नान गरी भगवदाज्ञाले विधिपूर्वक आफ्ना गुरुदेव यामुनाचार्यको स्मरण गर्दै सन्न्यास दीक्षा ग्रहण गर्नुभयो । त्यस अवसरमा प्रसन्न भएर देवताहरूद्वारा पुष्पवृष्टि भएको थियो । सबैमा अद्‌भुत प्रसन्नताको अनुभव भएको थियो । यसरी सन्न्यास दीक्षा ग्रहण गरिसकेपछि वरदराज भगवान्को सन्निधिमा ससम्मान ल्याउनका लागि काञ्चीपूर्णस्वामीलाई स्वयं भगवान्को आज्ञा भयो । अतः सन्न्यासाश्रमसम्बन्धी सबै कृत्यहरू सम्पन्न गरी वेदवेदान्तविद् ब्राह्मणहरूद्वारा वेद, उपनिषद् आदिको पारायण गर्दै काञ्चीपूर्णस्वामीका साथ सन्न्यासी रामानुजाचार्य वरदराज भगवान्को सन्निधिमा आउनुभयो । त्यस बेलाको वातावरण अत्यन्त उल्लासमय थियो । ऊर्ध्वपुण्ड्रधारी शिखासूत्रद्वारा सुशोभित, काषाय वस्त्रले शोभायमान रामानुजाचार्यको दिव्य प्रभाले काञ्चीपूरी सर्वथा आलोकित भएको प्रतीत हुन्थ्यो । फलतः जब सन्न्यासी रामानुजाचार्य भगवान्को दिव्यसन्निधिमा पुग्नुभयो, त्यस बेला तीर्थ शठारि आदिद्वारा उहाँको दिव्यमङ्गलाशासन भएको थियो । त्यसपछि भगवदाज्ञाअनुसार काञ्चीपूर्णस्वामीद्वारा सन्न्यासी रामानुजाचार्यलाई **यतिराजपदवी** प्रदान गरियो । यो पदवी साक्षात् वरदराज भगवान्ले नै प्रदान गर्नुभएको हो भन्ने कुरो रामानुजाचार्य वैभवप्रकाशक ग्रन्थहरूमा सप्रमाण उल्लेख गरिएको छ । त्यसैले उहाँका विशेष १०८ नामहरूमध्ये **यतिराज** पनि एउटा विशेष नाम रहेको छ । यसमा यतिको अर्थ ब्रह्मज्ञानी हो, तिनीहरूमध्ये उहाँ श्रेष्ठ अर्थात् राजा हुनुभएकाले रामानुजाचार्यलाई यतिराजपदवीद्वारा विभूषित गरिएको तथ्य प्रमाणित हुन्छ । यसरी स्वयं वरदराज भगवान्ले नै रामानुजाचार्यलाई यतिराजपदवीद्वारा सम्मान गर्नुभएको थियो ।

१.१६ शिष्यवैभव

रामानुजाचार्य दैवी शक्तिसम्पन्न, विद्यावैभवशाली र विलक्षण प्रतिभा र गुणले युक्त हुनुभएको कारण क्रमशः उहाँका विरोधीहरूसमेत नतमस्तक र निस्तेज बन्दै शिष्य बनेका थिए । तीमध्ये केहीले शास्त्रीय विचारगोष्ठीमा पराजित भएर रामानुजाचार्यको शिष्यत्वलाई स्वीकार गरेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए भने केहीले विद्यावैभवको प्रभावबाट आकृष्ट भएर। स्वयं अद्वैत वेदान्ती यादवप्रकाश जो रामानुजाचार्यको गुरु थिए। उनी आमाको प्रेरणा र रामानुजाचार्यको विद्यावैभवबाट प्रभावित भएर उहाँको शिष्यत्वलाई स्वीकार गर्दै उहाँसँग श्रीविष्णुदीक्षा लिएर शिष्य बनेको प्रसङ्ग सर्वविदित छ। पञ्चसंस्कारसम्पन्न दीक्षित यादवप्रकाशको रामानुजाचार्यले गोविन्ददास नाम राखी सन्न्यासाश्रममा प्रवेश गराउनुभएको थियो। त्यसपछि आफ्ना पुरातन अपराधहरूबाट मोचन गर्नका लागि वेदान्तको मर्म र श्रीवैष्णव धर्मको रहस्योपदेश गर्न कुनै वैष्णवधर्मको रहस्योद्घाटक विशिष्ट ग्रन्थको रचनाका लागि गोविन्ददासलाई प्रवृत्त गराउनुभयो। यसरी गुरुको आज्ञा पाएर गोविन्ददासले **यतिधर्मसमुच्चयः** नामक महनीय ग्रन्थको रचना गरे। जसमा सन्न्यासधर्मको सप्रमाण विस्तृत व्याख्या र विश्लेषण गरिएको छ।

चतुर्वेदी द्वारकाप्रसाद शर्माले भाष्यकार श्रीरामानुजाचार्यनामक पुस्तकमा (चतुर्वेदी, चतुर्थ संस्करण सं.२०२२) रामानुजाचार्यका शिष्यहरूमध्ये प्रथम दीक्षा ग्रहण गर्ने शिष्य दाशरथि थिए, यिनी रामानुजाचार्यका भान्जा थिए भनी उल्लेख गरिएको छ। त्यसपछि अद्भुत स्मृतिशक्तिसम्पन्न कूरनाथ शिष्य बने, यिनको नाम कूरेश पनि हो। यिनी त्यस्ता शिष्य थिए जसले एकचोटि कुनै पनि विषयको श्रवण गरेपछि तत्काल त्यो विषयलाई धारण गर्दथे। जुन विषयलाई उनले कहिल्यै पनि बिर्सिंदैनथे। त्यसैले यिनलाई श्रुतिधर पनि भनिन्थ्यो। यस्ता विशिष्ट मेधासम्पन्न शिष्यहरूलाई सम्प्रदायका रहस्यपूर्ण विषयहरूको उपदेश गरेर श्रीवैष्णव धर्मको वैभवलाई समृद्ध गर्नुभएकाले रामानुजाचार्य **कूरेशदाशरथ्यादि-चरमार्थकप्रदायक**का नामले पनि प्रसिद्ध हुनुहुन्छ। कूरेशाचार्यले नै यादवप्रकाशका यावत् शङ्काहरूको शास्त्रीय समाधान गरेर शरणागत नभई जीवको मोक्ष हुन सक्तैन र श्रीमन्नरायण नै परतत्त्व हुनुहुन्छ भन्ने वेदान्तका मूलभूत रहस्यलाई सप्रमाण बताएर यादवप्रकाशलाई रामानुजाचार्यस्वामीको शिष्य बन्न आतुर बनाएको प्रसङ्ग रामानुजाचार्यका जीवनीप्रकाशक ग्रन्थहरूमा उल्लिखित छ। त्यस्तै यज्ञमूर्तिनाम गरेका अद्वैतवेदान्तका प्रभावशाली दाक्षिणात्य वेदान्ती विद्वान् थिए। यिनले सर्वत्र विजय गर्दै अद्वैतवेदान्तप्रतिपाद्य मायावादलाई प्रतिष्ठापित गर्न श्रीरङ्गम् क्षेत्रमा रामानुजाचार्यको सन्निधिमा पुगे। त्यहाँ मायावादका पक्षपोषक यज्ञमूर्ति र त्यसका विरोधी रामानुजाचार्यका बिच अविस्मरणीय वेदान्त विचारपरक शास्त्रार्थ भयो। यो शास्त्रार्थ अठार दिनसम्म अनवरत रूपमा चलेको थियो। अठारौँ दिनमा रामानुजाचार्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अद्भुत विलक्षणता र दैवी शक्तिलाई देखेर नतमस्तक हुँदै आफू पराजित भएको घोषणा गर्दै प्रभूत विद्यावैभवशाली यज्ञमूर्ति जस्ता विद्वान्ले पनि उहाँको शिष्यत्वलाई सहर्ष स्वीकार गरेको प्रसङ्ग सर्वथा स्मरणीय छ। यद्यपि यज्ञमूर्ति एकदण्डी सन्न्यासी भइसकेका थिए, तर रामानुजाचार्यले यज्ञोपवीत, त्रिदण्ड, कौपीन, कटिसूत्र सन्न्यासीका लागि अपरिहार्य अङ्ग हुन् भनी सप्रमाण उपदेश गर्नुभयो। त्यसको कुनै प्रतिवाद नगरी हार्दिकतापूर्वक आचार्यश्रीको आज्ञालाई स्वीकार गर्नुभयो। अतः रामानुजाचार्यले यज्ञोपवीत शिखा-सूत्रसहित पञ्चसंस्कारसम्पन्न यज्ञमूर्तिको नाम देवराजरामानुजजीयर् राखिदिनुभयो। यस्ता विद्वान्को मनोवृत्तिलाई अकस्मात् परिवर्तन गर्न देवराज भगवान्को विशेष कृपादृष्टि रामानुजाचार्यलाई प्राप्त भएको थियो। त्यसकारण रामानुजाचार्यले यज्ञमूर्तिको दीक्षित नाम देवराजरामानुजजीयर् राख्नुभएको हो। त्यस्तै हिन्दी प्रपन्नामृत (वि.सं.२०२३) नामक ग्रन्थमा देवराज, देवमन्नाथ र देवराजमुनि यी तीन वैष्णव नाम प्रदान गरेर वरदराज भगवान्को सन्निधिमा अर्चकद्वारा तीर्थ, शठकोप आदिद्वारा सम्मानित गराउनुभएको प्रसङ्ग उल्लेख गरिएको छ। त्यसपछि चार हजार दिव्य प्रबन्धहरू देवराजरामानुजजीयर्लाई पढाउनुभएको थियो। यो क्रमसम्पन्नपश्चात् रामानुजाचार्यको प्रेरणाबाट देवराजरामानुजजीयर्द्वारा (यज्ञमूर्ति) द्रविड भाषामा **ज्ञानसागर** र **प्रमेयसार** नामक विशिष्टाद्वैतपरक दुईओटा ग्रन्थ लेखिए। यसरी ख्यातनामा अद्वैती सन्यासी पनि नतमस्तक भई शिष्यत्वलाई स्वाभाविक रूपमा स्वीकार गरको प्रसङ्गले पनि रामानुजाचार्यको महनीय वैदुष्य र भगवद्भक्तिगत विलक्षणता प्रमाणित हुन्छ। त्यसैले रामानुजाचार्यका १०८ सुप्रसिद्ध नामहरूमध्ये **यज्ञमूर्तिप्रतिष्ठाता** पनि एउटा स्मरणीय नाम हो। यस प्रकार यस्ता विशिष्ट विद्वान्हरूलाई वैदुष्यवैभव र अलौकिक दैवी शक्तिबाट प्रभावित पारेर शिष्य मात्र बनाउनुभएन अपितु उहाँहरूलाई पञ्चसंस्कारसम्पन्न गराई, उहाँहरूबाट महनीय र अविस्मरणीय ग्रन्थ लेख्ने जस्ता कार्य पनि गराउनुभयो। जसले आजीवन मायावादको वैभवलाई सर्वोच्च शिखरमा पुऱ्याएका थिए तिनीहरू नै त्यसको विपरीत सविशेषाद्वैतवादको प्रमाणिकता र वास्तविकतालाई आत्मसात् गर्न स्वतःस्फूर्त रूपमा तयार भए। मायावाद वस्तुतः शास्त्रसम्मत रहने छ भन्ने विषयमा सर्वथा सहमत भए। यसरी सामान्य आस्था र निष्ठाका आधारमा नभएर शास्त्रीय विचारद्वारा आकृष्ट भई शिष्यत्वलाई स्वीकार गर्नु भन्ने विषय सामान्य होइन। किनकि धेरै अन्य लौकिक विषयहरूको त्याग गर्न सकिन्छ तर पाण्डित्याभिमानको त्याग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धेरै गाह्रो छ, जो रामानुजाचार्यले गरेर देखाउनुभयो । यस्ता अरू पनि धेरै शिष्यहरू भएका थिए । जसको चर्चा प्रसङ्गअनुसार गरिने छ ।

१.१७ 'श्रीरङ्गम्' गमन

यामुनाचार्यको सङ्कल्पअनुसार रामानुजाचार्यलाई श्रीरङ्गम्को मठाधीशका रूपमा अभिषिक्त गर्न विभिन्न कोणबाट प्रयत्नहरू सुरु भए । त्यही क्रममा रामानुजाचार्यका मामा शैलपूर्णस्वामीलगायत धेरैले श्रीरङ्गनाथ भगवान्सँग निवेदन गुर्नभयो- हे रङ्गनाथ हजुरले यतिश्रेष्ठ रामानुजाचार्यलाई यहाँ बोलाउनुहोस्, यस्तो प्रार्थना सुनेर भक्तपराधीन श्रीरङ्गनाथ भगवान्ले पनि एउटा पात्र लेखेर कुनै दूतद्वारा वरदराज भगवान्को सन्निधिमा पठाउनुभयो । प्रेषित पत्रमा लेखिएको सन्देश यस प्रकार थियो-

एतावन्तं चिरकालं देवराज यतीश्वरः ।
भगवन् त्वत्समीपे तु लक्ष्मणार्यस्थितोऽभवत् ॥
तमिदानीं दयसिन्धो मह्यं देहि यतीश्वरम् ॥
(श्रीप्रपन्नामृतम्, अध्याय १६, पृ. ५८)

अर्थात् हे देवराज यो अवधिसम्म अर्थात् धेरै कालसम्म यतिराज रामानुजाचार्य हजुरको सन्निधिमा रहनुभयो, त्यस्ता ज्ञानीहरूमा अग्रणी रामानुजाचार्यलाई हे दयासागर अब मलाई दिनुहोस् । यो पत्र लिएर कुनै ब्राह्मणलाई पठाइएको थियो । तर वरदराज भगवान्द्वारा यो प्रस्ताव स्वीकार गरिएन अर्थात् रामानुजाचार्यलाई वरदराज भगवान्ले छोड्न चाहनुभएन । फलतः ब्राह्मण निरास भएर फर्किनुपऱ्यो । त्यसपछि रामानुजाचार्यलाई श्रीरङ्गम् ल्याउन उपयान्तरको अवलम्बन गरियो । त्यो के भने यामुनाचार्यका पुत्र वररङ्गाचार्य नाट्यकलाका विशिष्ट विज्ञ थिए । रङ्गनाथ भगवान्ले उनलाई आफ्नु नाट्यकला प्रदर्शन गर्ने र वरदराज भगवान्लाई सन्तुष्ट गरेर त्यसको पुरस्कारका रूपमा रामानुजाचार्यलाई माग्ने भन्ने आज्ञा लिएर काञ्ची पठाउनुभयो । तदनुरूप वररङ्गाचार्य काञ्ची गए । त्यहाँ काञ्चीपूर्णस्वामीद्वारा उनको विशेष स्वागतसत्कार गरियो । किनकि काञ्चीपूर्णस्वामी यामुनाचार्यका अनन्यभक्त तथा शिष्य पनि हुनुहुन्थ्यो । त्यसपछि मनमोहक वेशभूषाका साथ नाट्यकलानिपुण वररङ्गाचार्यलाई वरदराज भगवान्को सन्निधिमा पुऱ्याउने कार्यको सम्पादन र त्यहाँका अर्चकद्वारा यथोचित सम्मान गर्ने कार्य पनि काञ्चीपूर्णस्वामीले गर्नुभयो । यसरी सबैतिरबाट सम्मानित वररङ्गाचार्यद्वारा अत्यन्त मनमोहक नाट्यशिल्प

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रदर्शन गरियो। त्यसबाट भूदेवी, नीलादेवी सहित वरदराज भगवान् अत्यन्त प्रभावित तथा हर्षित हुँदै अमूल्य आभूषण आदिद्वारा उनको सत्कार गर्नका लागि उद्यत हुनुभएको के थियो, त्यो देखेर वररङ्गाचार्यले भन्नुभयो- मलाई यी आभूषणहरूको के आवश्यकता छ र यदि हजुर मसँग प्रसन्न हुनुहुन्छ र मलाई केही दिन चाहनुहुन्छ भने मेरो अभिलाषित वस्तु दिनुहोस् भन्दै वरदराज भगवान्सँग निवेदन भुर्नभयो। त्यो सुनेर वरदराज भगवान्ले भन्नुभयो- मलाई र मेरी महिषी लक्ष्मीलाई छोडेर मसँग तपाईं जे माग्नुहुन्छ, म त्यो दिन सहर्ष तयार छु। यो वाक्य सुन्नासाथ अत्यन्त हर्षित हुँदै वररङ्गाचार्यले भन्नुभयो- हे प्रभो, श्रीरङ्गनाथ भगवान्को सेवाका लागि मलाई यतिश्रेष्ठ रामानुजाचार्यलाई दिनुहोस्। किनकि श्रीरङ्गनाथ उहाँलाई अतिशय प्रेम गर्नुहुन्छ। अतः उहाँलाई प्रदान गरेर म रङ्गनाथजीको सेवा गर्न चाहन्छु। त्यो सुनेर वरदराज भगवान्ले भन्नुभयो यिनी मेरा प्राण हुन्, त्यसकारण यतिराजलाई छोडेर अरू जे वस्तु माग्नुहुन्छ, त्यो सबै दिन सहर्ष तयार छु भनी जबाफ दिँदा वररङ्गाचार्यले भन्नुभयो, हजुर सत्यव्रत क्षेत्रका स्वामी हुनुहुन्छ, त्यस्ता हजुरले पहिले म र मेरी सहधर्मिणी लक्ष्मीलाई छोडेर तिमी जे माग्छौ, त्यो म दिन्छु भनी प्रतिज्ञा गर्नुभएको हो। अहिले त्यो प्रतिज्ञाबाट पछि हट्दै हुनुहुन्छ, यो हजुरका लागि शोभनीय विषय होइन। के हजुरले रामावतारमा **रामो द्विर्नाभिभाषते (वाल्मीकि रामायण)** भनी गरेको प्रतिज्ञावचन बिर्सनुभयो। त्यसपछि वररङ्गाचार्यले यतिराज रामानुजाचार्यको हात समातेर रङ्गनाथ भगवान्को सेवाका लागि वरदराज भगवान्को सन्निधिमा प्रार्थना गर्दै काञ्चीबाट अविलम्ब श्रीरङ्गम् प्रस्थान गर्न विशेष आग्रह गर्नुभयो। रामानुजाचार्य पनि वरदराज भगवान्को आशयलाई आत्मसात् गर्दै साष्टाङ्गाभिवादन गरी श्रीरङ्गम् जान तयार हुनुभयो। यसरी ठुलो प्रयासले मात्र काञ्चीबाट श्रीरङ्गम् लैजान वररङ्गाचार्य सफल भएको कुरो स्पष्ट छ। त्यसपछि दाशरथि र कूरेश नामका शिष्यहरू पनि रामानुजाचार्यका पछि लागेर श्रीरङ्गम् जानुभयो। यस किसिमले रामानुजाचार्यको आगमन श्रीरङ्गम्मा हुन्छ।

१.१८ विभूतिद्वयपदवीद्वारा विभूषित

श्रीरङ्गनाथ भगवान्द्वारा श्रीरङ्गम्मा रामानुजाचार्यको विशेष स्वागत सत्कार गरियो। सर्वप्रथम श्रीरङ्गम् पुगेर रामानुजाचार्यले काबेरीमा स्नानपश्चात् नित्यकर्म सम्पन्न गर्नुभयो। त्यसपछि महापूर्णस्वामीको निर्देशअनुसार भव्य स्वागतका साथ श्रीरङ्गनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भगवान्को सन्निधिमा ल्याइयो। जहाँ स्वयं रङ्गनाथ भगवान् आएर उहाँको स्वागत गर्नुभएको थियो।

तमिलनाडुअन्तर्गत पर्ने यो मन्दिर अत्यन्त विशाल छ। सातओटा स्वागतद्वारले सुशोभित यस मन्दिरका गोपुरहरू पनि त्यति नै रमणीय छन्। आठओटा भूवैकुण्ठहरूमध्ये यो एउटा भूवैकुण्ठ मानिन्छ। दिव्यविमानमा आसीन रामानुजाचार्यलाई देखेर सबै रङ्गवासीहरूमा अपार हर्षोल्लासको दिव्यानुभव भएको भान हुन्थ्यो। स्वयं रङ्गनाथ भगवान्ले यतिराज रामानुजाचार्यलाई विभूतिद्वयको पदवीद्वारा विभूषित गर्दै यसको सम्पूर्ण दायित्वको निर्वहणका साथ लोककल्याणकारी कार्य गर्नका लागि अभिप्रेरित गर्नुभएको प्रसङ्ग सर्वथा स्मरणीय छ।

यसमा प्रयुक्त विभूतिद्वयको अर्थ त्रिपादविभूति र लीलाविभूति हो। त्यसमा त्रिपादविभूति भन्नाले दिव्यवैकुण्ठलोक बुझिन्छ भने लीलाविभूतिपदले यो संसारलाई जनाउँदछ। दुवैका नायक सर्वेश्वर सर्वनियन्ता लक्ष्मीपति नारायण नै हुनुहुन्छ भनी वेदवेदान्त आदि शास्त्रमा बताइएको छ। त्यस्ता परमात्माले लोककल्याण र बद्धजीवहरूको उज्जीवनार्थ बेलाबेलामा त्यही रूपमा भगवत्सङ्कल्पानुसार विशेष महापुरुषहरूलाई आफ्नो विशेष वैभवका साथ यस लोकमा पठाउनुहुन्छ। जसलाई शास्त्रीय वा पुराणको भाषामा भगवदवतार भनिन्छ। त्यस्ता आचार्यमध्ये रामानुजाचार्य पनि एक हुनुभएकाले उहाँलाई स्वयं सर्वेश्वर परमात्माले विभूतिद्वयको नायक बनाउनुभएको चर्चा रामानुजाचार्यका चरित्रवैभवप्रकाशक ग्रन्थहरूमा गरिएको पाइन्छ। यसरी रामानुजाचार्य त्रिपादविभूति र लीलाविभूति दुवैका नायक हुनुहुन्छ। अतएव १०८ नाममध्ये रामानुजाचार्यको एउटा प्रसिद्ध नाम **विभूतिद्वयनायकः (रामानुजाष्टोत्तरशतनामावली)** पनि हो। त्यसमा स्वयं रङ्गनाथ भगवान्ले विभूतिद्वयपदवीद्वारा यतिराज रामानुजाचार्यलाई विभूषित गर्नुभएकाले पनि रामानुजाचार्य विभूतिद्वयनायक हुनुहुन्छ भन्ने कथनको पुष्टि हुन्छ।

१.१९ आचार्य

यद्यपि रामानुजाचार्यका विशिष्ट आचार्य ता यामुनाचार्य नै हुनुहुन्छ। त्यसैले रामानुजाचार्य अत्यन्त आदरका साथ यामुनाचार्यस्वामीको स्मरण गर्दै भन्नुहुन्छ **यत्पदाम्भोरुहध्यानविध्वस्ताशेषकल्मषः। वस्तुतामुपयातोऽहं यामुनेयं नमामि तम्॥ (आलवन्दारस्तोत्रम्)** अर्थात् जसको चरणारविन्दको ध्यान गर्नाले सम्पूर्ण भगवत्प्राप्तिका विरोधी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पापहरू नाश भएको कारण परिशुद्ध भएको म (रामानुजाचार्य) पात्रतालाई प्राप्त गरेको छु, त्यस्ता आचार्य यामुनमुनिलाई म नमन गर्दछु। यस्तो उच्चतम सम्मानका साथ रामानुजाचार्यले यामुनाचार्य-स्वामीलाई महनीयतम आचार्यका रूपमा वन्दना गर्नुभएको छ। यो स्थिति हुँदाहुँदै पनि आफ्नु जीवनकालमा यामुनाचार्यसँग प्रत्यक्ष दर्शन हुन नसकेको कारण रामानुजाचार्यलाई **पञ्चाचार्यपदाश्रयः** भनी उल्लेख गरिएको हो अर्थात् पाँच जना आचार्यहरूको चरणाश्रित रामानुजाचार्य हुनुहुन्छ। ती आचार्यहरूको नाम यस प्रकार छ।

१. **श्रीमहापूर्णाचार्य**
२. **श्रीगोष्ठीपूर्णाचार्य**
३. **श्रीमालाधराचार्य**
४. **श्रीवररङ्गाचार्य**
५. **श्रीशैलपूर्णाचार्य**

त्यसमा काञ्चीपूर्णस्वामीको पुरुषकारद्वारा वरदराज भगवान्को आज्ञाले महापूर्णाचार्यस्वामीज्यूबाट पञ्चसंस्कार दीक्षा ग्रहण गर्नुभएको कुरो योभन्दा पहिले पनि चर्चा भइसकेको छ। त्यसैले महापूर्णाचार्य दीक्षागुरु र गीतार्थसङ्ग्रह, सिद्धित्रय पाञ्चरात्रागम आदि सत्सम्प्रदायका रहस्योद्घाटक ग्रन्थहरूका उपदेशक पनि हुनुहुन्छ। यसरी उहाँबाट नै सम्प्रदायगत धेरै रहस्यका विषयहरूको अध्ययन रामानुजाचार्यले गर्नुभएको थियो। त्यसैले उहाँलाई प्रथम आचार्यका रूपमा लिइएको छ। अतएव रामानुजाचार्यले उहाँको नै निर्देशानुसार अरू आचार्यहरूसँग ती संस्कृत तथा द्राविड वेदान्तका मौलिक ग्रन्थहरूको अध्ययन गर्नुभयो।

त्यस्तै मन्त्रार्थको उपदेशक रामानुजाचार्यका आचार्य श्रीगोष्ठीपूर्णस्वामी हुनुहुन्छ। त्यसताका तमिलनाडुमा मन्त्रार्थका विशिष्ट ज्ञाता आचार्यका रूपमा श्रीगोष्ठीपूर्णस्वामीको प्रसिद्धि थियो। त्यसैले महापूर्णाचार्यको आज्ञाअनुसार मन्त्रार्थको अध्ययन गर्न रामानुजाचार्य श्रीरङ्गम्बाट अठारपल्ट धाउनुभएको रामानुजाचार्यको मन्त्रार्थग्रहण गर्ने क्रममा घटेको घटना घाम जस्तै छर्लङ्ग छ। किनकि मन्त्रार्थ श्रवण गर्ने अधिकार सबैमा हुँदैन र सबैलाई सहजै मन्त्रार्थको उपदेश गर्नु पनि हुन्न भन्ने वैदिक सनातनपद्धति हो। श्रोताको पात्रताको राम्ररी परीक्षण गरेर मात्र मन्त्रार्थको उपदेश गर्नु नै उपदेशक आचार्यको कर्तव्य हुन्छ। फलतः सहजै रामानुजाचार्यलाई मन्त्रार्थको उपदेश गर्न गोष्ठीपूर्णस्वामीले चाहनुभएन। गोष्ठीपूर्णस्वामी यामुनाचार्यका शिष्यहरूमध्ये एक मन्त्रार्थविशेषज्ञ प्रधान शिष्य हुनुहुन्थ्यो। उहाँको घर 'गोष्ठीपुरम्' भन्ने ठाउँमा थियो। यो क्षेत्र श्रीरङ्गम्बाट दक्षिण दिशामा पर्दछ। यो गाउँलाई त्यहाँको भाषामा तिरुक्कोटियर भनिन्छ। यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उल्लेख रामानुजाचार्यनामक पुस्तकमा गरिएको छ। (चतुर्वेदी, चतुर्थ संस्करण २०२२)

रामानुजाचार्यको मन्त्रार्थ श्रवणप्रति देखिएको उत्कट इच्छालाई आत्मसात् गर्दै ससर्त उपदेश दिन गोष्ठीपूर्णस्वामी तयार हुनुभयो। उहाँको सर्त के थियो भने यो मन्त्र अतिविशिष्ट मोक्षप्रद र सबै जीवहरूको उद्धार गर्ने भएकाले यसका अधिकारी जोकोही हुन सक्तैनन्। त्यसकारण यसको गोपनीयता र मन्त्रगत महनीयतालाई समेत आत्मसात् गर्दै जोकोहीलाई उपदेश नगर्ने वचनबद्धतामा मात्र म तपाईंलाई यसको उपदेश गर्न सक्छु। यस प्रकारको सर्तमा अठारचोटि धाएपछि गोष्ठीपूर्णस्वामीले रामानुजाचार्यलाई मन्त्रार्थको उपदेश गर्नुभएको थियो। यस किसिमले रामानुजाचार्यले मन्त्रार्थ ग्रहण गर्नुभयो, त्यसपछि गोष्ठीपुरमा स्थित मन्दिरको गोपुरमा आरूढ भएर त्यहाँ भएका जनसमुदायका बिचमा सबैको उद्धार होस् भन्ने उदात्त भावनाले उच्चस्वरले रामानुजाचार्यले आचार्यद्वारा प्राप्त मन्त्रहरूमा श्रेष्ठ अष्टाक्षरी मन्त्रको उद्घोष गर्नुभयो। भनिन्छ त्यस अवसरमा ७४ जना वैष्णव ब्राह्मणहरूको उपस्थिति थियो। किनकि रामानुजाचार्यले परमपदप्राप्त यामुनाचार्यस्वामीसँग प्रतिज्ञा गर्नुभएको थियो- म विष्णुमतमा रहेर संसारी जीवहरूलाई पञ्चसंस्कार प्रदान गरेर उद्धार गर्ने छु। त्यो सङ्कल्प पूरा गर्न गुरुको आज्ञालाई समेत उल्लङ्घन गर्दै सबैमा यो मन्त्रको वैभवलाई आलोकित गर्नु आफ्नु अतिविशिष्ट कर्तव्य ठान्नुभयो। फलतः गुरुको आज्ञा उल्लङ्घनजन्य पाप भोग्न आफू सहर्ष तयार हुनुभयो सबैका कल्याणका लागि। यस्ता रामानुजाचार्यको महनीयता, अलौकिकता लोकोत्तरतालाई देखेर गोष्ठीपूर्णस्वामीले उहाँलाई **मन्नाथ** भनी अभिनन्दन गर्नुभएको प्रसङ्ग पनि त्यति नै स्मरणीय छ। यसको तात्पर्य- आजका दिनदेखि हजुर मेरा स्वामी हुनुभयो भन्ने हो। अतएव आफ्ना पुत्र सौम्यनारायणलाई उहाँको शिष्य बनाई उहाँकै सेवामा रहन अभिप्रेरित गर्नुभयो। यसरी मन्त्रोपदेशक आचार्य गोष्ठीपूर्णस्वामीद्वारा रामानुजाचार्यलाई **मन्नाथ** नाम प्रदान गरिएको हो। त्यस्तै गोष्ठीपूर्णस्वामीबाट पछि चरममन्त्रको पनि उपदेश श्रवण गर्नुभएको थियो भन्ने उल्लेख कहीँकहीँ पाइन्छ। त्यस्तै गोविन्दाचार्यद्वारा लिखित नेपाली प्रपन्नामृतम्मा रङ्गनाथ भगवान्ले- रामानुजाचार्यलाई तिम्रो नाम **मन्नाथ** भयो भनी उल्लेख गरिएको छ (प्रपन्नामृतम् संवत् २०५७, पृ.९८) त्यस्तै गोष्ठीपूर्णाचार्य आफ्ना शिष्य रामानुजाचार्यबाट प्रभावित भएर आजदेखि वैष्णवसिद्धान्त **रामानुजसिद्धान्त**का नामले समेत विश्वविख्यात हुने छ भनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आशीर्वाद दिइएको प्रसङ्ग पनि यसमा स्मरणीय छ। त्यसपछि उहाँका आचार्य महापूर्णस्वामीले दिव्यप्रबन्ध द्राविड वेदान्त आदि विशेष ग्रन्थहरूको अध्ययन गर्न त्यसका विशेष मर्मज्ञ वररङ्गाचार्यस्वामी र मालाधर स्वामीका सन्निधिमा पठाउनुभयो र उहाँहरूसँग तत्तत्सम्प्रदायका रहस्योद्घाटक दिव्य प्रबन्ध आदि ग्रन्थहरूको अध्ययन रामानुजाचार्यले गर्नुभएको विषय **गुरुपरम्पराप्रभावम्** अदि ग्रन्थहरूमा उल्लेख गरिएको छ। त्यसैले रामानुजाचार्यलाई **मालाधरार्यसुज्ञातद्राविडा-म्नायतत्त्वधीः** भन्ने नामले पनि पुकारिन्छ अर्थात् मालाधराचार्यबाट द्राविडाम्नाय प्रतिपाद्य रहस्यलाई राम्ररी जसले ज्ञान गरेको छ, त्यस्ता यी रामानुजाचार्य। फलतः रामानुजाचार्य संस्कृत वेदान्त र द्राविडवेदान्त दुवैमा पारङ्गत हुनुभएकोले **श्रीमदुभयवेदान्तप्रवर्तकाचार्य** भन्ने पदवीद्वारा सम्मान गर्ने प्रचलन श्रीसम्प्रदायमा रहेको छ। विशिष्ट आचार्यहरूका लागि मात्र यस्ता विरुदावलीहरूको प्रयोग विशेष सम्मानका लागि गर्ने शिष्टाचार श्रीवैष्णवपरम्परामा अविच्छिन्न रूपले चल्दै आएको छ।

त्यस्तै 'श्रीवेङ्कटाचलम्'को विशेष महिमा श्रवणपश्चात् रामानुजाचार्यले श्रीवैष्णव धर्मको प्रचार गर्दै श्रीवेङ्कटेश्वर भगवान्को दर्शनार्थ शिष्यसहित प्रस्थान गर्नुहुन्छ। त्यस क्रममा विभिन्न ठाउँमा उहाँको विशेष सम्मान हुन्छ। श्रीशैलपूर्णस्वामी त्यस क्षेत्रका विशिष्ट ख्यातनामा विद्वान् हुनुहुन्थ्यो। वेङ्कटाचलम्मा रामानुजाचार्यको अभिवादन गर्न भगवत्प्रसाद लिएर श्रीशैलपूर्णस्वामी आफैँ पुग्नुभएको थियो। त्यसपछि क्रमैले दिव्य भूवैकुण्ठ लोकको सहर्ष दर्शन गरेर तीर्थशठारि स्वीकार गर्नुहुन्छ र बाह्र गाथाद्वारा वेङ्कटेश भगवान्को विशेष मङ्गलाशासन गर्नुहुन्छ। यी बाह्र गाथाहरूलाई मणिप्रवालभाषामा **तिरुप्पल्लाण्डु** पनि भनिन्छ। त्यसैले वेङ्कटाचलम्लाई **तिरुमलै** भनिन्छ, जहाँ श्रीवेङ्कटेश्वर भगवान् विराजमान हुनुहुन्छ। यो माथि पहाडमा पर्दछ। तल्लो सहरलाई तिरुपति भनिन्छ। जहाँ श्रीशैलपूर्णस्वामीको घर थियो त्यहाँ रामानुजस्वामी आउनुभयो र एक वर्षसम्म उहाँका सन्निधिमा श्रीमद्वाल्मीकीय रामायणको अध्ययन गर्नुभयो। यसरी पाँचौँ आचार्यका रूपमा श्रीशैलपूर्णको नाम आउँछ, जो रामानुजाचार्यका वाल्मीकिरामायणप्रतिपाद्य विशेष रहस्यार्थका प्रकाशक र उपदेशक आचार्य हुनुहुन्छ।

वाल्मीकिरामायण अत्यन्त गहन, विश्वको सर्वोत्कृष्ट आदिकाव्य हो। यसमा धेरै रहस्यपूर्ण विषयहरू छन् एक कोणले मात्र यसका गहनतम रहस्यहरूलाई आत्मसात् गर्न सकिँदैन। त्यसैले वाल्मीकीय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामायणका सम्बन्धमा भनिएको छ- **भक्त्या भागवतं लभ्यं भक्त्या युक्त्या च भारतम् । भक्त्या युक्त्या च व्युत्पत्त्या ज्ञेयं रामायणं मतम् ॥** अर्थात् - भक्तिपूर्वक अनुसन्धान गर्नाले भागवतको अर्थलाई ग्रहण गर्न सकिन्छ भने भक्ति र युक्तिद्वारा महाभारतको रहस्य बुझ्न सकिछ तर रामायणको रहस्य बुझ्न भक्ति, युक्ति र व्युत्पत्ति यी तीनै विषयमा समान गति, मति र व्युत्पत्ति आवश्यक छ। त्यसकारण श्रीमद्वाल्मीकि रामायणलाई इतिहासशिरोमणि भनिएको हो । जसको मूलमर्म बुझ्न गुरुमुख हुन सर्वथा आवश्यक छ। त्यति मात्र नभएर ‘श्रीमद्वाल्मीकिरामायणम्’ वेदस्वरूप देवकाव्य भएकाले वेदलाई जस्तै यसलाई स्वतः प्रमाण मानिन्छ। श्रीरामभद्राचार्यको विवेचनअनुसार सम्पूर्ण वाल्मीकिरामायणमा वेदवेद्य भगवत् तत्त्वको वर्णन गर्दा महर्षि वाल्मीकिले एक ठाउँमा पनि निर्विकार शब्दको प्रयोग गरेको पाइँदैन । यो यसको मौलिक वैशिष्ट्य हो ।

१.२० तीर्थयात्रा र श्रीभाष्यम्को रचना

श्रीरङ्गनाथ भगवान्का सबै प्रकारका सेवाहरू राम्ररी सम्पादन गर्दै, त्यसको समुचित व्यवस्थापनका साथ परमवैदिक श्रीवैष्णव धर्मको उत्कर्ष र वैभवलाई सबै क्षेत्रमा प्रामाणिकतापूर्वक प्रतिष्ठापन गर्न शिष्यहरूसहित दक्षिण उत्तरका तीर्थक्षेत्रहरूको सफल र सार्थक भ्रमण रामानुजाचार्यले गर्नुभएको थियो । जसको सङ्क्षिप्त चर्चा गर्नु प्रासङ्गिक हुन्छ ।

एक दिन रामानुजाचार्यले विचार गर्नुभयो, मैले यामुनाचार्यको निधनकालमा काबेरीको तटमा दाहसंस्कारका अवसारमा परमादरणीय आचार्यका खुम्चिएका औलाहरू देखेर प्रतिज्ञा गरेको थिए, म वेदान्तसूत्रमाथि श्रीवैष्णव वेदान्तको स्थापना गर्न प्रामाणिक भाष्यको रचना गर्नेछु। त्यसपछि उहाँको एउटा औँला जस्ताको त्यस्तै भएको घटनाको चर्चा पहिले नै भइसकेको छ। अब त्यो प्रतिज्ञा मैले पूरा गर्नुपर्ने छ। त्यसका लागि बोधायनवृत्ति आवश्यक छ। त्यो ग्रन्थ काश्मिरमा मात्र पाइन्छ। त्यसकारण अब म कूरेशलाई लिएर काश्मिरको यात्रा गर्दछु भन्ने विचार गर्नुभयो। योभन्दा पहिले पनि महर्षि बोधायनद्वारा रचित बोधयनवृत्तिका बारेमा चासो दिँदै आउनुभएको थियो। तर त्यो ग्रन्थ उपलब्ध हुन सकेको थिएन। केही व्यक्तिहरूद्वारा काश्मिरमा मात्र उक्त ग्रन्थ विशेष सुरक्षाका साथ राखिएको जानकारी रामानुजाचार्यलाई प्राप्त भएको थियो। अतः उक्त कार्यका लागि रामानुजाचार्य काश्मिरतर्फ लाग्नुभयो। त्यस बेला हिँडेर नै यात्रा गर्नुपर्ने हुँदा रामानुजाचार्यलाई काश्मिर पुग्न तीन महिना लाग्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काशी जस्तै काश्मिर सुप्रसिद्ध विद्यानगरीका रूपमा परिचित छ। जहाँ विद्याकेन्द्रका रूपमा ऐतिहासिक शारदापीठ रहेको छ। तन्त्रविद्या, ज्योतिषशास्त्र र अन्य विविध दर्शनका आधिकारिक धेरै विद्यानुरागी साधक विद्वान्हरू त्यस क्षेत्रमा विद्यावैभवद्वारा प्रख्यात छन्। यहाँ धेरै प्राचीन दुर्लभ ग्रन्थहरू सुरक्षित रूपमा राखिएका थिए। त्यसैले पहिलेदेखि नै यो ठाउँ विद्याकेन्द्रका रूपमा सुपरिचित छ। त्यस्तो काश्मिर देशमा पुगेर त्यहाँका विद्वान्हरूसँग शास्त्र विचार गरेर उनीहरूलाई परास्त गर्न रामानुजाचार्य सफल हुनुभयो। यसरी रामानुजाचार्यको विद्वत्ता, वाग्मिता र शास्त्रज्ञातालाई देखेर त्यहाँको विद्वत् समुदाय अत्यन्त प्रभावित भएको थियो। त्यस क्रममा रामानुजाचार्यले सोध्नुभयो- यो क्षेत्र त्यस्तो हो, जसमा धेरै दुर्लभ प्राचीन ग्रन्थहरू सुरक्षित छन् भन्ने मैले सुनेको छु। मलाई बोधयनवृत्ति चाहिएको थियो, त्यो ग्रन्थ मलाई उपलब्ध गराइदिनुहोस् भनी त्यहाँका पण्डितहरूसँग अनुरोध गर्नुभयो। तर अद्वैतवेदान्तका पण्डितहरूले यो ग्रन्थ यिनले प्राप्त गर्न सके भने त्यसका माध्यमले अद्वैत मतको राम्ररी खण्डन गर्ने छन् किनकि यसमा धेरै अद्वैतविरुद्ध प्रामाणिक वचनहरू पाइन्छन्। यो वृत्तिलाई अत्यन्त प्रामाणिक र प्राचीनतम पनि मानिन्छ। त्यसैले टालमोटलको भाषा प्रयोग गर्दै त्यो ग्रन्थ हामीहरूसँग थियो तर दुर्भाग्यवश किराले नष्ट गरिदियो, जसको कारण अहिले सुलभ छैन भनी पण्डितहरूले निराशाजनक जबाफ दिए। यसबाट रामानुजाचार्य अत्यन्त मर्माहत हुनुभयो। अब के गर्ने ? वृत्तिबिना भाष्यको प्रमाणिकता स्थापित हुन सक्तैन भनी चिन्ताग्रस्त हुँदै केही दिनसम्म त्यहाँ बस्नुभयो। रामानुजाचार्यले त्यहाँका मूर्धन्य पण्डितहरूसँग भएको शास्त्रचर्चाबाट शारदा माता प्रसन्न हुनुभयो। साथै पण्डितहरूको दुर्नियतलाई विचार गरी **'बोधयनवृत्ति'** रामानुजाचार्यलाई प्रदान गर्नु आवश्यक छ भन्ने वस्तुस्थितिलाई आत्मसात् गर्दै शारदा माताले भन्नुभयो- तपाईं यो पुस्तक लिएर तुरुन्त यहाँबाट प्रस्थान गर्नुहोस् र आफ्नो कार्य पूरा गर्नुहोस्। यसरी स्वयं शारदा माताको कृपाले बोधायनवृत्ति प्राप्त गरेर प्रसन्न हुँदै रामानुजाचार्य र कूरेशाचार्य त्यहाँबाट प्रस्थान गर्नुहुन्छ। केही दिनपश्चात् पुस्तकालयलाई व्यवस्थित गर्नका लागि त्यहाँ भएका सबै पुस्तकहरू बाहिर निकालिए र एकएक गरेर अवलोकन गर्ने कार्य भयो। त्यस क्रममा बोधयनवृत्ति पाइएन। त्यसबाट त्यहाँका पण्डितहरू छटपटाउँदै रामानुजाचार्यले चोरेर यो ग्रन्थ लिएर गए भन्ने ठहर गरी केही व्यक्तिहरूलाई उक्त ग्रन्थ जसरी भए पनि फर्काउनका लागि पठाइयो। तीव्र गतिका साथ दौडिँदै ती व्यक्तिहरूले एक महिनामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामानुजाचार्यलाई बाटामा भेटेर उहाँबाट जबरजस्ती उक्त ग्रन्थ खोसेर ल्याए। यो घटनाबाट पुनः रामानुजाचार्यलाई विशेष कष्ट भयो। आफ्नो आचार्यको मुखमालिन्यलाई देखेर कूरेशाचार्यले भन्नुभयो- हजुर किन दुखित हुनुहुन्छ मैले हजुर शयन गरेको मौका पारेर रात्रिमा समग्र बोधायनवृत्ति हेरिसकेको छु। हजुरले भाष्य लेख्दा कहाँ बोधायनवृत्तिको आवश्यकता पर्दछ, त्यति बेला मसँग सोध्नुहोला, मैले बोधयनवृत्तिका जुनसुकै जहाँसुकैका पङ्क्तिहरू पनि अक्षरशः बताइदिने छु। त्यसैले बोधायनवृत्तिको कारण भाष्यलेखनमा कुनै अवरोध आउँदैन भनी आचार्यश्रीसँग निवेदन गरे। यो सुनेर कूरेशाचार्यलाई आशीर्वाद दिँदै आचार्यद्वारा हार्दिक प्रसन्नता व्यक्त गरियो।

कूरेशाचार्य त्यस्ता मेधावी शिष्य थिए जसलाई एकपल्ट हेरेपछि सबै विषयहरू कण्ठस्थ र हृदयस्थ हुन्थे। त्यसैले उनको (कूरेशाचार्य) अर्को नाम श्रुतिधर थियो। जुनसुकै विषयलाई पनि श्रवण गर्नासाथ धारण गर्ने भएकाले नै कूरेशलाई श्रुतिधर भनिएको हो। त्यसपछि रामानुजाचार्यले कूरेशलाई तिमी श्रीभाष्य लेख्ने काममा लेखकका रूपमा कर्म गर, जुन ठाउँमा तिमीलाई भाष्यको युक्ति उपयुक्त लाग्दैन त्यहाँ कलम बन्द गर्नु, त्यस्ता विषयहरूको राम्ररी विचार गरेर मात्र लेखनकार्यलाई अग्रगति दिनु उपयुक्त हुन्छ। यदि उपयुक्त र शास्त्रसम्मत अर्थ प्रमाणित हुन सकेन भने त्यसको संशोधन गर्नुपर्दछ। यस्तो निर्देशपश्चात् वेदान्त सूत्रहरूमाथि शास्त्रसम्मत भाष्यको लेखनकार्य प्रारम्भ भयो। यसरी लेख्दै जाँदा एक ठाउँमा कूरेशको लेखनी बन्द भयो। त्यो के हो भने जीवको लक्षण विचार गर्ने क्रममा रामानुजाचार्यले- **भगवच्छेषत्वरहितत्वे सति ज्ञातृत्वम्** यस्तो जीवका लक्षण हुन्छ भनी बताउनुभयो। तर कूरेश उक्त जीवका लक्षणमा सहमत भएनन् र लेखनकार्यलाई अगाडि बढाउन चाहेनन्। पटकपटक रामानुजाचार्यले लेखन अगाडि बढाउन प्रेरित गर्दा पनि उनले जीवको उक्त लक्षणलाई स्वीकार गरेनन्। अन्ततः रामानुजाचार्य अत्यन्त गम्भीर भएर विचार गर्दै जाँदा यस्तो निष्कर्षमा पुग्नुभयो, कूरेशको यो कथन युक्तिसम्मत छ। किनकि जीव सर्वथा परतन्त्र र ईश्वराधीन हुन्छ त्यसैले जीव ईश्वरको शेष हो भने ईश्वर शेषी। अतः यी दुईबिचको शेषशेषिभाव (सम्बन्ध) हुन्छ। फलतः जीवमा भगवच्छेषत्व स्वतः सिद्ध छ, यसमा विवाद गर्नु व्यर्थ हो भनेपछि कूरेशले लेखनकार्यलाई पुनः अगाडि बढाए। यही गतिमा अगाडि बढ्दै श्रीभाष्यम्को रचना पूरा भयो। ब्रह्मसूत्रमा लेखिएका भाष्य ग्रन्थहरूमा 'श्रीभाष्यम्' नै यस्तो भाष्य ग्रन्थ हो जसमा शारदा माताको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णदृष्टि र अनुमोदन छ, यसमा श्रुति स्मृति र उपपत्तिद्वारा वस्तुगत रूपमा ब्रह्मसूत्रगत तात्पर्यहरू प्रकाशित भएका छन्, शारदा माताद्वारा अनुमोदित भएकाले यसलाई **श्रीभाष्यम्** भनिएको हो ।

यसमा घटक श्रीपद शारदा माताको नाम हो भनिन्छ। त्यस्तै श्रीपदबोध्य शारदा माताले अनुमोदन गरिएको एक मात्र ब्रह्मसूत्रमाथि लेखिएको भाष्य हो। त्यति मात्र नभएर यसको नाम सुन्नासाथ यो भाष्य रामानुजाचार्यको हो भन्ने विषय स्वत: अवगत हुन्छ। यो कथन विद्वत् समुदायमा सुप्रसिद्ध छ। यसरी प्रामाणिक भाष्य लेखेर रामानुजाचार्यले भारतका धेरै दिव्यक्षेत्रहरूको भ्रमण गर्दै दिग्विजय गर्नुभएको थियो ।

यसरी एउटा महनीय ऐतिहासिक कार्य सम्पन्न गरिकेपछि शिष्यहरूका साथ रामानुजाचार्य दक्षिणका विभिन्न क्षेत्रहरूमा भ्रमण गर्दै वैष्णव धर्म प्रचार गर्ने कार्यमा संलग्न हुनुभयो । चतुर्वेदी द्वारकाप्रसाद शर्माका अनुसार (श्रीरामानुजाचार्य एकविंश अध्याय चतुर्थ सं.२०२२) तमिलनाडुअन्तर्गत कुम्भकोणम् भन्ने ठाउँमा पुगेर त्यहाँका पण्डितहरूसँग शास्त्रार्थ गरेर प्रभावित गर्दै सहर्ष तिनीहरूलाई श्रीवैष्णव मतमा प्रवेश गराउन सफल हुनुभएको थियो। त्यस्तै पाण्ड्य देशको राजधानी मदुरा नामक सहरमा पुगेर त्यहाँका कवि विद्वान्हरूसँग शास्त्र चर्चा गरेर श्रीवैष्णव मतको वैभवलाई स्थापित गरेको प्रसङ्ग पनि त्यति नै उल्लेखनीय छ। यसै क्रममा शठकोपसूरिको जन्मभूमि कुरुकापुरीमा पुगेर आफू अत्यन्त आह्लादित भएको यात्रा चर्चा पाइन्छ। त्यस्तै केरल देशको राजधानी तिरुअनन्तपुरम् पुगेर अनन्तशयन पद्मनाभ भगवान्को दर्शन गर्दै उत्तर भारतको यात्रा गरेको चर्चा पनि उल्लेखनीय छ। यस क्रममा द्वारवती, मथुरा, वृन्दावन, बदरीनारायण नैमिषारण्य, पुष्कर हुँदै नेपालमा आएर रिडीस्थित हृषीकेश भगवान् र मुक्तिनारायण भगवान्को पनि दर्शन रामानुजाचार्यले गर्नुभएको थियो भन्ने उल्लेख पनि पाइन्छ। दिग्विजय गर्दै गरिएका यात्राहरूमा सबैभन्दा महत्त्वपूर्ण र अविस्मरणीय, ऐतिहासिक यात्रा हो काश्मिर देशको। जहाँ सुप्रसिद्ध शारदापीठ रहेको छ। त्यहाँ पुगेर रामानुजाचार्यले आफुले लेखेको वेदान्तभाष्य शारदा मातालाई सुनाउनुभएको थियो। त्यसबाट प्रसन्न भएर शारदा माताले रामानुजाचार्यले लेखेको भाष्यलाई ‘श्रीभाष्यम्’ र उनलाई श्रीभाष्यकार पदवीद्वारा सम्मानित गरेको यात्राप्रसङ्ग सर्वथा संस्मरणीय छ। त्यसपछि रामानुजाचार्यले काशीको यात्रा प्रारम्भ गर्नुभयो। काशी प्राचीनतम सुप्रसिद्ध र सुपरिचित विद्यानगरी हो। त्यसमा पनि संस्कृत वाङ्मयको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अतिविशिष्ट साधनाभूमि हो। त्यसैले त्यस्तो विद्यानगरीमा पुगेर आफ्नु वैदुष्य वैभवद्वारा श्रीवैष्णवमत र विशिष्टाद्वैतवेदान्त दर्शनको महनीयता र सर्वोच्चतालाई प्रामाणिकताका साथ स्थापित गर्नुभएको थियो श्री भाष्यकार रामानुजाचार्यले।

यसै क्रममा रामानुजाचार्यले जगन्नाथपुरीको यात्रा प्रारम्भ गर्नुभयो। यो भारतको उडिसा प्रान्तअन्तर्गत पर्दछ। यसलाई पुरुषोत्तम क्षेत्र पनि भनिन्छ। यहाँका विद्वान्हरूले रामानुजाचार्यको अद्‌भुत वैदुष्य प्रभावलाई सुनेर शास्त्रचर्चा गर्न हिम्मत गरेनन्। यहाँ पनि रामानुजाचार्यले वैष्णव मतको विशेष प्रचार गर्ने प्रयत्न गरेका प्रसङ्गहरू पाइन्छन्। रामानुजाचार्यको यो यात्रा पनि अविस्मरणीय रहेको छ। त्यो के भने दिव्यदेशका रूपमा प्रसिद्ध श्रीरङ्गम् वेङ्कटाचलम् आदिमा पाञ्चरात्रागम वा वैखानसागमपद्धतिअनुसार भगवदाराधना गर्ने प्रचलन रहेको छ। तदनुरूप जगन्नाथ भगवान्को आराधना नभएको देखेर शेषावतार रामानुजाचार्यले त्यसका लागि त्यहाँका अर्चकहरूसँग आग्रह गर्नुभयो। तर आफ्नु जीविका छुट्ने डरले उनीहरूलाई त्यो आग्रह स्वीकार्य भएन। पुनः त्यहाँका शासक वर्गसँग यो प्रस्ताव राखियो। त्यसबाट भयभीत अर्चकहरू जगन्नाथ भगवान्सँग दुखित तथा आक्रोशित हुँदै आर्तपुकार गर्न प्रवृत्त भए, केही छाती पिटीपिटी रुन थाले भने केही आफैँमाथि प्रहार गर्दै समुद्रमा हामफालेर मर्न तयार भए। ठुलो कोलाहल मच्चियो। भक्त पराधीन जगन्नाथ भगवान्ले दृढव्रती रामानुजाचार्यले जसरी भए पनि आफ्नु सङ्कल्प पूरा गर्ने स्थिति देखेर उडिसा ब्राह्मणहरूको जीविकावृत्ति हरण नहोस्, ब्राह्मणहत्याजन्य पापको भागी बन्नु नपरोस् भनेर आफ्नु मायाशक्तिद्वारा सुतिरहेको अवसरमा रामानुजाचार्यलाई कोसौँ दूरीमा रहेको कूर्माचलम् क्षेत्रमा पुऱ्याइदिनुभयो। जब रामानुजाचार्य जाग्नुभयो त्यति बेला आफू अन्यत्र नै भएको पाएर आश्चर्यचकित हुनुभयो। त्यहाँ आफ्ना नित्यकर्म गर्ने साधनहरू नपाएर एक दिन उपवास बस्नुभयो। त्यही क्रममा स्वप्नमा साक्षात् विष्णुका अवतार कूर्म भगवान्ले रामानुजाचार्यलाई यहाँ तपाईंलाई सन्ध्यावन्दनका साधनहरू उपलब्ध छन्, त्यसैले आफ्नु नित्यकर्म सम्पन्न गर्दै प्रसाद ग्रहण गर्नु उचित हुन्छ भनी निर्देश दिनुभयो। साथै आफ्ना शिष्यहरू जगन्नाथपुरीबाट छिटै आउने कुराको सङ्केत पनि कूर्म भगवान्ले रामानुजाचार्यलाई दिनुभयो।

यसमा उल्लेख्य कुरो के छ भने जगन्नाथ भगवान्ले उडिसाका ब्राह्मणहरूको जीविकामा आँच नआओस् भन्ने उद्देश्यले म यस क्षेत्रमा बसेर पतितपावन भएर रहने छु अर्थात् पतित जनहरूलाई पवित्र गर्न म यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

क्षेत्रमा रहेको हुँ भने 'श्रीरङ्गम्' 'वेङ्कटाचलम्' आदि दिव्यदेशहरूमा प्रपन्नजनहरूलाई पावन गर्न श्रीरङ्गनाथ, वेङ्कटेश भगवान् रहनुभएकाले मायाशक्तिद्वारा रामानुजाचार्यलाई यो सङ्केत गरेको प्रसङ्ग केही जीवनीपरक पुस्तकहरूमा उल्लेख गरेको पाइन्छ। यसबाट प्रमाणित हुन्छ- जगन्नाथ भगवान् पतितपावन भएर रहनुभएको छ भने दक्षिणमा रहेका श्रीवेङ्कटेश श्रीरङ्गनाथ आदि भगवान् प्रपन्नपावन भएर विराजमान हुनुहुन्छ। जहाँ पाञ्चरात्रागम वा वैखानसागमपद्धतिका आधारमा भगवत्पूजन गर्ने अक्षुण्ण परम्परा अद्यावधि निर्बाध रूपले चलिरहेको छ।

यसै क्रममा वेङ्कटाचलम् आदिमा गएर त्यहाँ उपास्य देवताको स्वरूपलाई लिएर हुँदै आएको विवादलाई शास्त्रसम्मत तरिकाले सप्रमाण समाधान गरेको प्रसङ्ग पनि त्यति नै रोचक र उत्प्रेरक छ। किनकि वेङ्कटाचलम् भगवान्लाई साक्षात् विष्णुको अवतार मानिन्छ र आठ भूवैकुण्ठहरूमध्ये एउटा भूवैकुण्ठका रूपमा समेत यसको प्रसिद्धि छ। वेङ्कटाचलम् वा श्रीवेङ्कटेश भगवान्को वैभव विभिन्न पुराणहरूमा सङ्केत रूपमा पाइन्छ भने **श्रीवेङ्कटाचलमाहात्म्यम्**नामक क्षेत्रमाहात्म्यमा वेङ्कटेशको महिमाको सविस्तार वर्णन गरिएको छ।

यसपछि अगाडिको यात्राक्रमलाई गतिशील बनाउँदै रामानुजाचार्य आफूले पहिले अध्ययन गरेको सत्यव्रत क्षेत्र काञ्चीमा पुगी वरदराज भगवन्को दर्शन गरेर आफू कृतार्थ बनेको ऐतिहासिक यात्राविवरण सर्वथा स्मरणीय छ। त्यहाँबाट रामानुजाचार्यले मदुरैको यात्रा प्रारम्भ गर्नुभयो। त्यसपछि यामुनाचार्यको हजुरबुबा नाथमुनिको जन्मभूमि वीरनारायणपुरमा गएर मङ्गलाशासन गर्नुभयो। यसरी विभिन्न दिव्यक्षेत्रहरूको यात्रा गर्दै श्रीरङ्गम् पुगेर श्रीरङ्गनाथ भगवान्को दर्शन गरेर रामानुजाचार्य कृतार्थ हुनुभएको विषयवस्तु पनि त्यति नै उल्लेख्य छ। यस प्रकार रामानुजाचार्यको सङ्क्षिप्त तीर्थयात्रा वा दिग्विजय यात्राको चर्चा पूरा हुन्छ।

१.२१ प्रमुख शिष्यहरू

रामानुजाचार्यका १०८ प्रसिद्ध नामहरूमध्ये एउटा नाम **चतुः सप्ततिशिष्याद्यः** पनि हो। जसको अर्थ हुन्छ - चौहत्तर शिष्यका धनी। विशेषतः गोष्ठीपुरम्मा मन्त्रार्थको उपदेश गर्ने क्रममा चौहत्तर जनाको उपस्थिति रहेकाले तिनीहरूलाई नै रामानुजाचार्यका शिष्यका रूपमा स्वीकार गरेर यसमा परिगणना गरिएको हो। वस्तुतः रामानुजाचार्यका उल्लेखनीय शिष्यहरूमा यादप्रकाशाचार्य, यज्ञमूर्ति जस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धेरै विशिष्ट विद्वान्हरू पनि थिए । जो उहाँबाट प्रभावित भएर शिष्य बनेका थिए । जसको चर्चा पहिले पनि भइसकेको छ । त्यसमा पनि विशेष गरेर श्रीकूरेशस्वामी, श्रीआन्ध्रपूर्णस्वामी, श्रीदाशरथिस्वामी, श्रीगोविन्दाचार्य स्वामी र धनुर्दास यी पाँच जनालाई प्रमुख शिष्यका रूपमा मानिएको छ । यसको प्रमुख कारण के हो भने यी पाँच जनाले कुनै न कुनै रूपमा आचार्यको प्रभाव र वैभवलाई आलोकित गर्न महत्त्वपूर्ण र उल्लेखनीय भूमिका खेलेका छन्, विशिष्ट योगदान गरेका छन् । अतः यिनीहरूलाई विशेष प्रमुख शिष्यका रूपमा लिइएको छ । त्यस्ता शिष्यहरूको यहाँ सङ्क्षिप्त परिचय प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ । जसको क्रमशः चर्चा गरिने छ-

(क) कूरेश

श्रीरङ्गनाथ भगवान्का सेवक उत्तमपूर्ण नाम गरेका विद्वान्ले कूरेशाचार्यको जीवनीकेन्द्रित एउटा काव्य लेखेका छन्, जसको नाम हो लक्ष्मीकाव्य । त्यसका अनुसार कूरेशाचार्य वत्सगोत्रीय धनाढ्य ब्राह्मण थिए । भारतको तमिलनाडुअन्तर्गत काञ्चीपुरीको दुई कोश पश्चिमतर्फ एउटा ग्राम छ, जसको नाम क्रूर आग्रहर[१२] हो । कूरेशको नाममा यो ग्रामको प्रसिद्धि थियो । उनी धनी पनि थिए र दानी पनि । अहोरात्र दीनदुखी र दरिद्रीहरूलाई भोजन गराउने उनको कुलपरम्परा थियो । बाल्यावस्थादेखि नै कूरेश अद्भुत प्रतिभाका धनी र शेषावतार रामानुजाचार्यका ओजस्वी भक्त थिए । यिनको स्मृतिशक्तिका सम्बन्धमा पहिले पनि चर्चा भइसकेको छ । आचार्यका लागि सर्वस्व गर्न सहर्ष कटिबद्ध शिष्य कूरेश हुन् । जसले आचार्यको सेवा गर्दा आफ्ना आँखाहरूसमेत गुमाएका थिए । यस सम्बन्धमा एउटा रोचक घटनाप्रसङ्ग छ । जो यस प्रकार छ- श्रीरङ्गम् क्षेत्र चोलराज्यको अधीनमा पर्दथियो । त्यो देशको राजा विधर्मी र अविवेकी थियो । भगवान्को वैभव र व्यापकतालाई नबुझेर भगवान्का भक्त र विद्वान्हरूप्रति द्वेषभाव राख्ने गर्दथियो । त्यसैले यो दुष्ट स्वभाव भएको राजा रामानुजाचार्यसँग द्रोह गर्दै भगवान्का मठमन्दिरहरू भत्काउनका लागि राजकीय शक्तिको उपयोग गर्ने, त्यसका अनुयायीहरूलाई अनावश्यक दुःख दिने र आफ्नु अधीनमा ल्याउन जवरजस्ती गर्ने क्रियाकलापमा तीव्र गतिले संलग्न हुन थाल्यो । यही क्रममा रामानुजाचार्यलगायत उहाँका सबै अनुयायीहरूलाई आफ्नु

१२ ब्राह्मणहरूको वस्तीलाई आग्रहर भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अधीनमा गर्न प्रयास गर्ने, त्यो गर्न सकिएन भने तिनीहरूलाई समाप्त पार्ने कुसङ्कल्प गर्दै दु:ख दिन थाल्यो । फलतः रामानुजाचार्यलाई जसरी भए पनि आफ्नु राज्यमा बोलाउने र जबरजस्ती स्वमतमा प्रवेश गर्न लगाउने निर्णय गर्दै तदनुरूप निर्देशका साथ आफ्ना दूतहरूलाई रामानुजाचार्यका सन्निधिमा पठाइयो । यस कुराको जानकारी रामानुजाचार्यका शिष्य कूरेश आदिलाई पहिलेदेखि नै भइसकेको थियो । त्यसैले कूरेश आदि शिष्यहरूले राजाको दुराशयपूर्ण आग्रहलाई आत्मसात् गर्दै यो राजा अविवेकी छ, यसले जे पनि गर्न सक्छ, यो शास्त्रीय प्रमाण र तर्कलाई स्वीकार गर्ने पक्षमा छैन, त्यसैले यसका सन्निधिमा अचार्यश्रीलाई पठाउनु कुनै पनि दृष्टिले उपयुक्त हुँदैन भन्ने निष्कर्षमा पुगे । त्यसमा पनि विशेषतः कूरेश अत्यन्त गम्भीर तथा चिन्तित थिए किनकि यो दुष्ट राजाले आचार्यलाई जे पनि गर्न सक्छ भन्ने कुरो उनले राम्ररी बुझेका थिए । तर के गर्ने, राजाको आज्ञा ता जसरी भए पनि मान्नैपर्‍यो, त्यसका लागि शिष्य कूरेशले विचार गरे म नै रामानुजाचार्यको कृत्रिम वेषभूषालाई धारण गरेर स्वयं रामानुजाचार्य बनेर महापूर्णस्वामीलाई अगाडि लगाएर जान्छु र त्यसका अगाडि उपस्थिति हुन्छु भन्ने निश्चय गरे । त्यस अवसरमा रामानुजाचार्यले चाहिँ दाशरथि आदि शिष्यहरूका साथ चोलराज्यभन्दा बाहिर पश्चिमतर्फ धर्म प्रचार गर्न प्रस्थान गर्ने विचार गर्नुभयो । यसरी वयोवृद्ध महापूर्णाचार्य स्वामीका साथ कूरेश जब चोलनरेशका दरबारमा पुगे । त्यहाँका राजाका भरौटेहरूसँग विचारमन्थन भयो, कूरेशका अगाडि तिनीहरूका विचारहरू निस्तेज र निरर्थक सिद्ध भए । फलतः त्यो क्रूर स्वभाव निर्दयी राजाले वयोवृद्ध महापूर्ण स्वामी र कूरेशाचार्यको घोर अपमान गर्दै कूरेशाचार्यका आँखा माथि नै आघात पुर्‍यायो । यस दु:खद घटनाबाट मर्माहत हुनुभएका १०५ वर्षका महापूर्ण स्वामीज्यूको फर्किने क्रममा बाटैमा देहान्त भयो । त्यसपछि तत्सम्बन्धी दु:खद घटनाको उहाँका परिवारजनलाई जानकारी गराएर अन्त्येष्टिको व्यवस्था मिलाई रामानुजाचार्यका अन्तरङ्ग शिष्य आफ्ना पूर्वजहरूको जन्मभूमि सुन्दरबाहु भगवान्को सन्निधिमा गएर तपस्या गर्न लागे । यो क्षेत्र प्राकृतिक सौन्दर्यशाली हराभरा सुन्दर मनोरम वनले युक्त पर्वत भएको छ । अहिले पनि त्यो सौन्दर्यको अनुभव त्यहाँ गर्न पाइन्छ । भनिन्छ यही क्षेत्रमा रहेर कूरेशाचार्यले श्रीस्तव, सुन्दरबाहुस्तव, अतिमानषुस्तव र वैकुठस्तव जस्ता महनीय स्तुतिकाव्यहरू रचना गरेका थिए । यादवाद्रिमा रहनुभएका रामानुजाचार्यले महापूर्ण स्वामीको निधन र आफ्ना अन्तरङ्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिष्य कूरेशको आँखा नै समाप्त पारिदिएको दुष्ट राजाको कुकृत्य सुनेर सर्वथा दःखित हुनुहुँदै दृष्टि प्राप्तिका लागि वरदराज भगवान्सँग प्रार्थना गर्न कुनै शिष्यमार्फत सन्देश पठाउनुभएको थियो। आचार्यको आज्ञालाई स्वीकार गर्दै कवि कूरेशले वरदराजस्तवको रचना गरे, यसलाई देवराजस्तव पनि भनिन्छ। यसरी स्तोत्र रचना गरेर वरदराज भगवान्लाई सुनाएकोले कूरेशाचार्यलाई पुनः पूर्ववत् दृष्टिको लाभ भएको यथार्थ घटना पनि सर्वथा स्मरणीय छ। परिणामस्वरूप माथि उल्लिखित कूरेशद्वारा लेखिएका पाँचओटा स्तोत्रहरूलाई पञ्चस्तवीका नामले पनि चिनिन्छ अर्थात् ती स्तोत्रहरूको प्रसिद्धि पञ्चस्तवीका रूपमा पनि रहेको पाइन्छ। यसमा अर्को एउटा रहस्यपूर्ण विषय अन्तर्निहित छ। त्यो के भने रामानुजाचार्यले यामुनाचार्यको निधनकालमा मृत शरीरको सन्निधिमा प्रतिज्ञा गरिएको थियो, म भगवान् श्रीमन्नारायणको परत्वलाई प्रमाणित गर्ने पराशरप्रणीत श्रीविष्णुपुराण छ, जसलाई सात्त्विक पुराणरत्न मानिएको छ। जसको पुष्टि गर्दै स्वयं यामुनाचार्यले आलवन्दरस्तोत्रमा भन्नुभएको छ-

तत्त्वेन यश्चिदचिदीश्वरतत्स्वभाव–
भोगापवर्गतदुपायगतीरुदारः ।

सन्दर्शयन्निरमिमीत पुराणरत्नम् ।
तस्मै नमो मुनिवराय पराशराय ॥४॥

(आलवन्दारस्तोत्रम्)

अर्थात् जसले चित्, अचित्, ईश्वर तिनका स्वभाव, भोग, अपवर्ग र त्यसका उपाय र गतिलाई प्रदर्शन गर्दै निष्पक्षपूर्ण तरिकाले प्रामाणिकताका साथ पुराणरत्न श्रीविष्णुपुराणको रचना गर्नुभयो त्यस्ता मुनिहरूमा श्रेष्ठ पराशर मुनिलाई नमन छ। यस कथनबाट यो विषय प्रमाणित हुन्छ, पराशरप्रणीत श्रीविष्णुपुराणलाई पुराणरत्नका रूपमा स्वीकार गरेर यसको विशिष्ट महत्ता र प्रामाणिकतालाई दृढतापूर्वक प्रतिष्ठापित गर्ने सङ्कल्प यामुनाचार्यको थियो। जसको पूर्ति हुन सकेको थिएन। यस्तो पूर्वाचार्यको अभिप्रायलाई आत्मसात् गर्दै रामानुजाचार्यले त्यस्ता पराशरकै अंशका रूपमा कुनै विद्यावैभवशाली आचार्यको सार्थक नाम स्थापित गर्ने सङ्कल्पलाई पूर्ण गर्न रङ्गनाथ भगवान्सँग प्रार्थना गर्नुभयो। कूरेशाचार्यबाट त्यस्तो उत्तम पुत्रको जन्म होस्, जसको परिणामस्वरूप श्रीरङ्गनाथ भगवान्को कृपाबाट कूरेशाचार्यको पराशरनामक पुत्रको जन्म भयो। जसको अद्भुत विद्यावैभवले वैदिक धर्म र परम्पराको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महत्ता र सर्वोच्चतालाई देदीप्यमान गराएको वास्तविकतालाई कदापि बिर्सन सकिँदैन। यति मात्र नभएर पराशरले वैदिक धर्मका विरोधीहरूलाई पराजित गर्दै उच्चकोटिका ग्रन्थरत्नहरूको रचना गरे। रामानुजाचार्यको निर्देशानुसार श्रीविष्णुसहस्रनाममा भगवद्‌गुणदर्पणनामक विशिष्ट व्याख्या लेखियो। यस दृष्टिबाट पनि कूरेशाचार्यको नाम आचार्यपरम्परामा अजर र अमर भएर रहेको छ। यसरी आचार्य वैभवलाई आलोकित गर्न रामानुजाचार्यका शिष्यहरूमध्ये कूरेशाचार्यको महत्त्वपूर्ण भूमिका रहेको तथ्य घाम जस्तै छर्लङ्ग छ।

(ख) आन्ध्रपूर्ण

रामानुजाचार्यका वैभव प्रकाशक आचार्यनिष्ठ अर्का महनीय आदर्श शिष्य आन्ध्रपूर्णको नाम पनि सर्वथा उल्लेखनीय छ। उहाँले आफ्ना आचार्यलाई नै उपाय तथा उपेय मान्नुभएको थियो। त्यसैले रामानुजाचार्यका १०८ नामावलीका प्रतीक श्लोकहरूको रचना गरेर प्रत्येक दिन आचार्यचरणको प्रार्थना गर्नुहुन्थ्यो आन्ध्रपूर्णाचार्य। आन्ध्रपूर्णाचार्यद्वारा प्रणीत १०८ नामावलीद्वारा श्रीवैष्णवपरम्परामा दैनिक रामानुजाचार्यका श्रीचरणमा अर्चना गर्ने अक्षुण्ण प्रचलन अद्यावधि चल्दै आएको छ। यो एउटा अतिविशिष्ट आचार्योपासनाको अङ्गका रूपमा प्रतिष्ठापित छ। उहाँको आचार्यनिष्ठाका सम्बन्धमा विस्तृत चर्चा **प्रपन्नामृतम्, आचार्यवैभवम्, वार्तामाला, गुरुपरम्पराप्रभावम्** आदि ग्रन्थहरूमा पाइन्छ।

यस्ता आन्ध्रपूर्णका वंशज प्रपन्नामृतम्का रचयिता अनन्ताचार्य स्वामी हुनुभयो। उहाँले १६ औँ शताब्दीमा यो ग्रन्थको रचना गर्नुभएको थियो भनी प्रपन्नामृतम्को उपोद्घातमा पाञ्चरात्रागम तथा विशिष्टाद्वैतवेदान्तका ओजस्वी तथा प्रामाणिक विद्वान् श्रीकृष्णमाचार्यले उल्लेख गर्नुभएको छ। आन्ध्रपूर्णाचार्यको महनीय तथा अनुसरणीय आचार्यनिष्ठाका सम्बन्धमा एउटा प्रतिनिधिमूलक उदाहरण आत्मसात् गर्न योग्य छ। एक दिनको घटना हो रङ्गनाथ भगवान्‌को विशेष उत्सव चलिरहेको थियो। त्यस अवसरमा शिष्यहरूका साथ रामानुजाचार्य लगायत सबै भक्तजनहरू घरघरबाट भगवान्‌को दर्शन गर्न निक्लिरहेको स्थिति थियो। घरमा जोजो व्यक्ति जेजस्ता कार्यहरू गरिरहेका थिए, ती सबै कार्य त्यही छोडेर श्री रङ्गनाथ भगवान्‌को दर्शनार्थ लालायित भएर निक्लँदा पनि आन्ध्रपूर्णस्वामी निक्लिनुभएन। पछि रामानुजाचार्यले आश्चर्यचकित हुँदै आफ्ना शिष्य आन्ध्रपूर्णलाई सोध्नुभयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भगवान्को दर्शन गर्न तिमी किन नआएका ? त्यसको उत्तर दिँदै शिष्य आन्ध्रपूर्णले भन्नुभयो म हजुरको दुध तताउँदै थिए, त्यस्तो आचार्यको सेवालाई छोडेर मलाई भगवान्को दर्शन गर्न मन लागेन। किनकि मेरा आचार्य नै सर्वस्व हुनुहुन्छ। यस्ता प्रकृतिका अनन्य भक्त रामानुजाचार्यका शिष्य आन्ध्रपूर्ण स्वामी हुनुहुन्थ्यो। यस्ता आन्ध्रपूर्णाचार्यद्वारा १०८ नामद्वारा आज पनि रामानुजाचार्यको श्रीचरणमा श्रद्धाभक्तिपूर्वक अर्चना गरिन्छ।

(ग) दाशरथि

आचार्यनिष्ठ प्रधान शिष्यहरूमध्ये दाशरथिको पनि अविस्मरणीय नाम रहेको छ। विशेषतः शिष्यगत आचार्यनिष्ठाको मात्र वर्णन यहाँ अपेक्षित भएकोले शिष्यहरूको जीवनीभन्दा पनि आचार्यनिष्ठाको सङ्क्षिप्त परिचयात्मक विवरणलाई मात्र प्राथमिकताका साथ यसमा चर्चा गरिएको छ। दाशरथि सम्प्रदायको रहस्य विषयक विशेष जिज्ञासु शिष्य हुनुहुन्थ्यो। उहाँले एक दिन रामानुजाचार्यका सन्निधिमा आएर चरमार्थोपदेशद्वारा आफूलाई अनुगृहीत गर्नका लागि सनम्र निवेदन गर्नुभयो। रामानुजाचार्यले भन्नुभयो- मलाई कूरेशबाहेक अरूलाई चरमार्थोपदेश गर्ने अधिकार मेरा आचार्य गोष्ठीपूर्ण स्वामीले दिनुभएको छैन। त्यसकारण तिमी गोष्ठीपूर्ण स्वामीको सन्निधिमा गएर चरमार्थको उपदेश प्राप्त गर। आचार्यको यो वचन सुनेर दाशरथि गोष्ठीपूर्ण स्वामीका सन्निधिमा चरमार्थोपदेश श्रवणका लागि जानुभयो। तर गोष्ठीपूर्ण स्वामीले चरमार्थोपदेश श्रवण गराउने कुरो त परै जाओस् उहाँको अनुरोधलाई समेत केही वास्तै गर्नुभएन। यस्तो हुँदाहुँदै पनि आचार्यको आज्ञालाई पालना गर्दै गोष्ठीपूर्ण स्वामीको सेवामा दाशरथि दत्तचित्त भएर लागिरहनुभयो आफूलाई संयमित गर्दै छ महिनासम्म गोष्ठीपूर्णका घरमा बसेर कत्ति पनि विचलित नभई निष्ठापूर्वक सेवा गर्नुभयो। परिणामस्वरूप उहाँको निष्ठालाई देखेर गोष्ठीपूर्णको हृदय द्रवित भयो र उहाँले चरमार्थ श्रवण गर्न आएका दाशरथिलाई सोध्नुभयो- तपाईं को हुनुहुन्छ ? मलाई शङ्का लागिरहेको छ, के तपाईंको सम्बन्ध रामानुजसँग ता छैन ? तपाईं के प्रयोजनका लागि यहाँ आउनुभएको हो इत्यादि। यसरी प्रश्न गरिसकेपछि दाशरथिले भन्नुभयो, हे आचार्यवर म रामानुजाचार्यको शिष्य हुँ, मेरो नाम दाशरथि हो र मलाई उहाँले (रामानुजाचार्य) नै तपाईंका सन्निधिमा चरमार्थोपदेश प्राप्तिका लागि पठाउनुभएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस अवसरमा मन्त्रार्थका विशिष्ट ज्ञाता सम्प्रदायका रहस्यविद् गोष्ठीपूर्णाचार्यले चरममन्त्रार्थका ज्ञानपिपासु आचार्यनिष्ठ दाशरथिलाई सम्बोधन गर्दै भन्नुभयो- संसारमा तीन प्रकारका मदहरू प्रसिद्ध छन्, ती हुन् १. विद्यामद, २. धनमद, र ३. कुलमद, जुन व्यक्तिहरू यी तीन मदहरूबाट मुक्त छन् तिनीहरू नै सज्जन व्यक्ति मानिन्छन्। यस्ता गुणका धनी अहिले रामानुजाचार्य मात्र हुनुहुन्छ। अतः उहाँको नै चरणको शरणलाई ग्रहण गरेर चरमश्लोकको अर्थ श्रवण गर। उहाँबाट मात्र चरमार्थका गूढरहस्यहरू वस्तुगत रूपमा उद्घाटित हुनेछन्। गोष्ठीपूर्णका यी वचनहरू सुनेर दाशरथि पुनः श्रीरङ्गम्मा नै फर्केर उक्त सबै कुराहरू रामानुजाचार्यसँग निवेदन गर्दै नतमस्तक भएर उहाँका समक्ष उपस्थित हुनुभयो। त्यही बेला अतुलायी नाम गरेकी महापूर्णाचार्यकी छोरी घरबाट पीडित भएर माइत आएकी थिइन्। उनले घरमा धेरै टाढाबाट पानी ल्याउनु पर्दथ्यो। परिवार ठुलो भएकाले यो कार्य सम्पन्न गर्न उनलाई गाह्रो भएको थियो। घरका अभिभावकले पनि उनको पीडालाई बुझिदिएको अवस्था थिएन। त्यसैले दिक्क भएर आफ्ना पिता महापूर्णाचार्यसँग भनिन्– पिताज्यू मलाई घरको कार्य गर्न सारै गाह्रो भयो। जलाशय टाढा छ, परिवार पनि ठुलो छ, म एक्लैले टाढाबाट पानी ल्याउनुपर्दछ। मलाई घरका कसैले पनि सहयोग गर्दैनन्, कदाचित् असह्य भएर भन्दा पनि उल्टै मलाई गाली गर्दछन्। त्यसकारण कोही मलाई सहयोग गर्ने व्यक्ति भए पिताज्यू धेरै राहत हुन्थ्यो, नभए ता मलाई घर समाल्नै गाह्रो हुने भयो भन्दै आफ्ना मनोव्यथाहरू व्यक्त गरिन्। त्यो सुनेर छोरीलाई रामानुजाचार्यका आचार्य महापूर्णाचार्यले भन्नुभयो, हेर छोरी म ता वृद्ध भएँ, तिम्रो इच्छा पूर्ण गर्न म असमर्थ छु, त्यसकारण मठका स्वामी रामानुजाचार्यसँग गएर निवेदन गर तिम्रो व्यथा सुनेर अवश्यमेव उहाँले केही नकेही व्यवस्था गरिदिनुहुने छ। पिताज्यूका यी वचन सुनेर अतुलायीले रामानुजाचार्यका सन्निधिमा गएर निवेदन गरिन्, जति बेला दाशरथि त्यहाँ उपस्थित हुनुहुन्थ्यो। रामानुजाचार्यले शिष्यको परीक्षा लिन तुरुन्त अगाडि उपस्थित दाशरथिलाई आज्ञा दिनुभयो, ल तिमी मेरो गुरुपुत्रीको घर गएर सेवा गर। यसलाई दाशरथिले सहर्ष स्वीकार गर्दै गुरुपुत्रीको नोकर भएर सेवा गर्न तयार हुनुभयो। यसरी सेवा गरिरहँदा एक दिन त्यस गाउँको निवासी कुनै वैष्णव ब्राह्मणले घरमा आएर कुनै श्लोकको अर्थ गर्दै उपदेश गर्न थाले। त्यो श्लोकको अर्थ शास्त्रसम्मत थिएन, जे पायो त्यही अर्थ गरेको सुनेर दाशरथिले भन्नुभयो- हे ब्राह्मणदेव, तपाईंले गरेको यो अर्थ मिलेन, यस्तो विपरीत अर्थ गर्नु उपयुक्त हुँदैन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तपाईंले ठिकसँग शास्त्रको अध्ययन गर्नुभएको रहेनछ, तर त्यसमा म जान्ने हुँ भन्ने अभिमान थियो र दाशरथिलाई यो घरको एउटा नोकर हो भन्ने ठानेको थियो । फलतः उसले त्यसको प्रतिवाद गर्दै तँ भात पकाउने, पानी ओसार्ने व्यक्तिलाई शास्त्रको कुरो के थाहा छ र ? भन्दै उल्टै दाशरथिप्रति आक्रोश व्यक्त गर्न थाल्यो । त्यसबाट अपमानित दाशरथिले उक्त श्लोकको शास्त्रसम्मत पूर्वापरपर्यालोचनपूर्वक अभिमत अर्थ गर्नुभयो । त्यो सुनेर घरका सबै परिवारजनहरू प्रभावित भए, यिनी ता सामान्य व्यक्ति होइन रहेछन्, विशिष्ट विद्वान् शास्त्रका रहस्यज्ञ पो रहेछन् । यस प्रकार दाशरथिको पाण्डित्यपूर्ण व्याख्यान सुनेर भयभीत हुँदै महापूर्णाचार्यकी पुत्रीसहित त्यहाँ भएका सबैले एक स्वरमा भने - हजुर ता ठुलो विद्वान् हुनुहुँदो रहेछ, यस्ता हजुरका लागि यस्तो कार्य गर्न शोभनीय भएन । हामीहरूलाई क्षमा गर्नुहोस् हामीबाट धेरै घोर अपराध भयो जो हजुर जस्ता विद्वान्बाट हामीले सेवा लियौँ ।

तत्पश्चात् त्यहाँ भएका सबै वैष्णवजनहरूलाई सम्बोधन गर्दै दाशरथिले भनुभयो- तपाईंको घरमा कैङ्कर्य गर्न मेरा आचार्यले यहाँ पठाउनुभएको हो । आचार्यको आज्ञा सर्वथा शिरोधार्य हुन्छ, त्यसकारण म यहाँ मेरा आचार्यपुत्रीको सेवामा आएको हूँ । त्यो सुनेर र उहाँको पाण्डित्यलाई पनि देखेर सबैले दाशरथिको पूजा गर्दै सामान्य सेवकका रूपमा गरेका व्यवहार प्रति पश्चात्ताप गरी क्षमा माग्न थाले । अनि भने अब यहाँबाट हजुर आफ्नो स्थान जानुहोस्, दाशरथिले भने म गुरुको आज्ञाले यहाँ आएको हूँ, जबसम्म मलाई गुरुले बोलाउनुहुन्न तबसम्म म यो कैङ्कर्यबाट निवृत्त हुन सक्तिनँ । यो शिष्यको धर्म होइन, गुरुको आज्ञा उल्लङ्घन गरेर आफूखुसी चल्नु, किनकि म आचार्य पराधीन व्यक्ति हुँ । आचार्यपरतन्त्रता नै मेरो सर्वस्व हो । यस्ता मार्मिक र रहस्यपूर्ण उपदेश श्रवण गरेर त्यहाँका वैष्णवजनहरू आश्चर्यचकित हुँदै तत्काल रामानुजाचार्यको सन्निधिमा घरको कुनै व्यक्तिद्वारा यो सन्देश पुऱ्याइयो । सन्देश प्राप्तपश्चात् रामानुजाचार्यले पनि कुनै आफ्नु शिष्यलाई पठाएर दाशरथिलाई तुरुन्त श्रीरङ्गम् फर्किनू भनी सन्देश पठाउनुभयो । यसरी गुरुको आज्ञा पाएपछि दाशरथि आचार्यको सन्निधिमा उपस्थित हुनुभयो । त्यसपछि अत्यन्त प्रसन्न हुँदै रामानुजाचार्यले दाशरथिलाई शरणागतिको सारभूत श्रीमद्भगवद्गीताको १८ औँ अध्यायको ६६ औँ श्लोकको उपदेश गर्नुभयो । यही श्लोकलाई श्रीसम्प्रदायमा चरमश्लोक भनिन्छ । यसमा भगवद्गीताका उद्बोधक कृष्णले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्जुनलाई उद्देश्य गरेर शरणागतिको समग्र स्वरूपलाई उपदेश गर्नुभएको छ। शरणागत मुमुक्षुहरूका लागि यसको रहस्यपूर्ण अर्थोपदेश सर्वथा अनुसन्धेय मानिन्छ। गुरुपरम्पराअनुसार आचार्यद्वारा यसको अर्थानुसन्धान नगरी शरणागतिको मर्म अभिव्यक्त हुन सक्तैन। त्यसैले यस्ता उपदेशपरम्परा अत्यन्त महनीय र पारमार्थिक मानिन्छ। जसले आचार्यको मुखबाट श्रवण गर्दैन भने त्यो जति नै ठुलो विद्वान् भए तापनि त्यसलाई आधिकारिक मानिँदैन। फलतः रामानुजाचार्यले ज्ञानका पिपासु दाशरथिलाई चरमश्लोकको उपदेश गरेर वैष्णवजनको अविस्मरणीय सेवा गरेको कारण श्रीवैष्णवदास नामले पनि विभूषित गर्नुभयो। अर्थात् त्यो दिनदेखि दाशरथिको प्रसिद्धि श्रीवैष्णवदासका नामले पनि भयो। यसैका आधारमा रामानुजाचार्यका १०८ नामहरूमध्ये **कूरेशदाशरथ्यादिचर-मार्थप्रदायकः** एउटा स्मरणीय नाम रहेको छ। जसको अर्थ हुन्छ- कूरेश, दाशरथि आदि शिष्यहरूलाई चरमार्थ उपदेश प्रदान गर्ने रामानुजाचार्य।

(घ) गोविन्दाचार्य

रामानुजाचार्यका सानी आमा द्युतिमतिका छोरा गोविन्दाचार्य थिए। उनले नै रामानुजाचार्यलाई तीर्थयात्राका अवसरमा मार्न खोजेको यादवप्रकाशाचार्यको दुष्प्रयासबाट बचाएका थिए। जसको चर्चा योभन्दा पहिले यादवप्रकाशको तीर्थयात्राको प्रसङ्गमा भइसकेको छ। गोविन्दाचार्य शिवका अनन्योपासक तथा अर्चक थिए। उनी कालहस्तिपुर नामक स्थानमा भगवान् शङ्करको सेवा गरेर बसेका थिए। अध्ययन गर्ने अवसरमा दाजुभाइको सम्बन्ध र आफुलाई पनि धेरै अविस्मरणीय गुन लगाएको कारण श्रीरङ्गम्मा रहदा बारम्बार गोविन्दाचार्यको स्मरण रामानुजाचार्यले गरिरहनुहुन्थ्यो। त्यति मात्र नभएर गोविन्दाचार्यलाई दीक्षित बनाउने रामानुजाचार्यको प्रबल इच्छा पनि थियो। त्यसैले गोविन्दाचार्यको सम्बन्धमा जानकारी लिन र भगवदुन्मुख बनाउन रामानुजाचार्यले केही आफ्ना शिष्य श्रीवैष्णवहरूलाई पत्र लेखेर श्रीशैलपूर्णका सन्निधिमा पठाउनुभयो। किनभने शैलपूर्णाचार्य बसेको निकटमा गोविन्दाचार्य बस्दथे। यसरी रामानुजाचार्यको पत्र प्राप्तपश्चात् श्रीशैलपूर्णाचार्यले पनि गोविन्दाचार्य बसेको ठाउँमा गएर भगवद्विषयक प्रवचनद्वारा उनलाई प्रभावित पार्ने प्रयास गर्नुभयो। फलतः सहस्रगीतिको पावन भगवद्विषयक उपदेशद्वारा गोविन्दाचार्य श्रीवैष्णव बनेको चर्चा **श्रीप्रपन्नामृतम्**मा गरिएको छ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कालहस्तीश्वरः स्वप्ने वाक्यमेव जगाद तान् ।
पाखण्डबौद्धचार्वाकैस्त्रयीधर्मो विलोपितः ॥५२॥
त्रिदण्डधारिणा पूर्वं विष्णुना रक्षिता त्रयी ।
दत्तात्रेयस्वरूपेण लोके पाखण्डसङ्कुले ॥ ५३ ॥
अकरोत् पञ्चसंस्कारान् पूर्णं श्रीशैलपूर्वकः

(प्रपन्नामृतम्, अध्याय १९)

शिवभक्त गोविन्दाचार्यका समर्थकहरूलाई सम्बोधन गर्दै भगवान् शङ्करद्वारा उपदिष्ट विषयहरूको निर्देश यसमा गरिएको छ। कालहस्तीश्वर भगवान् शङ्करले आफ्ना उपासक भक्तहरूलाई स्वप्नमा यी वाक्यहरूको उपदेश गर्नुभयो - हे भगवन् जब पाखण्डी बौद्ध, चार्वाकहरूले वैदिक धर्मको लोप गरे, त्यस अवसरमा दत्तात्रेयको स्वरूपद्वारा त्रिदण्डधारी विष्णु भगवान्ले ऋक्, यजुः तथा सामवेदको रक्षा गर्नुभएको थियो। त्यही प्रयोजनका लागि अहिले पनि शेष, गरुड र पाञ्चजन्य शङ्खको अवतारस्वरूप रामानुजाचार्य, गोविन्दाचार्य र दाशरथि जस्ता महापुरुषहरूले अवतार लिनुभएको छ। यादवप्रकाशाचार्यसँग गङ्गास्नान गरिरहेको स्थितिमा मैले नै यो शिवलिङ्ग प्रदान गरेका थिए गोविन्दाचार्यलाई। अहिलेसम्म यिनले निष्ठापूर्वक यसको पूजन गरे। यिनी गरुडका अंश भएकाले यिनले मेरो अधीनमा रहनुपर्छ भन्ने कुनै सर्त छैन अर्थात् मेरो नै पूजा गरेर बसिरहनुपर्दछ भन्ने कुनै कर्मवश्य नियम छैन तसर्थ तिमीहरूले यिनलाई शैलपूर्णाचार्यको उपदेशअनुसार श्रीवैष्णवमतानुयायी बन्नुबाट रोक्नु कुनै पनि रूपले उचित हुँदैन। यसरी भगवान् शङ्करले भन्नुभएको विषयवस्तुलाई उपस्थापन गर्दै गोविन्दका समर्थकहरूले भने - यी सबै विषयहरूको उद्बोधन हामीलाई रातको स्वप्नमा प्रदान गरी हाम्रो भ्रमलाई हटाइदिनुभयो। हे शैलेश, अब हाम्रो कलह स्वयं भगवान् शङ्करले समाप्त गरिदिनुभएको छ। अब तपाईं उहाँलाई सहर्ष स्वीकार गर्नुहोस्, हामीबाट भएका अपराधहरूलाई क्षमा गरिदिनुहोला। शिवभक्तहरूले उक्त कुरा भनिसकेपछि शैलेशस्वामीसँग गोविन्दाचार्यले वेङ्कटाद्रि गएर विधिपूर्वक पञ्चसंस्कार ग्रहण गर्नुभयो। त्यसपछि गोविन्दाचार्यले द्राविडागम आदि सम्प्रदायका रहस्यपरक ग्रन्थहरूको अध्ययन गरी रामानुजाचार्यको अन्तरङ्ग शिष्य भएर रहेको जीवनवृत्तान्त सर्वथा आत्मसात् गर्न योग्य छ। गुरु-शिष्यको सम्बन्धको चर्चा गर्दा यहाँसम्म भनिएको छ- जसरी श्रीरामको सेवा दत्तचित्त भएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भाइ लक्ष्मणले गर्नुभएको थियो त्यही शेषत्वको निर्वहण गोविन्दाचार्यले पनि गरे। यसको उदाहरणस्वरूप रामानुजाचार्यले आफू वैकुण्ठ जाने क्रममा आफ्नो शिरोभागलाई गोविन्दाचार्यको काखमा राख्नुभएको थियो। यो आचार्यनिष्ठाको प्रतिफल हो। त्यसैले रामानुजाचार्यका धेरै शिष्यहरूमध्ये प्रियतम अन्तरङ्ग शिष्यका रूपमा गोविन्दाचार्य अन्यतम हुन्।

(ङ) धनुर्दास

श्रीमतीका सुन्दर आँखावाट आकृष्ट धनुर्दासलाई रामानुजाचार्यले भगवत्सौन्दर्यको अनुभव गराई आचार्यको अनन्यसेवक बनाउनुभएको थियो। जसले गर्दा रामानुजाचार्यका परिगणित विशिष्ट शिष्यहरूमध्ये धनुर्दास पनि एक महनीय र स्मरणीय शिष्यका रूपमा सुपरिचित छन्। जसको गणना पाँच जना शिष्यहरूअन्तर्गत पर्दछ। यद्यपि रामानुजाचार्यका शिष्यहरूको सङ्ख्या विशाल छ। तथापि मोटामोटी रूपमा केही चर्चित आचार्यनिष्ठ शिष्यहरूको मात्र सङ्क्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको हो। यसका अतिरिक्त अरू पनि शिष्यहरू छन्, जसको उल्लेख यसमा भएको छैन।

१.२२ केही उल्लेख्य विशेषताहरू

बाह्र वर्षसम्म रामानुजाचार्य यादवाद्रिमा बसेर अद्भुत कार्यहरू सम्पन्न गर्नुभयो। शेषरूप प्रदर्शन गरेर त्यहाँको जैन राजालाई श्रीवैष्णव सिद्धान्तमा जोड्न सफल हुनुभयो त्यस्तै सम्पत्कुमार भगवान्को प्रतिष्ठापन गरेर दिल्लीको राजकुमारीको उद्धार गर्नुभयो। आफूलाई गुन लगाउने चण्डालहरूलाई समेत भगवान्को सेवा गर्ने अवसर प्रदान गराउनुभयो। यादवाद्रि भगवान्को वैभवलाई अलोकित गर्दै त्यहाँका नरनारी सबैमा अलौकिक आनन्द प्रदान गरी कृतकृत्य बनाउनुभयो। वैदिक धर्मका विरोधीहरूलाई परास्त गरी सनातन श्रीवैष्णव धर्मको विजयवैजयन्तीलाई फैलाउनुभयो। अर्चाविग्रह र उत्सवविग्रहको शास्त्रीय परम्परालाई सञ्चालन गर्ने व्यवस्थालाई सुदृढीकरण गर्नुभयो। भगवदाराधना पद्धतिले पूजा सञ्चालन गर्नका लागि त्यसको मर्म र शास्त्रीयतालाई उपदेशका माध्यमले उद्बोधित गर्दै त्यसप्रति दृढविश्वास र आस्था जागृत गराउनुभयो। यस्ता अनेकौं विलक्षण सत्कार्यहरू सम्पन्न गर्दै रामानुजाचार्य यादवाद्रि क्षेत्रमा बाह्र वर्षसम्म निवास गर्नुभएको थियो। त्यस्तै श्रीवेङ्कटाद्रि, श्रीकाञ्ची आदि दिव्यक्षेत्रहरूमा निवास गरेर सत्शास्त्रको अध्ययनअध्यापन, अनुसन्धान, अनुशीलन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्दै परमवैदिक श्रीवैष्णव धर्मको सर्वोच्चता र प्रामाणिकतालाई स्थापित गर्नुभयो । श्रीवैष्णव सिद्धान्तको दिगन्तव्यापी अभिवृद्धिका लागि शास्त्रका पारङ्गत वेदवेदान्तका विद्वान् भक्तिप्रपत्तिका रहस्यलाई राम्ररी बुझेका ७४ जना आचार्यहरूलाई पीठाधीशका रूपमा स्थापित गर्नुभयो । जसले गर्दा श्रीवैष्णव सिद्धान्तको प्रामाणिकताका साथ प्रचार-प्रसारको अविच्छिन्न परम्परा निर्बाध रूपले अद्यावधि प्रवाहित र जागृत हुँदै आएको छ । ती मध्ये ४ जना योग्यतम शिष्यहरूलाई भाष्यसिंहासनाधीश बनाएर श्रीसम्प्रदाय परम्परालाई सर्वदेश, सर्वकाल, सर्वावस्थामा दिग्दिगन्तरव्यापिनी बनाउँदै यसको वैभववैजयन्ती फैलाउन अविस्मरणीय योगदान गर्नुभयो । ज्ञानपुत्र सर्वातिशयेन विद्यावैभवशाली श्रीकूरुकेश्वरलाई उभय वेदान्तको पदवीद्वारा विभूषित गरेर ज्ञान र वैदुष्यको विशेषतालाई प्रतिष्ठापित गर्नुभयो । यहाँ उभय वेदान्त भन्नाले संस्कृत वेदान्त र द्राविड वेदान्तलाई लिइन्छ । यसरी ६० वर्षसम्म श्रीरङ्गम्मा रहेर परमवैदिक श्रीवैष्णव सिद्धान्तको प्रचुर प्रचारप्रसार गरेको कारण रामानुजाचार्यको दार्शनिक तथा आध्यात्मिक प्रभाव सर्वथा अविस्मरणीय रूपमा रहेको छ ।

एक दिन भगवान् श्रीरङ्गनाथसँग प्रार्थना गर्दै रामानुजाचार्यले भन्नुभयो- हे भगवन् अब श्रीवैष्णव सिद्धान्त सदा अकुण्ठित रूपले चलिरहोस्, यो सुनेर स्वयं श्रीरङ्गनाथ भगवान् श्रीवैष्णव सिद्धान्तलाई अभय प्रदान गर्नुभएको प्रसङ्ग रामानुजाचार्य वैभवप्रकाशक ग्रन्थहरूमा सप्रमाण उल्लेख गरिएको छ । यस्ता रामानुजाचार्य, आचार्य, विशिष्ट कोटिका महनीय सन्त, विशिष्टाद्वैत दर्शनका सर्वोत्कृष्ट प्रचारक र उपदेशका रूपमा समेत सुप्रसिद्ध हुनुभयो ।

रामानुचाजर्यद्वारा वैकुण्ठ जाने क्रममा शिष्यहरूका बिचमा दिइएका प्रेरणादायी पारमार्थिक उपदेशहरूमध्ये निम्नाङ्कित केही विशेष उपदेशहरू अनुसन्धेय मानिन्छन्-

श्रीभाष्यं द्रविडागमप्रवचनं श्रीशस्थलेष्वन्वहम् ।
कैङ्कर्यं यदुशैलनित्यवसतिः सार्थद्वयोच्चारणम् ॥
यद् वा भागवताभिमानवसतिः श्रेयः सतामित्यलम् ।
शिष्यान् प्राह यतीश्वरः परमगाद् विष्णोः पदं शाश्वतम् ॥ १८ ॥

(श्रीप्रपन्नामृतम् ६७ । १८)

अर्थात् श्रीभाष्यम् ग्रन्थको नित्य श्रवण गर्ने, त्यो सम्भव नहुदाँ श्रीशठकोप आदि दिव्यसूरिद्वारा अभिव्यक्त र नित्यानुभूत दिव्य प्रबन्धहरूको अभ्यास गरेर अनुसन्धानपूर्वक शिष्यहरूलाई प्रवचनात्मक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपदेश गर्ने । यो पनि गर्न समर्थ नहुदा श्रियःपति भगवान्का अभिमत मुक्तिनारायण, बदरीनारायण, वेङ्कटाद्रि, श्रीरङ्गम्, आदि दिव्य देशहरूमा बसेर भगवत्सेवा, भागवतसेवा जस्ता स्तुत्यकृत्यहरू गर्दै जीवनयापन गर्ने, वा यादवाद्रिमा (मेलुकोटे, कर्णाटक) नित्यवास गर्ने । प्राकृतिक सौन्दर्यको धनी यो क्षेत्र अत्यन्त रमणीय छ । त्यो पनि सम्भव नभए अर्थानुसन्धानका साथ द्वयमन्त्रको जप गर्ने । यसलाई पनि जीवनमा उतार्न नसके भगवान्का अभिमत भक्तहरूको सान्निध्यमा रहेर जीवनयापन गर्ने । यी र यस्ता सत्कृत्यहरू नै सज्जनका लागि कल्याणकारी उपाय हुन् । अरू धेरै गर्नपर्ने आवश्यकता छैन भन्दै ज्ञानीहरूमा श्रेष्ठ रामानुजाचार्यले शिष्यहरूलाई उपदेश गर्नुभयो । त्यसपछि शाश्वत धाम जानुभयो ।

फलतः वैष्णव दर्शन र वैष्णव जनको महिमा बताउँदै भनिएको छ–

अर्चाविष्णौ शिलाधीर्गुरुषु नरमतिर्वैष्णवे जातिबुद्धिः।
विष्णोर्वा वैष्णवानां कलिमलमथने पादतीर्थेऽम्बुबुद्धिः॥
सिद्धे तन्नाममन्त्रे कलिकलुषहरे शब्दसामान्यबुद्धिः।
श्रीशे सर्वेश्वरेशे तदितरसमधीर्यस्य वा नारकी सः॥ ८५॥

(श्रीप्रपन्नामृतम् अ ६५, पृ. २६९)

अर्थात् भगवान्को अर्चाविग्रहमा पाषाणबुद्धि, गुरु जनमा मानवीय दृष्टि, विष्णुका भक्तमा जातिगत भाव, कलिमललाई नाश गर्ने विष्णु वा वैष्णव जनको चरणोदकमा सामान्य जनको भाव, कलिकालको पापलाई हरण गर्ने सिद्धस्वरूप भगवान्को नाममन्त्रमा शब्द सामान्य बुद्धि, सर्वेश्वर श्रीमन्नारायणमा त्यस भिन्न देवताको समान बुद्धि जसको छ, त्यो नर्कगामी हुन्छ । त्यसकारण यस्ता निषिद्ध आचरणबाट सर्वथा सावधान भएर दिनचर्यालाई संयमित बनाउनुपर्छ । यस्ता अनेकौं मार्मिक तथा उत्प्रेरक उपदेशहरू दिएर आफ्ना शिष्यलाई उपकृत गर्नुभएको थियो । त्यस्ता त्रिकाल वन्दनीय रामानुजाचार्यका वैभवपूर्ण निर्मल चरित्र सर्वथा स्मरणीय छन् ।

अतएव उहाँका १०८ नाममध्ये **प्रकटीकृतवैभवः** नाम रहेको र त्यसको सार्थकता पनि प्रमाणित भएको तथ्य स्पष्ट छ ।

१.२३ परमपद

तद्विष्णो परमं पदम् (शु.य.अ.६, कण्डिका ५) यो श्रुतिप्रमाणका आधारमा श्रीवैष्णव परम्परामा दिवङ्गत भएको अवस्थालाई **परमपद** भन्ने प्रचलन छ । जसको चर्चा योभन्दा पूर्व पनि यत्रतत्र भइसकेको छ । त्यसैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ पनि भगवद्रामानुजाचार्यको तिरोभाव कालको सङ्केतका रूपमा परमपद शब्दको प्रयोग गरिएको हो ।

माथि उल्लेख भएअनुसार श्रीवैष्णव धर्म र विशिष्टाद्वैतवेदान्तको वैभवलाई फैलाउँदै शिष्यहरूलाई दिव्योपदेशद्वारा अनुगृहीत गरेर जीवनको उत्तरार्धमा प्रवेश गर्दै जाँदा रामानुजाचार्यलाई आफ्नु इहलीला अन्तिम हुँदै गएको भान हुन थाल्यो। त्यसैले आफ्नु उत्तराधिकारीका रूपमा उच्चकोटिका विद्वान् तथा अलौकिक प्रतिभाका धनी आफ्ना शिष्य पराशरलाई चयन गर्ने इच्छा भयो। तत्सम्बन्धी व्यवस्थापन गर्न मठको प्रचलित परम्पराअनुसार श्रीरङ्गनाथ भगवान्को सन्निधिमा पराशर भट्टरलाई बोलाएर भगवान्को सन्निधिमा साष्टाङ्ग अभिवादन गराई रामानुजाचार्यले सर्वप्रथम तीर्थ, शठारि, प्रदान गराउनुभयो। त्यसपछि उहाँलाई उत्तराधिकारीका रूपमा स्थापित गराउने कार्य सम्पन्न गर्नुभयो। त्यस अवसरमा आफूले पनि तीर्थ, शठारि आदि ग्रहण गरी श्रीवैष्णव जनहरूका बिचमा सम्बोधन गर्दै भन्नुभयो- पराशरभट्टर श्रीरङ्गनाथ भगवान्का पुत्र तथा विशिष्ट प्रतिभाका धनी श्रीवैष्णव सिद्धान्तका ओजस्वी प्रवर्धक आचार्य पनि हुन्। अतः आजदेखि यिनले यस मठका स्वामी भएर यसको संरक्षण तथा संवर्धन गर्ने छन्। अब म यस लीलाविभूतिबाट विश्राम लिने विचार गरिरहेको छु। तपाईंहरू कसैले पनि मेरो वियोगमा प्राणत्याग नगर्नुहोला। मबाट भएका अपराधहरूलाई क्षमा गरिदिनुहोला भन्दै करबद्ध प्रार्थना गर्नुभयो। यसरी सबैलाई वैष्णवदर्शन र वैष्णवजनहरूको महिमा र महत्त्वलाई बताउँदै १२० वर्षको उमेरमा माघशुक्लपक्ष, दशमी तिथि, मङ्गलवारका दिन मध्याह्नकालमा रामानुजाचार्यको वैकुण्ठगमन भएको थियो। यसलाई स्पष्ट गर्दै भनिएको छ - **एतेषां (निर्वाण) परमपदप्राप्तिः (क्रि.श.११३७) दुर्मतिसंवत्सरस्य माघशुक्लदशम्याम् आर्द्रानक्षत्रयुते दिन एवेति, आयुः कालः १२० वर्षाणीति च निर्णीयते विमर्शकैः**। अर्थात्- तदनुसार विक्रमसंवत् ११९४ इ.स.११३७ दुर्मति नामक संवत्सरको माघशुक्लदशमी तिथिको आर्द्रानक्षत्र युक्त दिनमा एक सय बिस वर्षका उमेरमा रामानुजाचार्यको परमपद प्राप्ति भएको हो भन्ने विमर्शक विद्वान्हरूद्वारा निर्णय गरिएको छ। (श्रीभाष्यम्, प्रथमसम्पुट प्रास्ताविकम् पृ.२०)।

१.२४ कृति

रामानुजाचार्यले विशेष गरेर वेदान्त दर्शनलाई आलोकित गर्न भाष्यसहित ५ ग्रन्थहरूको रचना गर्नुभएको पाइन्छ। ती हुन् : १.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वेदार्थसङ्ग्रह २. श्रीभाष्यम् ३. वेदान्तसार ४. वेदान्तदीपः ५. गीताभाष्यम्। यसका अतिरिक्त अन्य ग्रन्थहरूमा रहस्यकेन्द्रित तथा आराधनाप्रधान ग्रन्थहरूको रचना गर्नुभएको छ। ती निम्नअनुसार रहेका छन्- ६. शरणागतिगद्यम् ७. श्रीरङ्गगद्यम् ८. श्रीवैकुण्ठगद्यम्, ९. नित्यग्रन्थः। यसरी दुई प्रकृतिका ९ ग्रन्थहरू रामानुजाचार्यद्वारा लेखिएका छन्। यी सबै ग्रन्थहरू अद्यावधि सुलभ पनि छन्। त्यसमा पनि वेदान्त दर्शनप्रधान ग्रन्थहरूमा संस्कृत, हिन्दी, मराठी, बङ्गाली तथा द्राविड भाषामा विशिष्ट व्याख्या, विवरण, टीकाहरू लेखेर विद्वान्हरूले रामानुजाचार्यको दार्शनिक सिद्धान्तको वैभव र प्रभावलाई विपुलीकृत गर्दै आएका छन्। रामानुजाचार्यका कृतिहरूको उल्लेख गर्दै **गुरुपरम्पराप्रभावम्** भनिएको छ- **गीताभाष्यं भूष्यवेदान्तभाष्यं सारं दीपं किं च गद्यत्रयं च। वेदार्थानां सङ्ग्रहं नित्ययोगं प्राहैतान् यस्तं यतीन्द्रं भजेऽहम्॥** अर्थात्- भगवद्गीताभाष्यम्, वेदान्तभाष्यम्, जसको प्रसिद्धि **श्रीभाष्यम्**का नामले भएको छ, यसलाई **शारीरकमीमांसाभाष्यम्** पनि भनिन्छ। त्यस्तै वेदान्तसारः, वेदान्तदीपः, वेदार्थसङ्ग्रह, शरणागतिगद्यम्, श्रीरङ्गगद्यम्, श्रीवैकुण्ठगद्यम् यी तीन ग्रन्थलाई गद्यत्रयम् पनि भनिन्छ। त्यसपछि **नित्यग्रन्थः**, यसमा भगवदाराधनासम्बन्धी विषयलाई एकीकृत गरेर निरूपण गरिएको छ। विशेषतः पाञ्चरात्रागमका आधारमा भगवदाराधना गर्ने पद्धति यसमा निर्दिष्ट छ। यसरी नौओटा ग्रन्थहरूलाई जसले आविष्कृत गर्नुभयो त्यस्ता ज्ञानीजनहरूमा श्रेष्ठ रामानुजाचार्यको म भजन गर्दछु भनी अत्यन्त श्रद्धा र सम्मानका साथ ग्रन्थका नाम र ग्रन्थकार आचार्यको स्मरण यस श्लोकमा गरिएको छ।

यसमा कसैकसैले तीन गद्यलाई गद्यत्रयम् एक समष्टि ग्रन्थका रूपमा स्वीकार गर्दै एउटै ग्रन्थ हो भन्ने मत अगाडि सारेका छन्। यस्तो स्थितिमा सातओटा मात्र ग्रन्थहरू हुन्छन्। तर यो मत सर्वस्वीकार्य छैन। त्यसैले रामानुजाचार्यका नौ ग्रन्थहरू नै हुन् भन्ने मत स्थापित छ। यो नै प्रायः सर्वस्वीकार्य पनि छ। अब यी ग्रन्थहरूको सङ्क्षिप्त परिचय यथाक्रमले प्रस्तुत गरिन्छ।

क. वेदार्थसङ्ग्रह

रामानुजाचार्यको पहिलो ग्रन्थ वेदार्थसङ्ग्रह हो। कुन कालमा यो ग्रन्थ रामानुजाचार्यद्वारा लेखियो त्यसको स्पष्ट निर्देश कहीँ पनि गरिएको पाइँदैन। उपनिषत्प्रतिपाद्य विषयवस्तुलाई सङ्ग्रह गरेर विशिष्टाद्वैतवेदान्तका मूलभूत सिद्धान्तहरू यसमा प्रस्फुटित छन्। किनभने वेदान्त भनेको नै उपनिषद् हो। उपनिषद् प्रमाणका आधारमा नै वेदान्तका सिद्धान्तहरू निर्धारित हुन्छन्। यसमा सबै प्रामाणिक उपनिषद्हरूको सारलाई सङ्ग्रह

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेर विशिष्टाद्वैतवेदान्तका मौलिक सिद्धान्त र चिन्तनहरू दार्शनिक शैलीमा विवेचित छन् । उपनिषद्हरूको मूलभूत अभिप्रायलाई प्रस्फुटन गर्नका लागि नै रामानुजाचार्यले यो ग्रन्थ लेख्नुभएको हो ।

यसमा श्रुति, स्मृति, पुराण, इतिहास, आगम आदि प्रमाणद्वारा निर्विशेषाद्वैतवादको खण्डन गर्दै सविशेषाद्वैतवादलाई स्थापित गरिएको छ। रामानुजाचार्यले उपनिषद्हरूको व्याख्याका रूपमा यो ग्रन्थ लेख्नुभएको कारण शङ्कराचार्यको झैं उपनिषत्केन्द्रित पृथक् व्याख्या वा भाष्य गर्न आवश्यक ठान्नुभएन । फलतः विशिष्टाद्वैतसिद्धान्तको उपनिषद्भाष्य नै वेदार्थसङ्ग्रह हो । यो नै प्रस्तुत ग्रन्थको सङ्क्षिप्त परिचय हो ।

ख. श्रीभाष्यम्

ब्रह्मसूत्रहरूमाथि लेखिएका भाष्यहरूमध्ये प्रामाणिक भाष्यका रूपमा यो भाष्यग्रन्थको विश्वप्रसिद्धि छ। जसरी महाभाष्यको नाम सुन्नासाथ पतञ्जलिकृत पाणिनिसूत्रमाथि गरिएको भाष्यग्रन्थ हो भन्ने जानिन्छ त्यस्तै श्रीभाष्यम्को नाम श्रवण गर्नासाथ वेदान्तवाङ्मयमा रामानुजाचार्यकृत विशिष्टाद्वैतवेदान्ताभिमत सिद्धान्तको विवेचक प्रामाणिक भाष्यग्रन्थ हो भन्ने कुरो स्वतः अवगत हुन्छ ।

कृष्णद्वैपायन वेदव्यासकृत ब्रह्मसूत्रहरूमाथि गरिएको विस्तृत तथा प्रामाणिक व्याख्यारत्न श्रीभाष्यम् हो । यसलाई शारीकमीमांसाभाष्यम् पनि भनिन्छ । ब्रह्मसूत्रको आशयलाई प्रकाश पार्ने वृत्तिग्रन्थहरूमध्ये बोधायनकृत ब्रह्मसूत्रवृत्ति सर्वोत्कृष्ट सर्वप्राचीन र सर्वथा प्रामाणिक मानिन्छ । त्यसैका आधारमा रामानुजाचार्यले यसमा सूत्रार्थको विस्तृत व्याख्या गर्नुभएको छ। जसको पुष्टि गर्दै प्रतिज्ञावाक्यको प्रारम्भमा नै भनिएको छ- **भगद्बोधायनकृतां विस्तीर्णां ब्रह्मसूत्रवृत्तिं पूर्वाचार्याः सञ्चिक्षिपुः तन्मतानुसारेण सूत्राक्षराणि व्याख्यास्यन्ते । (श्रीभाष्यम्, प्रथमसम्पुटः)**

अर्थात्- भगवान् बोधायनद्वारा प्रणीत विस्तृत ब्रह्मसूत्रवृत्तिलाई टङ्क, द्रमिड, ब्रह्मानन्दी आदि प्राक्कालिक महामनीषी आचार्यहरूले सङ्क्षिप्त गर्नुभयो । त्यही मतानुसार ब्रह्मसूत्रका अक्षरहरूको व्याख्या गरिने छ भनेर रामानुजाचार्यले मङ्गलाचरणपश्चात् उक्त वाक्यको उल्लेख गर्दै श्रीभाष्यम् ग्रन्थको रचना गर्न प्रारम्भ गर्नुभएको छ । यसमा भाष्यका सबै लक्षणहरू अक्षरशः घट्तछन् । शास्त्रकारहरूद्वारा भाष्यको लक्षण यस प्रकार गरिएको छ- **सूत्रार्थो वर्ण्यते यत्र पदैः सूत्रानुसारिभिः । स्वपदानि च वर्ण्यन्ते भाष्यं भाष्यविदो विदुः ॥**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात्- जसमा सूत्रका अनुसार पदहरूद्वारा सूत्रार्थको वर्णन गरिन्छ, सूत्रमा घटक पदहरूको पनि वर्णन गरिएको छ भने त्यो भाष्य हो भनी भाष्यको परिभाषा गरिएको छ। यी सबै लक्षणहरूका आधारमा रामानुजाचार्यले व्यासका शिष्य बोधायनको वृत्तिलाई सर्वोपरि प्रमाण मानेर ब्रह्मसूत्रहरूको समुचित र युक्तिसङ्गत व्याख्या गरेको कारण नै यो ग्रन्थलाई वेदान्त वाङ्मयमा अत्यन्त प्रामाणिक भाष्यका रूपमा सबै आचार्यहरूद्वारा स्वीकार गरिएको छ।

यसमा पूर्वाग्रहमुक्त भएर अद्वैतवादका दुर्बलतालाई सप्रमाण प्रतिपादन गरी विशिष्टाद्वैतवादको प्रामाणिकतालाई प्रतिष्ठापित गरिएको छ। सबै सूत्रका वस्तुगत मर्मलाई उद्घाटित गरिएको छ। भेदप्रतिपादक र अभेदप्रतिपादक श्रुति वाक्यहरूको तात्पर्यलाई राम्ररी उपस्थापन गरेर सबैको सामञ्जस्य विशिष्टाद्वैत वा सविशेषाद्वैतमा नै हो भन्ने वेदान्त सिद्धान्तलाई प्रतिष्ठापित गर्न घटक श्रुति वाक्यहरूको अवलम्बन गरिएको छ। चार अध्यायहरूमा विभक्त ब्रह्मसूत्र ग्रन्थमा चार पादहरू छन्। यसमा आचार्यको मतानुसार ५४५ सूत्रहरू र १५६ अधिकरणहरू छन् भनी उल्लेख गरिएको छ। सूत्रार्थ गर्ने क्रममा तत्त्व, हित र पुरुषार्थको राम्ररी उपपत्तिपूर्वक निर्वचन गरिएको छ। यसको शैली अत्यन्त सरल, वेदान्तमा प्रारम्भिक प्रवेश भएका जिज्ञासुहरूले राम्ररी बोध गर्न सकिने, जति यसको आस्वादन गर्दै गयो, त्यति नै उत्सुकताका साथ आस्वादन गर्न मन लागी राख्ने, स्वसिद्धान्त स्थापना गर्ने क्रममा कसैलाई पनि व्यक्तिविशेषको नाम उल्लेख नगरी सिद्धान्तको वस्तुगत विवेचन गरिएको आक्षेपमुक्त प्राञ्जल भाषामा प्रवाहित श्रीभाष्यम्का ग्रन्थगत विशेषता र मौलिकताहरू सर्वथा महनीय र स्पृहणीय छन्। फलतः विभिन्न कालखण्डमा यसमाथि विशिष्ट विद्वान्हरूद्वारा अतिसङ्क्षिप्त, अतिविस्तृत र मध्यमस्तरीय अनेकौं व्याख्या, उपव्याख्या, टीका, टिप्पणी, विवरण लेखेर यसको गौरव र महनीयतालाई समृद्ध गरिँदै आइएको छ। अहिलेसम्म यसमा लेखिएका प्रामाणिक तथा विशिष्ट संस्कृत व्याख्या वा टीकाहरू यस प्रकार छन्-

व्याख्या	व्याख्याकार
१. श्रीभाष्यविवरणम्	श्रीविष्णुचित्तार्य
२. नयप्रकाशिका	श्रीमेघनादारिसूरि
३. श्रीभाष्यभावप्रबोधनम्	श्रीमेघनादारिसूरि
४. वेदान्तन्यायसुदर्शनम्	श्रीवरदनारायणभट्टारक
५. श्रुतिप्रकाशिका	श्रीसुदर्शनसूरि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. श्रुतप्रदीपिका	श्रीसुदर्शनसूरि
७. तत्त्वटीका	वेदान्ताचार्य
८. मूलभावप्रकाशिका	श्रीरङ्गरामानुजमुनि
९. श्रीभाष्यभूषणमूलक्ष्मीपुरं	श्रीनिवासाचार्य
१०. गूढार्थसङ्ग्रह	श्रीअभिनवरङ्गनाथब्रह्मतन्त्रपरकालस्वामी
११. भाष्यार्थदर्पणः	श्रीउत्तमूरवीरराघवाचार्य

यसका अतिरिक्त **संस्कृत संशोधन संसत्** मेलुकोटेबाट यही ग्रन्थलाई आधार बनाएर विशिष्टाद्वैतकोश तयार गरी विभिन्न आधिकारिक विद्वान्हरूद्वारा त्यसको सम्पादन गराई अकारादिक्रमले ६ भागमा विशिष्टाद्वैतका पारिभाषिक शब्दहरूको सङ्ग्रह गरी प्रकाशित गरिएको छ। यसका प्रत्येक शब्दहरूको व्युत्पत्तिगत र मूलभूत अर्थको विवरण दिएर सप्रमाण पारिभाषिक शब्दहरूको स्वरूप स्पष्ट गरिएको छ। त्यस्तै तमिल, तेलुगु, बङ्गला, गुजराती, अङ्ग्रेजी, फारसी, नेपाली आदि अनेकौं भाषामा पनि विद्वान्हरूले प्रामाणिक व्याख्या गरेर यसको महनीयतालाई उजागर गर्दै आएका छन्।

ब्रह्मसूत्रको तात्पर्यलाई वस्तुगत रूपमा प्रकाशित गर्न यो भाष्यको अध्ययन नगरी कुनै पनि वेदान्तको सैद्धान्तिक ज्ञान अपूर्ण हुन्छ भन्ने मान्यता वेदान्तका अध्येता र अनुसन्धाताहरूको छ। त्यसैले कट्टर अद्वैती, द्वैताद्वैती, शुद्धाद्वैती, शुद्ध द्वैती सबैले कुनै न कुनै रूपमा श्रीभाष्यम्को अध्ययन अध्यापन र अनुसन्धान गर्दै आएको विद्यापरम्परा सर्वथा अविस्मरणीय छ। यसरी वेदान्त वाङ्मयमा यो ग्रन्थ सर्वोत्कृष्ट रूपमा समादृत छ।

ग. वेदान्तसार

यसमा वेदान्तका मूलभूत सिद्धान्तहरूको प्रतिपादन गरिएको छ। ब्रह्मसूत्रहरूको सङ्क्षिप्त व्याख्याका रूपमा पनि यसको प्रसिद्धि छ। श्रीभाष्यम् ग्रन्थको अध्ययनपूर्व यसको अध्ययन गर्नाले श्रीभाष्यप्रतिपाद्य विषयवस्तुको बोध गर्न अत्यन्त सरल र सहज हुन्छ। विशिष्टाद्वैतसिद्धान्तको यो परिचायक तथा प्राकरणिक ग्रन्थ हो। यसमा नेपालका महनीय साधक, व्याकरणशास्त्रका मूलभूत ग्रन्थ लघुकौमुदी, सिद्धान्तकौमुदी आदि अनेकौं ग्रन्थका विस्तृत व्युत्पत्तिपरक हिन्दी व्याख्याका स्रष्टा तथा विवेचक विद्वान् गोविन्दाचार्यद्वारा हिन्दीमा अत्यन्त सुन्दर तथा विस्तृत व्याख्या लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घ. वेदान्तदीप

विशिष्टाद्वैतवेदान्त प्रतिपाद्य सिद्धान्तको विवेचक तथा ब्रह्मसूत्रार्थको प्रकाशक यो ग्रन्थ दीपकको समान वेदान्तका रहस्यलाई छर्लङ्ग पार्ने भएको कारण नै यसको नाम सर्वथा चरितार्थ भएको प्रतीत हुन्छ। ब्रह्मसूत्रको अध्ययन गर्नुपूर्व यसको अध्ययन गर्नाले सूत्रार्थको बोध गर्न अत्यन्त सहज हुन्छ। विशेषतः श्रीभाष्यम् जस्तो गहन ग्रन्थको अध्ययन गर्न सर्वप्रथम वेदान्तदीपको अध्ययन, त्यसपछि वेदान्तसारको अध्ययन गरेर श्रीभाष्यम्को अध्ययन गर्दा श्रीभाष्यप्रतिपाद्य विषयवस्तुको ग्रहण गर्न अत्यन्त सहज हुन्छ। यही उद्देश्यले आचार्यले प्रारम्भिक ग्रन्थका रूपमा ग्रन्थद्वयको रचना गर्नुभएको हो भन्ने यसका अध्येता अनुसन्धाताहरूको अनुभव छ। यसरी श्रीभाष्यम्को अध्ययन गर्ने उपयोगी तथा व्युत्पादक ग्रन्थका रूपमा वेदान्तदीपको विशेष महत्त्व रहेको कुरो सबै कोणबाट प्रमाणित हुन्छ।

ङ. गीताभाष्यम्

श्रीमद्भगवद्गीता सम्पूर्ण उपनिषद्को सारस्वरूप हो, महाभारतको मूलमर्म हो। त्यसैले यसमा सबै आचार्यहरूद्वारा भाष्य लेखेर यसको पारमार्थिक वैशिष्ट्यलाई स्थापित गरिएको छ। यो स्वयं परमात्माद्वारा गान गरिएको दिव्यवाणीको मौलिक प्रतिनिधि ग्रन्थरत्न हो। यो ग्रन्थमा विशिष्टाद्वैताभिमत प्रामाणिक भाष्य लेखेर रामानुजाचार्य भाष्यकारका रूपमा समेत विश्वविख्यात हुनुभयो। जसमा कर्मयोग, ज्ञानयोग, भक्तियोग र प्रपत्तियोगको स्वरूपको सप्रमाण विवेचन गरिएको छ। शास्त्रकारहरूको निष्कर्ष छ- सम्पूर्ण शास्त्रको सार वेद हो भने वेदको सार उपनिषद्, उपनिषद्को सार श्रीमद्भगवद्गीता हो भने त्यसको सार शरणागति। शरणागतिको वैभवलाई प्रकाश पार्न श्रीमद्भगवद्गीतामाथि प्रामाणिक भाष्य लेखेर रामानुजाचार्यद्वारा पारमार्थिक दृष्टि के हो ? त्यसको वास्तविक विवेचन गरेर अविस्मरणीय गुन लगाएको कुरो घाम जस्तै छर्लङ्ग छ।

यसरी विशेष गरेर वेदान्तको वास्तविक सिद्धान्तलाई प्रतिपादन गर्न भाष्यसहित पाँचओटा ग्रन्थहरूको रचना गरेर विशिष्टाद्वैतवेदान्तको विजयवैभवलाई प्रामाणिकताका साथ सर्वव्यापी रूपमा आलोकित गर्नुभयो रामानुजाचार्यले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

च. शरणागतिगद्यम्

गद्यत्रयमध्ये शरणागतिको रहस्यलाई प्रकाशित पार्न सबै शास्त्रको सार खिचेर सङ्ग्रहका रूपमा रचित गद्यात्मक वाक्यमा तयार गरिएको **शरणागतिगद्यम्** नामक ग्रन्थ पनि एउटा हो। यसमा भक्ति र प्रपत्तिका विषयहरू राम्ररी प्रकाशित गरिएका छन्। यो त्यस्तो गद्य हो जो सबै मुमुक्षुजनहरूका लागि अनुसन्धेय मानिन्छ। यद्यपि यो ग्रन्थ आकारका दृष्टिले धेरै लघु छ तापनि यसमा अभिव्यक्त विषयवस्तुहरू अत्यन्त गहन, सर्वथा मननीय र अनुसन्धेय छन्। शरणागतिको सारांश नै यो ग्रन्थ हो भन्दा अतिशयोक्ति नहोला।

उल्लेखनीय कुरो के छ भने **त्वमेव माता च पिता** यो श्लोक रामानुजाचार्यद्वारा शरणागतिको महत्तालाई प्रकाश पार्ने क्रममा उल्लेख गरिएको पाइन्छ। यो श्लोक आगमशास्त्रअन्तर्गत **विहगेन्द्रसंहिता**को हो। त्यसमा **त्वमेव बन्धुश्च गुरुः** भन्ने पाठ छ भने गीता प्रेसबाट प्रकाशित पुस्तकमा **त्वमेव बन्धुश्च सखा** भन्ने पाठ पाइन्छ। तत्सम्बन्धमा केही विद्वान् आचार्यहरूसँग जिज्ञासा राख्दा सर्वप्रथम रामानुजाचार्यको मुखबाट **बन्धुश्च गुरुः** भन्ने शब्द नै उच्चरित भएको कारण त्यो पाठ नै प्रामाणिक हो भनी समाधान गरिन्छ। प्रायः श्रीवैष्णव परम्परामा दिवङ्गत भएका जीवहरूको वैकुण्ठोत्सवका अवसरमा दिवङ्गत जीवका सम्बन्धीहरूले लम्पसार भएर साष्टाङ्गाभिवादन गर्ने र आचार्यद्वारा शरणागतिगद्यम्को अक्षरशः वाचन गर्ने प्रचलन छ। यो कर्म वैकुण्ठोत्सवको समाप्तिमा गरिन्छ। यसरी श्रीवैष्णव परम्परामा वैकुण्ठोत्सवको अनिवार्य अङ्गका रूपमा यसको पाठ गर्ने नियम छ।

छ. श्रीरङ्गगद्यम्

श्रीवैष्णवहरूका उपास्य इष्टदेव श्रीरङ्गनाथ भगवान् हुनुहुन्छ। बलरामज्यूले तीर्थयात्रा गर्ने क्रममा श्रीमद्भागवतमा श्रीरङ्गनाथको महिमाको वर्णन गर्दै भन्नुभएको छ -

श्रीरङ्गाख्यं महापुण्यं यत्र सन्निहितो हरिः (श्रीमद्भागवतम् दशमस्कन्ध अध्याय ८० श्लो.सं.१४)। अर्थात्- श्रीरङ्गनामक महान् पुण्यक्षेत्र हो, जहाँ स्वयं श्रीहरि विराजमान हुनुहुन्छ। त्यस्तै अन्यत्र पनि तीर्थहरूको महिमाको वर्णन गर्ने क्रममा श्रीरङ्गनाथक्षेत्रको वैभवको वर्णन गरिएको पाइन्छ। भगवद्भक्त विभीषणलाई दर्शन दिन यहाँ श्रीरङ्गनाथ भगवान् दक्षिणाभिमुख भएर रहनुभएको छ। प्रायः सबै महनीय चरित्र आचार्यहरूले यसको दर्शन गरेर आफू कृतकृत्य भएको चर्चा यत्रतत्र गरिएको छ। जुन क्षेत्रमा श्रीरङ्गनाथ भगवान्को सेवा गरेर श्रीरामानुजाचार्यले ६०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्ष बिताउनुभयो। त्यसको महिमा आचार्यद्वारा सङ्क्षेपमा यस गद्यमा व्यक्त गरिएको छ। आफ्नु इष्टदेवका रूपमा गोदाम्बासहित श्रीरङ्गनाथ प्रभुको अतुलनीय वैभव रहेको कारण नै सबै मुमुक्षुजनहरूका लागि यो गद्य सर्वथा अनुसन्धेय मानिन्छ। मुमुक्षुजनहरूको यो सर्वस्व निधि हो।

ज. वैकुण्ठगद्यम्

वैकुण्ठलोकको वैभवलाई प्रकाश पार्न यो लघुकाय **वैकुण्ठगद्यम्** नामक ग्रन्थ प्रवृत्त देखिन्छ। आचार्यद्वारा मुक्तजीवहरूको प्राप्य लोक कस्तो छ भन्ने विषयवस्तुलाई प्रदर्शन गर्न त्यसप्रति मुमुक्षुहरू अभिमुख बनुन् भन्ने उद्देश्यले शास्त्रमा वर्णित वैकुण्ठको महिमालाई सङ्ग्रह गरी सुललित गद्यमा वैकुण्ठको अलौकिक स्वरूपलाई संस्कृतको सरल भाषामा लेखेर आचार्यले ठूलो योगदान गर्नुभएको छ। यसलाई शास्त्रीय भाषामा वैकुण्ठलोक भनिन्छ।

यी सबै ग्रन्थहरूको रचना गर्दा महापूर्ण स्वामीको आज्ञा लिएर यामुनाचार्यका शिष्य वररङ्गाचार्यस्वामीसँग ६ महिनासम्म अध्ययन गरी उक्त तीन गद्यहरूको रचना रामानुजाचार्यले गर्नुभएको हो भनी रामानुजाचार्यको जीवनीमा सप्रमाण उल्लेख गरिएको छ। यसबाट प्रसन्न भएर वररङ्गस्वामीले आफ्ना कान्छा भाइलाई रामानुजाचार्यको शिष्य बन्न प्रेरित गर्नुभएको थियो। यसरी तीनओटा ग्रन्थहरू आकारका दृष्टिले लघु भए तापनि शरणागति, श्रीरङ्गनाथको महिमा र विशेषता, वैकुण्ठको वैभववर्णनका दृष्टिले उक्त गद्यत्रय सर्वथा महत्त्वपूर्ण र सर्वोत्तम छन्। यसमा प्रयुक्त भाषा तथा शैली सरस, सरल छ। समस्त पदावलीविभूषित यी तीन गद्यहरू श्रीवैष्णवसम्प्रदायका अनुगामीहरूका लागि सर्वोत्तम रत्न हुन् भने अन्य जिज्ञासुजनहरूका लागि पनि सर्वथा अनुसन्धेय र अनुशीलनीय छन्।

झ. नित्य ग्रन्थ

नित्य भगवदाराधनासम्बन्धी विषयलाई एकीकृत गरेर रामानुजाचार्यले पाञ्चरात्रागमका आधारमा यो अल्पकाय ग्रन्थको रचना गर्नु भएको हो। गद्यत्रयको अपेक्षा यो ग्रन्थ आकारको दृष्टिले केही ठूलो छ। प्रातःकालदेखि गरिने भगवान्‌को पूजाविधि यसमा उल्लिखित छ। श्रीसम्प्रदायमा नित्य भगवदाराधनाको ठूलो महत्त्व छ। अनिवार्य नित्यानुष्ठेय कर्म भएकोले तत्सम्बन्धी पद्धतिका रूपमा यो ग्रन्थ आविष्कृत भएको हो। यसलाई नित्याराधना ग्रन्थ पनि भनिन्छ। यसरी नौ प्रकारका ग्रन्थहरू लेखेर रामानुजाचार्यले वेदान्त दर्शन र भगवद्‌विषयको वैभव र प्रभावलाई आलोकित गर्नुभएको कुरो निर्विवाद सिद्ध हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वितीय खण्ड

(दार्शनिक वैभव, प्रभाव, अन्य वैष्णव वेदान्त-दर्शनहरूको सङ्क्षिप्त परिचय, समीक्षा र निष्कर्ष)

(क) दार्शनिक वैभव

२.१ वेद र वेदान्त

दर्शन वाङ्मयमा वेदान्त दर्शनको सर्वोपरि देदीप्यमान स्थान रहेको छ। वेद र अन्त यी दुई पदको समष्टि स्वरूप नै वेदान्त हो। त्यसमा वेद शब्दबोध्य अर्थको स्पष्टता नभई तद्घटित वेदान्तको स्वरूप स्पष्ट हुन सक्तैन। वेद भनेको ज्ञान-विज्ञानको अनन्त भण्डार हो भने अन्त भनेको त्यसको निचोड हो अर्थात् वेदको चरम निष्कर्ष नै वेदान्त हो। अतः सर्वप्रथम वेदान्त घटक वेदको मौलिक स्वरूपलाई वस्तुगत रूपमा प्रस्फुटित नगरी त्यसको निष्कर्षात्मक धारणा अभिव्यक्त हुन सक्तैन। ज्ञानार्थमा उपदिष्ट विद् धातुबाट भाव अर्थमा **घञ्** प्रत्यय जोड्दा वेदशब्द निष्पन्न हुन्छ (विद ज्ञाने, अदादि प्रकरणम्)। प्रकरणअनुसार धातुको अर्थ र व्युत्पत्तिका भेदले वेद शब्द अनेक अर्थमा प्रयुक्त छ। त्यसैले **विद् सत्तायाम्, विद् ज्ञाने, विद् विचारे, विदलृ लाभे** धातुहरू ती-ती अर्थबोधनमा उपदिष्ट छन्। फलतः वेद सत्तात्मक, ज्ञानात्मक, विचारात्मक र लाभात्मक स्वरूप हो भन्ने कुरो प्रमाणित हुन्छ। किनकि वेदको सत्ता कदापि बाधित हुँदैन, यसको सत्ता तीनै कालमा अबाधित रूपमा अक्षुण्ण भएर रहेको छ। अतः सत्तार्थक विद् धातुबाट वेदशब्दको निष्पन्न भएको हो। त्यसैका आधारमा कतिपय दार्शनिक विवेचकहरूले वेद मात्रलाई अनादि, अनन्त र अपौरुषेय मानेका छन्। यस कथनलाई पुष्ट गर्दै कूर्मपुराणमा भनिएको छ - **अनादिनिधना**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नित्या वागुत्सृष्टा स्वयम्भुवा (कूर्मपुराण पूर्वार्ध, अध्याय २) वेद स्वयम्भू ब्रह्माद्वारा प्रकट भएको आदि र अन्तरहित ईश्वरीय नित्यवाणी हो। शास्त्रमा यस्ता अनेकौं प्रमाण वचनहरू छन् जुन वचनहरूले वेदको अनादितालाई प्रबल युक्तिका आधारमा सिद्ध गरेका छन्।

ज्ञानार्थक विद् धातुबाट निष्पन्न वेद शब्दले विश्ववाङ्मयमा अनन्त ज्ञानको सर्वोत्कृष्ट भण्डार नै वेद हो भन्ने कथनको पुष्टि गरेको छ। किनकि वेदका कुनै त्यस्ता पद, पदसमुदाय, वाक्य वा अक्षरहरू छैनन् जसमा कुनै न कुनै विशेष अर्थ व्यक्त नभएको होस्। शास्त्रहरू ज्ञानका साधन हुन् भने वेद स्वयं ज्ञानस्वरूप हो। यसको सङ्केत गर्दै वेदान्त वाक्यहरूले वेद ब्रह्मरूप हो भनी व्याख्या गरेका छन्। एतावता यो सिद्ध हुन्छ-ज्ञान मात्रको मूल आधार वेद हो, सबै विद्यावैभवको मूलस्रोत वेद हो, अपूर्व ज्ञानको बोधक वेद हो।

विचार अर्थलाई बताउने विद् धातुबाट सिद्ध जो वेद शब्द छ, त्यसले विचारको मूलसागर वेद हो भन्ने कुरो प्रमाणित हुन्छ। तत्त्वनिर्णायक विचारप्रधान शास्त्रलाई दर्शन भनिन्छ। जसले मूलतः आत्मा, अनात्मा, जगत्प्रपञ्च आदिको विस्तृत ऊहापोहात्मक तात्त्विक विचार गर्दछ। जसको आदिबीज नै वेद हुन्छ, त्यसैले पाणिनिद्वारा **"विद्लृ विचारे"** धातुको उपदेश गरियो। त्यस्तो धातुको उपदेश नभएको भए वेद शब्द विचारार्थक सिद्ध हुन सक्तैनथ्यो। सर्वसत्तात्मक त्रिकालाबाधित स्वतः सिद्ध वेदबाट सबै विषयहरूको लाभ हुन्छ। त्यसैले विद्लृ लाभे धातुबाट पनि वेद शब्दको सिद्धि हुन्छ। यस प्रकारका विलक्षण अर्थहरूको बोधक वेदको वैशिष्ट्यलाई प्रस्फुटित गर्दै मनु भन्दछन्- **पितृदेवमनुष्याणां वेदश्चक्षुः सनातनम्** अर्थात् पितृ, देवता र मनुष्यहरूको दिव्य सनातन दृष्टि वेद हो। यी वेद वाक्यहरू स्वतः प्रमाण मानिन्छन्। ती ऋक्, यजुः, साम र अथर्वका भेदले चार प्रकारका छन् भनी शास्त्रकारहरूले बताएका छन् तापनि शाखा, उपशाखाका भेदले वेद अनन्त छन्। त्यसैले भनिएको छ- **अनन्ता वै वेदाः** यसमा पारमार्थिक विषयवस्तुलगायतका आध्यात्मिक, धार्मिक, सांस्कृतिक, सामाजिक सबै प्रकारका मार्मिक चिन्तनहरू प्रतिपादित छन्। यसरी लौकिक पारलौकिक दृष्टिले सर्वथा उपयोगी विश्वब्रह्माण्डको व्याख्याता तथा विवेचक वेद हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.२ वेदान्त दर्शन

वेदको आश्रय लिएर नै वेद प्रतिपाद्य ब्रह्म, आत्मतत्त्वको निष्कृष्ट तात्पर्यलाई प्रस्फुटन गर्न जुन दर्शनहरू प्रवृत्त भए, त्यसैलाई वेदान्त दर्शनका रूपमा परिभाषित गरिएको छ। यो दर्शन सर्वप्रथम उपनिषद्का रूपमा व्यक्त भएको हो भन्ने मान्यता यसका विवेचक तत्त्वदर्शीहरूको रहेको छ। वेदान्त दर्शन भनेकै एउटा विशिष्ट ज्ञानपरम्परा हो। आत्मज्ञान नै सर्वोत्कृष्ट ज्ञान भएकाले त्यसमा केन्द्रित भएर आत्मज्योतिलाई फैलाउने दर्शन नै सर्वोपरि वेदान्त दर्शनका रूपमा विश्वविख्यात भएको छ। यसको पुष्टि गर्दै आपस्तम्बकारले भनेका छन्- **"आत्मलाभान्न परं विद्यते"** अर्थात् आत्मलाभभन्दा उत्कृष्ट अरू कुनै तत्त्व छैन। किनकि आत्माको लाभ हुनु भनेको सर्वोत्कृष्ट ऐश्वर्यको प्राप्ति हो। फलतः यसको उपासना नै जीवनको परामार्थिक सर्वस्व हो अर्थात् परमार्थको अभिमुखीकरणमा यो नै प्रमुख साधन हो यसको साध्य आत्मबोध हो। जसको ज्ञानपछि जान्नुपर्ने केही पनि बाँकी रहँदैन। त्यस्तो आत्मतत्त्वलाई वस्तुगत रूपमा विवेचन गर्ने दर्शन नै वेदान्त दर्शन हो। त्यसैले दर्शनवाङ्मयमा वेदान्त दर्शनको सर्वोच्चता स्वतः सिद्ध छ।

यसमा विचारणीय विषय के छ भने अन्य विषयलाई सिद्ध गर्न प्रमाणको अपेक्षा हुन्छ भने वेदहरू स्वतः प्रमाण भएकाले तिनलाई सिद्ध गर्न प्रमाणान्तरको आवश्यकता पर्दैन। अतः त्यस्ता वेदहरूको निष्कर्षात्मक रूप नै वेदान्तविद्या हो, जसलाई पारमार्थिक विद्या पनि भनिन्छ। जो वेद घटित हुन्छ त्यो नै वेदान्त भएकाले वेदवेदान्तवेद्य परमात्मा हुन्छ भनी शास्त्रकारहरूले परिभाषा गरेका छन्। फलतः यो कथन सर्वथा प्रमाणित हुन्छ- वेदबिनाको वेदान्तको कल्पना नै असम्भव भएकाले वेदमूलक जो हो त्यो नै वेदान्त दर्शन हो। अतः अरू दर्शनले जसरी वेदवेदान्त प्रतिपाद्य ब्रह्मको विवेचन गर्नुपर्ने हो त्यसरी गर्न नसकेको कारण नै तिनीहरूमा वेदान्तत्वको सिद्धि हुन सक्तैन। एतावता पारमार्थिक दर्शनका रूपमा वेदान्त दर्शन स्थापित भएको विषय निर्विवाद पुष्ट हुन्छ। यसले जीवात्मा, परमात्मा र त्यसका भेद र सम्बन्धहरूलाई यथार्थतः वेद, उपनिषद् र वेदानुकूल स्मृति, इतिहास, पुराणका आधारमा प्रतिपादन गरेर निर्णय गर्दछ। यही नै यसको मौलिक विशेषता हो। ज्ञानको मूलभूत तात्पर्यलाई राम्ररी विचार गरी त्यसको वास्तविक स्वरूपलाई यो दर्शनले निर्धारण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्दछ। किनकि ज्ञान नै मोक्षको साधन हो। त्यो कसरी सम्भव छ- यसको निर्क्योल वेदान्त दर्शनले मात्र गर्दछ। ज्ञानबाट नै मोक्षको लाभ हुने भएकोले त्यसको स्वरूप स्पष्ट नभई मुमुक्षुले मोक्षरूपी फललाई प्राप्त गर्ने सम्भावना नै छैन। अतः त्यस्तो ज्ञानको विवेचक दर्शनलाई नै वेदान्त दर्शन भनिएको हो।

यो विषयलाई यसका प्रवर्तक आचार्यहरूले विभिन्न कोणबाट उपनिषद् वचनका आधारमा मन्थन गरेर आत्मतत्त्वको निष्कर्ष निकालेका छन्। ज्ञान र मोक्षको साध्य-साधनभावलाई सप्रमाण व्यवस्थापन गरेका छन्। प्रभूततपः शक्तिद्वारा सबै श्रुति वाक्यहरूको तात्पर्य अद्वैत ब्रह्ममा नै रहेको वेदान्तगत रहस्यलाई राम्ररी विवेचन गरेका छन्। ब्रह्मतत्त्वबाहेक सबै मिथ्या हो, अविद्याको कार्य हो भनी ब्रह्म र प्रपञ्चको वस्तुगत भेदलाई श्रुति, स्मृति, अनुभूति, र युक्तिद्वारा सिद्ध गर्न प्रयास गरेका छन्। यिनै विषयहरूको विचार गर्दै शङ्कराचार्यले अद्वैतवादलाई स्थापित गरे त्यसकारण त्यो वेदान्त अद्वैतवेदान्तका नामले विश्वविख्यात भयो। रामानुजाचार्यले चिदचिदविशिष्ट अद्वैतब्रह्मलाई सिद्ध गरे। त्यसैले त्यसको प्रसिद्धि विशिष्टाद्वैतवेदान्तका रूपमा भयो। यी दुईलाई निर्विशेषाद्वैत र सविशेषाद्वैत भनिन्छ। त्यसमा पनि विशिष्टाद्वैतीहरूले सबै प्रकारका श्रुति वाक्यहरूको सार्थकता र प्रामाणिकतालाई स्थापित गर्दै जगत्को सत्यता, अनित्यता र नश्वरतालाई देखाएका छन् भने शङ्कराचार्यले जगत्को सत्यतालाई सर्वथा निषेध गरेका छन् र ब्रह्मको सत्तालाई मात्र स्वीकार गरेका छन्। यसरी वेदान्त दर्शनको वैभव पारमार्थिक वेदान्त विद्याका रूपमा सर्वोपरि भएर रहेकोले यसको महनीयता दृढतापूर्वक स्थापित भएको छ।

२.३ विशिष्टाद्वैत

विशिष्टाद्वैतअन्तर्गत विशिष्ट र अद्वैत गरी दुई पदहरू छन्। विशेषण अर्थलाई बुझाउने **वि** उपसर्गपूर्वक **शिष्** धातुबाट **क्त** प्रत्यय जोड्दा विशिष्ट शब्द निष्पन्न हुन्छ। यसको अर्थ विशेषणले युक्त हो। त्यसपछि सङ्ख्यावाचक द्विशब्दपूर्वक गत्यर्थक इण्धातुबाट **क्त** प्रत्यय गर्दा द्वीत बन्दछ। **द्विधा=द्विप्रकारेण इतम्=बोधितम्** अर्थात् दुई किसिमले बोध गरिने जो हुन्छ, त्यसलाई **द्वीतम्** भनिन्छ। त्यसपछि **द्वीतस्य भावः** यस्तो व्युत्पत्तिका आधारमा भाव अर्थमा तद्धितीय **अण्** प्रत्यय गर्दा **द्वैतम्** शब्द

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निष्पन्न हुन्छ। जसको **द्वित्वम्** अर्थ हुन्छ। यो प्रक्रिया पूरा भएपछि **नद्वैतम्=अद्वैतम्** यस्तो नञ् तत्पुरुष समास गरिन्छ र **अद्वैतम्** शब्द निष्पन्न हुन्छ। यसको अर्थ द्वित्वको अभाव हो। यसरी अद्वैत शब्दबोध्य निष्कृष्ट अर्थ द्वित्वरहित, अद्वितीय, इतरवस्तुदेखि सर्वथा विलक्षण ब्रह्म नै हो। यस्तो ब्रह्मका विशेष गरेर दुईओटा विशेषणहरू छन्, ती हुन्- चित् र अचित्। त्यसमा चित् भनेको जीवसमुदाय हो भने अचित् भनेको चित्‌भिन्न प्रकृति। यी दुई विशेषणले युक्त जो अद्वैत तत्त्व हो, त्यसैलाई **विशिष्टाद्वैत** भनी परिभाषित गरिएको छ। यी दुईको ब्रह्मसँग भेदसहिष्णु अभेद सम्वन्ध हुन्छ अर्थात् चित् र अचित्‌देखि भिन्न भएर ब्रह्मको अस्तित्व स्थापित हुन नसक्ने भएकाले एकअर्काको भेदलाई सहन गर्दै अभेद रूपमा ब्रह्ममा रहने भएको कारण भेदसहिष्णु अभेद भनिएको हो। एतावता जहिले पनि ब्रह्मतत्त्व चिदचिद्‌विशिष्ट नै हुन्छ, त्यसैमा सबै श्रुति, स्मृति आदिको तात्पर्य रहेको छ। त्यसैले यसलाई सविशेषाद्वैत भनिन्छ। यो अनादि श्रुति-स्मृतिसिद्ध हुँदाहुँदै पनि विशेष गरेर रामानुजाचार्यले प्रचारप्रसार गर्दै यसको वैभवलाई विपुलीकृत गरेको कारण यसलाई रामानुजदर्शन भनिएको हो।

यसमा ध्यातव्य विषय के छ भने स्वयं रामानुजाचार्यद्वारा आफ्ना ग्रन्थहरूमा **विशिष्टाद्वैतम्** शब्दको प्रयोग गरेको पाइँदैन। यही अर्थलाई बुझाउन अर्को शब्दको प्रयोग गरेको पाइन्छ- **प्रकारद्वयविशिष्टैकवस्तु, प्रकारद्वयावस्थितैकवस्तु** इत्यादि। वेदार्थसङ्ग्रहको व्याख्यामा भने विशिष्टाद्वैत शब्द अक्षरशः प्रयुक्त छ- **षड्विधतात्पर्यलिङ्गम् अद्वैतविषयमित्येतदभ्युपगतम्। तत्तु न निर्विशेषाद्वैतविषयम्, अपितु विशिष्टाद्वैतविषयम्।** छ किसिमका तात्पर्यहरूलाई मीमांसा दर्शनले निम्नानुसार निर्देश गरेको छ– **उपक्रमोपसंहारौ अभ्यासोपूर्वताऽफलम्। अर्थवादोपपत्ती च लिङ्गं तात्पर्यनिर्णये॥** अर्थात् उपक्रम, उपसंहार, अभ्यास, अपूर्वताफल, अर्थवाद र उपपत्ति यी छओटा विषयहरू तात्पर्य निर्णयमा लिङ्ग हुन्छन्। यसमा प्रयुक्त लिङ्ग शब्द प्रमाणार्थक हो, जसका माध्यमले शास्त्रको तात्पर्य निर्णीत हुन्छ।

माथि उल्लेख गरेअनुसार शब्दगत भिन्नता देखिए पनि अर्थगत भेद भने छैन। किनकि प्रकारद्वय भनेको चित् र अचित् ब्रह्मका विशेषण हुन्। ती दुईले विशिष्ट ब्रह्मलाई बुझाउँछन्, जो नारायण, पुरुषोत्तम आदिद्वारा अभिहित छ। त्यसैलाई विशिष्टाद्वैत, सविशेषाद्वैत वा चिदचिद्विशिष्टाद्वैत भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३.४. तत्त्वत्रय

आपाततः विशिष्टाद्वैतपदबोध्य अर्थ माथि स्पष्ट गरिसकिएको छ। त्यसबाट यो निष्कर्ष प्राप्त हुन्छ- विशिष्टाद्वैत एउटा वेदप्रामाण्यवादी वेदान्त दर्शन हो। जसलाई सविशेषाद्वैत वा रामानुज वेदान्त पनि भनिन्छ। किनकि वेदवेदान्तवेद्य सविशेषाद्वैत ब्रह्म भएको कारण त्यो नै प्रमुख प्रमेय तत्त्व हो भन्ने मान्यता यो दर्शनको छ। तत्त्व त्यसलाई भनिन्छ, जसमा कुनै पनि आरोपहरू हुँदैनन्, जो श्रुति-स्मृति-प्रमाणसिद्ध छ। यसैका आधारमा विशिष्टाद्वैतीहरू जड, जीव र ईश्वरका भेदले तीन तत्त्वहरू श्रुति आदि प्रमाणसिद्ध हुन्छन् भनी स्वीकार गर्दछन्। त्यसमा जडलाई प्रकृति भनिन्छ भने जीवलाई चेतन। त्यस्ता चेतन र अचेतनका अधिष्ठान वा स्वामी ईश्वरतत्त्व हुन्छ। त्यस्ता चेतन र अचेतनलाई ईश्वरका शरीर, अंश, शेष अदिका रूपमा परिभाषित गरिएको छ। यी दुई तत्त्वहरू ईश्वरबाट भिन्न नहुने ईश्वरका विशेषण हुन्। यसरी ईश्वर चेतन, अचेतनको आश्रय विशेष्यका रूपमा रहेको हुँदा कहिल्यै पनि विशेषणको स्थितिलाई प्राप्त गर्न सक्तैन भने ईश्वरको अपेक्षा उक्त तत्त्वद्वय सर्वदा विशेषणका नै रूपमा रहने कुरो स्पष्टै छ। अतः चेतन र अचेतनको ईश्वरसँग विशेष्य-विशेषण भाव हुन्छ अर्थात् ईश्वर विशेषणत्व सम्बन्धले प्रकृति र जीवसँग रहेको हुन्छ भने प्रकृति र जीव ईश्वरसँग विशेष्यत्व सम्बन्धले। यसैलाई प्रकार-प्रकारिभाव सम्बन्ध पनि भनिन्छ। त्यसमा प्रकृति जड भएकाले यसमा चेतनत्व हुने कुरै भएन, तर ईश्वरले यसैको आश्रयमा संसारको सृष्टि, स्थिति र प्रलय गर्दछ। अतएव ईश्वरलाई प्रपञ्चात्मक कार्यका प्रति अभिन्ननिमित्तोपादन कारणका रूपमा परिभाषित गरिएको छ। सृष्टिको सहयोगिनीका रूपमा रहेको प्रकृति त्रिगुणात्मिका हुँदाहुँदै पनि त्यस्ती प्रकृति सावयवा हुन्छ न कि साङ्ख्यले प्रतिपादन गरेजस्तो निरवयवा। चेतनत्व धर्मका दृष्टिले जीव र ईश्वरमा ऐक्य देखिए तापनि जीवात्मा ज्ञाता तथा अणुरूप हुन्छ भने ईश्वर सर्वज्ञ तथा विभु। जीवात्मगत ज्ञान सङ्कोच-विकासशील हुन्छ भने परमात्माको ज्ञान तीनै कालमा अबाधित तथा असङ्कुचित हुन्छ।

ईश्वर सबै अवस्थामा जीव र प्रकृतिलाई व्याप्त गरेर रहन्छ। फलतः जीव र जडको अन्तर्यामी तथा तिनीहरूको नियन्ता ईश्वर हुन्छ। जसको स्वरूपलाई स्पष्ट गर्दै श्रुति वाक्यहरूले प्रतिपादन गरेका छन्- **यः पृथिव्यां तिष्ठन् पृथिव्या अन्तर... यः पृथिवीमन्तरो यमयति। (बृ.३।७।३)**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्तर्बहिश्च तत्सर्वं व्याप्य नारायणः स्थितः (नारायणोपनिषद् १३।१) जो पृथिवीमा रहदै पृथिवीलाई नियमन गर्दछ, त्यस्तै जसको स्थिति बाहिर-भित्र सबैलाई ढाकेर सर्वत्र व्याप्त भएर रहेको छ त्यो नै नारायणतत्त्व हो । यसरी ईश्वरको व्यापकता र सर्वनियन्तृत्वलाई श्रुतिस्मृतिका अनेकौं वचनहरूले प्रमाणित गरेका छन् । मुक्तात्माद्वारा प्राप्त गर्ने तत्त्व नै परमात्मा भएकाले जीवात्मा र परमात्माको अभेद सिद्ध हुन सक्तैन । यस कथनको पुष्टि गर्दै ब्रह्मसूत्रमा भनिएको छ- **मुक्तोपसृप्यव्यपदेशाच्च (ब्र.सू. १।३।३)** अर्थात् मुक्त आत्माद्वारा लभ्य जो हुन्छ त्यो नै ब्रह्म हो भनी व्यवहार गरिएकाले प्रापक र प्राप्य एक हुन सक्तैनन् । दुवै एक भएको स्थितिमा उपसृप्य यो प्रयोग असङ्गत हुन्छ । जसमा एउटा प्राप्त गर्ने र अर्को प्राप्त हुने वस्तुतत्त्वलाई स्पष्ट सङ्केत गरेको देखिन्छ । यो भनाइलाई समर्थन गर्दै गीतामा भनिएको छ- **इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः (गीता.१४।२)** अर्थात् ज्ञान नै मोक्षको साधन भएकोले त्यस्तो ज्ञानरूपी साधनको आश्रय लिएर परमात्माको समानधर्मताको स्थितिमा जीवहरू प्राप्त भएका छन् । यसबाट मुक्त जीवहरू ब्रह्मरूप नै हुन्छन् भन्ने कुरो प्रमाणित हुन सक्तैन । यसरी जीव र ब्रह्मको ऐक्य भनेको मुक्त जीवहरूले परमात्माका धेरै भोग र सामर्थ्यलाई प्राप्त गर्नु हो, न कि परमात्मा नै हुनु हो । अन्यथा यस्ता मुक्तात्मा र परमात्माका बिच भेद प्रतिपादन गर्ने अनेकौं श्रुतिस्मृति वचनहरू व्यर्थ हुने आपत्ति आउँदछ । त्यसकारण जीवात्मा र परमात्माका बिच भेदसहिष्णु अभेद छ भन्दै त्यस्तो भेदले विशिष्ट अद्वैतमा सबै श्रुति-स्मृति-हरूको तात्पर्य निहित छ भनी सप्रमाण पुष्ट गर्दछन् विशिष्टाद्वैती वेदान्तीहरू । यसरी चित्, अचित् र ईश्वर नै तत्त्वका रूपमा परिभाषित छन्, जसलाई विशिष्टाद्वैत सिद्धान्तमा तत्त्वत्रयवाद भनिन्छ ।

२.५ प्रमाण

प्रमीयते अनेनेति यस्तो कारण व्युत्पत्तिका आधारमा प्र उपसर्गपूर्वक माङ्[१३] धातुबाट करण अर्थमा ल्युट् प्रत्यय गरेर त्यसको स्थानमा अन आदेश गर्दा प्रमान शब्द निष्पन्न हुन्छ । त्यसपछि अनसम्बन्धी नकारको कृत्यचः (पा.स.८।४।२८) सूत्रले णत्व गर्दा **प्रमाणम्** शब्द सिद्ध हुन्छ । एतावता प्रपूर्वक माधातुको अर्थ प्रकृष्ट ज्ञान हुन्छ भने करण अर्थमा ल्युट्प्रत्यय भएकाले प्रत्ययार्थ करण हुन्छ । यहाँ करणको अर्थ साधन हो ।

---

१३ माङ् माने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी प्रकृति-प्रत्यय-समुदित व्युत्पत्तिलभ्य प्रमाण शब्दको अर्थ प्रकृष्ट ज्ञानको साधन हुन्छ। प्रायः सबै शास्त्रकारहरूले प्रमाण शब्दको व्युत्पत्तिगत यही अर्थलाई नै स्वीकार गरेको पाइन्छ। त्यस्तै भाव अर्थमा ल्युट् प्रत्यय गर्दा पनि प्रमाण शब्द निष्पन्न हुन्छ। यसमा भाव भनेको धातुको अर्थ क्रियाविशेष नै हो अर्थात् धातुको अर्थ मात्र यसमा लिइन्छ प्रत्यय साधुत्वका लागि मात्र जोडिन्छ, त्यसको स्वतन्त्र अर्थ हुँदैन। यसरी भावार्थमा ल्युट् प्रत्यय गरी सम्पन्न प्रमाणपदको अर्थ प्रमा हुन्छ, त्यो भनेको प्रकृष्ट ज्ञान हो जसलाई यथार्थ ज्ञान भनिन्छ। फलतः प्रमाण शब्दद्वारा विशेषतः दुई अर्थ लब्ध हुन्छन् (एउटा प्रकृष्ट ज्ञानको साधन, अर्को प्रकृष्ट ज्ञान, अर्थात् यथार्थ ज्ञान। यसको समर्थन गर्दै वेदान्तदेशिकाचार्यले न्यायपरिशुद्धिमा भन्नुभएको छ- **प्रमाणशब्दस्य भावे करणे च व्युत्पत्तिः। अत्र च प्रमैव प्रमाणमित्येके प्रमाकरणमेवेत्यपरे। अनयोरन्यतरदित्यन्ये।** अर्थात् प्रमाण शब्दको भाव र करण अर्थमा व्युत्पत्ति हुन्छ। यस सम्बन्धमा केहीले प्रमानै प्रमाण हो भन्दछन् भने अन्य केही विवेचकहरूले प्रमाकरण प्रमाण भनी व्युत्पत्तिका आधारमा प्रमाणको स्वरूप स्पष्ट गर्दछन्। त्यस्तै कसैले दुईमध्ये एउटा प्रमाण शब्दको अर्थ हो भनी उल्लेख गरेका छन्। एतावता प्रसङ्गअनुसार प्रमाण शब्दको अभिधेय अर्थ प्रकृष्ट ज्ञान वा ज्ञानको साधन हो भन्ने कुरा उक्त निर्वचनबाट पनि सिद्ध हुन्छ। त्यस्तै **कृत्यल्युटो बहुलम्** यो पाणिनीय अनुशासन छ अर्थात् कृत्य प्रत्यय र ल्युट् प्रत्ययहरू धेरै प्रकारले हुन्छन्। यसरी प्रसङ्गअनुसार कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरणमा पनि ल्युट् प्रत्यय हुन्छ भन्ने कुरो शास्त्रतः प्राप्त छ। यति हुँदाहुँदै पनि प्रमाण शब्दको व्युत्पत्ति चाहिँ प्रायः करण र भावमा नै गरिएको पाइन्छ। त्यसैले प्रमाण शब्दको निष्कृष्ट अर्थ प्रकृष्ट ज्ञानको साधन वा प्रकृष्ट ज्ञान नै हो। अधिकरण आदि अर्थमा ल्युट् प्रत्यय हुँदा पनि प्रमाण शब्द निष्पन्न हुन्छ। जसले गर्दा व्युत्पत्तिका भेदले प्रमाण पदबोध्य अर्थहरू भिन्नभिन्न हुन सक्छन्। तर विशेषतः प्रमाण शब्दका दुई अर्थहरू नै प्रसिद्ध छन् र धेरै आचार्यहरूले व्युत्पत्तिलभ्य अर्थद्वयलाई नै स्वीकार गरेर प्रमाणको परिभाषा गरेको पाइन्छ। यस कथनको पुष्टि गर्दै दर्शनोदयमा भनिएको छ -**प्रमाणपदं प्रमाकरणं प्रमाणमिति करणव्युत्पत्त्या प्रमायाः करणभूतमिन्द्रियलिङ्गादिकमाचष्टे। प्रमीयत इति प्रमाणमिति भावव्युत्पत्त्या इन्द्रियलिङ्गादिजन्यं ज्ञानमाचष्टे। अत उभयविधयाऽपि लक्षणमुच्यते (दर्शनोदयः)।** अर्थात् प्रमाको करण प्रमाण यस्तो करण व्युत्पत्तिद्वारा प्रमाका करण रूप इन्द्रिय, लिङ्ग आदिलाई प्रमाणपदले बुझाउँदछ। प्रकृष्ट ज्ञान अर्थलाई बुझाउने भावमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरिएको व्युत्पत्तिद्वारा चक्षु, रसना आदि इन्द्रिय र धूम आदि वस्तुसाधक हेतुबाट हुने ज्ञानविशेषलाई प्रमाण भनिन्छ। यसरी दुवै प्रकारले प्रमाणको स्वरूप निर्धारित गरिएको छ। जस्तै- **प्रमाकरणं प्रमाणम्, प्रमितिकरणं प्रमाणम् प्रमायाः करणं प्रमाणम्** यसरी व्युत्पत्तिका आधारमा प्रमाको करण वा प्रमितिको करण प्रमाण हो भनी प्रमाणको स्वरूप स्पष्ट गरिएको छ।

वात्स्यायनभाष्यमा प्रमाण शब्दको व्युत्पत्तिको निर्देश गर्दै भनिएको छ- **प्रमीयतेऽनेनेति करणर्थाभिधानो हि प्रमाण शब्दः**। (न्यायभाष्यम् ११ प्रसन्नपदव्याख्या, पृ.१५) यसरी करणार्थमा व्युत्पत्ति गर्दा तल्लभ्य अर्थका आधारमा नै प्रमाकरणम् यस्तो प्रमाणको स्वरूप निर्धारित गरिएको हो।

मानाधीना मेयसिद्धिः अर्थात् प्रमेयको सिद्धि प्रमाणको अधीन हुन्छ। किनकि प्रमेय तत्त्वको व्यवस्थापन प्रमाणद्वारा नै हुने भएकाले प्रमाको करणलाई प्रमाण भनी परिभाषित गरिएको हो। त्यसमा करण भनेको असाधारण कारण हो, जो नभईकन प्रमात्मक ज्ञान हुन सक्तैन। त्यसैले करणसंज्ञा विधायक सूत्रको उपदेश गर्दै पाणिनिद्वारा भनिएको छ- **साधकतमं करणम्** (पा.सू. १।४।४२) अर्थात् क्रियाको निष्पत्तिमा जो अतिशय उपकारक हुन्छ, त्यसको करणसंज्ञा हुन्छ। प्रमाणको स्वरूप विचार गर्ने क्रममा-साधकतमको आशयलाई स्पष्ट गर्दै यतीन्द्रमतदीपिकामा भनिएको छ-**अतिशयितं साधकं साधकतमम्** (यतीन्द्रमतदीपिका प्रथमोऽवतार पृ.५) यसमा प्रयुक्त अतिशयितको अर्थ प्रकृष्टोपकारक हो भनी अर्थगत स्पष्टता व्याकरणका विवेचकहरूद्वारा गरिएको पाइन्छ। त्यस्तै **करणाधिकरणयोश्च** (पा.सू. ३।३।११७) यो सूत्रमा घटक करणको स्वरूप स्पष्ट गर्दै टिप्पणीकार शिवनारायण शास्त्री भन्दछन्- **अव्यवधानेन फलजनकव्यापारवत् कारणं करणम्** (सिद्धान्तकौमुदी, उत्तरकृदन्त, पृ.४८९) अर्थात् व्यवधान नभई जो फललाई उत्पन्न गर्ने व्यापारले युक्त कारण हो त्यसलाई करण भनिन्छ। त्यसै आशयलाई लिएर तदनुरूप अतिशयितार्थक जो तमप्प्रत्यय हो त्यसको स्वरूप बताउँदै यतीन्द्रमतदीपिकामा भनिएको छ- **यस्मिन् सत्यविलम्बेन ज्ञानमुत्पद्यते तदतिशयितमुच्यते**। अर्थात् जुन वस्तुको विद्यमानतामा अविलम्ब ज्ञान उत्पन्न हुन्छ, त्यसैलाई अतिशयित भनिन्छ। यसलाई नैयायिकहरू फलोपधायक कारण भन्दछन्। जुन कारणको समवधानमा अविलम्ब कार्य उत्पन्न हुन्छ त्यस्तो कारण फलोपधायक हुन्छ। यसरी निर्दिष्ट प्रमाणको लक्षण प्रमाकरण नै हो, जो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

करणव्युत्पत्तिद्वारा लब्ध हुन्छ। यदि प्रमाणहरू स्वयं दोषयुक्त छन् भने त्यसबाट प्रमेय वस्तुको सिद्धि हुन सक्तैन। कथं कदाचित् तर्क वा तर्काभासको प्रयोगद्वारा सिद्ध गरिए तापनि त्यसलाई निर्दोष प्रमेयका रूपमा स्थापित गर्न सकिँदैन। त्यसैले सर्वप्रथम प्रमाणको उपदेश गरिएको हो। त्यति मात्र नभएर प्रमाण स्वयं ईश्वररूप हो। त्यसैले भगवान्का प्रसिद्ध हजार[१४] नामहरूमा प्रमाण पनि एउटा विशेष नामका रूपमा ग्रहण गरिएको छ। प्रमाण यस्तो तत्त्व हो जो प्रमेयको व्यवस्थापक र प्रमेय भएर आफ्नु प्रामाणिकत्वलाई स्वतः प्रतिष्ठापन गर्दछ। त्यसैले दर्शन वाङ्मयमा प्रमाणहरूको आफ्नै विलक्षण मौलिकता रहेको छ। फलतः प्रमाणसिद्ध वस्तुलाई प्रामाणिक मानिन्छ। यी प्रमाणहरू प्रत्यक्ष, अनुमान र शब्दका भेदले तीन प्रकारका हुन्छन् भन्ने विशिष्टाद्वैतीहरूको मत छ। यसको पुष्टि गर्दै यतीन्द्रमतदीपिकामा भनिएको छ- **तानि प्रमाणानि प्रत्यक्षानुमानशब्दाख्यानि त्रीण्येव**। (यतीन्द्रमतदीपिका, प्रथमोऽवतार, पृ.६) त्यस्तै रामानुजाचार्यले श्रीभाष्यम् ग्रन्थमा प्रत्यक्ष, अनुमान र शब्द यी प्रमाणत्रयको उल्लेख गरेर यस्ता कुनै पनि प्रमाणद्वारा निर्विशेष ब्रह्मको सिद्धि हुन सक्तैन भन्नुभएको छ। त्यस्तै प्रमाणसङ्ख्यानिर्णय नामक प्रकरणमा न्यायपरिशुद्धिकारले भन्नुभएको छ- **त्रिविधं प्रमाणं प्रत्यक्षानुमानशब्दभेदात्**। (न्यायपरिशुद्धिः) तिनीहरूको सङ्क्षिप्त स्वरूप क्रमशः प्रस्तुत गरिने छ।

२.६ प्रत्यक्ष

योभन्दा पहिले आपाततः प्रमाणको स्वरूप र त्यसको प्रयोजनको उल्लेख भइसकेको छ। अब प्रसङ्गप्राप्त प्रत्यक्षको स्वरूपको चर्चा गरिनेछ। **अक्षम्, अक्षं प्रति**=यस्तो अव्ययीभावसमासद्वारा प्रत्यक्षम् शब्द सम्पन्न हुन्छ। त्यस्तै- **अक्षिणी प्रतीति=प्रत्यक्षम्** यस्तो व्युत्पत्तिद्वारा पनि प्रत्यक्ष शब्द निष्पन्न हुन्छ। यसको अर्थ हुन्छ आँखाको अभिमुख। यसमा अक्ष शब्द इन्द्रियवाची हो भने प्रतिशब्द रूप, रस, गन्ध आदि विषयवाची हो। केहीले **प्रतिगतमक्षम्** यस्तो व्युत्पत्ति गरेर पनि प्रत्यक्ष शब्दको सिद्धि गरेको पाइन्छ। यसरी जे जस्ता व्युत्पत्तिहरू गरिए तापनि तल्लभ्य अर्थ एउटै हुन्छ अर्थात् यसमा व्युत्पत्तिका भेदले अर्थभेदचाहिँ हुँदैन।

यसमा विचारणीय के छ भने प्रत्यक्ष प्रमाको असाधारण कारण, जसलाई करण पनि भनिन्छ त्यो नै प्रत्यक्ष प्रमाण भएकाले प्रत्यक्षात्मक

---

१४ प्रमाणं प्राणनिलयः प्राणभृत् प्राणजीवनः (विष्णुसहस्रनामस्तोत्रम्)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्ञानको करण नै प्रत्यक्ष प्रमाणका रूपमा परिभाषित गरिएको छ। यतीन्द्रमतदीपिकामा प्रत्यक्षको लक्षण यस प्रकार गरिएको छ- **साक्षात्कारि प्रमाकरणं प्रत्यक्षम् ।** यसमा प्रत्यक्षम् यो लक्ष्यबोधक दल हो भने साक्षात्कारि प्रमाकरणम् यो लक्षणबोधक दल। साक्षात्कारीको सम्बन्ध प्रमाकरणसँग हुन्छ। त्यसमा प्रमा भनेको प्रकृष्ट ज्ञानविशेष हो। यसरी साक्षात्कार गर्ने जो यथार्थ ज्ञानको असाधारण कारण हो, त्यसैलाई प्रत्यक्ष भनी परिभाषित गरिएको छ। त्यस्ता रूप, रस, गन्ध आदि विषय साक्षात्कार गर्ने प्रमाका असाधारण करण चक्षु, रसना, घ्राण आदि इन्द्रियहरू हुन्छन् तिनलाई नै प्रत्यक्ष प्रमाणका रूपमा लिइन्छ। जस्तै घट आदिमा विद्यमान जो रातो निलो आदि रूप हुन्छ, तद्विषयक जो यथार्थ ज्ञान हो त्यसको असाधारण कारण आँखा हुन्छ किनकि आँखाद्वारा नै यो वस्तुमा यो रूप छ भन्ने निर्णय हुन्छ, त्यस्तै रसगन्धादिको निर्णयमा पनि जिब्रो, नाक आदि तत्तद्विषयग्राहक इन्द्रियहरू नै करणका रूपमा रहेका हुन्छन्, त्यसकारण तिनलाई प्रत्यक्ष प्रमाण भनी सम्झनुपर्दछ। त्यो प्रत्यक्ष निर्विकल्प र सविकल्पका भेदले दुई किसिमको हुन्छ। त्यसमा विकल्परहित जो हुन्छ, त्यसलाई निर्विकल्प भनिन्छ, जस्तै वस्तुमा विद्यमान गुण, संस्थान, रचनाविशेष आदि वस्तुनिष्ठ विशेषणहरू हुन्छन् त्यस्ता विशेषणहरूले युक्त प्रथम पिण्डको ज्ञानलाई निर्विकल्प भनिन्छ भने निश्चयपूर्वक वस्तुमा विद्यमान गुण आदि विशेषणहरूद्वारा विशिष्ट द्वितीय क्षणमा जो पिण्डविशेषको प्रत्यक्ष हुन्छ, त्यसलाई सविकल्प ।

विशिष्टाद्वैतीहरूको मान्यता के छ भने निर्विकल्प-सविकल्प दुवै ज्ञान विशेषणले युक्त भएर ज्ञानका विषय बनेका हुन्छन्, त्यसमा यति फरक छ निर्विकल्प ज्ञानका विषयहरू निश्चयपूर्वक हुँदैनन् तर सविकल्पक ज्ञानका विषयहरूचाहिँ निश्चयका साथ हुन्छन्। किनभने विशेषणरहित वस्तुलाई ग्रहण गर्ने ज्ञान हुन सक्तैन, त्यस्तो ज्ञानलाई प्रमाणद्वारा सिद्ध गर्न पनि सकिँदैन। अतः विशेषणयुक्त वस्तुको नै ज्ञान ग्रहण हुन्छ भन्ने तर्क विशिष्टाद्वैतीहरूको छ। त्यसमा ग्रहण गर्ने प्रक्रियाचाहिँ यस प्रकार रहेको छ- आत्माको सम्बन्ध मनसँग हुन्छ, मनको सम्बन्ध इन्द्रियसँग, इन्द्रियको सम्बन्ध विषयसँग हुन्छ, त्यसपछि विशेषणविशिष्ट निर्विकल्प ज्ञान हुन्छ, त्यस्तो ज्ञानको उत्तरकालमा निश्चयका साथ विशिष्ट ज्ञान हुन्छ जसलाई सविकल्पज्ञान भनिन्छ। यस्ता निर्विकल्प र सविकल्पज्ञानदेखि भिन्न अर्वाचीन र अनर्वाचीनका भेदले दुई प्रकारका अन्य प्रत्यक्षहरू हुन्छन्। त्यसमा प्रथम अर्वाचीन प्रत्यक्ष इन्द्रियसापेक्ष र निरपेक्ष गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुई किसिमका छन्। त्यसमा इन्द्रियजन्य ज्ञान अर्वाचीन हुन्छ भने इन्द्रियबाट उत्पन्न नहुने ज्ञानलाई अनर्वाचीन।

यहाँ विशेष गरेर इन्द्रियजन्य ज्ञानको मात्र विचार गरिएको छ। प्रसङ्गअनुसार भगवत्कृपाबाट उत्पन्न ज्ञान, योगीहरूलाई योगशक्तिबाट हुने ज्ञानविशेष जसमा विषय र इन्द्रियको सम्बन्धको अपेक्षा रहँदैन, त्यस प्रकृतिका ज्ञानको पनि प्रसङ्गतः निर्देश गर्ने प्रयास गरिएको छ। जसको औचित्यको निर्देश गर्दै भनिएको छ- **अनर्वाचीनं प्रसङ्गादुक्तम्** (यतीन्द्रमतदीपिका, पृ.६) इन्द्रियनिरपेक्ष स्वयंसिद्ध दिव्य ज्ञानको उल्लेख प्रसङ्गतः गरिएको हो। वस्तुतः यहाँ इन्द्रियजन्य प्रत्यक्षको निरूपण गर्नु नै प्रस्तुत प्रकरणको अभीष्ट हो। यसरी विशिष्टाद्वैत मतका आधारमा प्रत्यक्ष प्रमाको असाधारण करणका रूपमा स्वीकृत प्रत्यक्षगम्य प्रमेय तत्त्वको साधक प्रत्यक्ष प्रमाणको सामान्यस्वरूपको निरूपण पूरा हुन्छ।

२.७ अनुमान

अनुमीयते येन यत्तदनुमानम् यस्तो व्युत्पत्तिद्वारा अनु उपसर्गपूर्वक मा धातुबाट करण अर्थमा ल्युट् प्रत्यय र त्यसका स्थानमा अन आदेश गर्दा **अनुमानम्** शब्द निष्पन्न हुन्छ। प्रमेयसाधक विशिष्टाद्वैताभिमत तीन प्रकारका प्रमाणहरूमध्ये दोस्रो प्रमाण अनुमान हो। अनुमान प्रत्यक्षमूलक हुन्छ, प्रत्यक्षबिनाको अनुमान असम्भव हुन्छ। त्यसैले अनुमानका व्युत्पत्तिकारहरू भन्दछन्- **अनुसृत्य प्रवर्तमानं मानमनुमानम्। लिङ्गप्रत्यक्षमनुसृत्य प्रवर्तमानत्वात्। (विशिष्टाद्वैतकोशः प्रथमसम्पुटः पृ.२४६)** अर्थात् अनुसरण गरेर प्रवृत्त जो प्रमाण हो त्यसलाई अनुमान भनिन्छ। त्यसमा प्रयुक्त मान शब्दको अर्थ प्रमाण हुन्छ। केको अनुसरण गरेर प्रवृत्त हुने भन्ने जिज्ञासाको समाधान गर्ने हेतुसहित उत्तरवर्ती वाक्यको उपन्यास गरिएको छ- लिङ्गको प्रत्यक्ष अनुसरण गरेर प्रवृत्त भएको हुँदा प्रत्यक्षपश्चात् अनुमानको निरूपण गरिन्छ। यहाँ लिङ्ग भनेको साध्यलाई सिद्ध गर्ने हेतु हो, जसको स्वरूपलाई स्पष्ट गर्दै शास्त्रकार भन्दछन्- **लीनार्थगमकं चिह्नं लिङ्गमित्यभिधीयते** अर्थात् लीन वा अदृष्ट वस्तुको जो गमक अर्थात् बोधक चिह्न हुन्छ, त्यो लिङ्ग हुन्छ। यसका लागि व्याप्तिको आवश्यकता पर्दछ। किनकि व्याप्तिले युक्त हेतु नै साध्यको साधक हुन्छ। त्यो भनेको साध्य र साधनको सम्बन्धविशेष हो। जसलाई व्याप्ति भनिन्छ त्यो भनेको अनुमित्यात्मक ज्ञानको असाधारण कारण हो, जो नभईकन अनुमित्यात्मक ज्ञान हुन सक्तैन। त्यस्तो व्याप्तिलाई अनुमान पनि भनिन्छ। यस किसिमको लिङ्गात्मक अनुमान नै वैश्वानरमा परमात्मत्वको साधक हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ब्रह्मसूत्रका साथ अनुमानको उपयोगिता देखाउँदै श्रीभाष्यमा भनिएको छ- **स्मर्यमाणमनुमानं स्यादिति** (ब्र.सू.१-२-२६) **इत्थंभूतं रूपं प्रत्यभिज्ञायमानं वैश्वानरस्य परमात्मत्वेऽनुमानम् लिङ्गमित्यर्थः ।** यस्तो अनुमानको स्वरूपलाई स्पष्ट गर्न यतीन्द्रमतदीपिकामा भनिएको छ- **व्याप्यस्य व्याप्यत्वानुसन्धानात् व्यापकविशेषप्रमितिरनुमितिः, तत्करणमनुमानम् ।** यसमा अनुमित्यात्मक प्रमितिलाई नबुझीकन त्यसको करण अनुमानको स्वरूप स्पष्ट हुन सक्तैन । अतः सर्वप्रथम अनुमितिको लक्षण गरिएको छ । त्यसमा व्याप्यस्य भनेको व्याप्तिले युक्त हेतु त्यसमा जो व्याप्यत्वको अनुसन्धान हो अर्थात् व्याप्तिविशिष्ट हेतुको स्मरणात्मक ज्ञान, त्यसबाट व्यापक जो साधनीय वस्तुविशेष हो, त्यसको निश्चयात्मक ज्ञानलाई अनुमिति भनिन्छ । जहाँ पनि हेतु व्याप्य हुन्छ अर्थात् व्याप्तिले युक्त हुन्छ भने साध्य व्यापक हुन्छ, त्यसैले हेतु र साध्यको सम्बन्ध व्याप्यव्यापक भाव हुन्छ । भन्नुको तात्पर्य साध्यको साधक व्याप्यस्वरूप हेतुको व्यापकत्व सम्बन्धले साध्यसँग जोडिन्छ भने साध्यको व्याप्यत्व सम्बन्धले हेतुसँग । यसैलाई व्याप्यव्यापक भाव सम्बन्ध भनिएको हो । फलतः यसलाई उदाहरणका माध्यमले स्पष्ट गर्नुपर्दा- **पर्वतो वह्निमान् धूमवत्त्वात्** यो अनुमान वाक्यमा धूमहेतुद्वारा पर्वतमा वह्निको सिद्धि गरिन्छ । जसमा साध्यको सन्देह हुन्छ त्यसलाई पक्ष भनिन्छ, जस्तै पर्वतमा साधनीय दृष्ट आगोको सन्देह हुन्छ, यसमा आगो छ या छैन ? भन्ने सन्देहात्मक स्थितिको निर्माण हुन्छ । धूमलाई देखेर आगोबाट जन्य धूम भएकाले अवश्यमेव यो पर्वतमा आगो छ भन्ने निश्चयात्मक ज्ञान हुनुमा आगो जो धूमको व्यापक भएर रहेको छ, त्यस्तो व्याप्य धूमहेतुमा वह्निको व्याप्ति र धर्मीका रूपमा रहेको जो पर्वत पक्ष हो, त्यसमा धूम विद्यमान छ, त्यसैले पक्षको हेतुसँग वस्तुगत सम्बन्ध नै पक्षधर्मता भएकाले हेतुमा पक्षधर्मता पनि छ । तत्सम्बन्धी व्याप्तिले युक्त धूम छ, त्यस्तो धूम पर्वतमा भएकाले नै पर्वतमा आगो छ भन्ने निश्चयात्मक ज्ञान हुन्छ । जसलाई प्रमिति शब्दद्वारा व्यक्त गरिएको छ, त्यस्तो ज्ञानको असाधारण कारण साध्य र साधनका बिच विद्यमान जो व्याप्यत्व र व्यापकतात्मक सम्बन्ध छ, त्यस्तो नियत सम्बन्ध यहाँ देखिन्छ । जसको प्रत्यक्ष अनुभव भान्सा आदि घरमा हुन्छ । यसरी हेतुगत व्याप्यत्व सम्बन्धको अनुसन्धानद्वारा जो पर्वतमा हेतुको अपेक्षा व्यापक रूपमा रहने अर्थात् हेतु नरहने स्थलविशेष हिटर आदिमा आगो रहने तर त्यहाँ धूम नरहने भएकाले हेतुको व्यापक साध्यको निश्चयात्मक ज्ञान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ । फलतः असाधारण कारण हेतुमा रहने जो व्याप्ति तद्विषयक ज्ञान भएकोले त्यसैलाई अनुमान भनी परिभाषित गरिएको छ अर्थात् साध्यको साधक हेतुमा रहने जो व्याप्ति तद्विषयक ज्ञान नै अनुमितिका प्रति असाधारण कारण भएकाले त्यसैलाई अनुमितिको करणका रूपमा परिभाषित गरिएको छ। [illegible] प्रकृतिका जेजति अनुमानहरू हुन्छन् ती सबै अनुमित्यात्मक प्रमाका असाधारण कारण हुन्- जसलाई करण भनिन्छ, त्यो नै अनुमानको मेरुदण्ड हो ।

एतावता साध्य र साधनको नियतसम्बन्ध नै व्याप्ति हो भन्ने कुरो प्रमाणित हुन्छ । जसको स्वरूपलाई उदाहरणसहित स्पष्ट गर्दै भनिएको छ- **नियतसम्बन्धो व्याप्तिरित्युक्तं भवति । सेयं यत्र धर्मस्तत्र वह्निरिति व्याप्तिर्भूयोदर्शनेन गृह्यते । (यतीन्द्रमतदीपिका)** अर्थात् साध्य र साधनको जो नियतसम्बन्ध हो, जसलाई व्याप्यव्यापक भाव भनिन्छ त्यो व्याप्ति हो भन्ने कुरो उक्त परिशीलनद्वारा सिद्ध हुन्छ। त्यस्तो व्याप्तिचाहिँ जहाँ धूम छ, त्यहाँ आगो छ यस किसिमको बारम्बार भान्साघर आदिमा गरिएको प्रत्यक्ष अनुभवका माध्यमले निश्चय गरिन्छ। विशिष्टाद्वैत मतानुसार त्यस्तो व्याप्ति अन्वय र व्यतिरेकका भेदले दुई किसिमको हुन्छ। त्यसमा अन्वय भनेका भावात्मक सम्बन्धविशेष हो भने व्यतिरेक भन्नाले अभावात्मक सम्बन्धविशेष। जसमा भावपदार्थलाई लिएर साध्यसाधक हेतुमा अन्वयव्याप्ति देखिन्छ त्यसलाई अन्वयव्याप्ति भनिन्छ। जस्तै वन्हि र धूमको जो व्याप्ति हो त्यो वह्नित्वेन वह्नि र धूमत्वेन धूमलाई लिएर भएकोले यी दुवैको प्रतीति विधिका रूपमा हुन्छ न कि निषेधका रूपमा। त्यसैले वन्हिको साधक धूमहेतु अन्वयव्याप्तिले युक्त छ। त्यस्तै त्यही हेतुमा व्यतिरेकव्याप्ति पनि हुन्छ। जस्तै जहाँ आगाको अभाव छ, त्यहाँ धुवाँको पनि अभाव छ। यसरी निषेधमुखेन साध्याभाव र हेतुको अभावको साहचर्यका माध्यमले व्यतिरेकव्याप्तिको ग्रहण हुन्छ। यस्ता दुवै किसिमका व्याप्तिले युक्त धूमहेतु भएकोले यसलाई अन्वयव्यतिरेकी अनुमान भनिन्छ। जसको पुष्टि गर्दै शास्त्रीय भाषामा भनिएको छ- **व्याप्तिद्वयविशिष्टं यद् तदन्वयव्यतिरेकि** (यतीन्द्रमतदीपिका)।

यसमा प्रमेयसाधक दोषरहित हेतुका दुई शक्तिहरू हुन्छन्। ती हुन् व्याप्ति र पक्षधर्मता। फलतः जुन हेतु व्याप्ति र पक्षधर्मताले युक्त छ त्यो हेतु निर्दोष र अव्यभिचारी प्रमेयसाधक हेतु हुन्छ। यसलाई स्पष्ट गर्दै भनिएको छ- **व्याप्यं साधनं लिङ्गमित्यनर्थान्तरम्। तस्य द्वे रूपे अनुमित्यङ्गभूते व्याप्तिः पक्षधर्मता च** (यतीन्द्रमतदीपिका) व्याप्ति र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पक्षधर्मताको विस्तार गर्ने क्रममा हेतुका अरू पाँच अङ्गहरू प्रसिद्ध छन्, ती हुन्, **पक्षसत्त्वम्, सपक्षसत्त्वम्, विपक्षासत्त्वम्, अबाधितत्त्वम्, असत्प्रतिपक्षित्वम्**। अर्थात् पक्षमा हेतु रहनु भनेको पक्षसत्त्व हो भने निश्चित साध्य भएको स्थानमा हेतु रहनु नै सपक्षसत्त्व हो, त्यस्तै निश्चित साध्याभाव भएको ठाउँमा हेतु नरहनु नै विपक्षासत्त्व हो। ह्रद, तलाउ आदि साध्य नभएको ठाउँमा साध्यसाधक हेतु नरहनु नै हेतुको अबाधितत्व हो भने साध्यको अभावलाई सिद्ध गर्ने अर्को हेतु नहुनु वा प्रतिपक्षी हेतु नहुनुलाई असत्प्रतपक्षित भनिन्छ, त्यस्तो हेतुमा असत्प्रतिपक्षित्व रहन्छ। यी पाँच हेतुगत भूषण हुन्। यसैद्वारा हेतुमा साध्यसाधकत्वेन साध्यसाधक हेतुमा सद्धेतुत्व सिद्ध हुन्छ। यस प्रकृतिका धेरै अनुमानहरू परपक्षखण्डन र स्वपक्षस्थापनमा श्रीभाष्यम् आदि ग्रन्थमा प्रयुक्त छन्। जस्तै १. **सत् परमार्थः अनुवर्तमानत्वात्, रज्जुसर्पादौ रज्वादिवत्। घटादयः, अपरमार्थाः, व्यावर्तमानत्वात् रज्ज्वाद्यधिष्ठानसर्पादिवत्** (श्रीभाष्यम् प्रथमः सम्पुटः) यी दुवै अनुमान अन्वयव्यतिरेकी हुन्। पहिलो अनुमान वाक्यमा सत्पदार्थमा अनुवर्तमानत्व हेतुद्वारा परमार्थत्वको सिद्धि गरिएको छ, त्यसमा रज्जु (डोरी) सर्प आदि उदाहरणका रूपमा देखाइएको छ। फलतः जहाँजहाँ अनुवर्तमानत्वको प्रवृत्ति हुन्छ, त्यहाँ त्यहाँ परमार्थत्व हुन्छ, यस्तो नियत साहचर्यात्मक व्याप्ति भएकाले सत्पदार्थमा परमार्थत्वको सिद्धि हुन्छ। त्यस्तै यसमा निषेधमुखेन व्यतिरेकव्याप्ति पनि सम्भव हुन्छ। यो एउटा दिग्दर्शन मात्र हो। यी सबैको राम्ररी बोध गर्नका लागि मूलग्रन्थको अध्ययन गर्नु आवश्यक छ। त्यस्तै विपक्षले रहित व्याप्तिविशिष्ट जो हेतु हुन्छ त्यसलाई केवलान्वयी भनिन्छ अर्थात् जुन हेतुमा व्यतिरेकव्याप्ति हुँदैन अन्वयव्याप्ति मात्र प्रसिद्ध छ भने त्यो हेतु केवलान्वयी हुन्छ। जस्तै ब्रह्म **शब्दवाच्यम् वस्तुत्वात्, घटवत्** यो अनुमानमा ब्रह्म पक्ष हो, शब्दवाच्यत्व साध्य हो, घटवत् यो दृष्टान्त हो भने वस्तुत्व हेतु हो। यसरी वस्तुत्व हेतुद्वारा ब्रह्ममा शब्दवाच्यत्वको सिद्धि गरिन्छ। जहाँजहाँ वस्तुत्व छ त्यहाँत्यहाँ शब्दवाच्यत्व हुन्छ, संसारका सबै पदार्थ वस्तु भएकाले कुनै पनि पदार्थमा वस्तुत्वको अभाव प्रसिद्ध छैन। त्यसैले यसमा विपक्ष पाइँदैन। सर्वत्र वस्तुत्वको सम्बन्ध मात्र छ, त्यसको अभाव कहीँ पनि सुलभ छैन। अतः यस्तो हेतु केवलान्वयी हुन्छ। नैयायिकहरूले केवलव्यतिरेकी अनुमान पनि स्वीकार गर्दछन् भने विशिष्टाद्वैतीहरूले यसलाई सिद्धान्ततः मानेका छैनन्। कहीँकहीँ प्रसङ्गतः यसको उपयोगितालाई देखाउन खोजिएको भने पाइन्छ। जसको उल्लेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्दै भनिएको छ-**केवलव्यतिरेकिणि साध्याप्रसिद्धेः तद्व्यतिरेकव्याप्तिर्दुग्रहा** (यतीन्द्रमतदीपिका)। अर्थात् केवलव्यतिरेकी स्थलमा साध्यको प्रसिद्धि नहुने हुँदा त्यस्तो व्यतिरेकव्याप्तिको ग्रहण गर्न अत्यन्त गाह्रो छ, त्यसकारण विशिष्टाद्वैतीहरू व्यतिरेकव्याप्तिको आदर गर्दैनन्। फलतः वेदान्तदेशिकाचार्यद्वारा न्यायपरिशुद्धि आदि ग्रन्थमा नैयायिकहरूद्वारा बहुधा प्रयुक्त **पृथिवी स्वेतरभिन्ना गन्धर्वत्वात् यन्नैवं तन्नैवं यथा जल**मित्यादि प्रकृतिका केवलव्यतिरेकी अनुमानहरूको सप्रमाण खण्डन गरिएको छ, किनकि जो सर्वथा इन्द्रियको विषय हुन सक्तैन त्यसको सिद्धि अनुमानद्वारा गर्दछन् अनुमानप्रमाणवादीहरू। यसमा त्यस्तो स्थिति देखिँदैन, त्यसकारण यो अनुमानलाई प्रामाणिक मानिँदैन।

२.८ शब्द

विशिष्टाद्वैतीहरू प्रमेयसाधक तीन प्रकारका प्रमाणहरूमध्ये शब्दलाई प्रमुख प्रमाणका रूपमा अगाडि सार्दछन्। आप्तजनहरूको उपदेश नै शब्द हो भन्ने मान्यता तार्किकहरूको छ भने अपौरुषेय वेद वाक्य शब्द हो भन्ने वेदान्ती तथा मीमांसकहरूको मत छ। त्यसैले भनिएको छ- **अपौरुषेयं वाक्यं वेदः** (अर्थसङ्ग्रहः) अर्थात् अपौरुषेय वाक्य वेद हो भनी वेदको परिभाषा गरिएको छ। किनकि वेदहरू अनादि, अपौरुषेय स्वतःप्रमाण हुन्। फलतः त्यस्ता वैदिक शब्दहरू ब्रह्मतत्त्वको प्रतिपादनमा र वेदविरोधिहरूको मतखण्डनमा परमप्रमाण मानिन्छन्।

शब्द्यते=शब्दोच्चारणेन अवगम्यते निश्चीयते अनेन यस्तो करणव्युत्पत्तिद्वारा शब्द निष्पन्न हुन्छ। अर्थात् शब्दको उच्चारणद्वारा जसको निश्चय गर्न सकिन्छ त्यसैको नाम शब्द हो। यसको पुष्टि गर्दै वात्स्यायन भन्नुहुन्छ- **शब्दः, शब्द्यतेऽनेनार्थ इत्यभिधीयते ज्ञाप्यते** (वात्स्यायनभाष्यम्, प्रसन्नपदापरिभूषितम् पृ.१८) अर्थात् जसद्वारा अर्थको ज्ञापन हुन्छ त्यो नै शब्द हो, यसरी शब्द अर्थविशेषको ज्ञापक हो भन्ने कुरो सिद्ध हुन्छ। फलतः शब्द र अर्थको ज्ञाप्यज्ञापक भाव सम्बन्ध सिद्ध हुन्छ। त्यसमा शब्द ज्ञापक हुन्छ भने अर्थ ज्ञाप्य। संसारमा जेजति र जेजस्ता व्यवहारहरू हुन्छन्, ती सबै शब्दद्वारा सम्पाद्य छन्। अतएव शब्दब्रह्मका विवेचक भर्तृहरिको कथन छ- **न सोऽस्ति प्रत्ययो लोके यः शब्दानुगमादृते। अनुविद्धमिव ज्ञानं सर्वं शब्देन भासते॥** (वाक्यपदीय, १२४) अर्थात् संसारमा कुनै पनि त्यस्तो प्रत्यय हुँदैन जसमा शब्दको अनुगम नहोस्। यसमा प्रत्यय भनेको ज्ञानविशेष हो। अतः शब्दप्रयोगबिना कुनै विषयको ज्ञान सम्भव छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फलतः सबै किसिमको ज्ञान शब्दद्वारा नै भासित हुन्छ। यसरी ज्ञान मात्रको अवभासक शब्द हुन्छ। यसैका आधारमा वैयाकरणहरू शब्द र अर्थको सम्बन्धलाई नित्य मान्दछन्।

त्यस्तै शब्दको व्यावहारिक तथा पारमार्थिक विशेषतालाई स्पष्ट पार्दै दण्डी भन्छन्- **इदमन्धन्तमः कृत्स्नं जायते भुवनत्रयम्। यदि शब्दाह्वयं ज्योतिरासंसारं न दीप्यते ॥ (काव्यादर्श, १४)** यदि विश्वब्रह्माण्डको नै प्रकाशक शब्दज्योति नहुने हो अर्थात् शब्दनामक ज्योतिद्वारा विश्वब्रह्माण्ड प्रकाशित नभएको भए यो दृश्यमान सम्पूर्ण तीनै लोक प्रगाढ अन्धकारमय हुने थियो। यसरी शब्दको महिमा र आवश्यकताको वस्तुगत रूपमा अनुभव गर्न सकिन्छ जसलाई शास्त्रकारहरूले सप्रमाण पुष्ट गरिदिएका छन्। यस्ता शब्दलाई प्रमाणका रूपमा प्रतिष्ठापन गर्न सर्वप्रथम शब्दबाट उत्पन्न ज्ञानको स्वरूप स्पष्ट हुनु आवश्यक छ। त्यसैले विशिष्टाद्वैताभिमत प्रमाण र प्रमेयको विवेचक तथा प्रतिपादक यतीन्द्रमतदीपिकामा शब्दात्मक प्रमाको स्वरूप स्पष्ट गर्दै भनिएको छ- **अनाप्तानुक्तवाक्यजनिततदर्थविज्ञानं शाब्दज्ञानम्** (यतीन्द्रदीपिका पृ.२५) अर्थात्- आप्तभिन्न व्यक्तिद्वारा नभनिएको, वाक्यविशेषबाट उत्पन्न ती ती शब्दप्रतिपाद्य अर्थविशेषलाई विषय गर्ने जो ज्ञान हो, त्यसलाई शाब्दज्ञान भनिन्छ। यस्तो ज्ञान हुनुमा शब्दको नै निर्णायक भूमिका रहने भएकोले पनि त्यस्तो ज्ञानलाई शाब्दज्ञानका रूपमा परिभाषित गरिएको हो। त्यसमा यथार्थवक्ता वा यथार्थ ज्ञान भएको पुरुषविशेषलाई आप्त भनिन्छ। त्यसदेखि भिन्न व्यक्तिहरूलाई अनाप्त भनिन्छ। किनकि त्यस्ता व्यक्तिहरूमा भ्रम, प्रमाद, करणापटव, लिप्सा, जुगुप्सा आदि दोषहरूको प्रबल सम्भावना रहन्छ। फलतः त्यस्ता व्यक्तिबाट उच्चारण भएका शब्दहरूद्वारा हुने शाब्दज्ञान प्रामाणिक नहुन सक्छ। त्यसैले त्यस प्रकृतिका व्यक्तिबाट उच्चरित शब्द प्रमित्यात्मक ज्ञानका उपयोगी नहुने कुरा स्वतः सिद्ध छ। त्यसदेखि भिन्न अपौरुषेय वेदात्मक शब्दबाट उत्पन्न ज्ञानलाई शाब्दज्ञानका रूपमा प्रस्तुत गरिएको हो। त्यस्तो ज्ञानको असाधारण कारण जो हुन्छ त्यसैको नाम शब्द प्रमाण हो। यसैलाई शास्त्रीय भाषामा स्पष्ट गर्दै भनिएको छ- **तत्करणं शब्द प्रमाणम्** (यतीन्द्रमतदीपिका पृ.२५) अर्थात् शाब्दज्ञानको जो करण हो त्यो नै शब्द प्रमाण हो।

यसमा विचारणीय विषय के छ भने नैयायिक र वैशेषिकहरू वेदलाई पुरुषविशेषको रचना हो भनी स्वीकार गर्दछन्। त्यसैले यिनीहरूको प्रसिद्धि वेदपौरुषेयत्ववादीका रूपमा रहेको छ। गौतमले- **आप्तोपदेशः शब्दः** (न्या.सू.अ.१, आ.१, सू.१) भनेर शब्दस्वरूपको निर्धारक सूत्रको उपदेश

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्नुभएको छ अर्थात् आप्तको उपदेश शब्द हो भन्ने न्यायमत छ। त्यो आप्त भनेको ईश्वर हो। अतः ईश्वरलाई अनुमानप्रमाणद्वारा सिद्ध गरेर वेदलाई ईश्वरोच्चरित वाणी मानेर त्यसमा प्रामाणिकताको प्रतिष्ठापन गरिन्छ। यस प्रकार वेदलाई पौरुषेय मान्ने दार्शनिकहरूको मतको निराकरण गर्न शाब्दज्ञानको स्वरूप निर्धारण गर्दा अनाप्तद्वारा अनुक्त यो पदावलीको प्रयोग गरिएको हो भनी विशिष्टाद्वैतीहरू भन्दछन्।

२.९ प्रधान अङ्गी शास्त्र (वेद)

सृष्टिको सुरुमा परमात्माद्वारा सृष्टिकर्ता ब्रह्मालाई वेदसम्बन्धी ज्ञानराशिको उपदेश गरियो। त्यो परमात्मालाई सनातन अनादि संसारका प्रति अभिन्ननिमित्तोपादन कारणका रूपमा मानिएको छ। यसरी अनादि आर्षपरम्पराबाट अविच्छिन्न रूपले प्रवाहित हुँदै आएको ज्ञानराशि नै वेद हो। जो नित्य र अपौरुषेय छ। किनकि पुरुषको बुद्धिको अधीन भएर हुने रचनाविशेषलाई पौरुषेय भनिन्छ। जस्तै : महाभारत, रामायण, पुराण आदि। तर त्यस्तो पुरुषको बुद्धिको अधीन रचना नभएकाले वेदलाई अपौरुषेय मान्दछन् वेदान्तीहरू। यसको पुष्टि गर्दै मनु भन्नुहुन्छ- **अनादिनिधना ह्येषा वागुत्सृष्टा स्वयंभुवा। आदौ वेदमयी दिव्या यतः सर्वाः प्रसूतयः ॥** अर्थात् सृष्टिको प्रारम्भमा अनादि, नित्य वेदमयी, दिव्यवाणी ब्रह्माबाट प्रकट भएको हो। जसबाट अरू सबै वाणीहरू अभिव्यक्त भएका छन्। यस्तो मनुवचनबाट पनि वेदको अपौरुषेयत्व स्थापित भएको कुरो स्पष्ट छ। यस प्रकृतिका अरू पनि प्रशस्त प्रमाण वचनहरू यत्रतत्र पाइन्छन्, जुन वचनहरू वेदवाणीलाई नित्य, अपौरुषेय सिद्ध गर्न प्रवृत्त देखिन्छन्।

यो वेद दुई भागमा विभक्त छ- पूर्वभाग र उत्तरभाग। त्यसमा आराधक कर्मलाई प्रकाश पार्ने भागलाई पूर्वभाग वा कर्मकाण्ड भाग भनिन्छ भने आराध्य ब्रह्मलाई बताउने भागलाई उत्तरभाग वा उत्तरकाण्ड। यी दुईको अर्को नाम पूर्वमीमांसा र उत्तरमीमांसा हो। यी दुई भिन्न भिन्न शास्त्र होइनन् अपितु एउटै शास्त्र हुन् भने विशिष्टाद्वैतीहरूको मत छ। अतएव उक्त कथनको पुष्टि गर्दै भनिएको छ- **संहितमेतत् शारीरकं जैमिनीयेन षोडशलक्षणेनेति शास्त्रैकत्वसिद्धिः** (बोधायनवृत्ति) अर्थात् व्याख्येय विषय र व्याख्यानगत विषयवस्तुको एकरूपता नै संहितम् यसको अर्थ हुन्छ, सर्वशरीरक परमात्मा भएको कारण व्याख्येय विषय जीव परमात्माको शरीर हुन्छ, त्यसको प्रतिपादक वेदान्तशास्त्र र जैमिनिद्वारा उपदिष्ट सोह्र अध्याय भएको जैमिनीयशास्त्रसँगको एकीभूत जुन कर्म तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ब्रह्मप्रतिपादक शास्त्रद्वय छन्, ती दुईमा एकशास्त्रत्वको सिद्धि हुन्छ । यसरी शारीरकशास्त्र भनेको ब्रह्ममीमांसाशास्त्र हो भने सोह्र अध्याय भएको जैमिनीयशास्त्र कर्ममीमांसा । यी दुईको एकत्वलाई सिद्ध गर्न बोधयनवृत्तिका उक्त वचनहरू प्रमाणका रूपमा प्रवृत्त छन् । यसैका आधारमा शास्त्रद्वयमा एकत्वको सिद्धि गर्न **कर्मब्रह्ममीमांसयोरेकशास्त्रत्वम्** भन्दै रामानुजाचार्यद्वारा श्रीभाष्यम्मा सप्रमाण प्रतिपादन गरिएको छ । यो नै पूर्वमीमांसा र उत्तरमीमांसाशास्त्रको ऐक्य हो । किनकि कर्मप्रतिपाद्य विषयको ज्ञानपश्चात् ब्रह्मविषयक ज्ञानमा प्रवृत्ति हुन्छ । कर्मजन्यफल अस्थायी, अस्थिर, विनाशी हुन्छ भन्ने विषयको ज्ञान वेदको पूर्वभागले अवगत गराउँछ भने ब्रह्मविषयक ज्ञानबाट अमृतत्वको प्राप्ति हुन्छ भन्ने कुरो उत्तर भागले । त्यसैले श्रीभाष्यम्मा भनिएको छ **वेदान्तवाक्यानि केवलकर्मफलस्वरूपक्षयित्वम् ब्रह्मज्ञानस्य अक्षयफलत्वं च दर्शयन्ति** (श्रीभाष्यम्, प्रथम सम्पुटः) अर्थात् वेदान्त वाक्यहरू कर्ममात्रको फल विनाशी हुन्छ भने ब्रह्मज्ञानको फल अविनाशी हुन्छ भनी स्पष्ट गर्दछन् । यसरी शास्त्रद्वयको एकत्वमा जोड दिन्छन् विशिष्टाद्वैतीहरू । तत्सम्बन्धमा बोधायनवृत्तिलाई प्रमाणका रूपमा अगाडि सारिन्छ । अतएव प्रमाणका रूपमा प्रस्तुत गर्दै रामानुजाचार्यद्वारा शास्त्रद्वयको एकत्वसिद्धि गर्ने प्रकरणमा भनिएको छ- **वृत्तात् कर्माधिगमानन्तरं ब्रह्मविविदिषा** (बोधायनवृत्ति) ।

यसरी शास्त्रविचारका दृष्टिले दुई भागमा विभक्त वेदहरू ऋक्, यजुः, साम र अथर्वका भेदले चार प्रकारका छन् । यिनका आ-आफ्ना शाखा-उपशाखाहरू फैलिँदै गएको कारण अनन्त वेदहरू हुन्छन् भनी शास्त्रकारहरूले सप्रमाण विवेचन गरेका छन् । त्यसमा पनि वेदार्थको विचार गर्न मन्त्र, अर्थवाद र विधि यी तीन प्रकरणगत विषयहरू उपयोगी मानिन्छन् । त्यसमा अनुष्ठेय अर्थको प्रकाशकलाई मन्त्र भनिन्छ भने विधिको अधीन रहेर प्रवृत्तिगत उत्कर्षता र अपकर्षताको निर्देशक वाक्यविशेषलाई अर्थवाद भनी परिभाषित गरिएको छ । यस्ता वाक्यहरूको विशेष विचार मीमांसाशास्त्रले गर्दछ । त्यसैले मीमांसादर्शनलाई वाक्यशास्त्र पनि भनिन्छ । त्यस्तै इष्ट वस्तुको प्राप्ति अनिष्टको परिहारको साधनका रूपमा निर्दिष्ट अलौकिक अर्थको विधान गर्ने वाक्यलाई विधि भनिन्छ । यिनका पनि अनेक भेद-उपभेदहरू छन्, जसको उदाहरणसहित प्रकरण, विषय र वस्तुका आधारमा कहीँ विस्तृत र कतिपय स्थलमा सङ्क्षिप्त रूपमा विचार-विमर्श गरिएको छ । यसरी विधि, अर्थवाद र मन्त्रात्मक वेद शास्त्र मात्रको प्रमुख अङ्गी हो, जसका छन्द, कल्प, शिक्षा, निरुक्त, ज्योतिष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र व्याकरण गरी ६ प्रकारका अङ्गशास्त्रहरू प्रसिद्ध छन्। त्यसमा अनुष्टुप्, त्रिष्टुप्, बृहती, गायत्री आदि वैदिक छन्दको प्रतिपादक शास्त्रलाई छन्द भनिन्छ भने श्रौत र स्मार्तसम्बन्धी प्रयोगविवेचक शास्त्रलाई कल्पशास्त्र। वर्णतत्त्वको निर्णय गर्ने वेदाङ्गलाई शिक्षा भनिन्छ भने यास्काचार्य आदि विवेचक विद्वान्द्वारा लेखिएका जेजति ग्रन्थविशेष छन्, जसमा विशेष गरेर वैदिक पदहरूको निरुक्ति र व्युत्पत्तिद्वारा अलौकिक अर्थको प्रतिपादन गरिएको छ, त्यसलाई निरुक्त भनिन्छ। यसले वैदिक पदहरूको वस्तुगत निर्वचन र व्युत्पादन गर्दछ। अध्ययन, अनुष्ठान आदिका लागि उचित कालको निर्धारण गर्ने वेदाङ्गलाई ज्योतिष भनिन्छ। प्रकृति र प्रत्ययलाई वस्तुगत रूपमा विभाजन गरेर त्यसका आधारमा शब्दको साधुत्वलाई निर्धारण गर्ने वेदाङ्गलाई व्याकरण भनिन्छ। यसलाई वेदका अङ्गशास्त्रहरूमा विशेष अङ्गशास्त्र हो भनी यसको मौलिकता र विशेषतालाई प्रतिष्ठापित गरिएको छ। एतवता सबै अङ्गशास्त्रहरूले युक्त वेदको प्रामाणिकतालाई सर्वथा अकाट्य रूपमा स्वीकार गर्दछन् विशिष्टाद्वैतीहरू। त्यति मात्र नभएर वाल्मीकि, व्यास, पराशर आदिद्वारा प्रणीत तथा प्रवर्तित, रामायण, इतिहास, पुराणहरू पनि प्रमाणका रूपमा आदरणीय मानिन्छन्। त्यसमा पनि वेदको विस्तार रूप महाभारत, इतिहासपुराणको प्रमाणता स्वतः सिद्ध छ। अतः वेदानुकूल सबै वचनहरू सर्वथा प्रामाणिक मानिन्छन्। त्यस्तै आगमका वचनहरू पनि प्रमाण हुन्छन्। त्यसमा कुनै पनि अंशमा वेदसँग विरोध नभएकाले पाञ्चरात्रागम, वैखानसागम आदि आगमशास्त्रहरू साकल्येन प्रमाण हुन्छन्। आगमसिद्धान्तलाई दिव्यसिद्धान्त पनि भनिन्छ, यसको अर्को नाम मन्त्रसिद्धान्त हो।

यस्तै धर्मशास्त्रहरू पनि प्रमाणका रूपमा अभिमत छन्। मनु, व्यास, पराशर, शाण्डिल्य, भरद्वाज, गोभिल, वसिष्ठ, हारीत आदि ऋषिहरू धर्मशास्त्रका प्रणेता वा विवेचकका रूपमा सुप्रसिद्ध छन्। त्यति मात्र नभएर शिल्पशास्त्र, आयुर्वेद, गान्धर्वशास्त्र, भरतागम आदिका वेदानुकूल वचनहरू सर्वथा प्रामाणिक मानिन्छन्। यसरी चौसट्ठी कलात्मक अनन्त शास्त्रहरूमा तत्त्वनिर्णयोपयोगी तथा परमपुरुषार्थोपयोगी प्रमाणशास्त्रहरू छन्। शास्त्रहरू स्वयं साधनस्वरूप हुन्छन्। किनकि **शास्ति अनेनेति शास्त्रम्** यस्तो करणमा व्युत्पत्ति गर्दा शास्त्र शब्द निष्पन्न हुन्छ। त्यसैले कर्तव्य, अकर्तव्य आदिका बोधक शास्त्रहरू हुन्। त्यसमा उपदिष्ट वचनहरू शब्दात्मक भएकाले वेदानुकूल सबै शब्दहरू प्रमाण हुन्छन् भन्दै साङ्गोपाङ्ग वेदत्वेन वेद मात्रमा प्रामाण्यको प्रतिष्ठापन गर्दछन् विशिष्टाद्वैतीहरू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यति मात्र नभएर सम्प्रदायप्रसिद्ध श्रीशठकोपसूरिका श्रीसूक्तिहरू सर्वथा प्रमाण मानिन्छन्। रामानुजाचार्यद्वारा रचना गरिएका श्रीभाष्यम्, गीताभाष्यम्, वेदार्थसङ्ग्रह, वेदान्तदीप आदि ग्रन्थहरू सर्वतोभावेन उच्चकोटिका प्रमाणशास्त्रका रूपमा प्रतिष्ठित छन्। यसै क्रममा नाथमुनिको न्यायतत्त्व, यामुनाचार्यका सिद्धित्रय, आगमप्रामाण्यम् र अन्य सम्प्रदायप्रसिद्ध भगवद्भक्त साधुसन्तका वचनहरू पनि यदि वेदानुकूल छन् भने ती प्रमाण मानिन्छन्। श्रीभाष्यकार रामानुजाचार्यको मतलाई अवलम्बन गरेर वेदान्त-देशिकाचार्यलगायत अन्य आचार्यहरूद्वारा जेजति ग्रन्थहरू लेखिएका छन्, जसमा प्रमाण र प्रमेयहरूको पर्याप्त विचार गरिएको छ ती सबै सर्वोपरि प्रमाणका रूपमा आदरणीय मानिन्छन्।

यसरी वैदिक तथा लौकिक यावत् वाक्यहरू विषयविशेषका बोधक तथा भेदमूलक हुन्छन्। जसरी शरीरवाची शब्दहरूको तात्पर्य शरीरधारी व्यक्तिमा हुन्छ, अर्थात् त्यहाँ गएर तिनीहरूको टुङ्गो लाग्दछ, त्यस्तै विशेष्यका रूपमा प्रतिष्ठित परमात्मा श्रीमन्नारायणका शरीरस्थानीय ब्रह्मा, रुद्र, अग्नि, इन्द्र आदिका वाचक शब्दहरूको तात्पर्य पनि त्यही पर्यवसित हुन्छ अर्थात् चित्-अचित् यी दुईले विशिष्ट एक मात्र वेदवेदान्तवेद्य शास्त्रसिद्ध परमात्मा श्रीमन्नारायण नै परम तत्त्व भएकाले तदतिरिक्त जेजति श्रूयमाण र अनुभूयमान शब्दहरू छन् ती सबै त्यस्ता परमात्माका शरीरस्थानीय हुन्। त्यसकारण नै सर्वशरीरक परमात्मा हुन्छ भनी विशिष्टाद्वैतीहरूको डिण्डिमघोष छ। यसरी सर्वशब्द वाच्य परमात्मा श्रीमन्नारायण नै सबैको विशेष्य भएर प्रतिष्ठित भएको कारण प्रयुज्यमान जेजति शब्दहरू छन्, ती सबै उसैका वाचक मानिन्छन्। त्यस्ता शब्दहरू वेद, वेदानुकूल स्मृति, इतिहास, पुराण, आगमसिद्ध छन् र तीती प्रामाणिक शास्त्रहरूमा उपदिष्ट पनि। त्यसकारण त्यस्ता शब्दहरूको प्रामाणिकता अप्रकम्प्य रूपमा प्रतिष्ठित छ भन्दै शब्द प्रमाणलाई सर्वोपरि प्रमाणका रूपमा स्वीकार गरिन्छ। यो नै शब्द प्रमाणको दिग्दर्शनात्मक सङ्क्षिप्त परिचय हो।

२.१० प्रमाणहरूको प्रवृत्ति

चित्, अचित् र ब्रह्मतत्त्व नै प्रमेय हुन्, तिनीहरूको साधकका रूपमा तीन प्रकारका प्रमाणहरूको चर्चा माथि गरिसकिएको छ। अरू उपमान, अर्थापत्ति, अनुपलब्धि आदि प्रमाणहरू पनि यी स्वीकृत प्रमाणत्रयमा नै अन्तर्भूत हुन्छन्। त्यसकारण साङ्ख्यको जस्तै विशिष्टाद्वैतीहरूले तत्त्वत्रयका साधकका रूपमा प्रमाणत्रयलाई स्वीकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्दछन् । प्रमाणहरूको प्रवृत्ति निर्विशेष वस्तुमा हुन सक्तैन । किनकि जहाँ जहाँ प्रमाणहरू प्रवृत्त हुन्छन्, त्यहाँ त्यहाँ वस्तुगत सविशेषत्व अपरिहार्य छ । त्यसैले प्रमाणगत प्रवर्तकता सविशेष वस्तुलाई लिएर नै हुन्छ । यहाँ प्रमेय भनेको नै चिदचिद्विशिष्ट ब्रह्मतत्त्व हो । जो अद्वैतीहरूले स्वीकार गरे जस्तो निर्विशेष सिद्ध हुन सक्तैन, किनकि त्यस्तो ब्रह्मलाई सिद्ध गर्ने प्रमाण नै छैन । यसको विवेचन गर्दै रामानुजाचार्यद्वारा निर्विशेष वस्तुको सिद्धिमा प्रमाणमात्रको प्रवृत्ति हुन नसक्ने विषयलाई यसरी स्पष्ट गरिएको छ- **निर्विशेषस्य वस्तुनः प्रमाणतः, असिद्धिः** अर्थात् निर्विशेष वस्तुको सिद्धि प्रमाणबाट हुन सक्तैन । यस कथनलाई पुष्ट गर्दै अगाडि भनिएको छ- **तथा हि निर्विशेषवस्तुवादिभिः निर्विशेषे वस्तुनि इदं प्रमाणमिति न शक्यते वक्तुम्, सविशेषवस्तुविषयत्वात् सर्वप्रमाणानाम् । यस्तु स्वानुभवसिद्धम् इति स्वगोष्ठीनिष्ठः समयः सोऽपि आत्मसाक्षिकसविशेषानुभवादेव निरस्तः इदमहम् अदर्शम् इति केनचिद् विशेषेण विशिष्टविषयत्वात् सर्वेषामनुभवानाम्** (श्रीभाष्यम्, प्रथमसम्पुटः पृ.५८) अर्थात् निर्विशेष वस्तुलाई स्वीकार गर्नेहरूले निर्विशेष वस्तुमा यो प्रमाण हुन्छ भनेर उल्लेख गर्नुपर्ने हुन्छ किनकि सबै प्रमाणहरू सविशेष वस्तुका विषय हुन्छन् । भन्नुको अभिप्राय वस्तुविशेषको सिद्धिमा नै प्रमाणहरूको प्रवृत्ति अनुभवगम्य छ । स्वयंप्रकाश प्रत्यक्षसिद्ध वस्तु लौकिक परीक्षकहरूका बिचमा अभिव्यक्त गर्न सक्ने विषय बन्न सक्तैन, त्यस्तो अनिर्वचनीय अनुभव नै प्रमाण हो भनी समाधान गर्ने हो भने त्यो पनि उपयुक्त हुँदैन, किनकि त्यसमा आत्माको साक्षी सविशेष अनुभवको नै विषय भएकाले त्यो निर्विशेष वस्तु हुन सक्तैन । फलतः त्यस्तो निर्विशेष वस्तु छ भन्ने कथन प्रमाणित हुन नसक्ने भएकाले युक्ति र अनुभूतिका आधारमा निर्विशेष वस्तुको अस्तित्व सर्वथा खण्डित हुन्छ । **इदम् अहम् अदर्शम्** यस वाक्यमा यो वस्तुलाई मैले देखें भन्दा तीन पदहरूको प्रयोग भएको छ । इदम्, अहम्, र अदर्शम् । यी तीन पदले विषय, आश्रय र तद्गत भेदलाई निर्देश गरेका छन् । यसरी सबैलाई यस्तो विशिष्ट विषयक नै अनुभव हुन्छ, जो अनुभव सर्वथा अखण्डनीय छ । त्यस्तै यहाँ प्रमाण सङ्ख्याको निर्धारण गर्दै कुनै पनि प्रमाण निर्विशेष वस्तुको साधक हुन सक्तैन भन्ने श्रीभाष्यम्का निम्न वचनहरू सर्वथा स्मरणीय छन्- **शब्दस्य तु विशेषेण सविशेष एव वस्तुनि अभिधानसामर्थ्यम् पदवाक्यरूपेण प्रवृत्तेः । प्रत्यक्षस्य सविशेषविषयत्वेन प्रत्यक्षादिदृष्टसम्बन्धविशिष्ट-विषयत्वादनुमानमपि सविशेषविषयमेव । प्रमाणसङ्ख्या-विवादेऽपि सर्वाभ्युपगतप्रमाणानामयमेव विषय इति न केनापि प्रमाणेन**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निर्विशेषवस्तुसिद्धिः (श्रीभाष्यम्, विशिष्टाद्वैतकोशः सप्तमः सम्पुटः, पृ.२७१) पद र पदसमुदाय वाक्यका रूपमा शब्दको प्रवृत्ति देखिन्छ । अतः विशेषतः शब्दको अभिधानगत सामर्थ्य विशेषणयुक्त वस्तुमा नै हुन्छ, जसलाई सविशेष भनिन्छ । त्यस्तै कुनै पनि वस्तुको निर्विशेष प्रत्यक्ष हुन सक्तैन त्यसैले प्रत्यक्षात्मक ज्ञानको निर्विशेष वस्तु नहुने वास्तविकतालाई कुनै पनि रूपले अपलाप गर्न मिल्दैन । फलतः प्रत्यक्षसिद्ध विषयहरू एकअर्काका सम्बन्धी हुँदै सम्बन्धलाई विषय गर्ने हुन्छन्, यसरी पनि प्रत्यक्षमूलक हुने अनुमान सविशेष नै हुन्छ, न कि निर्विशेष । एतावता प्रमेयसाधक प्रमाणहरूको सङ्ख्यालाई लिएर विवाद देखिए तापनि यो प्रमाणद्वारा सिद्ध यो नै विषय हो भन्ने जो सबैको अनुभवगम्य विषय हो, त्यसलाई कुनै पनि प्रकारले निषेध गर्न मिल्दैन । फलतः कुनै पनि प्रमाणद्वारा निर्विशेष वस्तुको सिद्धि हुँदैन भनी सप्रमाण निरूपण गरेर सविशेषाद्वैतवादलाई स्थापित गरिएको छ । त्यस्तै वेदार्थसङ्ग्रहमा पनि रामानुजाचार्यले निर्विशेष वस्तुमा प्रमाण मात्रको अभाव भएका सम्बन्धमा विस्तारपूर्वक विचार गरेर सविशेषाद्वैतवादलाई प्रतिष्ठापन गर्नुभएको छ ।

२.११ प्रमेय

दर्शन भनेको नै प्रमाण र प्रमेयरूप हो । यी दुवैमा प्रमा यो पद घटक भएर रहेको छ । प्रमारहित न प्रमाण हुन्छ न प्रमेय । व्युत्पत्तिका भेदले प्रमाण ज्ञानको साधन वा ज्ञानात्मक हुन्छ भने प्रमेय प्रकृष्ट ज्ञानको विषय । **प्रमीयते अर्थतत्त्वं प्रमेयम्** यस्तो व्युत्पत्तिद्वारा प्र उपसर्गपूर्वक मानार्थक मा धातुबाट कर्ममा **अचो यत्** (३, १, १७) यो पाणिनीय सूत्रद्वारा यत् प्रत्यय गरेर माको आकारको स्थानमा **ईद्यति** (६।४।६५) यो पाणिनीय सूत्रद्वारा ई आदेश र त्यसको स्थानमा गुण एकार गर्नाले **प्रमेयम्** शब्द निष्पन्न हुन्छ । त्यसमा प्र उपसर्गको प्रकर्ष अर्थ हुन्छ भने मा धातुको अर्थ ज्ञान, यत्प्रत्यय विषयको बोधक हो । यसरी प्रमेयपदबोधक प्रकृतिप्रत्ययबोध्य अर्थ प्रकृष्ट ज्ञानको विषय हुन्छ । यहाँ प्रकृति भनेको धातुपद हो, किनकि नाम र धातु गरी दुई प्रकारका प्रकृतिपद हुन्छन् । जसको पुष्टि गर्दै जगदीश भट्टाचार्यले शब्दशक्तिप्रकाशिकामा भनेका छन्- **निरुक्ता प्रकृतिर्द्वेधा नाम धातुप्रभेदतः । यत्प्रातिपदिकं प्रोक्तं तन्नाम्नो नातिरिच्यते ॥** (शब्दशक्तिप्रकाशिका) अर्थात् योभन्दा पहिले प्रकृतिको स्वरूपको उल्लेख गरियो । नाम र धातुका भेदले प्रकृति दुई प्रकारको हुन्छ । त्यसमा जो प्रातिपदिक हो त्यो नै नाम हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नामदेखि भिन्न प्रातिपदिक हुँदैन । यसरी धातुलाई पनि प्रकृतिपदका रूपमा परिभाषित गरिएको छ । यसमा पनि **मातुं योग्यं मेयम्** यस्तो व्युत्पत्तिद्वारा मेयपदको अर्थ ज्ञान गर्न योग्य विषय भन्ने हुन्छ भने प्रको अर्थ **प्रकृष्टं मेयम्** यस्तो प्रादिसमास गर्दा प्रमेयको प्रकर्षेण ज्ञानको विषय भन्ने अर्थ हुन्छ । त्यो भनेको यथार्थ ज्ञानको विषय हो । ज्ञान र विषयको विषयविषयीभाव सम्बन्ध हुन्छ । ज्ञान सर्वथा सविषयक नै हुने हुँदा त्यसको विषयत्व सम्बन्धले ब्रह्म आदि विषयमा अन्वय हुन्छ भने ब्रह्म आदि विषयहरूको विषयित्व सम्बन्धले ज्ञानमा, यही नै ज्ञान र विषयहरू बिचको सम्बन्ध हो । यसरी प्रकृष्ट ज्ञानको विषयका रूपमा विशिष्टाद्वैतीहरूले अशेषचिदचित्प्रकारक ब्रह्मलाई अगाडि सारेका छन् । त्यस्तो ब्रह्म नै प्रमेय तत्त्व हो भन्ने यिनीहरूको निष्कर्ष छ । यसको पुष्टि गर्दै देशिकाचार्यद्वारा व्यक्त गरिएको छ- **अशेषचिदचित्प्रकारं ब्रह्मैकमेव तत्त्वम्** (न्यायसिद्धाञ्जनम्, रत्नपेटिकाव्याख्यासहित, पृ.३) यहाँ प्रयुक्त अशेषपद समग्रताको बोधक हो, त्यसको सम्बन्ध चित् र अचित्पदबोध्य जीवसमुदाय र प्रकृतिसमुदायसँग हुन्छ, प्रकारपदको अर्थ विशेषण हुन्छ, यी दुई तत्त्व ब्रह्मका कहिल्यै पनि अलग नहुने विशेषण हुन्, त्यस्ता विशेषणले युक्त एक मात्र ब्रह्म जो छ, त्यो नै प्रमेय तत्त्व हो । यसको गूढतात्पर्यलाई स्फोरण गर्दै अगाडि भनिएको छ- **ब्रह्मैव इत्थंभूतं समस्तचिदचित् प्रकारीभूतं सामान्यतः प्रमाविषयतया विशेषतः प्रकर्षेण मेयतया च प्रमेयमुक्तम्** (पूर्ववत्, पृ.४) अर्थात् ब्रह्म नै यस किसिमको समस्त चित् (जीव) र अचित् (प्रकृति) यी दुई विशेषण भएर रहने सामान्य रूपमा प्रमा (यथार्थ ज्ञान) को विषय भएको र प्रकर्षरूपले ज्ञानको विषय भएकोले पनि ब्रह्मतत्त्वलाई प्रमेय भनिएको हो ।

माथि प्रयुक्त सामान्यतः र विशेषतः यी दुई पञ्चम्यन्त पदको आशयलाई स्पष्ट गर्दै रत्नपेटिकाकार भन्दछन्- सामान्य र विशेष यी दुई नामपदबाट पञ्चमी विभक्तिमा तसिल् प्रत्यय जोड्दा सामान्यतः विशेषतः यी दुई पदहरू व्याकरणका दृष्टिबाट सम्पन्न हुन्छन् । त्यसमा संसारका सबै पदार्थहरू कुनै न कुनै रूपमा यथार्थ ज्ञानका विषय भएकाले तिनीहरूको विशेष गरेर मोक्षोपयोगी आत्मा, शरीर, इन्द्रिय अर्थ, बुद्धि, मन, प्रवृत्ति, दोष, प्रेत्यभाव, फल, दुःख र अपवर्ग यी बाह्र प्रकारका पदार्थहरूलाई विशेष प्रमेय तत्त्वका रूपमा स्वीकार गरिएका छन् । ती सबै किसिमका प्रमेयहरूको सूक्ष्मतम विचार गरेर निर्णीत प्रमेय ब्रह्म तत्त्व हो भन्ने विशिष्टाद्वैताभिमत दार्शनिक सिद्धान्तको स्थापना गर्नुमा नै यसको तात्पर्य रहेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको अन्तर्निहित मर्मलाई उद्घाटन गर्ने उद्देश्यले प्रमेयपदको प्रकारान्तरले दुई प्रकारका व्युत्पत्तिहरू विवेचकहरूले अगाडि सारेका छन्- **प्रमेयमित्यत्र द्वौ पक्षौ सम्भवतः तत्र पूर्वं धातुरुपसर्गेण युज्यते पश्चात् साधनेन इति पक्षे प्रकृष्टा मितिः प्रमा, तस्याः विषयः प्रमेयमित्यर्थः सिद्धयति । आत्मशरीरेन्द्रियार्थबुद्धिमनः प्रवृत्तिदोषप्रेत्यभावफलदुःखापवर्गास्तु प्रमेयम् (न्या.सू.९/१/१) पूर्वं धातुः प्रत्ययेन युज्यते पश्चादुपसर्गेण इति पक्षे मितेर्विषयो मेयम् प्रकर्षेण मेयं प्रमेयमिति । द्विविधमपि प्रमेयत्वं ब्रह्मण्येव नान्यत्र ।** अर्थात् प्रमेयम् यसमा दुई पक्षहरू छन् । त्यसमा पहिले प्र उपसर्गका साथ मानार्थक मा धातुको प्रयोग हुन्छ त्यसपछि सिद्ध भएको प्रमेयपदको घटक प्रमाको अर्थ प्रकृष्ट ज्ञान हुन्छ भने यत् पदको अर्थ विषय । यसरी उपसर्गका साथ धातुबाट प्रत्यय जोड्दा सम्पन्न प्रमेयपदबोध्य अर्थ प्रकृष्ट ज्ञानको विषय हुन्छ । जसमा प्र उपसर्गको अर्थ प्रकृष्ट, मा धातुको अर्थ ज्ञान र यत् प्रत्ययार्थ विषय । यो नै प्रमेयपदको यौगिकार्थ हो । त्यस्तै दोस्रो पक्षमा पहिले केवल धातु मात्रबाट यत् प्रत्यय गरेर मेय शब्द बनाइन्छ, त्यसपछि प्र उपसर्ग लगाउँदा प्रमेय शब्द बन्दछ । यस पक्षमा मेयपदको अर्थ ज्ञानको विषय हुन्छ भने प्र उपसर्गले प्रकर्षरूपले भन्ने विशेष अर्थद्वारा मेयलाई विशेषित गरिन्छ अर्थात् प्रकर्ष विशेषणद्वारा युक्त ज्ञानको विषय प्रमेय शब्दबोध्य अर्थ हुन्छ । त्यस्तो प्रमेयमा **त्व** प्रत्यय जोड्दा प्रमेयत्व हुन्छ, जसको निष्कर्षात्मक अर्थ हुन्छ- यथार्थ ज्ञानविषयत्व । त्यो ब्रह्मको विशेषणका रूपमा भाषित हुन्छ । फलतः उक्त निर्वचनद्वारा यथार्थ ज्ञानको विषयताको आश्रय ब्रह्म नै हो भन्ने तथ्य प्रमाणित हुन्छ । फलतः जो संसारको निवर्तक हुन्छ त्यो नै वास्तविक र तात्त्विक प्रमेय हो भन्ने निष्कर्ष निक्लन्छ ।

यसमा विचारणीय विषय के छ भने उपसर्गहरूलाई अभिधेय अर्थका वाचकका रूपमा स्वीकार गर्ने र नगर्ने दुई पक्षहरू विचारका कोटिमा प्रदर्शित छन् । जसले उपसर्गहरूलाई वाचक मान्दैनन् तिनीहरू मा धातुको नै अर्थ प्रकर्ष विशिष्ट ज्ञान हो भन्दछन्, अझ स्पष्ट शब्दमा भन्नुपर्दा- प्रकर्षले युक्त ज्ञानमा नै मा धातु लाक्षणिक छ अतः लक्षणाद्वारा मा धातुको नै प्रकर्षयुक्त ज्ञान अर्थ हुन्छ । यसलाई लक्ष्यार्थ पनि भनिन्छ, त्यसमा विद्यमान उपसर्ग चाहिँ तात्पर्यग्राहक मात्र हुन्छ । त्यस्तो स्थितिमा उपसर्गलाई द्योतक मानिन्छ न कि वाचक । द्योतक भनेको तात्पर्यगत अर्थको ग्राहक हो भनी शास्त्रकारहरूले परिभाषा गरेका छन् । यसरी प्रकर्षले युक्त ज्ञानात्मक जो प्रमा हो त्यो धातुपदबोध्य अर्थ हो, उपसर्ग प्रतिपाद्य अर्थ होइन भन्ने अभिप्राय उपसर्गद्योतकत्ववादीहरूको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी प्रमेयको अनेक प्रकारले विचार गरेर तद्विषयक निर्णय गरिएको छ। त्यसमा न्यायाभिमत प्रमेयभन्दा विलक्षण चित् र अचित्ले युक्त ब्रह्म नै प्रमेयका रूपमा स्थापित गर्न त्यसका विरोधी जेजति तर्क, युक्ति, उपपत्तिहरू छन् तिनीहरूको औचित्यलाई सप्रमाण निस्तेज गरी चित्, अचित् र त्यसका भेद-उपभेदहरू र ती दुईले विशिष्ट ब्रह्मतत्त्व नै अनारोपित वस्तुतत्त्व हो भन्ने प्रमेय निर्धारक सिद्धान्त विशिष्टाद्वैतीहरूद्वारा प्रतिष्ठापित छ। यो नै प्रमेय तत्त्वको दिग्दर्शनात्मक सामान्य परिचय हो।

विशिष्ट ब्रह्मतत्त्वअन्तर्गत सबै पदार्थहरू द्रव्य र अद्रव्यका रूपमा विभक्त छन्। त्यसमा केही पदार्थ द्रव्यकोटिअन्तर्गत पर्दछन् भने केही पदार्थ अद्रव्यकोटिअन्तर्गत। अब प्रसङ्गअनुसार प्रमेयका भेदहरू बताइन्छन्।

२.१२ प्रमेयका भेदहरू

माथि मोटामोटी रूपमा विशिष्टाद्वैत वेदान्तका दृष्टिले विभिन्न कोणबाट प्रमेयको स्वरूप स्पष्ट गर्ने प्रयास गरियो। अब त्यसका भेद-उपभेदहरूका सम्बन्धमा चर्चा गरिन्छ। द्रव्य र अद्रव्यका भेदले प्रमेय दुई प्रकारको हुन्छ, यहाँ उपादान कारणका रूपमा जेजति पदार्थहरू अभिमत छन् त्यसलाई द्रव्य भनिन्छ। नैयायिकहरू कार्यको समवायिकारण द्रव्य मात्र हुन्छ भन्दछन्, त्यसैलाई वेदान्तीहरूले उपादानकारण भन्ने गरेका छन्। यसमा शब्दगत भेद मात्र हो, दुवैको वस्तुगत तात्पर्यमा कुनै भिन्नता देखिँदैन। अतः उपादनत्व नै द्रव्यको लक्षण हो। त्यसमा अवस्थाको आश्रयमा जुन पदार्थहरूको अस्तित्व स्थापित हुन्छ, त्यसलाई उपादान भनिन्छ। आगन्तुक र अपृथक्सिद्ध धर्म नै अवस्था हो। जस्तै घटका प्रति माटो अपृथक्सिद्ध भएर रहेको हुन्छ, माटोबाट अलग भएर घटको अस्तित्व सम्भव छैन, त्यस्तै घटत्व आदि। यी धर्महरू अवस्थाविशेषमा आगन्तुक हुन्छन्। जुन पदार्थमा यस्ता अवस्थाहरू हुन सक्तैनन् ती द्रव्य भिन्न पदार्थका रूपमा स्वीकृत छन्। यो द्रव्य र अद्रव्यको विभाग प्रत्यक्ष आदि प्रमाणसिद्ध छ, त्यसकारण यस्तो वस्तुगत प्रमाणसिद्ध द्रव्य र अद्रव्यको विभाग सर्वथा प्रतिष्ठापित हुन्छ। त्यसैले चित् र अचित् यी दुईले विशिष्ट ब्रह्मतत्त्वअन्तर्गत पदार्थविभागको व्यवस्थापन गर्दै देशिकाचार्य न्यायसिद्धाञ्जनमा भन्नुहुन्छ- **प्रत्यक्षादिसिद्धोऽयं द्रव्याद्रव्य-विभागः** (न्या.सि. हिन्दी व्याख्यासहित पृ.६) अर्थात् जो द्रव्य र अद्रव्यको विभाग छ, त्यो प्रत्यक्ष, अनुमान र शब्द प्रमाणद्वारा सिद्ध छ। त्यसकारण यसको अपलाप गर्न सकिदैन। फलतः यी दुवैमा सबै पदार्थहरू अन्तर्भूत हुन्छन्। यसैका आधारमा सबै पदार्थहरू प्रमाण र प्रमेयका भेदले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुई भागमा विभक्त छन् भन्ने सिद्धान्त पनि स्थापित हुन्छ। त्यसमा प्रमाणको चर्चा पहिले भइसकेको छ। प्रमेयअन्तर्गत द्रव्य जड र अजडका भेदले दुई किसिमको हुन्छ। परतो भासमान जेजति द्रव्यहरू हुन्छन् तिनलाई जड भनिन्छ। त्यस्ता जडद्रव्यहरू पनि प्रकृति र कालका भेदले दुई किसिमका छन्, जडभिन्न द्रव्यलाई अजडद्रव्य भनिन्छ अर्थात् स्वयं प्रकाशित चैतन्य पदार्थलाई अजडद्रव्य भनी परिभाषित गरिएको छ। त्यो पराक् र प्रत्यक् गरी दुई प्रकारको हुन्छ। त्यसमा पराक् नित्यविभूति र धर्मभूत ज्ञानका भेदले दुई प्रकारको हुन्छ। त्यसमा बद्ध, मुक्त र नित्यका भेदले जीव तीन प्रकारका हुन्छन् भने त्यसअन्तर्गत बुभुक्षु र मुमुक्षुका भेदले बद्धजीव दुई प्रकारको हुन्छ। भोगलाई चाहने बुभुक्षु हुन्छ भने प्रकृतिको सम्बन्धबाट मुक्त हुन चाहनेलाई मुमुक्षु। ती पनि अर्थलाई चाहने र धर्ममुखी गरेर दुई प्रकारका हुन्छन्, धर्ममुखी देवतान्तरपरक र भगवत्परकका भेदले दुई प्रकारका हुन्छन्। मुमुक्षु पनि कैवल्याभिलाषी र मोक्षाभिलाषी गरी दुई प्रकारका हुन्छन्। त्यसमा प्रकृतिको बन्धनबाट मुक्त हुन चाहनेलाई कैवल्यकामी भनिन्छ भने बन्धननिवृत्तिका साथ परमानन्दस्वरूप ब्रह्मानुभव गर्न चाहनेलाई मोक्षाभिलाषी। भक्त र प्रपन्न गरी मोक्षाभिलाषी पनि दुई किसिमका हुन्छन्। नित्य निरन्तर अनवच्छिन्न रूपले भगवद्विषयमा मात्र उन्मुख जनहरूलाई भक्त भनिन्छ भने भगवान्लाई सर्वस्व मानी विश्वासपूर्वक सर्वतोभावेन भगवान्को शरणलाई स्वीकार गर्नेलाई प्रपन्न। प्रपन्नहरू पनि एकान्ती र परमैकान्ती गरी दुई प्रकारका हुन्छन्। त्यसमा उपाय र उपेयरूप फल भगवान्लाई नै मान्ने एकान्ती हुन् भने भगवद्विषयक अनुभव, उहाँको सेवा र उहाँद्वारा आश्रित जनहरूमाथि गरेको उपकार मात्रको अनुसन्धान गर्ने, त्यसदेखि अतिरिक्त अरू कुनै पनि किसिमको फलको अपेक्षा नगर्ने प्रकृतिका जनहरूलाई परमैकान्ती प्रपन्न भनिन्छ। ती परमैकान्ती पनि दृप्त र आर्तका भेदले दुई प्रकारका हुन्छन्- वर्तमान शरीरलाई धारण गर्न कथंकदाचित् समर्थ हुँदै अर्को शरीरको सम्बन्धलाई नचाहने प्रपन्न दृप्त हुन् भन्ने वर्तमान देहको सम्बन्धलाई पनि सहन गर्न नसकी भगवत्प्राप्तिमा अत्यन्त आतुर जो हुन्छन्, तिनलाई आर्त भनिन्छ।

पर, व्यूह, विभव, अन्तर्यामी र अर्चा गरी पाँच प्रकारका ईश्वरका भेदहरू बताइएका छन्। त्यसमा परतत्त्व एउटै हुन्छ, भने वासुदेव, सङ्कर्षण, प्रद्युम्न, अनिरुद्धका भेदले व्यूह चार किसिमको हुन्छ। मत्स्य, कूर्म, भूवराह, राम, कृष्ण आदि अनन्त विभवावतारहरू छन्। प्रत्येक जीवमा अवस्थित अन्तर्यामीका रूपमा ईश्वरको अस्तित्व रहेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ। साक्षात् दर्शनजन्य अनुभव गरिने भगवान्का मूर्तिविशेषहरू नै ईश्वरीय अर्चावतारका रूपमा अभिमत छन्। यी सबै द्रव्यपदार्थ हुन् भनी विशिष्टाद्वैतीहरूको दार्शनिक सिद्धान्त छ। त्यसदेखि भिन्न सत्त्वगुण, रजोगुण, तमोगुण, शब्द, स्पर्श, रूप, रस, गन्ध, संयोग, शक्ति यी दश प्रकारका पदार्थहरू द्रव्यभिन्न अद्रव्य पदार्थका रूपमा स्वीकृत छन्। आपाततः यो नै प्रमेयका भेद उपभेदहरूलाई तर्क, युक्ति, उपपत्तिका आधारमा प्रतिष्ठापित गरिएको छ। विशेष जिज्ञासुहरूद्वारा यसका प्रतिपादक प्रामाणिक मूल ग्रन्थहरूको अध्ययन र अवलोकन गरेर तत्सम्बन्धी विस्तृत जानकारी लिन सकिने छ।

२.१३ जडद्रव्य

योभन्दा पूर्व जड र अजड गरी द्रव्यलाई दुई भागमा विभाजन र तिनका भेद-उपभेदहरूको उल्लेख गरियो। अब जडद्रव्यको विचार प्रस्तुत गरिन्छ। यसमा जड र द्रव्य गरी दुई पदहरू छन्। त्यसैले जडात्मक द्रव्यको विचार गर्नु नै यसको अभीष्ट हो। किनकि यहाँ जड पदार्थको द्रव्य पदार्थसँग अभेदसम्बन्ध हुन्छ, जसको अभिमत अर्थ हो- जडात्मक द्रव्य। त्यसमा घटक जड पदार्थ स्पष्ट नभई तद्रूप द्रव्य पदार्थ स्पष्ट हुने कुरै भएन। अतएव देशिकाचार्यद्वारा जड पदार्थको स्वरूपको निर्धारण गर्दै भनिएको छ- **परत एव भासमानं जडम्** (न्यायसिद्धाञ्जनम्, हिन्दी भाषानुवादसहितम् पृ.३६) अर्थात् जुन द्रव्यहरू अरूद्वारा प्रकाशित हुन्छन् स्वतः प्रकाशित हुने सामर्थ्य जसमा हुँदैन त्यस्ता द्रव्यहरू जडात्मक हुन्छन्। जस्तै- काल, त्रिगुणात्मिका प्रकृति, पृथिवी आदि। यिनीहरू धर्मभूतज्ञानद्वारा मात्र प्रकाशित हुन्छन्, त्यसकारण यस प्रकृतिका जेजति द्रव्यहरू छन् ती परतः-अर्थात् धर्मभूत ज्ञानबाट आलोकित हुन्छन्। अतः त्यस्ता द्रव्यहरू जडात्मक हुन्। यो नै द्रव्यगत जडता हो। त्यसमा विशेषतः प्रकृति र काललाई जड द्रव्यका रूपमा अगाडि सारेका छन् विशिष्टाद्वैतीहरूले।

२.१४ प्रकृति

जड द्रव्यहरूमध्ये प्रकृति एउटा हो। त्रिगुणात्मिका प्रकृति ईश्वरको अंशका रूपमा निर्दिष्ट छ। जसलाई चेतना नभएको र परतो भासमान भएकाले अचित् वा जड भनी परिभाषित गरिएको छ। अनेकार्थक प्रकृति शब्द यहाँ ईश्वरको अनादि माया, जसको आश्रय लिएर प्रपञ्चात्मक संसारको सृष्टि हुन्छ, जो अवस्था विशेषमा सत्त्व, रज र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तमोगुणले युक्त भएर तदनुरूप सात्त्विक, राजस र तामस प्रकृतिका सर्जनहरूमा उपयोगिनी मानिन्छ। त्यसको लक्षण प्रस्तुत गर्दै शास्त्रकारहरू भन्दछन्- **प्रधानम् । त्रिगुणशब्दाभिलप्यद्रव्यम् । तत्संश्लिष्टश्चेतनः पुरुषः । बन्धकत्वे सति सत्त्वगुणवत्त्वम्, रजोगुणवत्त्वम्, तमोगुणवत्त्वमेतानि प्रकृतेर्लक्षणानि** । अर्थात् प्रकृतिको अर्को नाम प्रधान हो । विशेष गरेर साङ्ख्य र वेदान्तीहरू प्रकृतिलाई प्रधान भन्दछन् । जसलाई ईश्वरको प्रधानशक्तिका रूपमा वर्णन गर्दै भनिएको छ- **यस्य शक्तिर्महामाया जगद्विभ्रमकारिणी । विश्वोत्पत्तिनिमित्तत्वात् प्रकृतिः प्रोच्यते बुधैः ॥** अर्थात्- जुन परमात्मामा जगत्लाई विभ्रम गर्ने महामाया शक्ति छ, विश्वप्रपञ्चका प्रति निमित्तकारण भएकाले विद्वज्जनहरूद्वारा जसलाई प्रकृति भनिन्छ, त्यस्ती प्रकृतिको आश्रय लिएर नै परमात्माद्वारा प्रपञ्चात्मक संसारको सृष्टि, स्थिति र संहार हुन्छ। प्रकृतिलाई अविद्या, अक्षर, माया आदि शब्दद्वारा पनि पुकारिन्छ। भगवान्को सङ्कल्पअनुसार जब सृष्टि गर्ने इच्छा हुन्छ, तब गुणगत विषमता उत्पन्न हुन्छ, त्यो नै सृष्टिको प्रारम्भिक अवस्था हो। त्यसमा अव्यक्त रूपले रहने भएकाले प्रकृतिलाई अव्यक्त पनि भनिन्छ। यस्तो प्रकृतितत्त्व सावयव भएर सृष्टिविस्तारमा कारण हुन्छ। अध्यात्म ज्ञानको उत्पत्तिमा प्रकृति विरोधी हुन्छ, त्यसकारण प्रकृतिलाई अविद्या भनिएको हो। यसरी अनेक कोणबाट प्रकृतिको स्वरूपलाई स्पष्ट गर्ने प्रयास गरिएको छ।

अव्यक्तात्मक प्रकृति नै प्रधान भएकाले त्यस्तो प्रकृति नित्य र अनादि हुन्छ। जसको पुष्टि गर्दै भगवद्गीतामा भनिएको छ - **प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि । विकाराँश्च गुणाँश्चैव विद्धि प्रकृतिसम्भवान् ॥** (गी. १३/१९) प्रकृति र पुरुष यी दुवै अनादि हुन् भनी जान्नु त्यसमा प्रकृतिबाट उत्पन्न विकारस्वरूप सत्त्व, तम, रजोगुणहरू छन्। यहाँ पुरुषपद जीवात्माको बोधक हो। ईश्वर नित्य भएकाले त्यसका अंशका रूपमा रहेका प्रकृति र पुरुष पनि नित्य हुन्छन्। अतः दुवैलाई प्रकृतितत्त्वका रूपमा शाङ्करभाष्यमा शङ्कराचार्यद्वारा परिभाषित गर्दै भनिएको छ- **प्रकृतिं पुरुषं चैव ईश्वरस्य प्रकृती, तौ प्रकृतिपुरुषवभावपि अनादी विद्धि, न विद्यते आदिर्ययोस्तौ अनादी । नित्यत्वात् ईश्वरस्य तत्प्रकृत्योरपि युक्तं नित्यत्वेन भवितुम् । प्रकृतिद्वयवत्त्वमेव हि ईश्वरस्य ईश्वरत्वम्, याभ्यां प्रकृतिभ्यामीश्वरो जगदुत्पत्तिस्थिति प्रलयहेतुः । ते अनादी सत्यौ संसारस्य कारणम् (शाङ्करभाष्यम्)**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् प्रकृति र पुरुष यी दुवै ईश्वरका प्रकृतिरूप हुन्, ती दुवैको प्रारम्भिक स्वरूप नभएकाले अनादि भनिएको हो। त्यसमा ईश्वर नित्य भएको कारण त्यसका प्रकृतिका रूपमा रहेका उक्त दुवै तत्त्व नित्य हुन् भन्ने कथन युक्तिसम्मत छ। यस्तो प्रकृति र पुरुषले युक्त जो हुन्छ त्यो नै ईश्वर हो, यो नै ईश्वरगत ईश्वरत्व हो। यस प्रकारका प्रकृति र पुरुषले युक्त ईश्वर नै जगत्का प्रति उत्पत्ति, स्थिति र प्रलयमा अभिन्ननिमित्तोपादान कारण मानिन्छ। यसरी प्रकृतिका सम्बन्धमा बृहद् र विशद विचारविमर्श गरी ईश्वरको अचिद्शरीरका रूपमा प्रकृतितत्त्वलाई स्थापित गरिएको छ।

२.१५ चौबिस तत्त्वहरू

चतुर्विंशति तत्त्वात्मिका प्रकृति हुन्छ। त्यसमा प्रकृतिबाट महत्तत्त्व उत्पन्न हुन्छ, यसलाई बुद्धि पनि भनिन्छ। यो सात्त्विक, राजस र तामसका भेदले तीन प्रकारको हुन्छ। त्यसबाट अहङ्कार उत्पन्न हुन्छ। त्यो पनि पूर्ववत् तीन प्रकारको हुन्छ। यी तीन गुणहरूको समष्टि स्वरूपलाई वैकारिक तैजस पनि भनिन्छ। यस्तो तैजसनामक अहङ्कारले सहित सात्त्विक अहङ्कारबाट पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय र मन गरी एघार इन्द्रियहरू व्यक्त हुन्छन्। यसरी सात्त्विक अहङ्कार उपादान भएको जो द्रव्य हुन्छ त्यसलाई इन्द्रिय भनी परिभाषित गरिएको छ। भन्नुको अभिप्राय के हो भने ज्ञानेन्द्रिय र कर्मेन्द्रिय गरी दुई प्रकारका इन्द्रियका भेदहरू हुन्छन्। त्यसमा श्रोत्र, चक्षु, घ्राण, रसना, त्वक्(छाला) तथा मनका भेदले ज्ञानेन्द्रियहरू छ प्रकारका बताइएका छन् भने वाणी, हात, खुट्टा, जननेन्द्रिय, मलोत्सर्ग गर्ने इन्द्रिय यी विभिन्न कर्मका सम्पादक कर्मेन्द्रिय ५ प्रकारका छन्, त्यस्तै मन यी सबै मिलाउँदा एघार इन्द्रियहरू हुन्छन्। यिनीहरूको मूलकारण सात्त्विक अहङ्कार नै हुन्छ। त्यसलाई वेदान्तको भाषामा उपादनकारण भनिन्छ भने न्यायवैशेषिकदर्शनको भाषामा समवायिकारण। यसबाट नैयायिकहरूको यो कथन प्रमाणित हुन्छ, कार्यका प्रति द्रव्यमात्र समवायिकारण[१५] हुन्छ। जसलाई वेदान्तीहरू उपादानकारण भन्दछन्। त्यसमा स्मृत्यात्मक र अनुभवात्मक ज्ञानका प्रति जो असाधारण कारण हुन्छ, त्यसलाई मन भनिन्छ। त्यो हृदयप्रदेशमा रहने बुद्धि, अहङ्कार, चित्त, अन्तःकरण आदि

१५ समवायिकारणत्वं द्रव्यस्यैवेति विज्ञेयम् (भाषापरिच्छेद, कारिका)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शब्दद्वारा बोध्य प्राणी मात्रको वन्धन र मोक्षका प्रति कारण हुन्छ । त्यस्तै शब्दको ग्राहक इन्द्रिय श्रोत्र, रूपग्राहक इन्द्रिय चक्षु (आँखा), गन्धग्राहक घ्राण (नाक), रसग्राहक रसना (जिब्रो), स्पर्शग्राहक त्वक् (छाला) इन्द्रियहरू ती ती विषयहरूको साक्षात्कारमा उपयोगी हुन्छन्, त्यसकारण तिनीहरूलाई ज्ञानेन्द्रिय भनिएको हो । यिनीहरूका प्रत्येकका लक्षणहरू उदाहरणसहित इन्द्रिय प्रतिपादक प्रकरणमा क्रमशः बताइएका छन् । त्यस्तै वर्णको उच्चारणमा जो असाधारण कारण हुन्छ त्यो वाणी हुन्छ भने लेखन, मूर्ति आदि निर्माणमा उपयोगी जो इन्द्रिय हो त्यसलाई पाणि (हात) भनिन्छ । हिँडडुल, तीर्थयात्रा आदि कर्ममा उपयोगी इन्द्रिय पाद (खुट्टा) हो भने मल आदि त्यागको जो मूल आधार हो त्यसलाई पायु (दिशा गर्ने ठाउँ) भनिन्छ । आनन्द विशेषको कारण मूत्रोत्सर्ग गर्ने इन्द्रियलाई उपस्थ भनिन्छ । यसरी तीती कर्मका सम्पादकका रूपमा पाँच प्रकारका कर्मेन्द्रियहरू प्रसिद्ध छन् । यिनीहरूका पनि उदाहरणसहित लक्षणहरू तत्तत्प्रकरणमा निर्दिष्ट छन् । त्यस्ता इन्द्रिय अणु हुन्छन् । त्यसैले परकीय शरीरमा जब जीवको प्रवेश हुन्छ र ऊ कर्मानुसार अर्को लोकमा उत्क्रमण गर्दछ त्यस अवस्थामा अणुरूप इन्द्रियहरू जीवका साथमा जान्छन् ।

यही अनुभवलाई केन्द्रमा राखेर विशिष्टाद्वैतीहरू जीव अणु हुन्छ भनी जीवको परिभाषा गर्दछन् । त्यसमा पनि जीवको मुक्तिदशामा अप्राकृतिक विशिष्ट प्रदेशमा इन्द्रियहरूको गमन सम्भव नभएकाले जबसम्म शरीरको प्रलय हुँदैन तबसम्म मात्र तिनीहरूको स्थिति रहन्छ भनी बताइएको छ । यसरी एघार प्रकारका इन्द्रियहरूको सामान्य परिचय यहाँ पूरा हुन्छ । यो एउटा दिग्दर्शनात्मक सङ्केत मात्र हो ।

२.१६ पञ्चमहाभूत र पञ्चतन्मात्र

अब पञ्चमहाभूत र पञ्चतन्मात्रहरूको उत्पत्ति प्रक्रिया सङ्क्षेपमा प्रस्तुत गरिन्छ । राजस अहङ्कारका साथ तामस अहङ्कारबाट शब्दतन्मात्र, स्पर्शतन्मात्र, रूपतन्मात्र, रसतन्मात्र र गन्धतन्मात्र गरी पाँच प्रकारका तन्मात्रहरू प्रकट हुन्छन् । त्यसमा आकाश, वायु, तेज, जल र पृथिवीलाई पञ्चमहाभूत भनिन्छ । यिनीहरू प्रत्येकको अर्को वस्तुको व्यवधानरहित जो सूक्ष्म अवस्थाले युक्त द्रव्य हुन्छ, त्यो नै तन्मात्र हो । त्यस्तो तन्मात्र नै आकाश आदिको उपादान हुन्छ अर्थात् समवायिकारण हुन्छ । फलतः सूक्ष्म अवस्थाले युक्त शब्द, स्पर्श, रूप, रस र गन्ध जुन तन्मात्रपदप्रतिपाद्य विषयहरू छन्, तिनीहरूको अधिकरण नै आकाश आदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भूतजडद्रव्य हुन्। एतावता तामस अहङ्कार र आकाशको मध्यवर्ती अवस्थाले युक्त जो द्रव्य हुन्छ त्यसलाई शब्दतन्मात्र भनिन्छ। त्यो नै आकाशको उपादान कारण भएकोले शब्दतन्मात्रबाट आकाशात्मक कार्य उत्पन्न हुन्छ। यसरी पाँच प्रकारका भूतद्रव्यहरूमध्ये शब्दतन्मात्र र आकाशको उपादानोपादेय भावात्मक सम्बन्ध सिद्ध हुन्छ। जसमा शब्द उपादानकारण हुन्छ, त्यसको उपादेय आकाश भएकोले शब्द उपादेयत्वसम्बन्धद्वारा आकाशसँग जोडिन्छ, अर्थात् अन्वित हुन्छ, सजिलो भाषामा भन्नुपर्दा- आकाशका प्रति शब्द उपादानकारण हुन्छ। यसरी शब्द, स्पर्श आदि गुणमा मात्र तन्मात्रत्व स्वीकार गर्ने साङ्ख्यहरूको मत स्वतः खण्डित हुन्छ। किनकि सूक्ष्म अवस्थाविशिष्ट द्रव्य नै तन्मात्र हुन् र त्यस्ता तन्मात्रहरू आकाश आदि पाँचका उपादान हुन्छन् भन्ने विशिष्टाद्वैतीहरूको मान्यता रहेको छ। यस कथनलाई प्रमाणित गर्न- **तस्माद्वा एतस्मादात्मन आकाशः सम्भूतः** (तै.उ.आन.१) इत्यादि अनेकौं उपनिषद् वचनहरू प्रवृत्त छन् अर्थात् सूक्ष्म चिदचिद्विशिष्ट ब्रह्मबाट भूत आकाश उत्पन्न हुन्छ, आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथिवी उत्पन्न हुन्छ। यसैका आधारमा विशिष्टाद्वैतीहरू आकाशलाई अनित्य मान्दै तदनुरूप त्यसको स्वरूपको निर्धारण गर्दछन्- **अस्पर्शवत्त्वे सति विशिष्टशब्दाधारत्वम्, श्रोत्राप्यायकत्वं चाकाशलक्षणम्। स च शब्दमात्रुणक अवकाशहेतुः** (यतीन्द्रमतदीपिका, पृ. ३९-४०) अर्थात् स्पर्शले रहित विशिष्ट शब्दको जो आधार हुन्छ र श्रोत्रेन्द्रियको पोषक पनि हुन्छ भने त्यसलाई आकाश भनिन्छ। त्यस्तो आकाश शब्द मात्र गुण भएको अवकाशको कारण हुन्छ। यसबाट आकाशलाई नित्य र निरवयव मान्ने नैयायिक र वैशेषिकहरूको मत खण्डित हुन्छ। किनकि विशिष्टाद्वैतीहरू माथि निर्दिष्ट उपनिषत्प्रमाणका आधारमा आकाश अनित्य र सावयव सिद्ध गर्दछन्।

आकाश र वायुको मध्यवर्ती अवस्थाले युक्त जो द्रव्य हो, त्यसलाई स्पर्शतन्मात्र भनिन्छ। त्यसबाट वायुको उत्पत्ति हुन्छ। त्यसमा वायुको स्वरूपको निर्धारण गर्दै भनिएको छ- **विशिष्टस्पर्शवत्त्वे सति रूपशून्यत्वम्** (य.म., पृ. ४०) जो विशिष्ट स्पर्शले युक्त तर रूपले रहित हुन्छ त्यसलाई वायु भनिन्छ। यो त्वगिन्द्रियको पोषक भएकाले त्यसको उपकारी हुन्छ। त्यसका शब्द र स्पर्श गरी दुईओटा गुणहरू छन्। त्यसमा पनि शरीर धारण आदिको जो कारण हो त्यसलाई प्राणवायु भनिन्छ। त्यो प्राण, अपान, व्यान, उदान र समानका भेदले पाँच प्रकारको हुन्छ। यसका भिन्नभिन्न स्वरूपहरू निर्दिष्ट छन्। त्यस्तै- वायु र तेजको बिचको जो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अवस्था हो, त्यो विशिष्ट द्रव्यलाई रूपतन्मात्रका रूपमा परिभाषित गरिएको छ। त्यस्तो रूपबाट तेज उत्पन्न हुन्छ। त्यो उष्णस्पर्श भएको स्वतः प्रकाशस्वरूप भास्वर रूपले युक्त हुन्छ। भौम, दिव्य, उदर्य र आकरजका भेदले तेज चार प्रकारको हुन्छ। त्यसमा भूमिबाट उत्पन्न इन्धन आदिमा प्रकट हुने अग्निविशेषलाई भौम भनिन्छ भने जलबाट उत्पन्न विद्युत्लाई दिव्य। त्यस्तै जल, पृथिवीलाई लिएर हुने उदरसम्बन्धी तेज नै उदर्य हो। यसलाई भोजन गरिएको अन्नलाई पचाउने जठराग्नि भनिन्छ। खानिबाट उत्पन्न सुवर्ण आदिलाई आकरज भनिन्छ अर्थात् आकर भनेको खानि, त्यसबाट उत्पन्न सुवर्ण आदि तेज हुन्छ। त्यस्तै तेज जलका बिचको अवस्थाले युक्त जो द्रव्य हुन्छ, त्यसलाई रसतन्मात्र भनी बताइएको छ। त्यस्तो रसतन्मात्र जलको उपादानकारण हुन्छ। अतः त्यसबाट जल उत्पन्न हुन्छ। त्यो जल शीतस्पर्शले युक्त गन्धले रहित विशिष्ट रस भएको हुन्छ भनी जलको परिभाषा गरिएको छ। त्यस्तै जल मधुर, शुक्ल, शीत स्वभाव भएको हुन्छ भनी यसको विलक्षणता र विशेषताको विवेचन वस्तुगत आधारमा गरिएको छ। त्यो समुद्र, तलाउ, नदी, उपनदीका भेदले अनेक प्रकारको हुन्छ। त्यस्तै जल र पृथिवीका बिचको अवस्थाले युक्त जो द्रव्य हुन्छ, त्यसलाई गन्धतन्मात्र भनिन्छ। त्यसबाट पृथिवी उत्पन्न हुन्छ। यसरी पहिलेको जस्तै विशिष्ट गन्धले युक्त रस भएको न तातो न चिसो स्पर्श भएको जो हुन्छ त्यसलाई पृथिवी भनी परिभाषित गरिएको छ। माटो, ढुङ्गो, अन्न, औषधि आदि धेरै प्रकारका भेदहरूले युक्त पृथिवी हुन्छ। यसरी सामान्य रूपले पाँच तन्मात्र पाँच महाभूतहरूको परिचयात्मक सङ्क्षिप्त स्वरूप पूरा हुन्छ।

त्यसमा अन्धकारको पृथिवीमा अन्तर्भाव हुन्छ भनी विशिष्टाद्वैतीहरू अन्धकारलाई आलोकाभाववादी नैयायिकहरूको मतको खण्डन गर्दछन्। त्यस्तै स्वतन्त्र द्रव्यवादीहरूको मत पनि विशिष्टाद्वैतवेदान्तका दृष्टिले निराकृत हुन्छ अर्थात् अन्धकारको अन्तर्भाव पृथिवीमा हुने भएकाले त्यसलाई पार्थिव मानिन्छ न कि स्वतन्त्रद्रव्य।

यसरी महत्, अहङ्कार, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, मन, पाँच विशिष्ट तन्मात्र, पाँच महाभूत र स्वयं प्रकृति गरी २४ तत्त्वहरू स्वीकृत छन्। त्यसमा आकाश, वायु, तेज, जल र पृथिवी यी पाँच तत्त्व र प्रकृति, महत् र अहङ्कार यिनीहरू शरीरका उपादानकारण हुन्। यस्तो प्रकृति नै परमात्माको विजातीय शरीर हो, जसलाई अचित् भनी परिभाषित गरिएको छ। किनकि परमात्मा चैतन्यस्वरूप वा चैतन्याश्रय हुन्छ, जो स्वयंप्रकाश हुन्छ, त्यसको विपरीत परतो भासमान चैतन्यरहित प्रकृति हुन्छ, त्यसैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकृति परमात्माको शरीर हुँदाहुँदै पनि विजातीयत्वेन त्यसको स्वरूप निर्धारित छ। यो नै प्रकृतिको सामान्य दिग्दर्शनात्मक परिचय हो।

२.१७ शरीर

ज्ञानले युक्त चेतनतत्त्वद्वारा नियमपूर्वक धारणीय, विधेय, शेष जो द्रव्यविशेष हो त्यसलाई शरीर भनिन्छ। यसमा आधेयत्व, विधेयत्व, शेषत्व यी शरीरका अलग नहुने विशेषणहरू हुन्, यिनले युक्त द्रव्य नै शरीर हो भनी परिभाषा गरिएको छ। शेषी स्वामीका इच्छाअनुसार जो प्रयुक्त हुन्छ, त्यसलाई शेष भनिन्छ। जस्तै मनुष्य आदिको शरीर तदन्तर्वर्ती जीवात्माका साथ स्वकीय सत्तालाई तबसम्म धारण गर्दछ, जबसम्म जीवात्माद्वारा शरीर प्रवर्तित हुन्छ, त्यो नै त्यसको शेषत्व हो। त्यसका प्रति अलग नहुने शरीरविशेष शेष हो। यसरी भार्या, पुत्र, चन्दन, कपडा आदि अलग भएर रहने र नियमपूर्वक चेतनको अधीन भएर भोग्य नभएको हुँदा त्यसलाई शरीरका रूपमा स्वीकार गरिँदैन, फलतः सम्पूर्ण चित्समुदाय, अचित्समुदाय परमात्माद्वारा कुनै पनि अवस्थामा बाधित नहुने गरी धारणीय र नियाम्य हुन्छ, अतः परमात्माका ती तत्त्वहरू शरीर हुन्। यसैका आधारमा पनि चितचित्समुदायलाई अलग नहुने परमात्माका शरीर हुन् भनिएको हो।

यस्तो शरीर नित्य र अनित्यका भेदले दुई प्रकारको हुन्छ। त्यसमा त्रिगुणात्मक द्रव्य, काल, जीव आदि ईश्वरका शरीर भएकाले तिनीहरूलाई नित्य र शेष मानिन्छ। त्यस्तै नित्यसूरिहरूका स्वाभाविक रूपले विद्यमान गरुड (वाहन), शेषनाग आदि पनि भगवान्का नित्यशेष भएकाले तिनलाई पनि नित्य शरीर भनी बताइएको छ।

अनित्य शरीर दुई किसिमको हुन्छ- बिनाकर्म प्रकट भएका र ईश्वरको सङ्कल्पद्वारा गृहीत महत्, अहङ्कार, अनन्तनाग, गरुड आदि मुक्तजीव शरीरहरूलाई अकर्मकृत शरीर भनिन्छ। कर्मकृत शरीर पनि दुई किसिमको हुन्छ- स्वकीय सङ्कल्पका साथ गरिएका कर्मद्वारा हुने शरीरलाई कर्मकृत शरीर भनिन्छ, त्यस्तो शरीर महापुरुष सौरभ आदि ऋषिहरूको हुन्छ। त्यस्तै स्थावर र जङ्गमका भेदले दुई प्रकारका शरीरहरू हुन्छन्। त्यसमा वृक्ष, लता आदि शरीरहरू स्थावरात्मक हुन् भने देवता, मनुष्य आदिका शरीरहरू जङ्गमात्मक। सामान्यतया स्थिर भएर रहने रुख, लता, घाँस आदि स्थावर हुन्, भने गतिशील देवता, मनुष्य आदि जङ्गमात्मक।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकृति महत्, अहङ्कार, इन्द्रिय, पञ्चतन्मात्र, पञ्चमहाभूतहरू ईश्वर र जीवका भोग्य, भोगका उपकरण र भोगका स्थानहरू हुन्छन् । त्यसमा भोग्य शब्द, स्पर्श आदि विषयहरू हुन् भने भोगका लागि उपकरण चक्षु, रसना, घ्राण आदि इन्द्रियहरू । भोगका स्थानहरूचाहिँ चौध भुवन, त्यसअन्तर्गतका विभिन्न लोकहरू । यी सबै लोकहरूको विस्तारपूर्वक चर्चा पुराण आदिमा गरिएको छ । त्यसैका आधारमा विशिष्टाद्वैतीहरूले सबै लोकहरूको विस्तृत विवेचन गरी सप्रमाण निरूपण गरेका छन् ।

२.१८ काल

जडद्रव्यअन्तर्गत काल पर्दछ। यसलाई सत्त्व, रज र तमोगुणले रहित द्रव्य विशेषका रूपमा स्वीकार गरिएको छ। नैयायिक र वैशेषिकहरूको समान नित्य र विभु काल हुन्छ। यहाँ विभुपदबोध्य अर्थ व्यापक हुन्छ। त्यो काल भूत, भविष्यत् र वर्तमानका भेदले तीन प्रकारको छ ।

सत्त्वगुणले रहित जो जडद्रव्य हो त्यो काल हो। यस्तो कालको लक्षण छोटो र उपयुक्त हुन्छ भनी यसका व्याख्याकारहरूले स्पष्ट गरेका छन्। कालको नित्यतालाई प्रमाणित गर्दै विष्णुपुराणमा भनिएको छ- **अनादिर्भगवान् कालोऽनान्तोऽस्य द्विज विद्यते** (विष्णुपुराण) हे ब्राह्मण यो काल अनादि, अनन्त र भगवत्स्वरूप हो । यसबाट कालमा अनन्तता, अनादिता, भगवत्स्वरूपता सिद्ध हुन्छ । एकै क्षणमा छिटो, ढिलो, भूत, भविष्यत् आदि जो लोकव्यवहारका प्रति असाधारण कारण हुन्छ, त्यो काल हो । त्यस्तै कला, घडी, मुहूर्त, दिन, पक्ष, मास, ॠतु, अयन, संवत्सर आदि व्यवहारहरू कालका आधारमा सम्पन्न हुन्छन् । नित्य, नैमित्तिक, प्राकृत आदि जेजति प्रलयहरू छन् ती सबै कालका अधीन हुन्छन्। स्वकीय कार्यका प्रति काल स्वयं उपादानकारण हुन्छ । त्यसमा अखण्डकाल नित्य हुन्छ भने क्षण, निमेष, काष्ठा, मुहूर्त आदि खण्डकालस्वरूप, ती अनित्य हुन्छन्। यस्तो काल संसारको कारण र कारणको पनि स्वामी ईश्वरको क्रीडाको साधन हुन्छ। किनकि लीलाविभूतिमा ईश्वरले कालको अधीन भएर यो प्रपञ्चात्मक कार्य सम्पन्न गर्दछ। तर नित्यविभूतिमा भने कालको यस्तो स्थिति हुँदैन, त्यसमा कालको अस्तित्व ता हुन्छ, तर त्यो परमात्माको अधीन भएर रहेको हुन्छ। यसरी कालतत्त्व प्रत्यक्षगम्य हुन्छ भन्दै विशिष्टाद्वैतीहरू कालको अनुमेयत्वलाई सर्वथा अस्वीकार गर्दछन्। यो नै कालको सङ्क्षिप्त परिचय हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.१९ नित्यविभूति

यो भन्दा पहिले जडद्रव्यका रूपमा अभिमत प्रकृति, त्यसका भेद र कालको स्वरूपको निरूपण गर्दै उदाहरणका साथ द्रव्यगत जडतत्त्वको पनि विवेचन गरियो। अब त्यसदेखि भिन्न चेतनद्रव्यको निरूपण गर्ने क्रममा नित्यविभूतिको स्वरूपलाई स्पष्ट गर्नु प्रासङ्गिक भएकाले तत्सम्बन्धी विवेचन प्रारम्भ गरिन्छ। नित्यविभूतिमा नित्य र विभूति गरी दुई पदहरू छन्। नित्यस्वरूप विभूति भएकोले भगवान्का दुईओटा विभूतिहरूमध्ये स्वयं प्रकाशस्वरूप नित्य विभूति हुन्छ अर्थात् जसको प्रकाशका लागि प्रकाशान्तरको आवश्यकता पर्दैन। त्यसमा विभूति भनेको नियाम्य वस्तु हो। यो भगवान्को विभिन्न विभूतिहरूमध्ये एउटा विशिष्ट वैभवभूमि भएकाले यसमा हुने सबै भोगहरू अलौकिक आनन्दकारी हुन्छन् भनी उपनिषद्, पाञ्चरात्रागम आदिमा सप्रमाण निरूपण गरिएको छ। त्यस्तै यो शुद्ध तत्त्व स्वरूप हुन्छ। त्यसमा शुद्ध सत्त्व र धर्मभूतज्ञान जीव र ईश्वरका विशेषता हुन् अर्थात् शुद्धसत्त्व र धर्मभूतज्ञान भएका जीव र ईश्वर मात्र भएकाले यिनलाई चेतन द्रव्य भनिन्छ। अजडत्व भनेको नै स्वयं प्रकाश हुनु हो। यसरी स्वयं प्रकाशस्वरूप हुँदै जो अर्कालाई प्रकाशित गर्दछ त्यसलाई नै जडभिन्नत्वेन परिभाषित गरिएको हो। त्यो विभूति ऊर्ध्वप्रदेशका रूपमा अनन्त भएर विद्यमान छ भने अधःप्रदेशमा परिच्छिन्न विभूति अचेतन र स्वयंप्रकाश स्वरूप हुन्छ। ज्ञानमय, आनन्दमय र आलोकमय यो भगवान्को दिव्यविभूति हो भनी उपनिषद्वाङ्मयमा प्रतिपादन गरिएको छ। पाञ्चरात्रागमलाई भगवच्छास्त्र भनिन्छ, जसमा यसको विस्तृत चर्चा गरिएको पाइन्छ। फलतः यो नित्य र मुक्त जीवहरूका लागि ईश्वरको सङ्कल्पद्वारा भोग्य, भोगको उपकरण र भोगको स्थानका रूपमा रहेको हुन्छ। त्यसमा भोगभोग्य ईश्वरीय शरीर गुण, वैभव आदि हुन् भने भोगका उपकरण चन्दन, पुष्प, वस्त्र, भूषण, आयुध आदि। भोग गर्ने स्थानहरू गोपुर, पर्खाल, मण्डप, विमान, उद्यान आदि हुन्।

त्यस्तो आमोद, प्रमोद, सम्मोद र वैकुण्ठका भेदले नित्यविभूति चार प्रकारका हुन्छन्। परमपद, परमव्योम, परमाकाश, अमृत, नाक, अप्राकृतलोक, आनन्दलोक, वैकुण्ठ, अयोध्या, मुक्तिनारायण आदि नामद्वारा पनि शास्त्रहरूले यसलाई निर्देश गरेका छन्। त्यसका अनेक प्रकारका नगरहरू छन् जसको अलौकिक र अप्राकृतिक शोभा, सुन्दरता, दिव्यता र विलक्षणताको सुन्दर वर्णन नित्यविभूतिप्रतिपादक शास्त्रहरूले गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको विस्तृत जानकारीका लागि यसका मौलिक ग्रन्थहरूको अध्ययन अवलोकन आवश्यक छ ।

२.२० धर्मभूतज्ञान

जुन ज्ञान धर्मका रूपमा भासित हुन्छ, त्यसलाई धर्मभूत ज्ञान भनिन्छ। त्यसमा भूतशब्द तत्स्वरूप अर्थमा प्रयुक्त छ । धर्म भनेको कुनैमा आश्रित भएर रहने ज्ञानविशेष हो। यसैका आधारमा यसको परिभाषा गर्दै भनिएको छ- **स्वयंप्रकाशत्वे सति अचेतनद्रव्यत्वे सति सविषयत्वम्** (यतीन्द्रमतदीपिका पृ.५८) स्वयं प्रकाशस्वरूप चेतनरहित द्रव्य जो सविषय हुन्छ, त्यसलाई धर्मभूतज्ञान भनिन्छ। त्यसमा सविषयत्व भनेको स्वभिन्न विषयक ज्ञान हो। जस्तै ज्ञानको विषय स्वयं ज्ञान हुँदैन, त्यसदेखि भिन्न विषय भएकाले त्यस्तो ज्ञान भिन्न विषयक हुन्छ, त्यसैको पारिभाषिक स्वरूप नै सविषयत्व हो ।

यस्तो ज्ञान ईश्वर र नित्य गरुड, विष्वक्सेन आदिमा सदा रहने हुँदा त्यो नित्य तथा विभु हुन्छ। बद्धआत्मामा धर्मभूतज्ञान तिरोहित हुन्छ। त्यस्तै मुक्त आत्मामा पहिले धर्मभूतज्ञान तिरोहित भएर रहेको हुन्छ भने उत्तरवर्ती कालमा व्यक्त हुन्छ। यद्यपि ज्ञान नित्य हुँदाहुँदै पनि ज्ञानको उत्पत्ति र विकासको जो अवस्था हो, त्यसबाट ज्ञान नित्य हुन्छ भन्ने कथन कसरी प्रमाणित हुन सक्छ ? भन्ने जिज्ञासाको समाधान गर्दै भनिएको छ- ज्ञानको सङ्कोच र विकासको अवस्थाविशेषलाई लिएर त्यस्तो भनिएको हो। वस्तुतः धर्मभूतज्ञान नित्य हुँदाहुँदै पनि बद्धचेतन आदिमा विद्यमान धर्मभूतज्ञानको विकासको सामग्री छ भने विकसित हुन्छ, छैन भने ज्ञानको सङ्कोच हुन्छ। यही आधारमा ज्ञानको सङ्कोच र विकासस्वरूप निर्धारित हुन्छ। त्यसैले बद्धजीवमा सामग्रीका आधारमा धर्मभूतज्ञान सङ्कोच र विकासशील हुन्छ भनिएको हो। वस्तुतः विशिष्टाद्वैतीहरू स्वयं प्रकाशस्वरूप धर्मभूतज्ञान नित्य तथा विभु हुन्छ भनी स्वीकार गर्दछन् ।

नैयायिक तथा वैशेषिकहरू ज्ञानलाई आत्माको विशेष गुण मान्दछन् भने विशिष्टाद्वैतीहरू त्यसको विपरीत ज्ञान द्रव्यपदार्थ हो भनी तदनुरूप तर्कहरू अगाडि सार्दछन् । त्यसैले ज्ञानमा द्रव्यत्व साधक अनुमान उपस्थापन गर्दै भनिएको छ- **ज्ञानं द्रव्यम्, संयोगादृष्टान्यत्वे सति भावनाकारणत्वात् आत्मवदिति** । यसमा संयोग अदृष्टभिन्नत्वले युक्त भावनाकारणत्व हेतुद्वारा ज्ञानमा द्रव्यत्वको सिद्धि गरिएको छ। यस प्रसङ्गमा विचारणीय विषय के छ भने जसमा साध्यको सिद्धि गरिन्छ त्यो पक्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ, साध्यको साधक वाक्य हेतु हुन्छ, जसको सिद्धि गरिन्छ त्यो साध्य हुन्छ, साध्य र हेतुको आश्रयका रूपमा रहेको उदाहरणलाई दृष्टान्त भनिन्छ। उक्त अनुमान वाक्यमा घटक संयोग पदले आत्मा र मनको संयोगलाई बुझाउँदछ, त्यो पनि भावनात्मक संस्कारका प्रति कारण हुन्छ। त्यसमा पनि द्रव्यत्वको सिद्धि हुने आपत्ति आउँदछ, अतः त्यसदेखि भिन्न भनिएको हो। त्यस्तै भावनाका प्रति अदृष्ट पनि कारण हुन्छ, त्यसैले अदृष्टभिन्नत्वलाई भावनाकारणत्व हेतुको विशेषणका रूपमा दिनुपर्ने हुन्छ। एतावता आत्मा र मनको संयोग र अदृष्टदेखि भिन्न जो भावनाका प्रति कारण हुन्छ, त्यो निश्चय नै द्रव्य हुन्छ, जस्तै आत्मा, अतः ज्ञान पनि त्यस्तै भएकाले द्रव्य हो। यसरी विशिष्टाद्वैतीहरू अनुमानप्रमाणद्वारा ज्ञानमा द्रव्यत्वको सिद्धि गर्दै ज्ञानगत गुणत्ववादलाई सर्वथा अस्वीकार गर्दछन्।

त्यतिमात्र नभएर ज्ञान, मति, प्रज्ञा, संवित्, धिषणा, धी, मनीषा, शेमुषी, मेधा, बुद्धि आदि जेजति कोषकारद्वारा परिगणना गरिएका ज्ञानवाची शब्दहरू छन् ती सबै ज्ञानका पर्यायवाची हुन् भनी आफ्ना दृष्टिहरू अगाडि सार्दछन्। त्यस्तै सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न यी सबै बुद्धिका नै अवस्थाविशेष भएकाले तिनलाई अलग पदार्थ मानिँदैन अर्थात् बुद्धिरूप नै मानिन्छ। अरू जीवात्माका प्रीति, तुष्टि, चर्चा, भक्ति, प्रपत्ति आदि अनन्त गुणहरू धर्मभूतज्ञानका अवस्थाविशेष हुन् भने ज्ञान, शक्ति, बल, ऐश्वर्य, शौर्य, पराक्रम आदि भगवान्का अनन्त कल्याणकारी गुणहरू ज्ञान र शक्तिका विस्ताररूप हुन्। फलतः ज्ञान सबैको साक्षात्कार स्वरूप हो।

२.२१ भक्ति

भज सेवायाम् धातुबाट भावमा क्तिन् प्रत्ययको विधान गर्दा भक्ति शब्द निष्पन्न हुन्छ। प्रत्यय साधुत्व मात्रार्थ भएकाले धातुको सेवाविशेष अर्थ नै यहाँ अभिप्रेत छ। त्यो नै भक्तिको स्थूलस्वरूप हो। विभिन्न भक्तिप्रतिपादक ग्रन्थमा निर्दिष्ट प्रमाणका आधारमा भक्तिको स्वरूप निर्धारित गरिएको छ। त्यसमा ज्ञानविशेष नै भक्ति र प्रपत्ति हुन् भन्ने मान्यता विशिष्टाद्वैतीहरूको छ। यसैको पुष्टि गर्दै श्रीभाष्यम्को मङ्गलाचरण श्लोकमा भनिएको छ- **शेमुषी भक्तिरूपा** अर्थात् ज्ञान भक्तिस्वरूप हुन्छ। यस्तो भक्ति नै मोक्षको साधन हो, त्यसैबाट ईश्वरले मोक्ष प्रदान गर्ने कुरो प्रमाणसिद्ध छ। यसरी भक्ति र प्रपत्ति मोक्षका साक्षात् साधन हुन्, यही उपायलाई अवलम्बन गरेर ईश्वरको विशेष अनुग्रहका साथ बद्धजीवहरू मुक्त हुन्छन्। त्यसमा प्रपत्ति भनेको शरणागति हो। **सकृदेव प्रपन्नाय तवास्मीति च याचते। अभयं सर्वभूतेभ्यो ददाम्येतद् व्रतं मम।** इत्यादि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाल्मीकीय प्रमाण वचनअनुसार एकैचोटि भगवान्को शरणागतिलाई स्वीकार गरियो भने त्यसलाई म अभय प्रदान गर्दछु भन्ने स्वयं भगवान्को सङ्कल्प छ। यसमा प्रयुक्त अभय शब्दको अर्थ मोक्ष हो। भक्ति अविच्छिन्न रूपले गरिरहनुपर्दछ भने शरणागति एकचोटि पनि निष्ठाका साथ गर्दछ भने त्यो अवश्यमेव ईश्वरीय कृपाद्वारा मुक्त हुन्छ। यसरी भक्ति र प्रपत्ति नै मोक्षका मूलभूत साधनहरू हुन्।

कर्मयोग र ज्ञानयोग आदि पनि भक्तिका अङ्गका रूपमा रहेर परम्परा या मोक्षका साधन हुन्छन् न कि साक्षात्। फलतः भक्तिद्वारा नै तिनीहरूमा मोक्षसाधनत्वको सिद्धि हुन्छ, भक्ति र प्रपत्तिलाई छोडेर साक्षात् कर्मयोग, ज्ञानयोग आदि मोक्षका साधन बन्न सक्तैनन्। कर्मयोगका सम्बन्धमा विस्तृत विचार यामुनाचार्यले गीतार्थसङ्ग्रहमा गर्नुभएको पाइन्छ। त्यो पनि फलको अपेक्षा नगरी गरिने नित्य, नैमित्तिक कर्म, सन्ध्यावन्दन, भगवदाराधना, तीर्थयात्रा, भगवत्सम्बन्धी विशेष उत्सव आदि शास्त्रविहित कर्मानुष्ठानद्वारा जीवगत कल्मष नष्ट भई चित्तको शुद्धि हुन्छ। त्यसबाट ज्ञानयोगका लागि अनुकूल स्थितिको निर्माण हुन्छ र ती कर्महरू भगवद्भक्तिका उपयोगी बन्दछन्। त्यसमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि यी योगका साधन हुन्। यिनीहरूले युक्त तेलको धाराको समान अखण्ड स्मृतिको विस्ताररूप नै भक्तियोग हो। यस्तो भक्ति वेदन, ध्यान, उपासना आदि शब्दवाच्य हुन्छ अर्थात् वेदन आदि शब्दहरू पनि भक्तिका नै बोधक मानिन्छन्। यसको समर्थन गर्दै वेदान्तदेशिकाचार्यले भन्नुभएको छ- **ज्ञानध्यानादिवाचां समफलविषया सा च युक्ता प्रतिष्ठा (तत्त्वमुक्ताकलाप)** अर्थात् ज्ञान, ध्यान, उपासना आदि शब्दहरू समान फललाई बताउने भएकाले ती सबै शव्दहरूको तात्पर्य भक्तिमा नै पर्यवसित हुन्छ। युक्तिपूर्वक तिनीहरूको प्रतिष्ठा भक्तिमा नै रहेको छ।

परभक्ति, परमज्ञान, परमभक्तिका क्रमले युक्त जो भक्ति हुन्छ त्यसलाई प्रपत्तिका अङ्गका रूपमा स्वीकार गरिएको छ। यसको रामानुजाचार्यले आफ्ना सबै ग्रन्थहरूमा प्रकरणअनुसार कही विस्तृत र कही सङ्क्षिप्त चर्चा गर्नुभएको छ। गीताभाष्यमा यसको स्फुटीकरण गर्दै मोक्षसाधनका रूपमा अभिमत भक्तितत्त्वको रहस्यलाई राम्ररी उद्घाटित गरिएको छ। रामानुजाचार्यद्वारा शरणागति गद्यमा सबै प्रकारका भक्तिहरूको अत्यन्त सुन्दर वर्णन गरेर त्यसको विशेषतालाई प्रस्फुटित गरिएको छ। त्यो भक्ति पनि साधनभक्ति र फलभक्तिका भेदले दुई प्रकारको हुन्छ। साधक पुरुषको प्रयत्नद्वारा साधन, कर्म, ज्ञान, विवेक,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शम, दम, आदि साधनरूपी अनुष्ठानबाट हुने र मोक्षका उपायका रूपमा गरिने भक्ति नै साधनभक्ति हो। यस्तो भक्ति व्यास आदि ज्ञानीजनहरूद्वारा गरिएको पाइन्छ भने भगवदनुग्रहजन्य स्वयं नै मोक्षात्मक फलप्रदान गर्ने भक्तिलाई साध्य भक्तिका रूपमा परिभाषित गरिएको छ। यस प्रकारका भक्तिचाहिँ शठकोपसूरि, नाथमुनि आदि विशिष्ट महापुरुषमा पाइन्छ। त्यसमा पनि साध्य भक्तिमा निष्ठावान् महापुरुषहरूले भगवान् नै उपाय हो भन्ने विषयमा निश्चय गर्दछन्, त्यसकारण त्यो उपायत्व प्रार्थनागर्भ निश्चय हो भनी सम्प्रदायका रहस्यविद्हरू उपदेश गर्नुहुन्छ। एतावता भक्ति नै ज्ञानरूप हुन्छ भन्ने सिद्धान्त स्थापित हुन्छ। यो नै मोटामोटी रूपमा धर्मभूतज्ञान हो र यसैको अर्को रूप भक्तितत्त्व हो भन्ने कुरो विशिष्टाद्वैतीहरू सप्रमाण सिद्ध गर्दछन्। फलतः श्रीहरिको ध्यान नै मोक्षको साधन हो भन्ने तथ्य वेदान्तका रहस्यविद्हरूको निष्कलङ्क र निर्दोष सिद्धान्त सर्वथा अप्रकम्प्य भएर प्रतिष्ठापित भएकाले यो नै आदरणीय भक्तिसिद्धान्त हो, यही नै विशिष्टाद्वैतीहरूको निष्कर्ष रहेको छ।

२.२२ जीव

परमात्माका शेषवस्तुमध्ये अपृथक्सिद्ध विशेषणका रूपमा श्रुति, स्मृति प्रमाणसिद्ध जीव चित् हो। त्यसमा प्रत्यक्, चेतन, आत्मा, कर्ता आदि ईश्वर र जीवात्मा यी दुवै समान रूपमा हुन्छन्। फलतः ईश्वरका प्रत्यक्त्व, चेतनत्व, आत्मत्व, कर्तृत्व जीवात्मामा पनि रहने सजातीय धर्म हुन्। त्यसमा प्रत्यक्त्व भनेको आफूलाई आफैँ प्रकाश गर्ने जीवात्मा-परमात्मागत धर्म हो भने ज्ञानको आश्रय जो हुन्छ त्यो चेतन हो। शरीरको प्रतिसम्बन्धी आत्मा हुन्छ। सङ्कल्पात्मक ज्ञानको आश्रय नै कर्ता हुन्छ। यस प्रकार प्रत्यक्त्व, चेतनत्व, आत्मत्व, कर्तृत्व यी धर्महरू ईश्वर र जीवका साधारण धर्म हुन्। यस्ता धर्महरूले युक्त जीव र ईश्वरलाई धर्मीका रूपमा स्वीकार गरिएको छ। यस प्रकारको लक्षणलाई शास्त्रीय भाषामा तटस्थ[१६] लक्षण भनिन्छ। यो लक्षण लक्ष्यव्यापी हुँदैन कुनै अवस्थाविशेषमा जीवमा धर्मभूतज्ञान रहँदैन किनकि तटस्थ लक्षण र स्वरूपलक्षण गरी दुई किसिमका लक्षण प्रसिद्ध छन्। जुन वस्तुमा रहने अवस्थाविशेषका आधारमा जसको स्वरूपको निर्धारण गरिन्छ भने त्यसलाई तटस्थ लक्षण भनिन्छ। जस्तै ईश्वर र जीव प्रत्यक्, चेतन हुन्छन्,

---

१६ यावल्लक्ष्यकालमनवस्थायित्वे सति यद्व्यावर्तकं तत्तटस्थलक्षणम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसकारण प्रत्यक्त्व, चेतनत्व ईश्वर र जीवगत धर्म हुन्, त्यस्तै कर्तृत्व आदि धर्महरू पनि तदनुरूप धर्मविशेष हुन् भनी सम्झनुपर्दछ ।

अब जीवका विशेष लक्षणहरूको सम्बन्धमा विचार गरिन्छ । **एषोऽणुरात्मा चेतसा वेदितव्यः, यस्मिन् प्राणः पञ्चधा संविवेश (मुण्डकोपनिषद्, ३-१-९)** यो उपनिषद् वचनका आधारमा जीवात्मालाई अणुस्वरूप मानिन्छ । यसलाई स्पष्ट गर्दै श्रीभाष्यम्मा भनिएको छ- **सर्वगतत्वञ्चात्मनः अवश्याभ्युपेत्यम्, सर्वत्र कार्योपलब्धेः सर्वत्रात्मनः सन्निधानाभ्युपगमात्, शरीरमनेनैव कार्यसम्भवे सति गतिकल्पनायां प्रमाणाभावाच्च (श्रीभाष्यम्)** अर्थात् यहाँ आत्मापदले सर्वव्यापक परमात्मालाई लिइन्छ । परमात्माको सर्वगतत्वधर्मलाई सर्वथा स्वीकार गर्नुपर्दछ, किनकि सबै प्रपञ्चात्मक कार्यको उपलब्धि भएको र सबै कार्यमा परमात्माको सन्निधानलाई अपरिहार्य रूपमा स्वीकार गर्नुपर्ने भएको हुँदा शरीरको गतिद्वारा मात्र प्रपञ्चात्मक कार्य सम्भव हुन्छ । यस्तो स्थितिमा सर्वव्यापक परमात्मामा गतिको कल्पना गर्नुमा कुनै पनि प्रमाण नभएकाले पनि गतिको कल्पना गर्नु उचित छैन । यसको आशयलाई अझ स्पष्ट र पुष्ट गर्दै कणादको मतलाई पूर्वपक्षका रूपमा उपस्थापन गर्न श्रुतिप्रकाशिका व्याख्यामा भनिएको छ- **गतिकल्पनपक्षे अणुत्वं गतिश्चोभयं कल्प्यम्, इतरपक्षे विभुत्वमेव कल्प्यमिति कल्पनालघवात् विभुत्वमेवोपपन्नमिति काणादाः । विभुत्वसम्भवात् अनन्यथासिद्धिं गतेः कल्पकं नास्तीति भावः (श्रुतिप्रकाशिका)** अर्थात् गतिको कल्पना गर्ने पक्षमा अणुत्व र गति यी दुवैको कल्पना गर्नुपर्ने हुन्छ । नगरेको पक्षमा आत्मागत विभुत्व नै कल्पनीय हुन्छ, यसरी कल्पनाद्वयको अपेक्षा आत्मालाई विभु रूपमा स्वीकार गर्नु नै लाघव हुने छ । त्यो नै सर्वथा प्रामाणिक हुन्छ भन्ने वैशेषिकहरूको मत छ । फलतः आत्मामा विभुत्व अनन्यथासिद्ध भएकाले त्यसमा गतिद्वारा आत्माको सिद्धि गर्नु उपयुक्त देखिँदैन ।

यसमा अर्को ध्यातव्य विषय के छ भने कुनै देशमा भोग्य वस्तुको उत्पत्ति भएकाले, त्यो अदृष्टको अधीन हुन्छ, किनकि आश्रयरहित धर्म आदिमा कार्यकारित्व सम्भव हुँदैन, त्यसैले आत्मामा विभुत्व सर्वथा स्वीकार्य छ भन्ने नैयायिक र वैशेषिकहरूको मत छ । यहाँ आत्मा भन्नाले जीवात्मा र परमात्मालाई लिइएको हो । किनकि यिनीहरूको मतमा जीवात्मा, परमात्मा दुवै विभु हुन्छन् । यसको खण्डन गर्दै परमात्मामा मात्र विभुत्व स्वीकार गर्ने विशिष्टाद्वैतीहरूको सिद्धान्तमा चाहिँ ईश्वरीय प्रीति र कोप नै अदृष्ट हो । त्यस्ता अदृष्ट र ईश्वर दुवै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

व्यापक भएकाले अन्यत्र देशमा पनि अदृष्टको समान परमात्माको संयोग हुनुमा कुनै पनि बाधा छैन, त्यसकारण परमात्मागत विभुत्वमा कुनै आपत्ति छैन तर जीवात्मा अणु हुन्छ भन्ने कुरो अनेक प्रमाणद्वारा सिद्ध भएकोले त्यो (जीव) अणु तथा असङ्ख्य हुन्छ भनी स्वीकार गरिएको हो। यो नै विशिष्टाद्वैतीहरूको दार्शनिक सिद्धान्त हो, भनिएको पनि छ- **बालाग्रशतभागस्य शतधा कल्पितस्य च। भागो जीवः स विज्ञेयः स चानन्त्याय कल्पते ॥** अर्थात् केशको अग्रभागलाई सय भागमा विभाजन गर्ने र त्यसको पनि सय टुक्राको अन्तिम सूक्ष्मतम जो अंश हो त्यो नै जीव हो, त्यस्ता जीवहरू अनन्त हुन्छन् भनी कल्पना गरिएको छ। यो र यस प्रकारका अनेकौं वचनहरू जीवलाई अणुत्व सिद्ध गर्न प्रवृत्त छन्। त्यसकारण प्रमाण, उपपत्ति र तर्कका आधारमा यसका विरोधी विचारहरूको निराकरण गरी जीवात्मा अणु नै हुन्छ भन्ने सिद्धान्त स्थापित हुन्छ। अतएव जीवका अनेक लक्षणहरूको उपस्थापन गर्दै भनिन्छ- **अणुत्वे सति चेतनत्वम्, स्वतः शेषत्वे सति चेतनत्वम्, ज्ञातृत्वे सत्यणुत्वम्, परमात्माधेयत्वे सति चेतनत्वम् परमात्मविधेयत्वे सति चेतनत्वम्** इत्यादि जीवका लक्षणहरू शास्त्रकारहरूद्वारा प्रतिपादित छन्। यी लक्षणहरूलाई स्पष्ट भाषामा भन्नुपर्दा सर्वप्रथम लक्ष्य-लक्षणभावको व्यवस्थापन सर्वथा आवश्यक छ। जस्तै प्रथम लक्षण जसमा अणुत्व तथा चेतनत्व विद्यमान र प्रतीयमान छ त्यो नै जीव हो। जसको लक्षण गरिन्छ त्यसलाई लक्ष्य भनिन्छ, जसद्वारा त्यसको स्वरूप निर्धारित हुन्छ त्यसलाई लक्षणका रूपमा लिइन्छ। यहाँ जीवको लक्षण गरिएको हुँदा जीव लक्ष्य हुन्छ अर्थात् जीवलाई लक्ष्य गरेर त्यसको परिभाषा गरिएको छ। अणुत्व र चेतनत्व जसमा प्रतीत हुन्छ, त्यस्तो वस्तु जीव हुन्छ। जीव अणु भएकाले त्यसमा अणुत्व धर्म रहन्छ, त्यस्तै चेतन भएकाले चेतनत्व। फलतः अणुत्व, चेतनत्व, यी जीवका निर्धारक तत्त्व हुन्, जसलाई शास्त्रीय भाषामा लक्षण भनिन्छ। यसरी जीवगत, अणुत्व, चेतनत्व आदिलाई लिएर लक्ष्य-लक्षण लिएर भावात्मक सम्बन्धको व्यवस्थापन गरिन्छ। द्वितीय जीवको लक्षण घटक जो स्वतःशेषत्व दल छ, त्यसअन्तर्गत स्वतः पदको अर्थ स्वभावतः हुन्छ। भन्नुको अभिप्राय भगवान्का प्रति जीव स्वभावतः शेष हुन्छ, अतः अतः भगवान्को शेषत्व स्वभावतः जीवमा हुन्छ, त्यसकारण स्वतः शेषत्व भनिएको हो। त्यस्तै ज्ञाता र अणु जो हुन्छ त्यो जीव हो, परामात्माको अपृथक्सिद्ध शरीरस्थानीय जीव भएकाले त्यस्तो जीवात्मा परमात्माको विधेय हुन्छ, यसरी स्वरूपलाई निर्धारण गर्ने वस्तुगत परिभाषाहरूद्वारा जीवतत्त्वलाई व्यवस्थापित गरिएको छ। देह, इन्द्रिय, प्राण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र बुद्धिहरूदेखि सर्वथा विलक्षण जीवात्मा हुन्छ। जस्तै यो मेरो शरीर हो भन्ने जो अनुभव छ, त्यसबाट प्रमाणित हुन्छ, देहदेखि भिन्न जीवात्मा छ। त्यसले आँखाद्वारा रूपको अवलोकन गर्दछ, श्रोत्रेन्द्रियबाट श्रवण गर्दछ यस प्रकारका अनुभवहरू जीवात्मा इन्द्रिय भिन्न हो भन्ने विषयमा प्रमाण हुन्।

अणु परिमाण भएको जीव हुन्छ भन्ने अणुपरिमाण-वादलाई प्रमाणित गर्न- **उत्क्रान्तिगतीनाम्** (ब्र.सू. २।३।२०) यो ब्रह्मसूत्र प्रवृत्त छ अर्थात् शरीरबाट उत्क्रमण, स्वर्गलोकगमन, पुनरागमन आदि क्रियाहरू जीवात्माका हुन्छन् भन्दै श्रुति वाक्यहरूले जीवात्माको उत्क्रमणात्मक आदि क्रियाको निर्देश गरेका छन्। त्यसैले यसको व्याख्या गर्दै रामानुजाचार्यले वेदान्तसारमा भन्नुभएको छ- **उत्क्रान्तिगत्यागतीनां श्रुतेरणुर्जीवः (वेदान्तसार पृ.२४८)** जब जीव यस शरीरको भोग सिद्धिएर निक्लन्छ, परलोक जान्छ, परलोकबाट यस लोकमा आउँदछ भन्दै श्रुति वाक्यहरूले स्पष्ट निर्देश गरेका छन्। अणु परिमाण भएको अवस्थामा मात्र यी सबै क्रियाहरू सहज रूपले सम्भव हुन्छन्। विभु मानेको अवस्थामा उसको सर्वत्र व्याप्ति भएकाले त्यो सम्भव छैन। अतः जीवगत परिमाण अणु हुन्छ। त्यसैले **अणुत्वे सति चेतनत्वम्** भनी जीवको लक्षण गरिएको हो। यस्तो जीव नित्य र प्रतिशरीर भिन्नभिन्न हुन्छ। त्यस्तै जीव कर्ता, भोक्ता, शरीरी र शरीर पनि हुन्छ। किनकि प्रकृतिको अपेक्षा जीव शरीरी हुन्छ, ईश्वरको अपेक्षा शरीर। जीवात्माको शरीर प्रकृति भएकाले जीवात्मा र प्रकृतिको शरीर-शरीरी भावात्मक सम्बन्ध हुन्छ भने परमात्माको शरीर जीव भएकाले परमात्मा र जीवात्माको पनि सम्बन्ध शरीर-शरीरी भाव नै हुन्छ। यसरी सबैको शरीरी परमात्मा मात्र हुन्छ, अर्थात् ईश्वर कसैको पनि शरीरको रूपमा रहँदैन।

यो जीवात्मा प्रत्यक्ष प्रमाण र श्रुतिप्रमाणद्वारा स्वयंप्रकाश छ। अतः स्वयंप्रकाशत्व सिद्ध गर्न तत्साधक अनुमानको प्रयोग गर्दै भनिएको छ- **आत्मा स्वयंप्रकाशः, ज्ञानत्वात्, धर्मभूतज्ञानवदिति**। यस अनुमानमा आत्मामा ज्ञानत्वहेतुद्वारा स्वयंप्रकाशत्वको सिद्धि गरिएको छ। किनकि धर्मभूतज्ञान स्वयंप्रकाशज्ञान भएकाले त्यसमा धर्मका रूपमा ज्ञानत्व पनि विद्यमान छ। यसरी जहाँजहाँ ज्ञानत्व छ त्यहाँ त्यहाँ स्वयंप्रकाशत्व भएकाले, साहचर्य नियमका आधारमा स्वयंप्रकाशत्वको व्याप्ति साध्यसाधक ज्ञानत्व हेतुमा रहेको छ, त्यस्तो ज्ञानत्वले युक्त आत्मा छ, किनकि विशिष्टाद्वैतीहरू आत्मालाई ज्ञानरूप र ज्ञानवान् पनि मान्दछन्।

यसरी विशिष्टाद्वैतीहरू देह, इन्द्रिय, बुद्धि, मन, प्राणदेखि भिन्न विलक्षण स्वयंप्रकाशस्वरूप आत्मातत्त्व छ भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मान्यतालाई सप्रमाण स्थापित गर्दछन्। फलतः आत्माको विभुत्ववादको निरासका साथ त्यो आत्मा अणु हुन्छ भन्ने तथ्य प्रमाणित हुन्छ। यो नै जीवात्माको वास्तविक स्वरूप हो।

२.२३ ईश्वर

विशिष्ट ब्रह्मतत्त्व नै ईश्वर, परमात्मा, सर्वेश्वर, सर्वान्तर्यामी, सर्वनियन्ता, पुरुषोत्तम, नारायण आदि अनेकौँ नामद्वारा अभिहित छ। चित् र अचित्ले विशिष्ट जो हुन्छ त्यो नै ईश्वर हुन्छ। श्रुति, तदनुकूल स्मृति, इतिहास, पुराण, आगमका आधारमा यसका अनेकौँ लक्षणहरू बताइएका छन्। वेदवेदान्तवेद्य हेयगुणले सर्वथा मुक्त प्रपञ्चात्मक कार्यका प्रति अभिन्ननिमित्तोपादानकारण सर्वाधार सबै कर्मद्वारा आराध्य सर्वशरीरक ब्रह्मतत्त्वलाई विशिष्टाद्वैतमा ईश्वर भनिन्छ। यसका अनेकौँ लक्षणहरूमध्ये केही प्रसिद्ध लक्षणहरू यहाँ उल्लिखित छन्। जस्तै **व्यापकत्वे सति चेतनत्वम्, सर्वशेषित्वम्, सर्वकर्मसमाराध्यत्वम्, सर्वफलप्रदत्वम्, सर्वाधारत्वम् सर्वकार्योत्पादकत्वम्, स्वज्ञानस्वेतरसमस्तद्रव्यशरीरित्वम्, सर्वान्तर्यामित्वम्** इत्यादि। त्यसमा **यच्च किञ्चिज्जगत्सर्वं दृश्यते श्रूयतेऽपि वा अन्तर्बहिश्च तत्सर्वं व्याप्य नारायणः स्थितः** (उपनिषद्) अर्थात् जेजति संसार समुदाय देखिएको छ, सुनिएको छ, त्यसअन्तर्गत बाहिरभित्र सबै व्याप्य भएर भगवान् नारायण नै रहनुभएको छ। **एष सर्वभूतान्तरात्माऽपहतपाप्मा दिव्यो देव एको नारायणः** (सुबा.३.७) **नित्यो नित्यानां चेतनश्चेतनानाम् एको बहूनां यो विदधाति कामान्** (श्वेत ३.६.८) अर्थात् सबै प्राणीहरूमा अन्तरात्मा जो स्वतःसिद्ध, पाप, दोष आदिले सर्वथा मुक्त यस्ता दिव्यस्वरूप देवताका पनि देवता एक नारायणतत्त्व हो। त्यस्तै जो नित्य तथा चेतनका पनि चेतन यस्तो परमात्मा स्वयं नित्य, एक हुँदाहुँदै पनि असङ्ख्य नित्य चेतन जीवहरूलाई कर्मजन्य फलको भोग गर्न अनायास विधान गर्दछ, अनि सबैका इच्छाहरूलाई स्वयं पूरा गर्दछु यस्तो ईश्वरतत्त्व हुन्छ भनी अनेकौँ उपनिषद् वचनहरूले एक स्वरमा परमेश्वरको लोकोत्तर वैभव र प्रभावलाई स्पष्ट पारेका छन्। यसरी ईश्वरीय व्यापकता र चेतनता शास्त्रप्रमाण सिद्ध छ। फलतः यो सिद्ध हुन्छ जसमा यस प्रकारका व्यापकता र चेतनता अबाधित छ त्यो नै ईश्वर हो। सर्वान्तर्यामी परमात्माको विभुत्व र चेतनत्व यो लघुलक्षण हो। किनकि चेतन जीव अणु हुन्छ तर विभु हुँदैन, त्यसकारण जो विभु र चेतन हुन्छ त्यो ईश्वरको अत्यन्त छोटो लक्षण हो। यसमा चेतन मात्रलाई ईश्वरको लक्षण मान्ने हो भने जीवमा अतिव्याप्ति हुन्छ। किनकि जीव पनि चेतन भएको हुँदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसकारण विभुत्वपद आवश्यक छ। त्यो पदको निवेश गर्नाले.जीवमा विभुत्व नभएकाले प्रकृत लक्षण अतिव्याप्तिदोषले युक्त हुँदैन। किनकि विभुत्वविशिष्टचेतनत्व ईश्वरमा मात्र रहन्छ। जहाँ **एषोऽणुरात्मा चेतसा वेदितव्यं अणोरणीयान् महतो महीयान्** इत्यादि श्रुति वचन प्रमाणका आधारमा ईश्वर अणु स्वरूप हुन्छ भनी प्रतिपादन गरिएको छ। त्यो वास्तविक होइन औपाधिक हो। किनभने - **स वा एष महानज आत्मा, महतो महीयान् मया ततमिदं सर्वम्** इत्यादि अनेकौं प्रमाणहरू छन्, जसले ईश्वरको विभुत्वलाई प्रतिपादन गरेका छन्। फलतः जहाँजहाँ अणु शब्द प्रयुक्त छ, त्यहाँत्यहाँ उपाधिकृत अणुत्वलाई लिएर ईश्वरमा त्यस्तो व्यवहार भएकाले त्यसलाई औपाधिक भनिन्छ न कि वास्तविक। यसरी ईश्वरगत विभुत्व स्वाभाविक हो भने अणुत्व औपाधिक भन्ने वेदान्तको सिद्धान्त प्रमाणसिद्ध छ।

ऐश्वर्य अर्थलाई बुझाउने ईश धातुबाट **स्थेशभासपिसकसोः वरच्** (पा.सू.३।२।१७५) सूत्रद्वारा वरच् प्रत्यय जोड्दा ईश्वर शब्द निष्पन्न हुन्छ। यहाँ वरच् प्रत्ययको विधान ताच्छील्य अर्थमा गरिएको छ। यसबाट ईश्वर नियमनशील हुन्छ भन्ने अर्थ प्रस्फुटित भएको छ। भन्नुको तात्पर्य जसको स्वभाव नियमन गर्ने मात्र हुन्छ, त्यसलाई ईश्वर भनिन्छ। यो व्युत्पत्तिलभ्य अर्थको विवरण श्रीभाष्यम्का व्याख्याकारद्वारा श्रुतिप्रकाशिका नामक व्याख्यामा स्पष्ट गरिएको पाइन्छ। उपनिषद्मा प्रयुक्त पतिशब्द नै ईश्वरार्थक भएकाले ईश्वर सर्वशेषी, सर्वनियन्ता हुन्छ भनी सप्रमाण विवेचन गरेर निर्णय गरिएको छ। **पतिं विश्वस्य इत्यस्यार्थ ईश्वर शब्देन उक्तः। ईश्वर शब्दो हि शेषिवाचक अतएव हि पतिं विश्वस्यात्मेश्वरम् इत्यत्र पत्यन्तरराहित्यविवक्षायाम् आत्मेश्वर इत्युक्तम्** (श्रुतप्रकाशिका) अर्थात् विश्वब्रह्माण्डको स्वामी शब्द शेषीको वाचक हो। त्यसैले विश्वब्रह्माण्डको स्वामी ईश्वर आत्मा हो, यसमा अर्को स्वामीको राहित्य भन्ने अर्थ अपेक्षित भएको कारण आत्मेश्वर प्रयोग गरिएको हो।

ईश्वर सर्वनियन्ता, सर्वशेषी भएकाले नै जीव नियाम्य तथा शेष हुन्छ। किनकि जो वस्तु नियाम्य हुन्छ, त्यो नै शरीर हुन्छ। त्यसैले भनिएको छ- **नियाम्यविशेषो हि शरीरम्** (श्रुतप्रकाशिका) अर्थात् नियाम्यविशेष नै शरीर हुन्छ। यसरी ईश्वरमा सर्वनियन्तृत्व, सर्वशेषित्वको सिद्धि अनेकौं श्रुति-स्मृति-प्रमाणद्वारा गरिएको छ।

रामानुजाचार्यले जिज्ञासाधिकरणमा **अथातो ब्रह्मजिज्ञासा** (ब्र.सू. १।१।१) यो ब्रह्मसूत्रमा घटक ब्रह्म शब्दको अभिधेयार्थलाई स्पष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्दै भन्नु भएको छ- **ब्रह्म शब्देन च स्वभावतो निरस्तनिखिलदोषोऽनवधिकातिशयासङ्ख्येयकल्याणगुणगणः पुरुषोत्तमोऽभिधीयते।** (श्रीभाष्यम्, प्रथमसम्पुटः, ग्रन्थमाला ४, पृ.३) अर्थात् सूत्रघटक ब्रह्म शब्दले स्वभावैले जसका समस्त दोषहरू हटिसकेका छन्, अवधिरहित अतिशय महनीय असङ्ख्य कल्याणकारी गुणका समुदायस्वरूप पुरुषोत्तम तत्त्व हो भनी त्यसको अभिधान गर्दछ। यसबाट के स्पष्ट र पुष्ट हुन्छ भने ब्रह्म शब्दको मुख्य वाच्यार्थ उपर्युक्त विशेषणविशिष्ट पुरुषोत्तम तत्त्व हो। यसरी ब्रह्म शब्दको अभिधेयार्थलाई स्पष्ट गरेर अग्रिम पङ्क्तिमा भनिएको छ- **सर्वत्र बृहत्वगुणयोगेन हि ब्रह्म शब्दः, बृहत्वं च स्वरूपेण गुणैश्च यत्र अनवधिकातिशयम्, सोऽस्य मुख्योऽर्थः** (श्रीभाष्यम्, पूर्ववत्)। यसमा अभिधीयते यो क्रियापदको मुख्य वृत्तिका माध्यमले अभिधेयार्थको बोध गरिन्छ भन्ने अर्थ हुन्छ। फलतः जुन शब्द मुख्य वृत्तिद्वारा अर्थको बोधक हुन्छ त्यस्तो शब्दलाई मुख्य वृत्त भनिन्छ, यही नै यसको मर्म हो।

सर्वत्र बृहत्व गुणको सम्बन्ध भएकाले नै यहाँ ब्रह्म शब्दको प्रयोग भएको हो। त्यसमा बृहत्व शब्दले स्वरूप र गुणविशेषले पनि अवधिरहित अतिशय गुणहरूले युक्त ब्रह्मतत्त्व हुन्छ भन्ने निर्देश गरिएको छ। त्यो नै ब्रह्म शब्दको मुख्य अर्थ हो। एतावता ब्रह्मजिज्ञासाको क्रममा ब्रह्म शब्दार्थको विवरण गर्दा ब्रह्म शब्द सर्वेश्वरमा नै मुख्यवृत्त छ भन्ने कथन सर्वथा सिद्ध छ।

(ख) दार्शनिक प्रभाव

२.२४ पुरुषोत्तम शब्दको प्रयोग

रामानुजाचार्यले श्रीभाष्यम्, गीताभाष्यम्, वेदार्थसङ्ग्रह आदि ग्रन्थमा ब्रह्मतत्त्वको निरूपण गर्ने क्रममा तत्पदाभिधेय अर्थको निर्धारण गर्दै प्रधान विशेष्यका रूपमा पुरुषोत्तम शब्दको प्रयोग विशेष अभिप्रायको साथ गर्नुभएको प्रतीत हुन्छ। यसबाट स्पष्ट हुन्छ परमात्माका अनेकौं नामहरूमध्ये पुरुषोत्तम नाममा केही विलक्षणता अवश्यमेव छ। त्यसको विशेष चर्चा गर्नु सर्वथा प्रासङ्गिक देखिन्छ।

श्रीभाष्यम्मा ब्रह्मसूत्रघटक ब्रह्म शब्दको वाच्यार्थ पुरुषोत्तम हो भनी उल्लेख गरिएको छ भने वेदार्थसङ्ग्रहमा ब्रह्मको वैलक्षण्यलाई देखाउँदै निखिलवेदान्तवेद्य भगवान् नारायण पुरुषोत्तम नै अन्तर्यामी स्वरूप हो भनी स्पष्ट गरिएको छ। त्यस्तै गीताभाष्यम्मा भगवान्का असङ्ख्य गुणहरूको सुललित गद्यावलीद्वारा वर्णन गर्दै **परं ब्रह्म**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुरुषोत्तमो नारायणो ब्रह्मादिस्थावरान्तम् (गीताभाष्यम्) जस्ता शब्दावलीहरू प्रयुक्त छन्। यी तीन ग्रन्थहरूमध्ये श्रीभाष्यम्मा एउटा भिन्नता के पाइन्छ भने ब्रह्म शब्दवाच्य अर्थको निर्देश गर्दा जसरी गीताभाष्यम् र वेदार्थसङ्ग्रहमा नारायण शब्द प्रयुक्त छ, तदनुरूप साक्षात् अभिधेय अर्थका रूपमा नारायणशब्द उल्लिखित छैन। तर पुरुषोत्तम नै ब्रह्म शब्दवाच्य अर्थ हो भनी स्पष्ट उल्लेख गरिएको छ। यसरी निष्कर्षका रूपमा पुरुषोत्तम-शब्दलाई विशेष आदर गरिएको तथ्य प्रमाणित हुन्छ। यद्यपि श्रीभाष्यम्का विभिन्न प्रकरणहरूमा नारायणको परत्वलाई सिद्ध गर्ने अनेकौं प्रमाणहरू निर्दिष्ट छन्। तथापि जहाँ ब्रह्म शब्दको साक्षात् वाच्यार्थका रूपमा चाहिँ **पुरुषोत्तमोऽभिधीयते** भन्ने प्रयोग दृढतापूर्वक गरिएको देखिन्छ। यसबाट यो निष्कर्ष निकाल्न सकिन्छ पुरुषोत्तम र नारायणमा वस्तुगत भिन्नता नहुँदा नहुँदै पनि शब्दगत केही विलक्षणता र महनीयता पुरुषोत्तम शब्दमा अवश्यमेव छ।

२.२५ व्युत्पत्ति र पुरुषोत्तम शब्दको विशेषता

प्रायः व्युत्पत्तिलभ्य अर्थको विशेष विचार गरेर निर्णय गर्ने शास्त्रीय परम्परा छ। अवस्थाविशेषमा व्युत्पत्तिलाई निर्वचन वा निरुक्ति पनि भनिन्छ। यसमा प्रकृत्यर्थ र प्रत्ययार्थको आधारमा पिण्डित अर्थको निर्णय हुन्छ। यसलाई अर्को रूपमा यौगिक अर्थ पनि भन्न सकिन्छ। यसरी विचारकोटिमा प्रवेश गर्दा पुरुषोत्तममा पुरुष र उत्तम गरी दुई पदहरू छन्। त्यसमा प्रसङ्गअनुसार पुरुषको व्यक्तिविशेष, जीवात्मा आदि अर्थहरू हुन्छन् भने उत्तमपदबोध्य अर्थ सर्वश्रेष्ठ। त्यसमा पनि पुरुष यसमा पुरु र ष यी दुई घटक पदहरू छन्। यहाँ पुरुपद भूरिअर्थको बोधक हो। जसको उल्लेख गर्दै अमरकोषमा भनिएको छ- **पुरुहुः पुरु भूयिष्ठं स्फारं भूयश्च भूरि च** (अमरकोष, विशेष्यनिघ्नवर्ग, २१५१) **षणु दाने** धातुबाट उ प्रत्यय लगाई पुरुपदका साथ त्यसको उत्तरवर्तीमा विद्यमान सको मूर्धन्य ष गर्दा पुरुष शब्द निष्पन्न हुन्छ। यसरी पुरुको अत्यधिक अर्थ हुन्छ भने तद्घटक उप्रत्ययान्त षको दान गर्ने। फलतः नामार्थ र धात्वर्थको सम्मिलितस्वरूप जो पुरुष शब्द हो त्यसको पिण्डित अर्थ धेरै दान गर्ने हुन्छ। यसको पुष्टि गर्न शास्त्रकारहरूले व्युत्पत्ति प्रदर्शन गर्दै भनेका छन्- **पुरु=बहु, सनोतीति=पुरुषः** (विष्णुसहस्रनामभाष्यम्) धेरै दान गर्ने। अझ राम्ररी प्रस्फुटन गर्दै अगाडि भनिएको छ- **तेभ्यो वाङ्मनसागोचरगुणविभव स्वानुभवरूपः पुरु=बहु सनोति=ददातीति पुरुषः**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(विशिष्टाद्वैतकोशः सप्तमः सम्पुटः पृ.१४७) त्यस्ता आश्रित जनहरूलाई वाणी र मनका विषय गुण, विभव, स्वानुभव, स्वरूप आदिलाई अत्यधिक दान गर्ने जो हो त्यो पुरुष हुन्छ। त्यसैले भनिएको छ- **मुक्तेभ्यस्स्वात्मपर्यन्तदानात् पुरुष ईरितः** (पूर्ववत्, पृ.१४७) अर्थात् मुक्तजनहरूका लागि आफ्नु आत्मापर्यन्त दान गर्ने भएकाले पुरुष भनिएको हो। त्यसपछि **पुरुषेषु=बहुदानकर्तृषु उत्तमः=पुरुषोत्तम**, अर्थात् धेरै दान गर्नेहरूमध्ये जो सर्वश्रेष्ठ हुन्छ, त्यसलाई पुरुषोत्तम भनिन्छ। किनकि अतिशायन अर्थमा उत् शब्दबाट तमप् प्रत्यय जोड्दा उत्तम शब्द निष्पन्न हुन्छ जसको उत्कृष्टतम अर्थ हुन्छ। अर्थात् **अतिशायने उत्कृष्ट** इति उत्तमः। त्यसपछि पुरुषपदका साथ उत्तमको **पुरुषेषु उत्तमः** यस प्रकारको सप्तमीतत्पुरुष समास गर्दा अत्यधिक दान गर्नेहरूमा सर्वश्रेष्ठ भन्ने अर्थ उपलब्ध हुन्छ। त्यस्तै **पुरुषेभ्य उत्तमः=पुरुषोत्तमः** यस्तो पञ्चमीतत्पुरुष पनि यहाँ गर्न सकिन्छ। यस निर्वचनबाट यो निष्कर्ष प्राप्त हुन्छ बद्ध, मुक्त, नित्य जीवहरूभन्दा जो सर्वोत्कृष्ट छ, सर्वाधार सर्वशेषी छ, सर्वफलप्रदाता र सर्वनियामक छ त्यसैको नाम पुरुषोत्तम हो। त्यसैले भगवद्गीतामा भनिएको छ- **यस्मात् क्षरमतीतोऽहमक्षरादपि चोत्तमः। अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः॥** (भगवद्गीता) यहाँ क्षर शब्द बद्धपुरुषवाची हो भने अक्षर शब्द मुक्तपुरुषवाची। यी दुवैदेखि परमात्मा उत्तम हुनुहुन्छ, बद्धजीव र मुक्तजीवदेखि भिन्न विलक्षण स्वतन्त्र कुनै उत्तम पुरुषतत्त्व जसको प्रसिद्धि लोक, वेद, रामायण, महाभारत स्मृति आदिमा पनि रहेको छ, जसले तीनै लोकमा प्रवेश गरेर संसारको भरण पोषण गर्दछ, जो अविनाशी छ, त्यसलाई परमात्मा नामद्वारा निर्देश गरिएको छ। आपाततः यो नै पुरुषोत्तम शब्दको व्युत्पत्तिलभ्य अर्थ हुन्छ। यसरी प्रकरण र प्रसङ्गअनुसार पुरुषोत्तम शब्दको व्युत्पत्ति, व्याख्या, विवरण र विवेचन गरिएको छ। यति मात्र नभएर अव्यय स्वभाव भएको परमात्मा व्यय स्वभाव भएको अचेतनदेखि भिन्न स्वतन्त्र तत्त्व पुरुषोत्तम हो भन्ने आशय यसमा अन्तर्निहित छ। जसको सप्रमाण व्याख्या गरी गीताभाष्यकारद्वारा स्पष्ट पारिएको छ। त्यसैले यस्तो उत्तम पुरुषको उपदेश गर्दै उपनिषद्मा भनिएको छ- **परं ज्योतिरुपसम्पद्य स्वेन रूपेणाभिनिष्पद्यते, स उत्तमः पुरुषः** (छान्दोग्योपनिषद्, ८।१२।३) अर्थात् यस संसारबन्धनबाट सर्वथा मुक्तजीव परमव्योम नामक विशेष प्रदेशमा विराजमान परब्रह्म पुरुषोत्तम हुनुहुन्छ। जसलाई अर्चिरादि मार्गबाट प्राप्त गरेर अपहतपापत्वले युक्त ब्रह्मको स्वरूपद्वारा मुक्तजीव आविर्भूत हुन्छ। यसरी जीवात्माको आविर्भूतस्वरूप प्रकाश पार्ने क्रममा उत्तम पुरुष नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जीवात्माको प्राप्य वस्तुतत्त्व हो भनी उक्त उपनिषद् वचनद्वारा निर्देश गरिएको छ। त्यस्तै क्षर, अक्षर र यी दुईदेखि विलक्षण पुरुषोत्तम तत्त्वलाई वस्तुगत रूपले स्पष्ट गर्दै भगवद्गीतामा भनिएको छ- **द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च। क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥ उत्तमः पुरुषस्त्वन्य परमात्मेत्युदाहृतः ।** (भगवद्गीता १५/१६-१७) अर्थात् क्षर र अक्षर यी दुई पुरुषहरू लोकमा प्रसिद्ध छन्। त्यसमा क्षर शब्दद्वारा निर्दिष्ट पुरुष जीव हुन्छ, जसको सम्बन्ध जडात्मक प्रकृतिसँग भएको हुँदा ब्रह्मादेखि लिएर स्तम्बपर्यन्त जेजति अनुभूयमान वस्तुहरू छन् ती सबै जडात्मक प्रकृतिसम्बद्ध भूतप्राणी हुन्। यसमा चिद्भिन्न अचित्प्रकृति जो पुरुषको उपाधि हुन्छ त्यो पुरुष पदवाच्य जीवसँग सम्बद्ध छ। त्यो उपाधि एक भएकोले जीव अनन्त भए तापनि भाष्यकारद्वारा पुरुषः यस्तो एकत्वको निर्देश गरिएको हो।

न क्षर=अक्षरः यस्तो नञ्तत्पुरुष समासको अवलम्बन गरेर अक्षरशब्द निष्पन्न हुन्छ। त्यसमा क्षर भनेको विनाशी हो भने अक्षर भनेको अविनाशी। जड पदार्थसँग जसको सम्बन्ध हुँदैन त्यस्तो अक्षर शब्दवाच्य कूटस्थ मुक्तात्मा हुन्छ। जसमा अचित् प्रकृतिको लेश मात्र पनि संसर्ग रहँदैन। त्यसैले भाष्यमा भनिएको छ- **अचित्संसर्गाभावात् अचित्परिमाणविशेषब्रह्मादि देहसाधारणो न भवतीति कूटस्थ इत्युच्यते ।** (गीताभाष्यम्) अर्थात् अचित्पदबोध्य प्रकृतिको संसर्ग (सम्बन्ध) नभएकाले अचित् परिमाणसम्बद्ध ब्रह्म, इन्द्र, मरुत् आदिका शरीरहरूको समान मुक्त आत्मा हुँदैन, त्यसकारण नै यस्तो अक्षर पदवाच्य आत्मा कूटस्थका नामले अभिहित छ। यसमा पनि अचित्को जो सम्बन्धाभाव हो त्यो एक छ, अतः एक वचनको प्रयोग सर्वथा युक्तिसम्मत छ भनी भाष्यकारद्वारा स्पष्ट गरिएको छ। यसरी क्षर र अक्षरको स्वरूप बताएर त्यसदेखि विलक्षण श्रुति-स्मृति आदि प्रमाणसिद्ध सर्वोत्कृष्ट पुरुष नै परमात्मा हो भनी पुरुषगत उत्तमत्वलाई व्यवस्थापित गरिएको छ। यसबाट उत्तम पुरुषका रूपमा निर्दिष्ट बद्धजीव र मुक्तजीवदेखि सर्वथा भिन्न सर्वशरीरी परमात्मा अर्थान्तरस्वरूप हो अर्थात् जीव नै ईश्वर होइन, तद्भिन्न विलक्षण तत्त्व परमात्मा हुन्छ जसलाई पुरुषोत्तम शब्दले निर्देश गरेको छ। एतावता भाष्यकारले ब्रह्म शब्दको अभिधेय प्रमेयका रूपमा पुरुषोत्तम शब्दको प्रयोग गर्नुभएको तथ्य सर्वथा प्रमाणित हुन्छ। त्यस्तो परमात्माद्वारा तीनै लोकमा प्रवेश गरेर सबैको धारण र पोषण गरिन्छ। परमात्मा अविनाशी हुन्छ, अतः गीतामा अव्यय शब्दको प्रयोग गरिएको हो। त्यस्तै सर्वसमर्थ परमात्माको अर्को सुप्रसिद्ध र सुप्रयुक्त ईश्वर शब्द भएकाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसलाई बुझाउन ईश्वर भनिएको हो। **डुभृञ् धारणपोषणयोः** भृधातुबाट वर्तमानकालिक कर्तामा ति प्रत्यय गर्दा बिभर्ति यो क्रियापद निष्पन्न हुन्छ। यसरी पुरुषोत्तम पदवाच्य ईश्वरद्वारा प्रकृतिसम्बद्ध बद्धजीव र प्रकृतिको संसर्गले रहित मुक्तात्मा यी दुवैको आवश्यकताअनुसार भरणपोषण भएको हुन्छ। यसमा लोकत्रयम् भनेको प्रकृति, बद्धजीव र मुक्तजीव यी तीनलाई लिइन्छ। यसमा लोक भनेको प्रत्यक्षको विषय हो। अतएव भाष्यकारद्वारा व्युत्पत्ति प्रदर्शनपूर्वक तीन प्रकारका वस्तुहरूको निर्देशलाई यस प्रकार स्पष्ट गरिएको छ- **लोक्यत इति लोकः, तत्त्रयं लोकत्रयम्, अचेतनं तत्संसृष्टश्चेतनो मुक्तश्चेति प्रमाणावगम्यम् एतत् त्रयं य आत्मतया आविश्य बिभर्ति, स तस्माद् व्याप्याद् भर्तव्याच्च अर्थान्तरभूतः।** अर्थात् जो देखिन्छ, इन्द्रियको विषय बन्दछ, त्यसलाई लोक भनिन्छ, यो नै लोक शब्दको व्युत्पत्तिगत अर्थ हो। त्यो तीन प्रकारको छ- अचेतन=प्रकृति हो, त्यसको औपाधिक सम्बन्ध भएको बद्धजीव औपाधिक सम्बन्धले मुक्त भएको जीवात्मा जसलाई कूटस्थ वा मुक्तात्मा भनिन्छ, यी तीनलाई लोकत्रय भनिएको हो। यी तीनदेखि भिन्न ईश्वर उक्त तीनै लोकहरूमा आत्माका रूपमा प्रवेश गरेर धारण, पोषण गर्ने कार्य सम्पन्न गर्दछ। त्यस्तो ईश्वरद्वारा व्याप्त र धारणीय तीनै वस्तुहरूदेखि भिन्न विलक्षण ईश्वर नै पुरुषोत्तमतत्त्व हो। आपाततः यो नै पुरुषोत्तम शब्दबोध्य निष्कर्षात्मक अर्थान्तरभूत स्वरूप हो। यसबाट जीव भिन्न ईश्वरतत्त्व हुन्छ भन्ने सविशेषाद्वैतवाद प्रतिष्ठापित हुन्छ। यो नै यस दर्शनको मौलिक विशेषता पनि हो।

यसको विशेष र विस्तृत विचार गर्न प्रथम ब्रह्मसूत्रको घटक ब्रह्म के हो ? भन्ने जिज्ञासाका साथ लघुपूर्वपक्ष, लघुसिद्धान्त, महापूर्वपक्ष, महासिद्धान्त आदि कोटि प्रतिकोटिहरूको उद्भावन गर्दै रामानुजाचार्यले सविशेषब्रह्मको सिद्धि श्रीभाष्यम् ग्रन्थमा गर्नु भएको छ। यो ब्रह्मजिज्ञासाको प्रघट्टक भएकाले यसलाई जिज्ञासाधिकरणम् भनिन्छ। त्यसमा अधिकरणको स्वरूप बताउँदै भनिएको छ- **विषयः संशयश्चैव विचारो निर्णयस्तथा। प्रयोजनेन सहितमेतत् स्यादङ्गपञ्चकम्॥** अर्थात् विषय, संशय, विचार, निर्णय र प्रयोजन यी पाँच अङ्गहरूले युक्त जो हुन्छ, त्यसलाई अधिकरण भनी परिभाषित गरिएिको छ। त्यस्तै अर्को पनि अधिकरणको लक्षण बताइएको छ- **विषयः संशयश्चैव पूर्वपक्षस्तथोत्तरम्। प्रयोजनञ्च पञ्चाङ्गं प्राञ्चोऽधिकरणं विदुः॥** अर्थात् विषय, संशय, पूर्वपक्ष, उत्तरपक्ष, प्रयोजन यी पाँच अङ्गहरूले युक्त जो हुन्छ, त्यसलाई प्राचीन आचार्यहरूद्वारा अधिकरणका रूपमा परिभाषित गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.२६ ब्रह्ममा जन्मादिकारणत्वको विचार

विशिष्टाद्वैतवेदान्त उपनिषत्प्रमाणवादी सत्कार्यवादको निर्धारक दर्शन हो, जसको चर्चा प्रसङ्गअनुसार योभन्दा पहिले पनि गरिएको छ। यसमा विशेष गरेर वेद, उपनिषद्, ब्रह्मसूत्र र वेदानुकूल स्मृति, आगम, इतिहास, पुराणका आधारमा जन्म, स्थिति र लयात्मक कार्यका प्रति ब्रह्मकारण हुन्छ भन्ने सार्वभौम वैदिक सिद्धान्त स्थापित गरिएको छ। **जन्माद्यस्य यतः** यो ब्रह्मसूत्र नै यसको मूलभित्ति हो । जसले ब्रह्ममा जन्म, स्थिति र लयको कारणत्वलाई सप्रमाण निर्धारण गर्दछ ।

यसमा सर्वप्रथम पूर्वसूत्रको प्रस्तूयमान विषयवस्तुको उत्तरसूत्रसँग विद्यमान सम्बन्ध के हो त्यसको स्पष्टता आवश्यक छ। यसलाई पूर्वापरसङ्गति वा शास्त्रसङ्गति पनि भनिन्छ। पूर्वसूत्रस्थ अथपद आनन्तर्यार्थको बोधक हो। त्यसैले स्वसिद्धान्तअनुसार अथ शब्दले कर्मविषयक ज्ञान भइसकेपछि भन्ने अर्थलाई निर्देश गरेको छ । त्यो ज्ञान के हो भन्दा पूर्वमीमांसामा जैमिनिले विशेषत: काम्य कर्महरूको सविस्तार विचार गरेका छन् । तद्विषयक ज्ञान सम्पन्न भइसकेपछि भन्ने अर्थमा अथ यो अव्ययपद प्रयुक्त छ। त्यस प्रकारको कर्मजन्य फल अस्थिर र सीमित हुन्छ, त्यस्तो फलका लागि मुमुक्षुजनहरूको प्रवृत्ति हुन सक्तैन। अत: काम्यकर्मजन्य फलका सम्बन्धमा राम्ररी ज्ञान भएकाले स्थिर र अतिशय अनन्त फल भनेको के हो त भन्दा ब्रह्मप्राप्ति हो। अत: तत्सम्बन्धी विचारात्मक ज्ञान गर्न तत्त्वजिज्ञासुहरू वेदान्तशास्त्रमा प्रवृत्त हुन्छन् । यस कथनको पुष्टि गर्न र यो ग्रन्थको आरम्भ गर्नुपर्ने औचित्यलाई देखाउन श्रीभाष्यकार जिज्ञासाधिकरणको उपसंहार गर्दै भन्नु हुन्छ - **अतः केवलानां कर्मणामल्पास्थिरफलत्वात्, ब्रह्मज्ञानस्य च अनन्तस्थिरफलत्वात् तन्निर्णयफलो ब्रह्मविचारारम्भे युक्त इति स्थितम्** (श्रीभाष्यम्, प्रथमसम्पुटः पृ.२७०) ।

यसरी कर्मब्रह्म मीमांसाको एकशास्त्रत्वलाई विशिष्टाद्वैतीहरू सिद्ध गर्दछन् । त्यस्तो ब्रह्मको विचार गरेर त्यो नै जन्म, स्थिति र लयका प्रति कारण हुन्छ भन्ने आशयलाई अभिव्यक्त गर्न **जन्माद्यस्य यतः** यो द्वितीय ब्रह्मसूत्र प्रवृत्त भएको हो। यसरी पूर्वसूत्रको उत्तरसूत्रसँग पूर्वापरीभाव सम्बन्ध सिद्ध हुन्छ। अब ब्रह्मका साथ जन्म, स्थिति आदिको कार्यकारणभाव के कसरी सम्भव छ तत्सम्बन्धी विचार प्रस्तुत गरिन्छ। त्यसमा कार्य च **कारणञ्च=कार्यकारणे, तयोर्भाव=कार्यकारणभावः** यस्तो व्युत्पत्तिद्वारा कार्यकारणभावको स्वरूप निर्धारित हुन्छ। यसमा प्रकृतिजन्यबोधमा प्रकारीभूत अर्थ नै भावप्रत्ययार्थ हो। यो व्याकरणको अनुशासन हो। जसको तात्पर्य हुन्छ- प्रकृतिपदजन्य बोधमा प्रकारतया

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भासमान जो अर्थ हुन्छ, त्यो नै भावप्रत्ययार्थ हो भनी स्पष्ट गरिएको छ। प्रकृतिपदले यहाँ कार्य र कारणलाई लिइन्छ, त्यसबाट जन्यबोधमा कार्यत्व, कारणत्व यी दुई प्रकारका रूपमा भासित हुन्छन्। यहाँ प्रकार भनेको विशेषण हो। भाव अर्थमा त्व र तल् प्रत्ययको विधान व्याकरणशास्त्रले गर्दछ। यसरी कार्यकारणभावको समुदित अर्थ निष्पन्न हुन्छ कार्यत्व र कारणत्व। यी दुवै कार्यलाई कारणमा जोड्ने र कारणलाई कार्यमा जोड्ने सम्बन्ध हुन्। यसैका आधारमा ब्रह्ममा कारणता र जन्मादिमा कार्यताको निर्धारण गरिन्छ। फलतः जन्मादि कारणत्व सम्बन्धले ब्रह्मसँग सम्बद्ध हुन्छ भने ब्रह्मको कार्यत्व सम्बन्धले जन्मादिमा। अर्थात् - सूक्ष्मस्थूल चिदचिद्विशिष्ट ब्रह्म कारण र कार्य दुवै हुन्छ। त्यसमा जन्मादि कार्यदेखि भिन्न कारणात्मक ब्रह्म हुन्छ किनभने विशिष्टाद्वैत वेदान्तीहरू सत्कार्यवादलाई स्वीकार गर्दछन्।

यस प्रपञ्चात्मक जगत्को जन्म, स्थिति र लय जसबाट हुन्छ, त्यो नै ब्रह्म हो, यो ब्रह्मलक्षणबोधक सूत्र भएकाले त्यसको आधारमा भन्नुपर्दा - यो चित्र विचित्र जो प्रपञ्चात्मक जगत् छ तत्सम्बन्धी सृष्टि, स्थिति र प्रलयहरू जसका अधीन हुन्छन् त्यो नै ब्रह्म हो भनी यो सूत्रद्वारा सृष्टि स्थिति र प्रलयकारणत्वेन ब्रह्मको स्वरूप निर्दिष्ट छ। ब्रह्मकारणताको निर्देशक सूत्रको सामान्य अर्थ यही हो।

अतएव सूत्रार्थको विवरण प्रस्तुत गर्दै भनिएको छ- **जन्मादीति सृष्टि-स्थिति प्रलयम्। तद्गुणसंविज्ञानो बहुव्रीहिः। अस्य अचिन्त्यविविधविचित्ररचनस्य नियतदेशकालफल-भोगब्रह्मादिस्तम्बपर्यन्त-क्षेत्रज्ञमिश्रस्य जगतः। यतः इ यस्मात् सर्वेश्वरात् निखिलहेय-प्रत्यनीकस्वरूपात् सत्यसङ्कल्पात् ज्ञानानन्दाद्यनन्तकल्याणगुणात् सर्वज्ञात् सर्वशक्तेः परमकारुणिकात् परस्मात् पुंसः सृष्टिस्थितिप्रलयाः प्रर्वतन्ते तद्ब्रह्म इति सूत्रार्थः।** (श्रीभाष्यम्, प्रथमसम्पुटः पृ.२७२ - २७३) अर्थात् सूत्रघटक जन्मादिमा विद्यमान आदिपदले स्थिति र प्रलय ग्रहणको हुन्छ, भने जन्मपद सृष्टिको बोधक हो।

यसमा विचारणीय विषय के छ भने व्याकरणशास्त्रले स्थलविशेषका लागि दुई किसिमका बहुव्रीहिसमासको अनुशासन गरेको छ- तद्गुणसंविज्ञानबहुव्रीहि र अतद्गुणसंविज्ञानबहुव्रीहि। जस्तै **लम्बकर्णमानय** यस्तो वाक्य कसैले प्रयोग गर्‍यो भने त्यसमा समासघटक पदहरूको विग्रह हुन्छ- **लम्बौ कर्णौ यस्य पुंसः स लम्बकर्णस्तं पुमांसमानय**। अर्थात् जुन पुरुषका कान लामालामा छन् त्यस्तो पुरुषलाई ल्याऊ। यसमा पुरुषसँग लामा कान पनि साथै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आउँदछन् अर्थात् लामा कानलाई छोडेर पुरुष मात्रको आगमन हुन सक्तैन, त्यसकारण अन्य पदार्थ प्रधान बहुव्रीहि समासको स्वभाव हुँदाहुँदै पनि यहाँ तद्गत गुणहरूको पनि संविज्ञान भएको छ, भन्नुको तात्पर्य विशेष्य पुरुषले आफ्ना विशेषण लम्बत्व, कर्णत्व गुणहरूलाई छोडको हुँदैन। अतद्गुणसंविज्ञानबहुव्रीहिको उदाहरण हुन्छ- **दृष्टसागरमानय**। जसको विग्रह यस प्रकार छ– **दृष्टः = प्रत्यक्षीकृतः, सागरः = समुद्रो, येन सः = दृष्टसागरः = पुरुषः, तादृशपुरुषमानय** भन्नुको तात्पर्य- जसले समुद्रलाई देखेको छ, त्यस्तो पुरुषलाई ल्याऊ। यहाँ सागर देखेको पुरुषको मात्र आगमन हुन्छ। तर पुरुषसँग सागर आउन सक्तैन, तद्गतगुणको संविज्ञान नभएकाले त्यस्तो समासलाई अतद्गुणसंविज्ञानबहुव्रीहि भनी परिभाषित गरिएको हो। यी दुई समासमध्ये जन्मादिमा तद्गुणसंविज्ञानबहुव्रीहि अवलम्बनीय हुन्छ। किनकि **जन्म आदिर्यस्य स जन्मादि** यस्तो समास गर्दा अन्य पदार्थप्रधान बहुव्रीहि समासमा जन्म छ सुरुमा जसको भन्दा अन्य पदार्थका रूपमा देखिएका स्थिति र प्रलयको ता ग्रहण हुन्छ तर जन्मपदवाच्य सृष्टिको ग्रहण हुन सक्तैन। अतएव त्यसका लागि तद्गुणसंविज्ञानबहुव्रीहि समास अवलम्बन सर्वथा आवश्यक छ, त्यसो गर्दा **लम्बकर्णमानय** जस्तै यहाँ पनि तत्पदबोध्य जो विशेष्य ब्रह्म हो त्यसका गुणहरू जेजति विशेषणहरू छन् त्यसलाई लिएर नै यो समस्तपद प्रवृत्त हुन्छ, जसले गर्दा जन्मपद वाच्य सृष्टिको पनि सङ्ग्रह हुन्छ। फलतः विशेष्यका रूपमा रहेको ब्रह्ममा सृष्टि, स्थिति र प्रलयकारणत्वको सिद्धिमा कुनै पनि प्रकारको बाधा हुँदैन। यही वस्तुस्थितिलाई केन्द्रमा राखेर आचार्यले यहाँ तद्गुणसंविज्ञानबहुव्रीहिः यो वाक्यद्वारा समासको स्पष्ट सङ्केत गरिदिनुभएको छ।

इदम् शब्दको षष्ठी विभक्त्यन्त जो अस्य पद हो, त्यसले जगत्लाई निर्देश गरेको छ। त्यो जगत् कस्तो छ ? भन्ने जिज्ञासामा त्यसका विशेषणपदहरू यस वाक्यावलीमा उपन्यस्त छन्। जसमा भनिएको छ- चिन्तन गर्न नसकिने विविध विचित्र रचना भएको, नियमित देश, काल, फल, भोग ब्रह्मदेखि लिएर स्तम्बपर्यन्त क्षेत्रज्ञ(जीव)युक्त जगत् छ। यी सबै ब्रह्मसृज्य छन्, त्यसैले तसिल् प्रत्ययान्त **यतः** यो पञ्चम्यन्त पदको प्रयोग गरिएको हो। यहाँ पञ्चमीको अर्थ हेतु हुन्छ। किनकि **जनिकर्तुः प्रकृतिः** (१|४|३०) यो पाणिनीय सूत्रद्वारा पञ्चमी विभक्तिको विधान भएको छ। **प्रकृतिशब्देनोपादानकारणमेव गृह्यते (सिद्धान्तकौमुदी, कारकप्रकरणम्,**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृ.१०२) त्यस्तै सूत्रमा घटक प्रकृतिको अर्थ उपादान हो भनी स्वयं व्याकरणकारहरूले स्पष्ट निर्देशन गरेका छन् । यसबाट यो तथ्य प्रमाणित हुन्छ– प्रपञ्चात्मक जगत्का प्रति उपादनकारण ब्रह्म नै हुन्छ । किनकि प्रकृतिको अर्थ साङ्ख्य दर्शनले स्वीकार गरेको प्रधान तत्त्व पनि हुन्छ, त्यस्तो भ्रम नहोस् भनेर नै **प्रकृतिरुपादानम्** भनिएको हो । यसलाई निर्देश गर्दै यतः=यस्मात् अर्थात् यत्पद वाच्य ब्रह्मबाट सृष्टि, स्थिति र प्रलय हुन्छ । यसरी हेतु अर्थलाई बुझाउन यतः यहाँ पञ्चमी विभक्तिको विधान सर्वथा प्रमाणसिद्ध छ । त्यसपछि त्यो ब्रह्म कस्तो छ भन्ने जिज्ञासामा भनिन्छ– सबैको ईश्वर सबै प्रकारका हेयगुणहरूले रहित, सत्यसङ्कल्प ज्ञानस्वरूप, आनन्दस्वरूप, अनन्त कल्याणगुणका खानि, सर्वज्ञ, सर्वशक्तिसम्पन्न, परमदयालु, परस्वरूप जुन परब्रह्म परमात्माबाट सृष्टि, स्थिति र लयहरू हुन्छन्, त्यो नै ब्रह्म हो भनी ब्रह्ममा जगत्कारणत्वको स्थापना गर्दै ब्रह्मको स्वरूपलाई प्रतिष्ठापित गरिएको छ ।

यसलाई सम्पुष्ट गर्ने अनेकौं श्रुति-स्मृति वचनहरू प्रमाणका रूपमा उपस्थापित छन् । जस्तै **यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति यत्प्रयन्त्यभिसंविशन्ति तद्विजिज्ञासस्व । तद्ब्रह्मेति** (तै.उ. भृगुवल्ली, १-२) अर्थात्-यी सम्पूर्ण भूतसमुदायात्मक सृज्य कार्य पदार्थहरू जसबाट उत्पन्न हुन्छन्, जसको सम्बन्धद्वारा उत्पन्न प्राणीहरू जीवनलाई धारण गर्दछन्, जसमा मिल्दछन्, अनि प्रवेश गर्दछन् त्यसका सम्बन्धमा तिमी राम्ररी जिज्ञासा गर, किनकि त्यो नै मुमुक्षुजनहरूका लागि जिज्ञास्य ब्रह्म हो ।

त्यसपछि यस्तो प्रपञ्चात्मक कार्यका प्रति निमित्तकारण र उपादानकारण ब्रह्म मात्र हुन्छ भन्ने वेदान्तसिद्धान्तलाई स्थापित गर्न आचार्य भन्नुहुन्छ- **सूत्रे यतः इति हेतौ पञ्चमी, जनिस्थितिलयानां साधारणत्वात् । जनिहेतुत्वञ्च निमित्तोपादानरूपं विवक्षितम्** (वेदान्तसारः पृ.१७) यद्यपि ब्रह्मसूत्रघटक यतः पञ्चम्यन्त पदको चर्चा भर्खरै भइसकेको छ, तथापि यहाँ स्वयं आचार्यद्वारा प्रणीत वेदान्तसारमा विशेष प्रमाणका साथ यसको विस्तृत विचार गरिएकोले ती पङ्क्तिहरूलाई समेत राखेर विवेचन गर्नु आवश्यक सम्झिएर यहाँ केही विचारको विस्तृतीकरण गर्ने प्रयत्न गरेको हो । **यस्मादिति** यस्तो व्युत्पत्तिद्वारा **पञ्चम्यास्तसिल्** (पा.सू ५|३|७) यो सूत्रद्वारा यत्शब्दबाट तसिल् प्रत्यय तथा अनुबन्धलोप गर्दा पञ्चम्यन्त यतः शब्द निष्पन्न हुन्छ । त्यसमा पञ्चमी विभक्ति प्रकृतिरूप उपादान भएकोले जगत्को सृष्टि, स्थिति र प्रलयात्मक कार्यका प्रति ब्रह्म उपादानकारण हुन्छ, त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनेको सूक्ष्म चिदचिद्विशिष्ट कारण ब्रह्म मात्र उपादान हो, साङ्ख्याभिमत प्रधान उपादन कारण हुँदैन भन्दै वेदान्ताभिमत ब्रह्मको कारणतावादलाई स्थापित गरिएको हो। त्यसैले भनिएको छ- **जनिस्थितिलयानां साधारणत्वात्**, अर्थात् उत्पत्ति स्थिति र लयका प्रति सूक्ष्म चिदचिद्विशिष्ट ब्रह्म साधारणकारण हुन्छ। त्यो भनेको के हो त ? भन्दा निमित्तकारण र उपादानकारण दुवै ब्रह्म नै हुन्छ। यसबाट निमित्तकारण र समवायिकारणलाई अलग मान्ने नैयायिक र वेशैषिकहरूको मत खण्डित हुन्छ। किनकि यिनीहरूले कार्य मात्रका प्रति समवायिकारण, असमवायिकारण र निमित्तकारण गरी तीन प्रकारका कारण मान्दछन्, ती तिनै कारणहरू भिन्नभिन्न प्रकृतिका हुन्छन्, जस्तै ज्ञानात्मक कार्यका प्रति आत्मा समवायिकारण हुन्छ भने आत्मा र मनको संयोग असमवायिकारण, त्यसदेखि भिन्न जेजति ज्ञानका सहयोगी त्वङ्मनसंयोग, आलोक, प्रतिबन्धकाभाव आदि निमित्तकारण हुन्छन्, त्यसमा पनि यी दार्शनिकहरूको कार्यकारणभावका सम्बन्धमा एउटा निर्धारित सिद्धान्त छ- त्यो के भने कुनै पनि कार्यका प्रति समवायिकारण द्रव्य मात्र हुन्छ भने असमवायिकारण गुण र कर्म, त्यसदेखि भिन्न अरू सबै कारणकोटिमा आएका साधनहरू निमित्तकारण हुन्छन्। त्यस्तै कार्यदेखि कारणहरू' सर्वथा भिन्न हुन्छन् भने कारणसमुदायदेखि पनि कार्य भिन्न हुन्छ। यसैका आधारमा नैयायिकहरूलाई असत्कार्यवादी भनिएको हो। तर वेदान्तीहरू उपनिषदत्प्रमाणवादी भएकाले- **सदेव सोम्येदमग्र आसीद्, एकमेवाद्वितीयम्, तदैक्षत बहु स्यां प्रजायेयेति, तत्तेजोऽसृजत** (छान्दोग्योपनिषद्, ६.२.३) अर्थात् सृष्टिको पहिले नाम र रूपको विभागले रहित भेदसहिष्णु अभेद सम्बन्धले सूक्ष्म चित् र अचित्ले युक्त सत्पद वाच्य परब्रह्म मात्र थियो, त्यो एक्लै थियो, त्यसकारण अद्वितीय थियो, त्यस्तो ब्रह्ममा जब सर्जन गर्ने इच्छा हुन्छ, त्यस बेला सङ्कल्पका साथ ईक्षण गर्दै म अनेक बनूँ अर्थात् नामरूप विभाग योग्य अनेक रूपलाई ग्रहण गरूँ भन्ने सङ्कल्प हुन्छ। यस प्रकारका उपनिषद् वचनहरूका आधारमा ईश्वर सृष्टि विस्तारमा प्रवृत्त हुन्छ, त्यसकारण ब्रह्म सनातन हो, त्यो सर्वत्र अनुगत छ, त्यो नभएको कुनै देश, काल, अवस्था छैन, यसरी ब्रह्मको सत्ता सार्वकालिकी छ, त्यसकारण सद्वस्तु नै सृज्य हुन्छ भन्ने उपनिषद् प्रमाणका आधारमा निमित्त तथा उपादान दुवै कारण ब्रह्मलाई मानिएको हो। यसमा निमित्त र उपादानकारण अलग-अलग मान्नु शास्त्रविपरीत हुन्छ भन्दै ब्रह्मदेखि अतिरिक्तमा निमित्तकारणताको सर्वथा निषेध गरिएको छ, जसले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्दा उभयकारणत्वविशिष्ट ब्रह्मकारणतावाद स्थापित हुन सकोस्। जसको पुष्टि गर्दै रामानुजाचार्य भन्नुहुन्छ- **जनिहेतुत्वञ्च निमित्तोपादानरूपं विवक्षितम्** (वेदान्तसारः, पृ.११) अर्थात् उत्पत्तिकारणत्व भनेको निमित्त कारण र उपादानको स्वरूप नै यहाँ विवक्षित छ। भन्नुको अभिप्राय जनिहेतुत्वले ब्रह्ममा उत्पत्तिका प्रति निमित्तकारणत्व र उपदानकारणत्वलाई नै निर्देशित गरेको छ। यसबाट ब्रह्मगत सामर्थ्य र विलक्षणता पनि सिद्ध हुन्छ, जो भिन्न अभिन्न सबै प्रकारका वस्तुहरूको नियामक भएर सङ्कल्पानुसार जे पनि गर्न हैसियत राख्दछ।

यसमा अर्को पनि विचारणीय विषय के छ भने सृज्यात्मक कार्यदेखि भिन्न कारण ब्रह्म हुन्छ, जो पारमार्थिक भएकोले सर्वत्र अनुगत छ, त्यसकारण कारण ब्रह्मदेखि कार्य केही पनि हुँदैन, सर्वत्र त्यसको अनुगतता सर्वकाल, सर्वावस्था, सर्वदेशमा अबाधित भएर रहेको छ। अतः नैयायिकहरूको जस्तो यहाँ कार्यभेद र कारणभेद मानिँदैन। केवल कार्यभेद मात्र मानिन्छ। किनकि कार्य विकारशील क्षरस्वभावको हुन्छ, त्यसदेखि विलक्षण निर्विकार अविनाशी ब्रह्म हुन्छ। त्यस्तो ब्रह्म नै कारण भएकाले त्यसमा कार्यगत धर्मको कल्पना सर्वथा अनुपयुक्त हुन्छ। अतः विकारात्मक कार्यभिन्नत्वेन निर्विकार कारण ब्रह्मको अस्तित्वलाई अप्रकम्य रूपले स्थापित गरिन्छ। कारणको सत्ता नै सर्वत्र अभिव्याप्त भएकाले तदभिन्नत्वेन कार्यको अस्तित्व स्थापित हुन सक्तैन भन्ने विशिष्टाद्वैती वेदान्तीहरूको मान्यता छ।

यसरी सूक्ष्म चिदचिद्विशिष्ट कारणब्रह्म र स्थूल चिदचिद्विशिष्ट कार्यब्रह्म एक भएकाले यी दुईको एकत्वलाई लिएर विशिष्टाद्वैत ब्रह्म एक हुन्छ, जसलाई विशिष्ट अद्वैत ब्रह्म भनिन्छ। त्यसमा सूक्ष्म भनेको नामरूपको विभाग नभएको अवस्था विशेष हो भने स्थूल भनेको नामरूपको विभाग भएको अवस्थाविशेष। जसको समर्थन गर्दै श्रुतिले भनेको छ- **जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि** (छा.उ. ६|३|२) सर्वशरीरक परमात्मा भएकाले जीवशरीरक परमात्मा अन्तर्यामीका रूपमा जीवमा प्रवेश गरेर यसको यो नाम र यसको यो रूप हो भनी व्यक्त नामरूपको व्यवस्था परमात्माद्वारा गरिन्छ।

अब यसमा केहीले शङ्कापक्षको उद्भावन गर्दै भन्दछन्- श्वेताश्वतरोपनिषद्को वचन छ- **अस्मान्मायी सृजते विश्वमेतत्** (श्वे.उ.४९) अर्थात् मायापति परब्रह्म परमात्मा मायाको आश्रय लिएर स्थावरजङ्गमात्मक सृष्टि गर्नुहुन्छ। यसबाट सिद्ध हुन्छ जगत्सर्जनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकृति उपादान हुन्छ, अतः ईश्व ाई अभिन्न निमित्तोपादन कारणका रूपमा स्वीकार गर्ने वेदान्तीहरूको सिद्धान्त सिद्ध हुन सक्तैन। किनकि प्रकृति जगत्सर्जनमा उपादनकारणका रूपमा उक्त विशेष श्रुतिद्वारा अभिहित छ। अतएव उभयविधकारण ईश्वर नै हुन्छ भन्ने कथन कसरी प्रमाणित हुन सक्छ ? भन्ने जिज्ञासाको समाधान गर्दै भनिएको छ- **प्रकृतिश्च प्रतिज्ञादृष्टान्तानुपरोधात्** (ब्र.सू. १-४-२३) **अभिध्योपदेशाच्च** (१-४-२५) **आत्मकृतेः** (ब्र.सू. १-४-२६) **इत्यादिभिः सूत्रैः परिहरिष्यते** (वेदान्तसारः पृ.११) यसमा प्रतिज्ञा र दृष्टान्तको अनुरोध हेतुद्वारा सिद्धि गरिएको छ, किनकि श्रुतिको प्रतिज्ञा छ एक तत्त्वको ज्ञानद्वारा सबै तत्त्वहरू ज्ञात हुन्छन्, जसले ब्रह्ममा सर्वविधकारणत्वको विधान गरेको छ। यसलाई पुष्टि गर्न मृत्पिण्डलाई दृष्टान्तका रूपमा अगाडि सारिएको छ। त्यसमा भनिएको छ एउटा माटोको पिण्डबाट बनेका घडाको ज्ञान भइसकेपछि सबै माटाका पिण्डबाट निर्मित घडाहरूको ज्ञान स्वतः हुन्छ। यस्तो दृष्टान्तसँग विरोध भएकोले ब्रह्मदेखि अतिरिक्तमा उपादानत्व स्वीकार गर्दा दृष्टान्तासिद्धि दोष हुन्छ, त्यसैले ब्रह्म नै जगत्को उपादान हो। यो स्वीकार नगर्ने हो भने **यथा सोम्यैकेन मृत्पिण्डेन सर्वं मृण्मयं विज्ञातं स्यात्** यो श्रुति वाक्यको समन्वय हुन सक्तैन। यसरी सदृष्टान्त सप्रमाण सूक्ष्म चिदचिद्विशिष्ट कारण ब्रह्ममा अभिन्ननिमित्तोपादानत्वको सिद्धि गरिन्छ। त्यस्तै परमात्माको सङ्कल्प छ- **तदैक्षत बहु स्यां प्रजायेय** (छा.उ. ६-२-३) अर्थात् म धेरै हूँ र धेरै रूपमा उत्पन्न हुन सकूँ। यसरी जगत्को निमित्तकारण परमात्माले नै अचित् रूपले स्थूल जगत्का रूपमा बहुभवनको सङ्कल्प गरेको हुन्छ भन्दै श्रुति वाक्यहरूले उपदेश गरेका छन्। यसबाट प्रमाणित हुन्छ- जगत्का प्रति दुवै कारण ब्रह्म नै हो। फलतः ब्रह्मको निमित्त मात्र कारणत्ववादलाई ब्रह्मसूत्र, श्रुति, स्मृति आदि प्रमाणहरूद्वारा सर्वथा निराकृत गरी उभयकारणत्ववाद प्रतिष्ठापित गरिएको छ। यो नै विशिष्टाद्वैतको अभिमत सर्वोपरि सिद्धान्त हो।

२.२७ ईश्वरमा शास्त्रमात्रगम्यत्वको व्यवस्थापन

माथिको विवेचनबाट यो सिद्ध हुन्छ- जगज्जन्म आदि प्रपञ्चात्मक कार्यसमुदायका प्रति वेदवेदान्तवेद्य सूक्ष्म चिदचिद्विशिष्ट ब्रह्म नै अभिन्न निमित्तोपादन कारण हो। फलतः समुदित सृष्टि स्थिति र लयकारणत्व ब्रह्ममा सिद्ध हुन्छ। तादृशकारणत्वेन ब्रह्मको स्वरूपलाई लक्षण तथा प्रमाणद्वारा निर्धारित गर्दछ वेदान्त दर्शनले। यो सबैको व्यवस्थापन **जन्माद्यस्य** यतः यो ब्रह्मसूत्रले गरेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब यस्तो ब्रह्म कुन प्रमाणद्वारा गम्य हुन्छ ? भन्ने जिज्ञासामा **शास्त्रयोनित्वात्** (१-१-३) यो ब्रह्मसूत्र प्रवृत्त भएको छ अर्थात् अरू प्रत्यक्ष, अनुमान आदि कुनै प्रमाणहरूबाट ब्रह्म गम्य छैन किनकि शास्त्रमात्रगम्य ब्रह्म हुन्छ भन्ने यस सूत्रको आशय हो। यसमा शास्त्रयोनित्व हेतुद्वारा ब्रह्ममा प्रत्यक्ष आदि प्रमाणगम्यत्वको अभाव छ भनी सिद्ध गरिएको छ। किनकि ब्रह्मदेखि इतर जेजति वस्तुसमुदायहरू छन् तीभन्दा विलक्षण शास्त्रमात्रबोध्य बृहत्व र बृहणत्वविशिष्ट अद्वितीय ब्रह्म हुन्छ। त्यस्तो ब्रह्मलाई सिद्ध गर्न न प्रत्यक्ष प्रमाण समर्थ छ न अनुमान। त्यसैले सूत्रको विवरण गर्दै आचार्य भन्नुहुन्छ- **शास्त्रं यस्य योनिः = कारणम् = प्रमाणम्, तच्छास्त्रयोनि । तस्य भावः = शास्त्रयोनित्वम्, तस्मात् । ब्रह्मज्ञानकारणत्वात् शास्त्रस्य, तद्योनित्वं ब्रह्मणः । अत्यन्तातीन्द्रियत्वेन प्रत्यक्षादिप्रमाणाविषयतया ब्रह्मणः शास्त्रैकप्रमाणत्वात्, उक्तस्वरूपं ब्रह्म, यतो वा इमानि भूतानि जायन्ते** (तै.उ.भृ.१-२) **इत्यादिवाक्यं बोधयत्येव इत्यर्थः (श्रीभाष्यम्-प्रथमसम्पुट.** पृ.२८६) अर्थात् जुन ब्रह्मको अस्तित्वमा शास्त्र कारण हुन्छ। यहाँ योनि शब्द प्रतिपाद्य अर्थ कारण हो, जसलाई प्रमाण भनिन्छ, त्यो शास्त्रयोनिका रूपमा ब्रह्म निर्दिष्ट छ, किनकि प्रायः बहुव्रीहि समास अन्य पदार्थप्रधान भएकाले त्यस्तो अन्य पदार्थ यहाँ ब्रह्म हुन्छ फलतः ब्रह्मशास्त्रप्रमाणक हुन्छ भन्ने फलितार्थ प्राप्त हुन्छ। त्यसैले तच्छास्त्रयोनि यो विसर्गरहित नपुंसक लिङ्गको प्रयोग गरिएको हो। किनकि ब्रह्म शब्द नपुंसकलिङ्गक भएकाले तदनुरूप समस्त पद यसमा उपन्यस्त छ। यस प्रकार शास्त्रयोनिका रूपमा परिभाषित ब्रह्ममा शास्त्रयोनित्व धर्म रहेकाले तद्विशिष्ट ब्रह्मबाट जगत्को जन्म, स्थिति र लय हुन्छ। यसरी ब्रह्मज्ञानको साधन शास्त्र हो भन्ने कुरो सिद्ध हुन्छ। त्यो ब्रह्म उपनिषत्प्रतिपाद्य हुन्छ। किनकि **यतो वा इमानि भूतानि जायन्ते** इत्यादि उपनिषद् वचनद्वारा ब्रह्म प्रतिपादित छ। अतः वेदान्त दर्शनले ब्रह्मलाई औपनिषद पुरुषद्वारा पनि अभिव्यक्त गर्दछ।

उक्त निर्वचन र विवेचनद्वारा ब्रह्म सर्वथा अतीन्द्रिय हुन्छ अर्थात् त्यो स्वरूपतः इन्द्रियको विषय हुन सक्तैन। त्यसकारण ब्रह्मको साधक प्रत्यक्ष प्रमाण समर्थ छैन। त्यस्तै अनुमान प्रमाणद्वारा पनि त्यसको सिद्धि सम्भव छैन, किनकि अनुमान प्रमाण प्रत्यक्षमूलक नै हुन्छ। किनकि भूयोदर्शन नभई साहचर्यात्मक व्याप्तिज्ञान हुन सक्तैन, त्यसमा भूयोदर्शन प्रत्यक्षात्मक हुन्छ, अनि मात्र साध्य र साधनको साहचर्यात्मक बोध निष्पन्न हुन्छ, जसलाई व्याप्तिको स्मरणात्मक ज्ञान भनिन्छ। त्यस प्रकारको अनुमित्यात्मक ज्ञानको साधन व्याप्तिज्ञान नभएकाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुमित्यात्मक प्रमाको साधन अनुमान प्रमाणगम्य ब्रह्म हुन सक्तैन। अतः सूक्ष्म चिदचिद्विशिष्ट ब्रह्मबाट यी सम्पूर्ण प्राणीहरू उत्पन्न हुन्छन् भन्ने श्रुति वाक्यहरू नै ब्रह्मको अस्तित्वमा प्रमाण हुन्, त्यसकारण भनिएको हो ब्रह्मशास्त्रप्रमाण मात्र गम्य छ। यो नै वेदान्त दर्शनको निष्कर्ष छ, जसले ब्रह्मको सत्तामा शास्त्रलाई मात्र प्रमाण मान्दछ। यसैका आधारमा शास्त्रहरू पनि प्रयोजनयुक्त सिद्ध हुन्छन्।

त्यसमा प्रत्यक्ष प्रमाणको विषय ब्रह्म हुन नसक्ने विषयलाई माथि आपाततः निर्देश गरियो, अब अरू प्रमाणबाट पनि वेद्य ब्रह्म हुन सक्तछ भन्ने शङ्कापक्षको उपस्थापन गरेर त्यसको समाधान आचार्यले गर्नुभएको छ। जसमा इन्द्रियबाट हुने प्रत्यक्ष हुन सक्तैन, त्यस्तै यौगिक प्रत्यक्षबाट पनि ब्रह्मको अनुभव गर्न सकिँदैन। त्यसमा वाह्य इन्द्रियहरू सन्निकर्षयोग्य तत्तद्विषयक बोध उत्पन्न गर्न समर्थ हुन्छन्, त्यस्ता इन्द्रियहरूद्वारा गरिने ज्ञानको विषयअन्तर्गत ब्रह्म पर्दैन। त्यस्तै आन्तरप्रत्यक्ष पनि ब्रह्मको हुन सक्तैन अर्थात् यहाँ आन्तर शब्दको अर्थ मन हो, त्यो मन पनि ब्रह्मविषयक बोधको जनक हुन सक्तैन। यसरी जेजति र जेजस्ता प्रत्यक्षका भेदहरू छन् ती कुनै पनि ईश्वरको बोध गराउन असमर्थ छन्, अतः प्रत्यक्ष प्रमाणगम्य ईश्वर हुन नसक्ने कुरो स्पष्ट छ।

त्यस्तै विशेषतो दृष्ट र सामान्यतो दृष्ट गरी दुई प्रकारका अनुमानहरू छन्, यी दुवैले ईश्वरलाई सिद्ध गर्न सक्तैनन्। त्यसमा इन्द्रियबाट ग्रहण हुन नसक्ने वस्तुमा साध्यसाधक लिङ्गको साधनीय वस्तु लिङ्गसँग जो सम्बन्ध हुन्छ, त्यसको निश्चयात्मक ज्ञानको अभाव भएकाले विशेषतो दृष्ट अनुमान ब्रह्मको साधक हुन सक्तैन। सामान्य रूपले व्याप्तिको ज्ञान नभएकाले तत्साधक लिङ्ग पाइँदैन। अतः दुवै प्रकारका अनुमानहरू ईश्वरका साधक हुन सक्तैनन्।

नैयायिकहरूमा उदयनाचार्य अत्यन्त तेजस्वी जाज्वल्यमान सर्वोच्च कोटिका ख्यातनामा नैयायिक मानिन्छन्। उनले गद्यपद्यात्मक न्यायकुसुमाञ्जलि नामक लोकोत्तर ग्रन्थ लेखेर त्यसमा बौद्ध, चार्वाक, मीमांसक, साङ्ख्य आदिको मतलाई सप्रमाण निराकरण गर्दै ईश्वरलाई अनुमान प्रमाणका आधारमा अनेक प्रकारका हेतुहरूद्वारा सिद्ध गरेका छन्। जसमा ईश्वरका साधक हेतुहरूको निर्देशिका यो कारिका सुप्रसिद्ध छ- **कार्यायोजनधृत्यादेः पदात् प्रत्ययतः श्रुतेः। वाक्यात् सङ्ख्याविशेषाच्च साध्यो विश्वविदव्ययः॥** (न्यायकुसुमाञ्जलि, पञ्चमः स्तबकः का. १) अर्थात्- कार्य, आयोजन, धृति आदि, पद, प्रत्यय, श्रुति, वाक्य तथा सङ्ख्याविशेषबाट अविनाशी विश्वविद् ईश्वर साधनीय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ। यसमा प्रयुक्त विश्वविद् शब्दको अर्थ ईश्वर हो, त्यो अविनाशी नित्यज्ञानवान्, नित्य इच्छावान् र नित्य कृतिमान् हुन्छ। नैयायिकहरू गुण र गुणीको सम्बन्धलाई समवाय भन्दछन्। यहाँ ज्ञान, इच्छा र कृति गुण भएकाले तिनीहरू समवायसम्बन्धले ईश्वररूप द्रव्यमा रहन्छन्। त्यस्तो ईश्वर बाह्य र आन्तर प्रत्यक्षगम्य हुन सक्तैन, त्यस्तै शब्द प्रमाण पनि ईश्वरको साधक हुँदैन। किनकि यहाँ शब्द भन्नाले **ईश्वरमुपासीत प्रज्ञानं ब्रह्म, अयमात्मा ईशावास्यमिदं** इत्यादि वेद वाक्यहरू हुन्, तिनीहरूको प्रामाण्य ईश्वरोच्चरितत्वेन स्वीकार्य हुन्छ, जब ईश्वर नै सन्दिग्ध छ भने त्यसद्वारा उच्चारित शब्दहरू प्रमाण हुन सक्ने कुरै भएन। अतः ईश्वरलाई अनुमानप्रमाणद्वारा सिद्ध गर्न कार्य आदि हेतुहरूको उपस्थापन गर्दै ईश्वरसाधक अनुमान वाक्यहरूको प्रयोग गरिएको छ।

यसमा ज्ञातव्य विषय के छ भने पाँच प्रकारका विप्रतिपत्ति वाक्यहरूलाई[१७] अगाडि सारेर ती ती वाक्यहरूद्वारा चार्वाक, मीमांसक, बौद्ध, जैन र साङ्ख्यहरूको मतलाई निस्तेज गरिएको छ। विप्रतिपत्ति भनेको विपरीत बुद्धिविशेष हो। जसमा ईश्वरको अस्तित्वका प्रति विपरीत विचार छ, त्यस्ता दार्शनिकहरूका लागि यहाँ विप्रतिपत्ति शब्दको प्रयोग उदयनाचार्यद्वारा पूर्वपक्षका रूपमा गरिएको छ। **तत्साधकप्रमाणाभावत्** यो पाँचौ विप्रतिपत्ति वाक्य अनीश्वरवादी साङ्ख्यहरूको मतलाई खण्डन गर्न प्रवृत्त भएको छ। त्यसमा प्रयुक्त तत्पद ईश्वरको बोधक हो। एतावता ईश्वरलाई सिद्ध गर्ने प्रमाण नभएकाले ईश्वर भन्ने कुनै वस्तु छैन भन्दै तत्साधकप्रमाणाभाव हेतुद्वारा ईश्वरको अभाव छ भन्ने निरीश्वरवादी साङ्ख्यदर्शनका मतलाई निर्देश गरिएको छ। यसरी ईश्वरविरोधीको दृष्टिलाई उपस्थापन गरेर कार्य आदि हेतुद्वारा ईश्वरको अस्तित्व स्थापित गर्न खोजिएको कुरो स्पष्ट हुन्छ।

अब प्रसङ्गअनुसार प्रयुक्त धेरै हेतुहरूमध्ये कार्यहेतुद्वारा अनुमान वाक्यको उपस्थापन गरिन्छ। यहाँ कार्यपद भाव अर्थमा निर्दिष्ट छ। त्यो भनेको धर्मविशेष हो। यसमा **तस्य भावस्त्वतलौ** (पा.सू.५।१।११९) भन्ने पाणिनीय सूत्रले यसको तात्पर्यलाई स्पष्ट गरेको छ। जसमा भनिएको छ- **प्रकृतिजन्यबोधे प्रकारो भावः** अर्थात् प्रकृति पदबाट जन्यबोधमा जो प्रकार हुन्छ, त्यो नै भाव प्रत्ययको अर्थ हो। त्यो भनेको विशेषणात्मक

---

१७ १. अलौकिकस्य परलोकसाधनस्याभावत्, २. अन्यथापि परलोकसाधनानुष्ठानसम्भवात्, ३. तदभावावेदकप्रमाणसद्भावात्, ४. सत्त्वेऽपि तस्याऽप्रमाणत्वात्, ५. तत्साधकप्रमाणाभावाचेति (न्यायकुसुमाञ्जलि, प्रथमस्तवक, पृ.८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकृतिपदगत धर्म हो। यसलाई नैयायिकहरू प्रकृत्यर्थतावच्छेदक धर्म भनी त्यसको स्वरूपको निर्धारण गर्दछन्। जसमा यो पाणिनीय अनुशासनलाई प्रमाणका रूपमा अगाडि सारिन्छ। यसरी भावपरक कार्य भनेको कार्यत्व हो। त्यो साध्यसाधक हेतु हुन्छ। किनकि कार्य मात्रलाई हेतु मान्दा तद्रूप जो कार्य छ, त्यसमा सम्बन्धान्तर बाधित भएकोले तादात्म्यलाई कारणताको नियामक सम्बन्ध मान्नुपर्ने हुन्छ, त्यस्तो स्थितिमा साध्यको व्याप्ति हेतुमा सिद्ध गर्न कठिन हुन्छ र त्यस्तो हेतु विवादग्रस्त पनि हुन्छ। त्यसकारण कार्यको अर्थ भावमा स्वीकार गर्नु सर्वथा अवर्जनीय छ। यसैमा ग्रन्थकारको तात्पर्य निहित छ। फलतः **क्षित्यङ्कुरादिकं सकर्तृकम्, कार्यत्वात् घटवत्** यस्तो अनुमानको आकार हुन्छ, यसमा विचार गर्नुपर्ने विषय के छ भने- जसमा साध्यको सिद्धि गरिन्छ वा साध्यको सन्देह हुन्छ त्यो पक्ष हुन्छ, असिद्ध वा सन्दिग्ध वस्तुलाई जुन हेतुद्वारा सिद्ध गरिन्छ त्यो साध्य हुन्छ, यसमा हेतु असन्दिग्ध र सिद्ध हुनुपर्दछ भने साध्य सन्दिग्ध। यहाँ संसारका सबै गाग्रा कपडा आदि कुनै पनि वस्तुहरू कर्ताको कृतिबाट जन्य हुन्छन् र ती वस्तुमा कार्यत्व सिद्ध छ, जो साधनीय छ, अत त्यो साध्य भयो, यसरी साध्यसाधक कार्यत्व हेतुद्वारा क्षिति अङ्कुर आदि पक्षमा सकर्तृकत्वको सिद्धि गरिन्छ। यहाँ घटादिवत् यो दृष्टान्त हो। दृष्टान्त त्यस्तो हुनुपर्दछ जो वादी-प्रतिवादी दुवैलाई स्वीकार्य होस्। घट आदि कार्य हुन् भन्ने विषयमा कुनै विवाद छैन। किनकि जेजति सावयव पदार्थहरू छन् ती सबै कार्य हुन्छन्। अतः **घटादिकम्, कार्यम्, सावयवत्वात् पुस्तकवत्** इत्यादि अनुमानद्वारा सावयवत्वहेतुद्वारा घटमा कार्यत्व सिद्धि हुन्छ। त्यस्तो घटा आदि पदार्थमा कार्यत्वहेतु र सकर्तृकत्व साध्य पनि भएकाले त्यो दृष्टान्त निर्विवाद छ। फलतः दृष्टान्तको माध्यमले कार्यत्वहेतुद्वारा सकर्तृकत्वको सिद्धि गरिन्छ। यहाँ क्षिति पदको अर्थ पृथिवी हुन्छ भने अङ्कुर पदले टुसा अर्थलाई बुझाउँछ। यसरी पृथिवी आदिको कर्ता हामी जस्ता अल्पशक्तिसम्पन्न व्यक्तिहरू हुन सक्तैनौं यो वस्तुगत अनुभवलाई कुनै पनि किसिमले अपलाप गर्न सकिँदैन। अतः जो पृथिवी, जल, पहाड, वायु आदिको कर्ता हुन्छ, जसले त्यस्ता वस्तुहरूको निर्माण गर्न सक्तछ, त्यही नै ईश्वर हो।

यसमा के छ भने जहाँ जहाँ कार्यत्व हुन्छ, त्यहाँ-त्यहाँ सकर्तृकत्व अवश्यमेव हुन्छ, जस्तै घटादि। यसरी सकर्तृकत्वको व्याप्ति कार्यत्व हेतुमा भएकोले साध्य र साधनका बिच व्याप्यव्यापकभावात्मक सम्बन्ध हुन्छ, अतः सकर्तृकत्वको व्याप्य कार्यत्व हेतु छ, त्यो हेतु क्षिति अङ्कुर आदिमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रहेकोले सकर्तृकत्वव्याप्यवान् जो कार्यत्व हेतु हो, त्यसले युक्त क्षिति अङ्कुर आदि पक्ष हुन्छ, त्यसपछि **सकर्तृकत्वव्याप्यकार्यत्ववत् क्षित्यङ्कुरादिकम्** यस्तो स्वरूप बन्दछ, जसलाई परामर्शात्मक ज्ञान भनिन्छ। त्यसबाट जन्य **क्षित्यङ्कुरादिकम्, सकर्तृकम्** यस्तो निश्चयात्मक प्रमा उत्पन्न हुन्छ, जसलाई अनुमिति भनिन्छ। यस्तो अनुमितिको विषय सकर्तृकत्व भएकाले तादृश क्षिति आदिको कर्ताका रूपमा उक्त अनुमानको बलले नैयायिकहरू ईश्वरको अस्तित्वलाई स्थापित गर्दछन्। यसमा कर्ता भनेको के हो ? त्यसको स्वरूप कस्तो हुन्छ ? भन्ने शङ्काको समाधान गर्दै भनिएको छ- **स्वोपादानगोचरापरोक्षज्ञानचिकीर्षाकृतिमज्जन्यत्वं कर्तृत्वम्**। यसका आधारमा घटाउन पर्दा अनुमानवाक्यमा प्रयुक्त साध्य जो सकर्तृकत्व हो, त्यसको अर्थ कर्तृजन्यत्व हुन्छ, त्यसमा घटक जो कर्ता हो, त्यसको स्वरूपलाई माथिको लक्षण वाक्यले निर्धारित गरेको छ। संसारमा कुनै पनि वस्तुको कर्ता हुने हैसियत त्यसैले राख्दछ जसलाई उत्पन्न वस्तुका जेजति र जेजस्ता कारणहरू हुन्छन्, तत्सम्बन्धी परिपूर्ण ज्ञान हुन्छ, अनि उसलाई त्यो वस्तु निर्माण गर्ने इच्छा हुन्छ, त्यति मात्र नभएर यो कार्य मेरो प्रयत्नबाट सम्पन्न हुन्छ भन्ने विषयमा निश्चयात्मक ज्ञान छ। त्यस्तो व्यक्ति नै कुनै पनि उत्पद्यमान वस्तुका प्रति कर्ता हुन सक्तछ। त्यसैले शास्त्रकारहरू त्यस्तो कर्ताको स्वरूप बताउन उदाहरणका रूपमा घट, पट आदि लोकमा प्रसिद्ध, सबैले जान्न र बुझ्न सक्ने विषयहरू अगाडि सार्दछन् जसले गर्दा सबैका लागि बोधगम्य होस्। त्यसैले माथि उल्लिखित कर्ताको लक्षण यसरी लक्ष्यमा घटाइन्छ। यसमा लक्षण माथिको स्वोपादान इत्यादि वाक्य हो भने त्यसको लक्ष्य कर्ता। अब यहाँ स्वपदले कार्य घटलाई लिइन्छ, त्यसको उपादनकारण भनेको मृत्पिण्ड कपाल विशेष हुन्छ, त्यसको विषय, जो कपाल हो त्यसको प्रत्यक्ष कर्तालाई छ अर्थात् यसबाट घटात्मक कार्य सम्पन्न हुन्छ भन्ने प्रत्यक्ष जसले बनाउने हो त्यसलाई अवश्यमेव हुन्छ, त्यस्तै त्यो वस्तु बनाउने इच्छा पनि भयो र त्यो मेरो प्रयत्नबाट साध्य छ भन्ने ज्ञानवान् पनि छ, त्यसकारण समवायिकारणलाई प्रत्यक्ष गरेको बनाउने इच्छा भएको मेरो प्रयत्नबाट यो कार्य निष्पन्न हुन्छ भन्ने ज्ञान भएकाले त्यो कर्ता हुन्छ। यस्तो कर्ता घटाटिकार्यमा कुलाल आदि भएको कुरो स्पष्ट छ तर पृथिवी आदि कार्यमा त्यस्ता लौकिक व्यक्तिहरू हुन सक्तैनन् त्यसदेखि भिन्न सर्वथा विलक्षण, विशिष्ट शक्तिसम्पन्न निरवयव कुनै तत्त्व छ, जो पृथिवी आदिको कर्ता हुन्छ भनी कर्ताको स्वरूप निर्धारित गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस अनुमानअन्तर्गत पक्ष, साध्य, हेतुलाई लिएर न्यायका दृष्टिले विशद र विस्तृत विचार गरिएको छ। त्यसमा आयोजन, धृति, पद आदि ईश्वरसाधक अरू हेतुहरूको अपेक्षा कार्यत्वहेतुलाई लिएर नैयायिकद्वारा उपस्थापित ईश्वरसाधक अनुमानको खण्डन विशिष्टाद्वैतीहरूले गरेका छन्। अतएव तत्सम्बन्धी विचार गर्नु उपयुक्त र प्रासङ्गिक हुन्छ। किनकि विशिष्टाद्वैतीहरूले ईश्वरानुमेयवादीहरूको पक्षलाई पूर्वपक्षका रूपमा उपस्थापन गरेर त्यसको खण्डनपूर्वक ईश्वर शास्त्रमात्रगम्य हो भनी स्वसिद्धान्तको स्थापना गरेका छन्। जसको उल्लेख गर्दै श्रीभाष्यम्मा भनिएको छ- **किं चोभववादिसिद्धानां जीवानामेव लाघवेन कार्यत्वाभ्युपगमो युक्तः। न च जीवानाम् उपादानाद्यनभिज्ञतया कर्तृत्वासम्भवः। सर्वेषामेव चेतनानां पृथिव्याद्युपादानयागाद्युपकरणसाक्षात्कारसामर्थ्यात्। यथा इदानीं पृथिव्यादयो यागादयश्च प्रत्यक्षमीक्ष्यन्ते।** (श्रीभाष्यम्, प्रथमसम्पुट. पृ. २८९-९) यसमा कार्यत्वहेतुद्वारा क्षिति आदि कर्ताका रूपमा ईश्वरलाई सिद्ध गर्ने अनुमानलाई दूषित गर्न रामानुजाचार्यका उक्त पङ्क्तिहरू प्रवृत्त देखिन्छन्। यहाँ भनिएको छ- जीवको अस्तित्व दुवैलाई स्वीकार्य छ, नैयायिक र विशिष्टाद्वैती दुवैले जीवको सत्तालाई निर्विवाद स्वीकार गर्दछन्, त्यसकारण पृथिवी आदिको कर्ता जीव भनी स्वीकार गर्दा लाघव हुन्छ। किनकि जीवलाई देखिन्छ, ईश्वरलाई देखिँदैन। यसरी जीवकर्तृत्व क्षिति आदिमा सम्भव हुन्छ, अतः त्यसैमा कर्तृत्व स्वीकार गर्नु उपयुक्त छ। यस प्रकार जीवकर्तृत्ववादलाई स्वीकार गर्दा यसमा लाघव पनि छ तर यसमा एउटा समस्या आउँछ - पृथिवी आदिको उपादान आदि कारण केके छन्, त्यसको विज्ञता जीवमा छैन। त्यसकारण जीवहरूमा क्षिति आदिको कर्तृत्व सम्भव हुन सक्तैन। यस किसिमको शङ्का पनि उचित देखिँदैन। किनकि पृथिवी आदिको उपादानकारण त्यसका अवयवहरू हुन्छन्, याग आदिका उपकरण हवि, घ्यु, मण्डप आदि पदार्थहरूको साक्षात्कार गर्ने सामर्थ्य सबै जीवहरूमा देखिन्छ, त्यसकारण जीवहरू कर्ता हुन सक्तछन्। उदाहरणका रूपमा भन्नुपर्दा अहिले पनि पृथिवी, जल, याग आदिको प्रत्यक्ष अनुभूति गर्न सकिन्छ। यद्यपि उपकरणका रूपमा याग आदिको शक्ति जो अपूर्व छ तद्वाच्य जो अदृष्ट हो, त्यसको प्रत्यक्ष नभए पनि चेतन जीवमा कर्तृत्वको सिद्धिमा कुनै आपत्ति छैन, किनकि कार्यको आरम्भमा तद्विषयक साक्षात्कार हुनै पर्दछ भन्ने कुनै नियम छैन। शक्तिविषयक ज्ञान मात्र उपयोगी मानिन्छ न कि त्यसको प्रत्यक्ष। घट पट आदिका निर्माताहरूले त्यसका उपकरण दण्ड, चक्र, चीवर आदिलाई झैँ त्यसको शक्तिविशेषलाई समेत साक्षात्कार गरेर तत्सम्बन्धी कार्यको आरम्भ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेका हुँदैनन्, त्यसको कुनै आवश्यकता पनि छैन, त्यसकारण त्यो शक्ति अन्यथासिद्ध छ। सृष्टिका सम्बन्धमा यसका प्रतिपादक आगम आदि शास्त्रहरूबाट बोध हुन्छ। अतः जीवलाई त्यस प्रकारको कार्य आरम्भ गर्न कुनै अनुपपत्ति छैन ।

यसरी चेतनजीवमा पृथिवी आदि कार्यको सम्पादकत्व सर्वथा सिद्ध हुन्छ। फलतः ईश्वरमा तादृशकर्तृकत्व असिद्ध भएकाले सिद्धसाधन दोष हुन्छ अर्थात् जीवकर्तृत्व पृथिवी आदिमा स्वतः सिद्ध भएकाले पुनः त्यसमा अनुमानद्वारा सिद्ध गर्नु भनेको सिद्ध वस्तुको पुनः सिद्धि गर्नु हुन्छ। यसलाई सिद्धसाधनदोष भनिन्छ। यो पनि एउटा हेतुगत दोष हो। अतः क्षित्यङ्कुरादिकम् इत्यादि अनुमान ईश्वरको साधक हुन सक्तैन ।

यस्ता धेरै दूषणहरूमध्ये कार्यहेतुमा विरोध दोष देखाउँदै आचार्यले ईश्वरानुमेयवादी माथि विशेष आक्षेप प्रदर्शित गर्नुभएको छ- **किं च घटादिकार्यम्, अनीश्वरेण अल्पज्ञानशक्तिना शरीरेण परिग्रहवता अनाप्तकामेन निर्मितं दृष्टमिति तथाविधमेव चेतनं कर्तारं साधयनयं कार्यत्वहेतुः। सिषाधयिषितपुरुषसार्वज्ञसर्वैश्वर्यादिविपरीतसाधनात् विरुद्धः स्यात्** (श्रीभाष्यम् प्रथम सम्पुटः पृ.२९१) ईश्वरसाधक अनुमानमा नैयायिकहरू घट आदि कार्यलाई दृष्टान्तका रूपमा अगाडि सार्दछन्। किनकि कार्यत्व हेतु र कर्तृजन्यत्व साध्य घट आदिमा छ। त्यस्तै जस्तो पृथिवी आदि पनि कार्य हुन्, तिनका पनि कुनै न कुनै कर्ता अवश्य छ, जो कर्ता हुन सक्छ, त्यही ईश्वर हो भन्ने जो कथन हो, त्यो सर्वथा विरुद्ध छ। घट आदि पदार्थको निर्माता प्रभुत्वशक्तिशून्य, सीमित ज्ञान र शक्तिले युक्त शरीरधारी कर्मोपयोगी वस्तुको सङ्ग्राहक, सामान्य व्यक्ति हुन्छ। यस्तो दृष्टान्तले युक्त कार्यत्वहेतु त्यस प्रकारको चेतन कर्ता नै सिद्ध गर्न समर्थ देखिन्छ न कि त्यसदेखि भिन्न विलक्षण संसारका प्रति निमित्तकारण ईश्वरको साधक कार्यत्व हेतु हुन सक्छ। फलतः सिद्ध गर्न खोजिएको सर्वज्ञत्व, सर्वैश्वर्यत्व विशिष्ट ईश्वरको विपरीत सामान्य शरीरधारी कर्ताको सिद्ध गर्दा तत्साधक कार्यत्वहेतु विरोधदोषले युक्त भएको कुरो स्पष्ट छ। अतः यस्तो विरुद्ध हेतुद्वारा ईश्वरको अनुमान हुन सक्तैन। यति मात्र नभएर सकर्तृत्वको साधक कार्यत्व हेतुमा शक्यक्रियात्व उपाधि पनि देखिन्छ किनकि जहाँजहाँ शक्यक्रियात्व हुन्छ, त्यहाँ त्यहाँ सकर्तृकत्व रहन्छ, जस्तै घट आदि कार्यमा कुलाल कर्तृकत्व छ, त्यसैले कुलालको कृतिमा शक्यक्रियात्व पनि स्पष्टतः अनुभव गर्न सकिन्छ, त्यस्तै कार्यत्व पृथिवी आदिमा छ तर त्यहाँ सामान्य शक्ति सम्पन्न देवदत्त आदि कृतिजन्य शक्यक्रियात्व छैन। यसरी साध्यव्यापकत्व र साधनाव्यापकत्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शक्यक्रियात्वमा देखिएकाले यस्तो उपाधिदोषले युक्त हेतु हुन्छ, जसलाई सोपाधिक मानिन्छ। त्यस्तो हेतु व्याप्य हुन सक्तैन अर्थात् सकर्तृकत्वको साधक कार्यत्व हेतु व्याप्यत्वासिद्ध हुन्छ। किनकि साध्यको अभाव भएको ठाउँमा हेतुको स्थिति प्रमाणित भयो भने त्यस्तो हेतु व्यभिचार दोषले युक्त हुन्छ। फलतः यहाँ उपर्युक्त शक्यक्रियात्वविशिष्ट सकर्तृकत्वको अभाव पृथिवी, पहाड आदिमा छ, ती पनि कार्य भएकाले कार्यत्व हेतु नै रहन्छ त्यसको अभाव हेतुमा जान सक्तैन। अतः त्यस्तो सकर्तृकत्वको साधक कार्यत्व हेतु उपाधिदोषले युक्त, व्याप्यत्वासिद्ध पनि हुन्छ भनी विशिष्टाद्वैतीहरूले ईश्वरानुमेयत्ववादलाई सप्रमाण निस्तेज गर्दछन्।

यसरी ईश्वरसाधक अनुमानमा दोष देखाउँदै भाष्यकार रामानुजाचार्य भन्नुहुन्छ- **अत आगमादृते कथमीश्वरः सिध्यति** अर्थात् ईश्वरबोधक शास्त्र वचनलाई छोडेर अरू प्रमाणबाट ईश्वर कसरी सिद्ध हुन सक्छ र ? अर्थात् कथमपि हुन सक्तैन।

प्रायः लोकको अनुभव छ कुनै पनि व्यक्तिको प्रवृत्ति प्रयोजनविशेषको कारण हुन्छ। त्यस्तै प्रयोजन नभएको कारण संसारको कर्ता ईश्वर हुन सक्तैन। अतः कुनै जीवविशेषलाई शरीर, भुवन आदिको कर्ता मान्नु नै उचित हुन्छ भन्ने पक्षको उपस्थापन गर्दै रामानुजाचार्यद्वारा पूर्वपक्षका रूपमा केही अनुमानहरू प्रस्तुत गरिएका छन्-

१. **तनुभुवनादि क्षेत्रज्ञकर्तृकम् कार्यत्वात्, घटवत्,**

२. **ईश्वरः कर्ता न भवति प्रयोजनशून्यत्वात्, मुक्तात्मवत्।**

३. **ईश्वरः कर्ता न भवति, अशरीरत्वात् तद्वदेव।**

यसमा प्रथम अनुमान वाक्यमा प्रयुक्त क्षेत्रज्ञ शब्द जीवात्मावाची हो। यसैले शरीरभुवन आदिमा घट जस्तै कार्यत्वहेतुद्वारा क्षेत्रज्ञ कर्तृत्वको सिद्धि गरिएको छ। भन्नुको तात्पर्य शरीर, भुवन आदि उत्पन्न कार्यहरू छन्, यिनीहरूको कर्ता क्षेत्रज्ञ कुनै जीवविशेष हुन्छ, जस्तै घट। यहाँ घट दृष्टान्तद्वारा शरीर, भुवन आदिको कर्ताका रूपमा जीवलाई सिद्ध गर्न कार्यत्व हेतु प्रयुक्त छ। त्यसमा ईश्वर कर्ता किन हुन सक्तैन भन्ने कथनलाई प्रमाणित गर्न द्वितीय अनुमान अगाडि सारिएको छ, जसमा भनिएको छ ईश्वर कर्ता हुन सक्तैन, किनकि ईश्वरलाई संसारको निर्माण गर्नुपर्ने कुनै प्रयोजन छैन यसमा दृष्टान्तका रूपमा मुक्त आत्मालाई उपस्थापन गरिएको छ। जसरी मुक्त आत्मा कुनै पनि कार्यमा प्रवृत्त हुँदैन, किनकि उसलाई त्यसको कुनै प्रयोजन नै छैन। त्यस्तै प्रकार ईश्वरलाई पनि कुनै प्रयोजन नभएको हुँदा ईश्वर संसारको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कर्ता हुन सक्तैन। यसरी प्रयोजनशून्यत्व हेतुद्वारा ईश्वरमा कर्तृत्वको अभाव सिद्ध गरिन्छ। त्यस्तै अशरीरत्व हेतुद्वारा पनि ईश्वरमा कर्तृत्वको अभाव सिद्ध गरिएको छ। यसरी ईश्वरमा संसारको कर्तृत्वको निषेध गर्दै जीवात्मामा संसार कर्तृत्वको साधक अनुमानलाई दूषित गरिएको छ। जसको उपपादन गर्दै भनिएको छ- **न च क्षेत्रज्ञानां स्वशरीराधिष्ठाने व्यभिचारः, तत्रापि अनादेः सूक्ष्मशरीरस्य सद्भावात्। (श्रीभाष्यम्, प्रथमसम्पुटः पृ.३०२)** अर्थात् क्षेत्रज्ञपद वाच्य जीवात्माहरूको आफ्नो शरीरको अधिष्ठानमा व्यभिचारदोष हुन्छ। किनकि बीज र अङ्कुरको जस्तै सूक्ष्म शरीरको प्रवाह अनादिसिद्ध छ, त्यसमा क्षेत्रज्ञ कर्तृत्व छैन तर अनादिसिद्ध कार्य सूक्ष्म शरीर भएकोले कार्यत्व हेतु छ। यसरी जहाँजहाँ कार्यत्वात्मक हेतु हुन्छ त्यहाँ त्यहाँ क्षेत्रज्ञकर्तृकत्व नभएकोले यस्तो व्यभिचारदोषले युक्त कार्यत्वहेतुद्वारा तनु, भुवन आदिमा क्षेत्रज्ञ कर्तृकत्वको सिद्धि हुन सक्तैन।

त्यस्तै ईश्वरसाधक कार्यत्व हेतु भएको अनुमानमा शरीर वा अशरीर कस्तो कर्ता कार्यको जनक हुन्छ भन्दा दुवै हुन सक्तैनन् भनी खण्डन गरिएको छ। किनकि शरीररहित ईश्वर कर्ता हुन सक्तैन। लोकमा घट, पट आदिका जेजति कर्ताहरू छन् ती सबै शरीरधारी नै हुन्छन्। अतः शरीररहित वस्तुमा कर्तृत्वको उपलब्धि नभएको हुँदा त्यस्तो कर्ता हुन नसक्ने कुरो स्पष्ट छ। शरीररहित ईश्वरलाई कर्ता मान्दा त्यो शरीर नित्य वा अनित्य के हो ? भन्ने प्रश्न जागरूक हुन्छ। यदि नित्य मान्ने हो भने सावयव वस्तुलाई पनि नित्य स्वीकार गर्नुपर्ने हुन्छ, त्यसो गर्दा अनित्य जगत्लाई नित्य मान्नुपर्ने आपत्ति आउँदछ जुन विषय अभीष्ट छैन। शरीरसहित ईश्वर नित्य हुन सक्ने कुरै भएन। त्यस्तो ईश्वरलाई अनित्य पनि मान्न सकिँदैन। किनकि ईश्वरलाई बनाउने अर्को कुनै व्यक्तिका बारेमा न सुनिएको छ, न देखिएको छ। आफ्नो कुनै शरीरान्तरको कल्पना गर्नु त्यो पनि तर्कसम्मत देखिँदैन। त्यसो गर्दा अनेकौं अन्य निर्माता शरीरहरूको कल्पना गर्नुपर्ने हुन्छ। यस्तो स्थितिमा अनवस्था दोष हुन्छ, जसको टुङ्गो कहिल्यै पनि लाग्नै सक्तैन। यसरी अनेकौं प्रकारका दूषणहरूद्वारा नैयायिकहरूले प्रस्तुत गरेको ईश्वरसाधक कार्यत्व हेतुलाई दूषित गरी आचार्यद्वारा अनुमानदूषणको उपसंहार गदै भनिएको छ- **अतो दर्शनानुगुण्येन ईश्वरानुमानं दर्शनानुगुण्यपराहतम् इति शास्त्रैकप्रमाणकः परब्रह्मभूतः सर्वेश्वरः पुरुषोत्तमः** (श्रीभाष्यम्- पूर्ववत्, पृ.३०४) अर्थात् जेजति प्रत्यक्षका विषय साध्यका साधक हेतु, दृष्टान्त, पक्षहरू छन् ती प्रत्यक्ष अनुकूल भएर अदृश्य तत्त्वलाई सिद्ध गर्न समर्थ छैनन्। त्यसकारण अनुमेयत्ववादीको ईश्वरसाधक अनुमान सर्वथा निर्मूल सिद्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ । एतावता ईश्वर न प्रत्यक्षको विषय बन्न सक्तछ, न अनुमानको नै, अतः शास्त्र नै प्रमाण छ जसको त्यस्तो परब्रह्मस्वरूप सर्वथा विलक्षण सर्वेश्वर तत्त्व नै पुरुषोत्तम हो भन्ने तथ्य सर्वथा प्रमाणित हुन्छ ।

यो ईश्वरमा शास्त्रप्रमाणद्वारा जगज्जन्मस्थितिलयकारणत्वको प्रतिपादक अधिकरण भएकाले यसलाई **शास्त्रयोनित्वाधिकरणम्** भनिन्छ । श्रीभाष्यकारद्वारा यस अधिकरणार्थको उपसंहार गर्दै भनिएको छ **अतः प्रमाणान्तरागोचरत्वेन शास्त्रैकविषयत्वात् । यतो वा इमानि भूतानि** (तै.उ. भृ.१-२) **इत्यादि वाक्यम् उक्तलक्षणब्रह्म प्रतिपादयतीति सिद्धम् ।** (श्रीभाष्यम्) अर्थात् माथिको विवेचनबाट सिद्ध हुन्छ शास्त्रद्वारा मात्र जान्न सकिने, अनुभव गर्न सकिने ईश्वर शास्त्रदेखि भिन्न अरू कुनै पनि प्रमाणद्वारा जान्न नसकिने भएकाले **यतो वा इमानि भूतानि** यो उपनिषद् वचन वा यस प्रकृतिका अरू जेजति श्रुति, स्मृति आदि वचनहरू छन्, ती मात्र ईश्वरबोधक प्रमाण हुन्छन् । त्यसैले शास्त्रयोनित्वहेतुद्वारा मात्र ईश्वर सिद्ध हुन्छ, जो जगत्को अभिन्ननिमित्तोपादनकारण छ भन्दै भाष्यकारले स्वेतर समस्त विलक्षण ब्रह्मलाई स्थापित गर्नुभएको छ । यो नै ईश्वरीय जगज्जन्मस्थितिलयकारणत्वको निष्कर्ष हो ।

२.२८ तत्त्वत्रयको मूर्धन्यता

प्रमाणद्वारा यो वस्तु यस्तै हुन्छ भनी प्रमाणित गर्नु तत्त्व हो । तीनै कालमा जुन वस्तु बाधित हुँदैन, आरोपित हुँदैन त्यसलाई तत्त्व भनिन्छ । तत्त्वको परिभाषा गर्दै न्यायभाष्यकार वात्स्यायन भन्नुहुन्छ- **सतश्च सद्भावोऽसतश्चासद्भावः ।** अर्थात् सत् जो घट, पट आदि पदार्थहरू छन् जसको विद्यमानता अबाधित छ, तिनीहरू नै सत्पदार्थका रूपमा तत्त्व हुन् । खरायोको सिङ, आकाशमा कमल आदि प्रकृतिका असत् जेजति पदार्थहरूको विद्यमानता सर्वथा बाधित छ । तिनीहरूलाई त्यही रूपमा ग्रहण गर्नु नै तत्त्व हो । जसको स्वरूपलाई उदाहरणका साथ स्पष्ट गर्न निम्नाङ्कित अग्रिम पङ्क्तिहरू प्रस्तुत छन्- **सत् सदिति गृह्यमाणं यथाभूतमविपरीतं तत्त्वं भवति, असच्चासदिति गृह्यमाणं यथाभूतं विपरीतं तत्त्वं भवति** अर्थात् सत्पदार्थलाई सद्रूपले, असद्लाई असद्रूपले अनुभव गर्नु नै तत्त्व हो । अब यो कसरी सम्भव छ ? भन्ने जिज्ञासाको समाधानमा भनिन्छ प्रमाणद्वारा त्यसको उपलब्धि हुन्छ । अगाडि उदाहरणका साथ त्यसको स्वरूपलाई छर्लङ्ग गरी बताइएको छ । **यथा दर्शकेन दीपेन दृश्ये**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गृह्यमाणे तदिव यन्न गृह्यते तन्नास्ति, यद्यभविष्यद् इदमिव व्यज्ञास्यत, विज्ञानाभावात् नास्तीति, तदेवं सतः प्रकाशकं प्रमाणमसदपि प्रकाशयति (वात्स्यायनभाष्यम्) अर्थात् जसरी दियोद्वारा प्रकाशित हुने घट, पट आदि ज्ञानका विषय बन्दछन् त्यस्तै जुन विषयहरूको ग्रहण हुँदैन, तिनीहरू छैनन्, यदि ती विषयहरू थिए भने अवश्यमेव ज्ञानका विषयहरू हुने थिए। जस्तै घट पदार्थ विद्यमान छ भने त्यसको ज्ञान हुन्छ, खरायोको सिङ छैन, अतः त्यसको ज्ञान पनि हुँदैन। यसरी सद्वस्तुलाई प्रकाश पार्ने प्रमाणले असद् वस्तुलाई पनि तदनुरूप प्रकाश पार्दछ, यही प्रमाणको स्वरूप हो। किनकि जुन वस्तु जस्तो छ त्यसलाई त्यही रूपले प्रमाणले प्रकाश पार्दछ, त्यो नै प्रमाणको प्रमाणत्व हो। यसरी न्यायदर्शनले तत्त्वको स्वरूपलाई परिभाषित गर्दै ती तत्त्वहरू प्रमाण, प्रमेय आदि सोह्र प्रकारका हुन्छन्, जसको वास्तविक ज्ञानबाट निःश्रेयसको प्राप्ति हुन्छ भनी स्वसिद्धान्तको आधारमा तत्त्वविषयक ज्ञानलाई मोक्षको साधनका रूपमा व्यवस्थापित गरेको छ भने विशिष्टाद्वैत दर्शनले चिदचिद्विशिष्ट ब्रह्म नै तत्त्व भएकाले त्यसको शास्त्रप्रतिपाद्य प्रक्रियाद्वारा हुने वास्तविक ज्ञान नै मोक्षको साधन हो भनी तदनुरूप मोक्षका उपायहरूको निर्धारण गरेको छ। जे होस् अभिमत तत्त्वहरूको भेद भए तापनि तद्विषयक ज्ञान नै मोक्षको साधन हो भन्ने सम्बन्धमा प्रायः सबै दार्शनिकहरू एकमत छन्।

वेदान्त वाङ्मयमा विशिष्टाद्वैतवेदान्तको सर्वोत्कृष्ट वैभव देदीप्यमान भएर रहेको कुरो निर्विवाद सिद्ध छ। यो दर्शनले स्वसिद्धान्तको प्रतिष्ठापन श्रुति, स्मृति, अनुभूति र युक्तिका आधारमा गर्दछ। त्यसैले चित्, अचित् र ईश्वर यी तीन तत्त्वहरू शास्त्रसिद्ध छन्, जसको व्यवस्थापन शरीरशरीरभिावका रूपमा गरिएको छ अर्थात् ईश्वर सर्वशरीरक भएकाले शरीरीका रूपमा उसको अस्तित्व स्थापित छ। त्यसमा विशेष गरेर **भोक्ता भोग्यं प्रेरितारं च मत्वा** यो श्रुति वाक्यका आधारमा भोक्ता=जीव, भोग्य=प्रकृति र प्रेरिता=सर्वान्तर्यामी परमात्मा यी तीन तत्त्वलाई मूलभूत सिद्धान्तको रूपमा उपस्थापन गरेर तत्त्वत्रयवादको प्रतिष्ठापन गर्दछन् विशिष्टाद्वैतीहरू। जसको पुष्टि गर्न अगाडि भनिएको छ- **ऐतदात्म्यमिदं सर्वम् (छान्दोग्योपनिषद्)** यो सम्पूर्ण चराचर जगत्को शरीरी, आत्मा ब्रह्म हो, **यस्य पृथिवी शरीरम्** परमात्माको शरीर पृथिवी हुन्छ किनकि यहाँ षष्ठ्यन्त यत्पदको अभिधेय अर्थ परमात्मा हुन्छ। षष्ठी भेदमा हुने भएकाले भेदसहिष्णु अभेद सम्बन्धलाई स्वीकार गरेर परमात्माको सम्बन्धी शरीर पृथिवी हुन्छ भन्ने अर्थबोध उक्त वाक्यबाट हुन्छ, **जगत् सर्वं शरीरं ते**- अर्थात् यो सम्पूर्ण जगत् तपाईंको शरीर हो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इत्यादि धेरै श्रुति, स्मृति वचनहरू पाइन्छन् जसले ब्रह्मलाई सबैको शरीरीका रूपमा एकस्वरले निर्देश गरेका छन् ।

भिन्नभिन्न स्वरूप र स्वभाव भएका चित्, अचित् र ईश्वर यी तीन तत्त्वहरू छन्, त्यसमा चित् र अचित् ब्रह्मका अपृथक्सिद्ध विशेषणहरू हुन्, यी दुवैको मुख्य विशेष्य ब्रह्म मात्र एक अद्वितीय स्वेतर विलक्षण तत्त्व हो, विशेषणद्वय विशेष्य ब्रह्ममा भेदलाई सहन गर्ने अभेद भएर रहेका छन् । अतएव सर्वकाल, सर्वावस्थामा रहने अभिन्न निमित्तोपादन-कारण सर्वशेषी, सर्वाधार, सर्वव्यापक ब्रह्मको निर्धारणमा सबै उपनिषद्हरू एक छन् । त्यसमा **आत्मा वा इदमेक एवाग्र आसीत्, एकमेवाद्वितीयम्** इत्यादि एकत्वलाई प्रतिपादन गर्ने उपनिषद् वचनहरू पनि सर्वविशेषशून्य ब्रह्मका बोधक नभएर सविशेष ब्रह्मलाई नै निर्देश गर्दछन् । किनकि निर्विशेष ब्रह्मका बोधकका रूपमा तिनीहरूको तात्पर्य हो भनी स्वीकार गर्ने हो भने भेदबोधक धेरै श्रुति वाक्यहरूमा अप्रामाण्य र निरर्थकताको आपत्ति आउँदछ, जसको परिहार कुनै पनि प्रमाण वा तर्कले गर्न सकिँदैन । त्यस्तै- **इदमेक एवाग्र आसीत्** यो अभेदबोधक श्रुति वचनमा घटक अग्रपदको अर्थ काल हो, यदि ब्रह्मदेखि अतिरिक्त केही पनि छैन भन्ने त्यो श्रुति वचनको आशय हो भनी स्वीकार गर्ने हो भने कालतत्त्व पनि नभएकाले, तद्वाची पदको प्रयोग निरर्थक सिद्ध हुन्छ । अतः उक्त श्रुतिपद घटक एक पदको तात्पर्य निर्विशेष ब्रह्ममा हुन सक्तैन । पूर्वापरको आधारमा सङ्गतिपूर्वक वाक्यको आशयलाई ग्रहण गर्नु पर्ने हुन्छ । अन्यथा एकदेशीय अर्थलाई मात्र स्वीकार गर्दा धेरै अनर्थहरू जन्मन्छन् । त्यसैले त्यस प्रकरणमा **एकोऽहं बहुस्याम्** यो उत्तरवाक्य हेतुका रूपमा उपन्यस्त छ । यसले के सङ्केत गरेको छ भने नामरूपात्मक जो स्थूल प्रपञ्च छ, त्यसमा विद्यमान विकारत्व क्षणिकत्व, त्रिगुणत्व, हेयत्व प्राकृतिकत्व आदि कतिपय विशेषणले रहित जो अद्वितीय निर्विकार प्राकृतिक गुणशून्य सर्वकारण ब्रह्म एक मात्र छ, त्यस्तो ब्रह्ममा द्वैतको निषेध गरिएको हो । फलतः सूक्ष्म चिदचिद्विशिष्ट कारणब्रह्म र स्थूल चिदचिद्विशिष्ट कार्यब्रह्म स्वेतर समस्तभिन्न एक मात्र छ भनी त्यस्तो ब्रह्ममा एकत्वको विधान गरिएको तथ्य प्रमाणित हुन्छ ।

उक्त विवेचनबाट यो निष्कर्षमा पुग्न सकिन्छ- त्रिगुणात्मक जडप्रकृतिदेखि भिन्न चेतनहरू अनन्त तथा नित्य हुन्छन् र ती ईश्वरमा आश्रित छन् । किनकि **आत्मनि तिष्ठन् आत्मनोऽन्तरो यमात्मा न वेद यस्यात्मा शरीरम्, न जायते म्रियते वा कदाचित्** इत्यादि अनेकौं श्रुति-स्मृति वचनहरू जीवात्मामा नानात्व, नित्यत्व, ईश्वराधीनत्वलाई प्रमाणित गर्न प्रवृत्त देखिन्छन् । सबैको अन्तर्यामी भएर रहने नियमनकारी परमात्माको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नियमनात्मक जो सम्बन्ध छ, त्यो नित्य हुन्छ । त्यस्तो परमात्मासँग चित् र अचित्को अपृथक्त्व नित्य सम्बन्ध छ भन्ने कथन सर्वथा प्रमाण र युक्तिसम्मत छ । यसरी सबै चेतनहरूमा र पृथिवी आदि जड पदार्थहरूमा पनि व्याप्य भएर रहने जो परमात्मा हो तद्गत एकत्व नै **एकमेव** यो श्रुति वाक्यको तात्पर्य हो । यसमा **एव** यो अव्ययपदको प्रयोगचाहिँ त्यसदेखि भिन्नको व्यावर्तन होस् भनी गरिएको हो । किनकि यस्तो एकत्वविशिष्ट परमात्मा चिद् र अचिद्देखि सर्वथा भिन्न भएकाले त्यस्तो ब्रह्म मात्र हुन्छ, अरू हुन सक्तैन भन्ने आशयले एवकारको प्रयोग गरिएको हो । अतः एष **सर्वभूतान्तरात्मा दिव्यो देव एको नारायण** इत्यादि उपनिषद् वचनहरूले सबै प्राणीसमुदायका अन्तरात्मा देवताका पनि दिव्य देवता एक नारायण हुन्छ भनी ब्रह्मको एकत्व, विलक्षणत्व, स्वेतर समस्तभिन्नत्व, विभुत्व आदिलाई प्रमाणित गरेको तथ्य छर्लङ्ग छ । एतावता विशिष्ट ब्रह्ममा एकत्वको सिद्धि गर्नाले भेदबोधक श्रुति वाक्यहरूको पनि प्रामाणिकता अबाधित रूपले सिद्ध हुन्छ । यसरी वेदत्वेन वेद मात्रलाई सर्वोपरि प्रमाण मान्ने विशिष्टाद्वैतीहरू सविशेषाद्वैतवादलाई सिद्ध गरी चिदचिद्विशिष्ट ब्रह्म नै वास्तविक शास्त्रसिद्ध हो, तीनै कालमा बाध नहुने हो, जसमा तीन तत्त्वहरू निर्दिष्ट छन् भन्दै तत्त्वत्रयवादको मूर्धन्यतालाई प्रतिष्ठापित गर्दछन् ।

२.२९ सगुण र निर्गुणको समन्वय

विशेष गरेर सगुण र निर्गुण गरी दुई प्रकारका श्रुति वचनहरू प्रसिद्ध छन् । यी प्रमाण वचनहरूलाई अगाडि सारेर ब्रह्मगत सगुणत्व र निर्गुणत्वको सिद्धान्त स्थापित हुन्छ । जसका आधारमा ब्रह्म सगुण वा निर्गुण, सविशेष वा निर्विशेषको विशद र विस्तृत विचार गरी निर्णय गरिन्छ । किनकि विचारपूर्वक गरिएको निर्णय नै अकाट्य र अप्रकम्प्य हुन्छ । दुवै प्रकारका श्रुति वचनहरूलाई अगाडि सारेर तिनीहरूका बिच समन्वय गर्दै रामानुजाचार्यले निर्गुण र अभेदप्रतिपादक श्रुति वचनहरूको वस्तुगत तात्पर्यार्थलाई सप्रमाण व्यवस्थापन गर्नुभएको छ । त्यसमा **तत्त्वमसि, अहं ब्रह्मास्मि, प्रज्ञानं ब्रह्म, एकमेवाद्वितीयम्, नेह नानाऽस्ति किञ्चन** इत्यादि श्रुति वचनहरू एक मात्र निर्विशेष ब्रह्मलाई सिद्ध गर्न प्रवृत्त छन्, यसैका आधारमा **ब्रह्म सत्यं जगन्मिथ्या** भन्दै ब्रह्म मात्र सत्य हो तद्भिन्न सबै मिथ्या हुन् भनी प्रपञ्चमिथ्यात्वको सिद्धि गर्न अनेक प्रकारका अनुमानहरू प्रयोग गर्दछन् अद्वैतीहरू । त्यसमा **अपाणिपादो जवनः, अचक्षुः श्रोत्रम्, अशरीरं शरीरेषु** इत्यादि श्रुति वचनहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रमाणका रूपमा उपस्थापन गरिन्छन् । जुन वचनहरूले ब्रह्ममा शरीरत्वको अभावलाई प्रतिपादन गरेका छन् भने **साक्षी चेता केवलो निर्गुणश्च** इत्यादि वचनहरू ब्रह्मको निर्गुणत्वलाई बताउन उद्यत देखिन्छन् । एतावता ब्रह्म निर्गुण, निराकार निर्धर्मक सिद्ध हुन्छ न कि सगुण साकार । यस कथनबाट सबै चित्तत्त्व, अचित्तत्त्व मिथ्या हुन्, त्यसैले कुनै पनि रूपले चिदचिद्विशिष्ट ब्रह्म सिद्ध हुन सक्तैन भन्ने निर्विशेषाद्वैतवादीहरूको मत छ ।

श्रुति वचनहरूमा कतिपय **हिरण्मयवपुः, पुण्डरीकमेवाक्षिणी** इत्यादि श्रुति वचनहरू ब्रह्मको दिव्यमङ्गलमय विग्रहको स्वरूपलाई प्रतिपादन गर्दछन् भने **स्वाभाविकी ज्ञानबलक्रिया च, यः सर्वज्ञः सर्ववित्** इत्यादि वचनहरू ईश्वर कल्याणगुणयोगी छ भनी प्रमाणित गर्दछन् । यसरी ब्रह्म प्रतिपादक श्रुति वचनहरू परस्परविरुद्ध रूपमा उपदिष्ट छन् । यस्तो अवस्थामा कसलाई प्रमाण मान्ने ? कसलाई नमान्ने ? सगुण ब्रह्म मान्ने कि निर्गुण ? यस्ता अनेकौं प्रश्नहरू जागरूक हुनु स्वाभाविकै हो । जसले अन्योलग्रस्त स्थितिको निर्माण हुन्छ । त्यसमा श्रुति वचनहरूमा एकआपसमा विरोध देखिएकोले दुवै प्रकारका श्रुति वचनहरू प्रमाण हुन सक्तैनन्, अतः दुईमध्ये कुनै एकमा प्रामाण्य स्वीकार गर्नु सर्वथा आवश्यक हुन्छ भन्दै शाङ्करमतानुयायीहरू निर्गुण श्रुति वचनहरूको प्रामाण्यलाई स्वीकार गर्दै सगुणप्रतिपादक श्रुति वचनहरू माया कल्पित गुण मात्राका बोधक हुन्, वास्तविक होइनन्, उपासकको अनुग्रहका निमित्त निर्गुण ब्रह्ममा गुणहरूको कल्पना मात्र गरिएको हो, त्यो पनि मायाको प्रभावले गर्दा । फलतः ईश्वरीय शरीर र गुणहरू पारमार्थिक होइनन्, ब्रह्मदेखि अतिरिक्त जेजति अनुभूयमान र दृश्यमान वस्तुहरू छन् ती सबै मायाकल्पित तथा ज्ञानबाधित भएकाले मिथ्या हुन् । ब्रह्म मात्र पारमार्थिक वास्तविक निर्गुण, निराकार, निर्विकार, निर्धर्मक हो भन्दै केवल फलविशेषको लाभ होस् भन्ने उद्देश्यले गरिने ब्रह्मविषयक उपासनाको सिद्धिका लागि गुण र शरीरको कल्पना गरेर स्तुति गरिएको हो, यो पारमार्थिक सत्य होइन, भन्ने अद्वैतीहरूको मत रहेको छ । आपाततः अद्वैतीहरूले निर्विशेष ब्रह्मको सिद्धिमा यिनै प्रमाण र तर्कहरू अगाडि सारेका छन् । विशेषतः ब्रह्मको निर्गुणत्वमा यावद्गुणहरूको निषेध हो, शुद्ध ब्रह्ममा गुणहरूको कुनै पनि सम्बन्ध हुन सक्तैन, जसलाई श्रुतिहरूले प्रमाणित गरेका छन् भन्ने आशय निर्विशेष ब्रह्मवादी अद्वैतीहरूको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसलाई खण्डन गर्दै रामानुजाचार्यले सबै प्रकारका श्रुति वचनहरू नित्य, निर्दोष, अपौरुषेय भएकाले कतिपय वचनका आधारमा विरोध भयो भन्दैमा तिनीहरूको वस्तुगत आशयलाई आत्मसात् नगरी अप्रामाणिकताको आक्षेप लगाउनु सर्वथा अनुचित हुन्छ। अतः सगुण, निर्गुण सबै श्रुति वचनहरू स्वतः सिद्ध प्रमाण हुन् भन्दै सविशेष ब्रह्म सिद्ध गर्नुभएको छ। तत्सम्बन्धमा समन्वय गर्दै भनिएको छ- ब्रह्ममा गुणको विधान गर्ने र त्यसलाई निषेध गर्ने यी दुवै विषयहरू अलगअलग हुन्, यस्तो स्थितिमा सगुण, निर्गुण श्रुतिमा कुनै पनि प्रकारको विरोध हुँदैन। **निर्गुणं ब्रह्म** भनेको ब्रह्ममा गुणको निषेध होइन, अपितु प्राकृत रूप, रस, गन्ध आदिको निषेध हो। यसको तात्पर्य अलौकिक अप्राकृतिक सौशील्य, सौलभ्य, सौन्दर्य, सौकुमार्य आदि गुणहरू ब्रह्ममा रहन्छन् नै। त्यसैले विष्णुपुराणमा भनिएको छ- **ज्ञानशक्तिबलैश्वर्यवीर्यतेजांस्यशेषतः । भगवच्छब्दवाच्यानि विना हेयैर्गुणादिभिः ॥ (वि.पु. ६।५।७९)** अर्थात्- सम्पूर्ण ज्ञान, शक्ति, बल, ऐश्वर्य, वीर्य तथा तेज यी सबै भगवत् शब्द वाच्य अर्थ हुन्। हेय गुणहरूले रहित यी दिव्य गुणहरूद्वारा भगवान्को दिव्य मङ्गलविग्रह विशिष्ट शोभायमान भएको हुन्छ भन्दै विकारी गुणहरूको निषेध गरिएको छ।

सामान्य विशेष न्यायअनुसार सामान्य गुणहरू विशेष न्यायका आधारमा बाधित हुन्छन्। यसरी जेजस्ता कल्याणगुण, ज्ञान, बल, ऐश्वर्य आदि निषेध गरिएका गुणहरू प्राकृतिक गुणहरूभन्दा भिन्न हुन्। अतएव विधि निषेधको तात्पर्यार्थलाई स्पष्ट गर्दै सर्वप्रथम छान्दोग्योपनिषद्मा **अपहतपाप्मा** आदि श्रुति वचनहरूबाट हेयगुणहरूको निषेध गरेर सत्यकाम, सत्यसङ्कल्प आदि विशेष गुणको विधान ब्रह्ममा गरिएको पाइन्छ। त्यस्तै ईशावास्योपनिषद्मा **अव्रणम्** इत्यादि पदहरूद्वारा पनि दोष, मालिन्यकर्मजन्य भौतिक शरीरको निषेध गरिएको हो। यसरी निर्गुण श्रुतिहरूको समन्वय गर्दा सबै प्रकारका विरोधहरू निराकृत हुन्छन्।

यस विवेचनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने जीव र ब्रह्मको भेद र अभेदबोधक श्रुतिहरूको, सगुण निर्गुण श्रुतिहरूको र अरू पनि विरुद्ध श्रुतिहरूको समन्वय घटक श्रुतिका आधारमा गर्नुपर्छ। यसरी समन्वयका साथ सबै श्रुति वाक्यहरूको प्रामाण्य स्थापित हुन्छ। फलतः रामानुजाचार्यले श्रुति मात्रको प्रामाण्यलाई स्थापित गर्न ब्रह्मसूत्र, शास्त्रसङ्गति, प्रमाण वचनहरूको पूर्वापर प्रसङ्गलाई राम्ररी विचार गरी कुनै पनि आग्रह नराखी सगुण र निर्गुणको रहस्यलाई सप्रमाण उद्घाटित गरिदिनुभएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस्तै **नेह नानाऽस्ति किञ्चन, सर्वं खल्विदं ब्रह्म** इत्यादि श्रुति वाक्यहरू जगत् नै शरीर भएको ब्रह्मका चेतन अचेतन सबै शरीर हुन्। अतः यस्तो ब्रह्म एउटै हुन्छ नकि नाना भनेको हो। यस कथनबाट ब्रह्ममा नानात्वको निषेध गरिएको छ न कि ब्रह्मशरीरस्थानीय चेतन र अचेतनको। अर्को वाक्यले सर्वकारण ब्रह्मदेखि अरू कुनै पनि वस्तुहरू छैनन् किनकि कारणब्रह्मपद वाच्य नारायणको अभिव्याप्ति सर्वत्र छ, त्यसको व्यभिचार कहीँ पनि पाइँदैन। फलतः उक्त श्रुति वचनबाट न जगत्को मिथ्यात्व सिद्ध हुन्छ न निर्विशेष ब्रह्म पारमार्थिक हो भन्ने तथ्य प्रमाणित हुन्छ। यसरी भेद-अभेद सबै प्रकारका श्रुति वचनहरूको समन्वय हुन्छ, एउटा पनि श्रुति वाक्य व्यर्थ सिद्ध हुँदैन।

यसमा जीव ब्रह्मको अंश हुन्छ। त्यसैले **अकृत्स्नो ह्येषः, आत्मेत्येवोपासीत** (बृ.उ.३.४७) अर्थात् विश्वस्वरूप जो ब्रह्म छ, त्यसको अंश अपूर्ण यो जीव हो, त्यो अंशको उपासना अपूर्ण हुन्छ, त्यसकारण, पूर्णस्वरूप आत्माको उपासना गर्नुपर्दछ भनी जीवात्मा र परमात्माको अंशत्व र अंशित्व के हो त्यसको स्वरूपलाई स्पष्ट गर्दछन् उक्त वाक्यहरूले। एतावता परमात्माको अंश जीवात्मा हो भनी अवश्य नै स्वीकार गर्नुपर्दछ। त्यति मात्र नभएर अरू श्रुति-स्मृति वचनहरू पनि जीवात्मामा परमात्माको अंशत्वलाई प्रमाणित गर्दै भन्दछन्- **पादोऽस्य भूतानि** (शु.यजुर्वेद, अध्याय ३१) **ममैवांशो जीवलोके जीवभूतः सनातनः** (भ.गी.१५.७) अर्थात् यो समस्त विश्व परमात्माको एक चरण हो भने तीन चरणमाथि त्रिपाद्विभूति छ जसलाई विशिष्ट प्रदेश वैकुण्ठलोक पनि भनिन्छ। त्यसैको अनुमोदन गर्दै भगवद्गीतामा स्वयं भगवान् श्रीकृष्णले अर्जुनलाई जीवको स्वरूप प्रस्फुटित गर्दै भन्नुहुन्छ- जीवसमुदाय मेरो नै अंश हो, त्यस्तो मेरो अंशस्वरूप जीवात्मा सनानत छ।

यहाँ विचारणीय विषय के छ भने अस्मद् शब्दको षष्ठ्यन्तमा मम यो प्रयोग भेदमा विधान गरिएको छ। जसले परमात्मामा अंशित्व र जीवात्मामा अंशत्वलाई स्पष्ट गरेर दुईको अंशांशि-भावात्मक सम्बन्धविशेषलाई राम्ररी निर्देश गरेको देखिन्छ, त्यसबाट पनि अंशका रूपमा निर्दिष्ट जीवात्मा परमात्मा हुन सक्तैन अपितु परमात्माको सनातन अंश भन्ने कुरो सिद्ध हुन्छ। त्यसमा अंशत्वको परिभाषा गर्दै रामानुजाचार्यले वेदान्तसारमा भन्नुहुन्छ- **अंशत्व नाम एकवस्त्वेकदेशत्वम्** (वेदान्तसार, पृ.१४) अर्थात् एक वस्तुप्रधान जो परमात्मा हो, त्यसको एक देश अंश हुन्छ। यस्तो परमात्माको अंशत्व चेतन-अचेतन यी दुवैमा निर्बाध रूपले सिद्ध छ। फरक यति छ जीवात्मामा चेतनका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रूपमा परमात्माको अंशत्व छ भने अचेतन प्रकृतिमा तद्विजातीय अचेतनका रूपमा। यसरी चिदचिद्विशिष्ट ब्रह्मलाई नै सबै श्रुति-स्मृतिहरूले सिद्ध गरेका छन्। अतः सबै दार्शनिकहरूले सविशेषाद्वैतवादको विवेचक रामानुजदर्शनको प्रमेय वैभवलाई अत्यन्त आदरका साथ स्वीकार गरेका छन्।

२.३० विशिष्टाद्वैतको वैशिष्ट्य

वेदान्त वाङ्मयमा विशिष्टाद्वैतवेदान्तको सर्वोत्कृष्ट वैशिष्ट्य छ। जसको यहाँ सङ्क्षिप्त चर्चा गरिन्छ। विशिष्टाद्वैतवेदान्त विशिष्ट पद घटित भएकाले यो पद स्वयं वैशिष्ट्यको द्योतक भएर रहेको छ। किनकि जहाँ जहाँ विशिष्ट पदको श्रवण हुन्छ त्यहाँ त्यहाँ तीती पदार्थको वैशिष्ट्य के हो ? भन्ने जिज्ञासाको स्वाभाविक रूपले उदय हुन्छ। वैशिष्ट्य भनेको नै विशेषण पदार्थको विशेष्य पदार्थसँग केकस्तो सम्बन्ध हुन्छ, त्यसलाई सप्रमाण व्यवस्थापन गर्नु हो। त्यसमा विशेष्य पदार्थ एउटै हुन्छ भने विशेषणहरू एक वा अनेक हुन सक्छन्। त्यसमा उच्चार्यमाण पद समुदायबाट उपस्थित अर्थका आधारमा सम्बन्धहरू निर्धारित हुन्छन्। त्यस्तो वैशिष्ट्यको निर्धारक वेदान्त नै विशिष्टाद्वैतवेदान्त हो। यो इतर वेदान्त र दर्शनदेखि सर्वथा विलक्षण, सूर्यको समान सकल अर्थको प्रकाशक, सबै प्रकारका शङ्का र उपशङ्काहरूको निर्मूलक भएकाले नै यसको प्रसिद्धि विशिष्टाद्वैतवेदान्तदर्शनका रूपमा रहेको छ। अतः विशिष्टाद्वैतवेदान्तदर्शनको अरू वेदान्त र दर्शनको अपेक्षा केकति कारणले सर्वोकृष्टता र विलक्षणता स्थापित भएको छ त्यसको पुष्टि गर्न तत्साधक तीनओटा हेतुहरू प्रस्तुत गरिएका छन्। जसका सम्बन्धमा अत्यन्त सुन्दर विवेचन गर्दै वेदान्तदेशिकाचार्य तत्त्वमुक्ताकलापमा भन्नुहुन्छ-

दृष्टेऽपह्नुत्यभावादनुमितिविषये लाघवस्यानुरोधात् ।
शास्त्रेणैवावसेये विहतिविरहिते नास्तिकत्वप्रहाणात् ॥
नाथोपज्ञं प्रवृत्तं बहुभिरुपचितं यामुनेयप्रबन्धैः ।
त्रातं सम्यग् यतीन्द्रैरिदमखिलतमं कर्शनं दर्शनं नः॥१६२॥

(तत्त्वमुक्ताकलापः, अद्रव्यसरः)

विशिष्टाद्वैतवेदान्त प्रतिपाद्य सिद्धान्तलाई सबै कोणबाट निर्दोष र सर्वप्रमाण सिद्ध गर्न १. अपह्नुत्यभावात्, २. लाघवस्य अनुरोधात् ३. नास्तिकत्वप्रहाणात् यी तीन हेतुहरूको उपस्थापन गरिएको छ। त्यसमा प्रमेयसाधक प्रमाणहरूको एकआपसमा कुनै प्रकारका असामञ्जस्यहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छैनन् । त्यसकारण प्रमाणसम्बन्धी व्यवस्थापनमा यो दर्शन सर्वातिशयेन अग्रस्थानमा छ । किनभने यसले कुनै पनि प्रमाणको अपलाप गर्दैन । आवश्यकताका आधारमा सबै अभिमत प्रमाणहरूको आदरपूर्वक प्रयोग गर्दछ । त्यसैले भनिएको छ- **दृष्टे** =प्रत्यक्षसिद्ध विषयमा, अर्थात् इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न विषयहरूमा मिथ्यावादीको जस्तो अपह्नुति गरिँदैन । यहाँ अपहनुति भनेको अनुभवगम्य विषयहरूको अपलाप हो । जुन विषयहरू अनुभवमा आरूढ छन् तिनीहरू मिथ्या हुन्, अविद्याका कार्य हुन् भनी प्रत्यक्षगम्य आनुभविक विषयहरूको अपलाप गर्नु नै अपह्नुतिपदबोध्य अर्थ हो । यहाँ त्यसको अभाव छ । त्यस्ता विषयहरूको अपलाप नभएकाले नै सबै प्रकारको अन्धकारलाई निर्मूल गर्ने यो वेदान्त दर्शन हो । यसबाट स्पष्ट हुन्छ यस दर्शनले प्रत्यक्ष प्रमाणलाई कुनै पनि रूपले उपेक्षा गर्दैन । अतः प्रत्यक्ष प्रमाणगम्य विषयहरूको राम्ररी विचार गरी निर्णय गर्दछ । त्यसैले वेदान्तदेशिकाचार्यको उद्घोष छ- **दृष्टेऽपहनुत्यभावात्** ।

यस दर्शनको सर्वोच्चतालाई स्थापित गर्ने द्वितीय हेतु हो- **लाघवस्य अनुरोधात्,** अर्थात् अनुमित्यात्मक ज्ञानको विषयमा लाघवको अनुसरण भएको कारण यो वेदान्त सर्वोत्कृष्ट छ । शास्त्रचर्चा गर्दा भिन्नभिन्न प्रकारका युक्ति-प्रत्युक्तिहरूको उद्भावन हुन्छ । त्यसमा कसको अपेक्षा कुन लाघव र कुन गौरव हुन्छ, तत्सम्बन्धी प्रतिपादन आ-आफ्ना कोणबाट तर्क र प्रमाणका आधारमा गरिन्छ । अपेक्षाकृत जहाँ पदार्थका दृष्टिले न्यून पदार्थलाई स्वीकार गर्दा पनि आफ्नो प्रतिपाद्य विषय वा सिद्धान्त स्थापित हुन सक्छ र अभिमत अर्थको लाभ हुन्छ भने त्यहाँ लाघव हुन्छ त्यस्तो पक्ष नै उत्तम मानिन्छ । अर्को पक्षमा अलग पदार्थ वा कुनै अधिककोटि स्वीकार गर्दा गौरव हुन्छ भने त्यसको अपेक्षा पदार्थकृत लाघव उचित मानिन्छ । यो शास्त्रप्रतिपाद्य विषयको विचारको क्रममा आउने विषय हो । थोरै पदार्थबाट निर्वाह हुने अवस्थाविशेषलाई नै लाघव भनिन्छ । यसमा गौरव भनेको दोषविशेष हो, कहीँकहीँ फलमुख भएकाले गौरवदोष हुँदैन भन्ने शास्त्रका विवेचकहरूको गौरवलाघवको निर्धारक व्यवस्थापनपद्धति छ । तत्सम्बन्धमा यहाँ विशेष गरेर अनुमानप्रमाणवादी वैशेषिक र नैयायिकहरूमाथि कटाक्ष गरिएको छ । किनकि उनीहरू जुनसुकै पदपदार्थको विचार गर्दा अनुमान प्रमाणको प्रयोग गर्न चाहन्छन् । जहाँ आवश्यक छैन त्यहाँ पनि अनुमानलाई अगाडि सारेर आफ्नो साधनीय पदार्थको सिद्धि गर्नुमा गौरव ठान्छन् । जस्तै घटपट आदि प्रत्यक्ष सिद्धपदार्थलाई पनि **घटः कार्यम् सावयवत्वात् पुस्तकवत्** आदि अनुमान वाक्यको प्रयोग गरेर सावयवत्वहेतुद्वारा घटात्मक पक्षमा कार्यत्वको सिद्धि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरिन्छ। त्यस्तै शास्त्रमात्रगम्य ईश्वरलाई पनि अनुमान प्रमाणगम्य मान्दै **क्षितिःसकर्तृका कार्यत्वात् घटवत्** जस्ता अनुमान साधक वाक्यहरूको प्रयोग गरेर कार्यत्वहेतु द्वारा क्षिति(पृथिवी) आदिमा सकर्तृकत्वको सिद्धि गरिन्छ। अतः त्यस्ता अनुमानको नशाले ग्रसित वैशेषिक र नैयायिकहरूलाई कटाक्ष गर्दै भनिएको हो, अनुमितिको विषयमा लाघवको अनुसरण गर्दै आवश्यकताका आधारमा मात्र त्यसको उपयोग गर्नु उचित हुन्छ, यसरी यो दर्शनले प्रमेयसाधक अनुमानको प्रामाण्यलाई स्वीकार गरे तापनि गौरव-लाघवलाई दृष्टिमा राखेर त्यसको उपयोग गर्दछ, न कि वैशेषिकको जस्तो अनपेक्षित अनुमानको उपयोग गर्नु न्यायोचित ठान्दछ। यसकारणले पनि यो दर्शनइतर दर्शनको अपेक्षा सर्वोत्तम रूपमा स्थापित छ।

यसमा विचारणीय विषय के छ भने प्रत्यक्षको विषय र श्रुति प्रमाणसिद्ध विषयमा लाघवको अन्वेषण गर्नु उपयुक्त हुँदैन। जहाँ अनुमानको प्रयोग नगरीकन वस्तुको सिद्धि हुँदैन र त्यसो गर्दा लाघव पनि हुन्छ भने त्यहाँ मात्र अनुमानको प्रयोग युक्तिसम्मत मान्न सकिन्छ। जस्तै **दण्डी पुरुष** यहाँ **दण्डविशिष्टः पुरुषः** जो विशिष्ट पदार्थद्वयको संयोग सम्बन्ध हो, त्यो नै विशेषण पदार्थ दण्ड र त्यसले विशिष्ट पुरुषको सम्बन्ध हो। त्यस्तो सम्बन्ध नै विशिष्ट बुद्धिको विषय भएकाले यहाँ वैशिष्ट्य बुद्धिको सिद्धिका लागि अर्को उपाय देखिँदैन, त्यसैले त्यस्ता स्थलविशेषहरूमा सम्बन्धको निश्चय गर्न अनुमानप्रमाण उपयुक्त हुन्छ। अतः यहाँ विशिष्ट पदार्थद्वयको वैशिष्ट्यको अनुमान गर्नु सर्वथा युक्तिसम्मत भएकाले विशिष्टाद्वैतीहरू यस्ता स्थलहरूमा प्रत्यक्ष आदि प्रमाणद्वारा असिद्ध सम्बन्धको अनुमेयतालाई स्वीकार गर्दछन्, तर गुण र गुणीको सम्बन्ध समवाय हुन्छ भनी विशिष्टवैशिष्ट्य बुद्धिको सिद्धिका लागि शास्त्रविपरीत समवाय सम्बन्धको कल्पना गर्नु कुनै पनि किसिमले उपयुक्त र युक्तियुक्त हुँदैन भनी त्यस्तो सम्बन्धको सर्वथा प्रत्याख्यान गरिन्छ। यसरी अप्रामाणिक पदार्थको कल्पना गर्ने तार्किक मत ब्रह्मसूत्र विपरीत पनि छ भनी खण्डन गरिएको छ। जसलाई प्रमाणित गर्दै ब्रह्मसूत्रमा भनिएको छ- **समवायाभ्युपगमाच्च साम्यादनवस्थितेः (ब्र.सू २।२।१२)** अर्थात् समवायलाई सम्बन्धका रूपमा स्वीकार गर्नाले विशिष्ट बुद्धिको निर्वाहक त्यसको समान अर्को समवाय सम्बन्धलाई पनि स्वीकार गर्नु पर्ने हुन्छ। त्यस्तो स्थितिमा अनवस्था दोष हुने भएकोले समवाय सम्बन्धान्तर हुन सक्दैन। यसरी समवाय सम्बन्धको प्रत्याख्यान स्वयं व्यासाचार्यले गर्नुभएको छ। किनकि दुई द्रव्यका बिचमा प्रत्यक्षसिद्ध संयोग सम्बन्ध हुन्छ, त्यसलाई विशिष्टाद्वैतीहरू स्वीकार गर्दछन्, तर जाति, गुण र क्रियाको सम्बन्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वाश्रय द्रव्यका रूपमा जाति, व्यक्ति र क्रियाहरू अपृथक् भएर रहनु हो। जस्तै द्रव्यमा रहने धर्म द्रव्यत्व जाति हो, त्यस्तो द्रव्यत्वको आश्रय जो द्रव्य पदार्थ हो, ती दुईको अपृथक्ताको स्थितिलाई स्वीकार गर्दा जाति र त्यसको आश्रय द्रव्य पदार्थको सम्बन्धको निर्वाह हुन्छ भने त्यसदेखि अतिरिक्त समवाय सम्बन्धलाई स्वीकार गरेर त्यसमा एकत्व, नित्यत्वको कल्पना गर्नु सर्वथा अनावश्यक र गौरवग्रस्त पनि हुन्छ। अतः नैयायिकको जस्तो समवायलाई विशिष्टाद्वैतीहरू अलग सम्बन्धका रूपमा मान्यता दिँदैनन्। विचारका क्रममा अरू पनि धेरै तर्क तथा प्रमाणहरूको उपस्थापन गर्दै समवायविरोधी विशिष्टाद्वैतीहरूले समवायको सम्बन्धतालाई सर्वथा अस्वीकार गर्दछन्। यस्ता जेजति पदार्थन्तरको कल्पना गरेर अनुमानद्वारा सिद्ध गरिने पदार्थहरू छन् त्यसमा दूषण देखाएर निराकरण गरिन्छ। त्यसैले देशिकाचार्यद्वारा **लाघवस्यानुरोधात्** भन्दै अनुमितिको विषयमा लाघवको अनुसरण गरिएकाले आवश्यकता र औचित्यलाई हेरेर मात्र अनुमानप्रमाणको उपयोग गरिन्छ भनी स्पष्ट गरिएको छ।

अब तेस्रो हेतु हो **शास्त्रेणैवावसेये विहतिविरहिते नास्तिकत्वप्रहाणात्** अर्थात् कतिपय पदार्थहरू शास्त्रप्रमाणद्वारा नै अवधारणीय हुन्छन्। त्यसो गर्दा कुनै पनि अवरोध वा विघ्न नभएको स्थिति रहन्छ। त्यस्तै नास्तिकताको पनि निर्मूल हुने हुँदा शास्त्रप्रमाणहरू नै तीती पदार्थहरूको सिद्धिमा निर्णायक हुन्छन्। यसरी नास्तिकत्वको विनाश हुने भएकोले शास्त्रप्रमाणबाट नै पदार्थहरूको निश्चय गरिन्छ भन्ने कथनलाई प्रस्ट गर्न तृतीय हेतु प्रवृत्त छ। जसको समर्थन गर्दै सूत्रकार व्यासाचार्य भन्नुहुन्छ– **शास्त्रयोनित्वात्** (ब्र.सू. १।१।३) यसको व्याख्या पहिले नै भइसकेको छ। ती विषयअन्तर्गत परलोक, जीव, पुनर्जन्म, पुण्य, पाप, ईश्वर, ईश्वरीय गुण, विग्रह, धाम, मोक्ष आदि पर्दछन्। यी विषयवस्तुहरू प्रत्यक्ष तथा **अनुमानप्रमाणगम्य** हुन सक्दैनन्। अतः तत्प्रतिपादक शास्त्र वचनहरू नै यी पदार्थहरूको अस्तित्वमा प्रमाण हुन्छन्। किनकि अत्यधिक ज्ञानी पुरुष, देवता, सिद्ध तथा मन्त्रद्रष्टा ऋषिमहर्षि र योगीजनहरू योगशक्तिद्वारा परलोक आदि इन्द्रियातीत विषयहरूलाई पनि प्रत्यक्ष गरेको तथ्यलाई शास्त्रले निर्देश गरेको छ। त्यसैले वेदप्रमाणवादीहरू वेदप्रमाणविरोधी नास्तिकजनहरूको जस्तो शास्त्रप्रतिपाद्य ईश्वर, परलोक, पुनर्जन्म, पुण्य, पाप, आदि विषयहरू प्रत्यक्षगम्य छैनन् भन्दैमा तिनीहरूमा अप्रामाणिकता र अविश्वास गर्दैनन्। शास्त्रद्वारा प्रतिपादित र प्रमाणपुष्ट सबै पदार्थहरूको अत्यन्त विश्वासका साथ आदर गर्दै स्वीकार गर्दछन्। त्यति मात्र नभएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

युक्ति, तर्क, उपपत्ति र अनुभूतिद्वारा तिनीहरूमा **शास्त्रप्रमाणगम्यत्व**को स्थापना गरी त्यस्ता विषयहरू सिद्धान्तका रूपमा निर्धारित गरिन्छन् ।

यसरी वास्तविक तत्त्वको अन्वेषण, अनुसन्धान र अनुशीलन गरी प्रमाणत्रयद्वारा तत्त्वत्रयवादको विवेचन गर्दा शास्त्रसम्मत प्रक्रियाको अवलम्बन गर्दै विशिष्टाद्वैतवादको रहस्यलाई वस्तुगत रूपमा उपस्थापन गर्नु नै वेदान्त दर्शनको विशिष्ट मौलिकता र विशेषता पनि हो। यो सरणिलाई नै निष्कण्टक मार्गका रूपमा पूर्वाचार्यहरूद्वारा अवलम्बन गरिँदै आइएको छ। अतएव लक्ष्मीनाथ सर्वेश्वर परमात्माबाट अनादिकालदेखि अविच्छिन्न रूपले प्रवाहित हुँदै आएको यो सिद्धान्तका सम्बन्धमा नाथमुनिस्वामीले न्यायतत्त्व आदि ग्रन्थमा यसको वैभव र विशेषता विशेष रूपले प्रकाशित गरिएको यामुनाचार्यस्वामीद्वारा सिद्धित्रय, आगमप्रामाण्य जस्ता अनेकौं ग्रन्थहरू लेखेर त्यसका माध्यमले उत्कर्षको स्थितिमा पुऱ्याइएको र रामानुजाचार्यद्वारा श्रीभाष्यम् आदि ग्रन्थ लेखेर राम्ररी संरक्षण गरिएको यो परमवैदिक सिद्धान्त हो। यसरी इतर दर्शनका दुर्बलतारूपी अन्धकारलाई अकिञ्चित्कर गर्ने यो विशिष्टाद्वैतवेदान्तदर्शन वेदप्रामाण्यवादीहरूको सर्वस्व निधि हो। त्यसकारण सविशेषाद्वैतवेदान्त परमवैदिक वेदान्तशिरोमणि हो भन्ने वेदान्तदेशिकाचार्यको डिण्डिमघोष सर्वथा अकाट्य, अप्रकम्प्य र अभेद्य छ भन्दा अतिशयोक्ति नहोला ।

(ग) अन्य वैष्णव वेदान्त दर्शनहरूको सङ्क्षिप्त परिचय, समीक्षा र उपसंहार

२.३१. वैष्णव वेदान्त दर्शनहरूको सङ्क्षिप्त परिचय

वेदको मुख्य तात्पर्य के हो ? त्यसको ऊहापोह गरेर वास्तविक निर्णय गर्नु नै वेदान्त दर्शनको प्रमुख अभीष्ट हो। वेदको निर्णीत सिद्धान्तलाई जुन दर्शनले निरूपण गर्दछ त्यसलाई वेदान्त दर्शन भनी परिभाषित गरिएको छ। यसमा विशेष गरेर उपनिषद्का वचनहरूलाई सर्वोपरि प्रमाण मानेर आत्मा, परमात्मा (ब्रह्म) माया (प्रकृति) मोक्ष, बन्धन, प्रपञ्चात्मक जगत्, त्यसको उत्पत्तिमा ब्रह्मको कारणता आदि विषयवस्तुको वस्तुगत विवेचना गरेर पारमार्थिक वस्तुतत्त्वको निर्धारण गरिन्छ। मोक्ष र बन्धनको पार्थक्यलाई श्रुति, स्मृति र अनुभूतिका आधारमा विचारविमर्शपूर्वक व्यवस्थापन गरिन्छ। यी र यस प्रकृतिका विषयहरूको विवेचक तथा प्रतिपादक शास्त्र नै वेदान्त हो। यसलाई औपनिषदसिद्धान्त पनि भनिन्छ।

प्रपञ्चात्मक दृश्यमान यो जगत् साँचो हो वा झुटो हो ? यो कसरी उत्पन्न हुन्छ ? यसलाई जन्माउने सामर्थ्य कुन तत्त्वमा छ ? त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तत्त्व के हो र कस्तो छ ? आदि शङ्का वा जिज्ञासाहरूको दार्शनिक समाधानका रूपमा दुई प्रकृतिका वेदान्त दर्शनहरू आ-आफ्ना शास्त्रीय दृष्टिका साथ प्रवृत्त देखिन्छन् । जसमा ब्रह्मतत्त्वलाई मात्र परमार्थिक सत्य मान्ने सिद्धान्तवादी अद्वैतवेदान्तीका रूपमा विश्वविख्यात भए । जसले निर्विशेष ब्रह्म मात्र वास्तविक तत्त्व हो, त्यसदेखि अतिरिक्त जेजति देखिन्छन् र अनुभूत छन् ती सबै मायिक हुन् भनेर अद्वैतवादलाई स्थापित गरे । यो दर्शनले सविशेष ब्रह्मवादको निषेध मात्र गरेन, तात्त्विक दृष्टिले सविशेष ब्रह्मको सिद्धि नै हुन सक्तैन भन्दै त्यसका लागि अनुकूल प्रमाण, उपपत्ति र तर्कहरू अगाडि सार्‍यो । यसरी केवल ब्रह्मको सत्यतालाई सिद्ध गर्नु नै अद्वैतवेदान्तको प्रमुख अभीष्ट रह्यो । त्यसका लागि कर्म, कर्मजन्य फल, भगवान्को श्रीविग्रह, परमात्माको अनन्त कल्याणकारी गुणलगायत ईश्वरीय वैभवहरू सबै काल्पनिक वा मायिक भएकाले मिथ्या हुन् भनियो । अतः निर्गुण, निराकार, निर्धर्मक, निर्विशेष ब्रह्म मात्र पारमार्थिक सत् तत्त्व हो, त्यसदेखि अतिरिक्त जेजति वस्तुहरू छन्, ती सबै वस्तुतः मिथ्या हुन् भन्ने जो अद्वैतवादको दृष्टि हो, त्यसको सप्रमाण संशोधन गरेर मायावाद र निर्विशेष ब्रह्मवादको विरुद्ध सविशेष अद्वैतवाद वा सविशेष ब्रह्मवादलाई प्रामाणिकताका साथ स्थापित गर्न रामानुजाचार्य (विशिष्टाद्वैत) मध्वाचार्य (शुद्ध द्वैत) निम्बार्काचार्य (द्वैताद्वैत) र वल्लभाचार्य (शुद्ध अद्वैत) यी चार आचार्यहरूको विभिन्न कालखण्डमा यो भूमण्डलमा अवतार भयो । तत्पश्चात् यी आचार्यहरूद्वारा वेदान्त दर्शनमा श्रुति, स्मृति, इतिहास पुराण आदिको वास्तवार्थलाई प्रकाशित गर्दै त्यसमा देखिएका परस्पर विरुद्ध विषयहरूलाई शास्त्रप्रमाणका आधारमा राम्ररी समन्वय गरेर पूर्वापरविरोध नहुने गरी अद्वैत वा द्वैतको तात्पर्यलाई आलोकित गरियो । यसरी निर्विशेष अद्वैतवादको विरुद्ध सविशेषाद्वैतवादको प्रतिपादन गरेर अद्वैत भनेको विशिष्ट अद्वैत हो भन्ने विषयलाई प्रामाणिक सबै शास्त्रहरूले स्पष्ट निर्देश गरेका छन्, प्रतिपादन गरेका छन् भनी तदनुकूल ब्रह्मसूत्रमाथि श्रीभाष्यम्.. नामक भाष्य ग्रन्थ रामानुजाचार्यले लेख्नुभयो र विशिष्टाद्वैतवेदान्तको प्रामाणिकता र महनीयतालाई प्रतिष्ठापित गर्नुभयो । जसको चर्चा यस प्रबन्धमा गरिएको छ अर्थात् यस प्रबन्धको केन्द्रीय विषय नै विशिष्टाद्वैत वेदान्तको विवेचन हो ।

अब अन्य वैष्णववेदान्तहरू कुन कुन हुन् ? तत्सम्बन्धी विचार प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ । त्यसमा सर्वप्रथम शुद्ध द्वैतवेदान्तको मूलभूत सिद्धान्तहरूको परिचयात्मक विवरणको उपस्थापन गरिन्छ । जीव र ब्रह्मको ऐक्यलाई सर्वथा निषेध गर्दै शुद्ध द्वैतवादलाई श्रुति, स्मृति, आदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रमाणका आधारमा प्रतिष्ठापित गर्न मध्वाचार्यद्वारा भक्तिमार्गको रहस्योद्घाटन गरेर सम्पूर्ण जीवहरू नारायणका नै सेवक हुन् भनी यसका दार्शनिक सिद्धान्तहरूको विवेचन गरियो। त्यति मात्र नभएर शुद्ध द्वैतवादलाई व्यवस्थापित गर्न मध्वाचार्यद्वारा ब्रह्मसूत्रमाथि **पूर्णप्रज्ञप्रभाष्यम्** नामक भाष्य ग्रन्थको रचना गरेर यसको प्रामाणिकतालाई सिद्ध गरिएको कारण यो दर्शन शुद्ध द्वैतवेदान्तका नामले सुप्रसिद्ध भयो भने द्वैत र अद्वैत दुवै रूपमा ब्रह्मको स्वरूपलाई प्रतिपादन गर्ने श्रुति, स्मृति आदिका अनेकौँ प्रमाण वचनहरू भएकाले, त्यसका आधारमा द्वैताद्वैत ब्रह्मको निर्धारण गर्न निम्बाकाचार्यद्वारा ब्रह्मसूत्रमाथि **वेदान्तपारिजातसौरभभाष्यम** नामक अन्य भाष्य ग्रन्थको अपेक्षा केही लघु आकार भएको भाष्यग्रन्थ लेखेर तदनुरूप वेदान्त दर्शनका सिद्धान्तहरूको विवेचन गरियो। जुन दर्शन **द्वैताद्वैतवेदान्त** दर्शनका नामले विश्वविख्यात भयो। त्यस्तै पुष्टिमार्गका परिपोषक वल्लभाचार्यद्वारा माया र जीव सर्वथा सत्य र ब्रह्मस्वरूप हुन् त्यसदेखि भिन्न हुन सक्तैनन् भन्ने शुद्ध अद्वैतवेदान्तका सिद्धान्तलाई सप्रमाण निरूपण गर्न ब्रह्मसूत्रमाथि **अणुभाष्यम्** नामक भाष्यग्रन्थ लेखेर शुद्धा द्वैतवाद वेदान्तको प्रतिष्ठापन गरियो। जुन वेदान्त **शुद्धा द्वैतवेदान्त**का नामले सुपरिचित भयो। त्यसमा पनि विष्णु व्यापक स्वरूप सात्त्विक भएका कारण त्यस्तो विष्णु नै वेदवेदान्तवेद्य हुन्छ, जसलाई कसैले पुरुषोत्तम भन्दछन्, कतिपयले श्रीकृष्ण भनी पुकार्दछन्, केहिले वासुदेव, नारायण आदि नामले पुकार्दै त्यो नै जीव मात्रको उपास्य तत्त्व हो भनी त्यसको शरणबाट मात्र सबैको शाश्वत कल्याण हुन्छ भनी स्वीकार गर्दछन्। त्यसैले विष्णुतत्त्वलाई नै सर्वोपरि देवता मान्ने जो हुन् तिनैलाई नै वैष्णववेदान्ती भनिन्छ।

त्यस्ता वैष्णववादीका अभिमत विशिष्टाद्वैत, शुद्ध द्वैत, द्वैताद्वैत र शुद्धाद्वैत सुप्रसिद्ध यी चार प्रकारका वेदान्तहरूलाई वैष्णववेदान्त भनिन्छ। यस प्रकृतिका अरू पनि वेदान्त दर्शनहरू छन् तर प्रमुख वैष्णववेदान्तका रूपमा यिनीहरूको प्रसिद्धि र यसका प्रवर्तक आचार्यहरूको प्राचीन ग्रन्थमा सम्प्रदायका प्रवर्तक आचार्य भएर सनातन धर्म र वैदिक दर्शनको वैभवलाई आलोकित गर्ने छन् भन्ने प्रमाण भएको र तदनुसारका अलौकिक विशेषताहरू पनि देखिएकाले यी चार वेदान्त दर्शनहरू कुनै न कुनै रूपमा आफ्ना मौलिक सिद्धान्तका आधारमा लोकप्रिय भएर विश्वमा फैलिएका छन्। यसरी विशेष गरेर रामानुजाचार्य, मध्वाचार्य, निम्बार्काचार्य र वल्लभाचार्यद्वारा प्रचारित विशिष्टाद्वैत, शुद्ध द्वैत, द्वैताद्वैत र शुद्धाद्वैतका वेदान्तपरक सिद्धान्तका विवेचक वेदान्त दर्शनहरू नै वैष्णववेदान्तका रूपमा सुपरिचित छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वैष्णववेदान्तको प्राचीनता र प्रसिद्धि

माथि उल्लिखित चारै आचार्यहरू अवतारी सम्प्रदायका प्रवर्तक शेष, ब्रह्म सनकादि र रुद्रका अंश भएर यो भूमण्डलमा अवतार लिनुभएको हो । जसको उल्लेख पद्मपुराण[१८] र भविष्यपुराण आदिमा गरिएको पाइन्छ । वेद जस्तै वेदानुकूल पुराणका वचनहरू पनि परमप्रमाण मानिन्छन् । त्यसैले पुराणलाई पाँचौं वेद भनिएको हो । त्यस्तै अन्यत्र पनि यस प्रकृतिका प्रामाणिक वचनहरू पाइन्छन् जुन वचनहरूले यी आचार्यहरूलाई सम्प्रदायका प्रवर्तक अलौकिक शक्तिसम्पन्न अवतारी प्राचीन आचार्यका रूपमा निर्देश गरेका छन् ।

यस विवेचनबाट के स्पष्ट हुन्छ भने श्री सम्प्रदायका प्रवर्तक आचार्य शेषावतारका रूपमा रामानुजस्वामीको प्राकट्य भएको थियो भने ब्रह्मसम्प्रदायको प्रवर्तक आचार्यका रूपमा मध्वाचार्यको । त्यस्तै रुद्र सम्प्रदायको प्रवर्तक आचार्य विष्णुस्वामी ।

विष्णुस्वामीद्वारा ब्रह्मसूत्रमाथि लेखिएको भाष्य ग्रन्थ उपलब्ध हुन नसकेकाले शुद्धाद्वैतका सिद्धान्तलाई विवेचन गर्न विष्णुस्वामीका अनुयायी वल्लभाचार्यद्वारा अद्वैतवेदान्तले स्वीकार गरेको मायावादको निषेध गर्दै शुद्धाद्वैतवादपरक भाष्य लेखेर तत्प्रतिपाद्य सिद्धान्तहरूको विवेचन गरियो । त्यसकारण यस वेदान्तको प्रसिद्धि वल्लभवेदान्तका नामले पनि भएको पाइन्छ । त्यस्तै सनक सम्प्रदायका प्रवर्तक आचार्यका रूपमा निम्बार्काचार्यको अवतार भएको थियो ।[१९] जसले द्वैत र अद्वैतका रूपमा वेदवेदान्तवेद्य ब्रह्मको स्वरूपलाई निर्धारण गर्नुभयो ।

---

१८ अतः कलौ भविष्यन्ति चत्वारः सम्प्रदायिनः ।
श्रीब्रह्मरुद्रसनका वैष्णवाः क्षितिपावनाः ॥ (पद्मपुराणम्) अर्थात् योभन्दा पहिले कलियुगको वर्णन गरिएको छ । त्यसैले कलियुगमा श्री सम्प्रदायका आचार्य रामानुज, ब्रह्मसम्प्रदायका आचार्य मध्व, रुद्रसम्प्रदायका आचार्य विष्णुस्वामी र सनकसम्प्रदायका आचार्य निम्वार्क यी चार वैष्णवदर्शनका प्रर्वतक पृथ्वीलोकलाई पवित्र गर्ने सम्प्रदायका आचार्यहरू हुनुहुने छ ।

१९ रुद्रः सनकोऽथ ब्रह्मा श्रीश्चत्वारः पुरा इमे ।
जगतामुपकाराय दीक्षिता विष्णुना स्वयम् ॥ अर्थात् जगत्का प्राणीहरूको कल्याणका लागि स्वयं विष्णु भगवान्ले पहिले रुद्र (वल्लाभाचार्य) सनक (निम्वर्काचार्य) ब्रह्म (मध्वाचार्य) र श्री (रामानुजाचार्य) यी, ती ती सम्प्रदायका प्रवर्तक आचार्यहरूलाई दीक्षित गर्नु भयो । यस कथनको पुष्टि गर्दै पद्मपुराणमा भनिएको छ -
रामानुजं श्रीः स्वीचक्रे मध्वाचार्यं चर्तुमुखः ।
श्रीविष्णुस्वामिनं रुद्रो निम्वादित्यं चतुः सनः ॥ (पद्मपुराणम्) अर्थात् रामानुजाचार्यलाई लक्ष्मीले स्वीकार गर्नुभयो भने चतुर्मुख ब्रह्माजीले मध्वाचार्यलाई । त्यस्तै रुद्रले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसका अतिरिक्त वैष्णवाचार्यहरूमा नेपाल तथा उत्तर भारतमा रामानन्दाचार्यको पनि उल्लेखनीय स्थान छ। किनकि रामानन्द सम्प्रदायको पनि विशेष प्रचार-प्रसार भएको पाइन्छ।

यस सम्प्रदायमा उच्चकोटिका साधु सन्तहरूको ठुलो समुदाय छ, यसमा दीक्षित केही विशिष्ट विद्वान्हरू पनि छन्। जसले दार्शनिक वाङ्मयको श्रीवृद्धिमा उल्लेखनीय योगदान गर्दै यसको वैभवलाई आलोकित गरेका छन्।

विशेष गरेर नेपालको मिथिला नगरी जनकपुरमा रामानन्द सम्प्रदायका अनुयायीहरू ठुलो सङ्ख्यामा रहेका छन् र तिनीहरूको प्रभाव पनि उल्लेखनीय छ। त्यस्तै देवघाट आदि नेपालका प्रसिद्ध ऐतिहासिक तीर्थस्थलहरूमा पनि यिनीहरूको प्रभाव राम्ररी फैलिएको छ। यिनका धेरै दार्शनिक सिद्धान्तहरू रामानुज सम्प्रदायसँग मिल्दाजुल्दा छन्। उपासनापक्षमा भने केही सामान्य मतभेदहरू पाइन्छन्।

वैष्णववेदान्तको प्रसिद्धि **भागवत वेदान्त दर्शन**का रूपमा पनि रहेको पाइन्छ। **भगवत इदम्** यो व्युत्पत्तिअनुसार भगवत् शब्दबाट भागवत शब्द निष्पन्न हुन्छ। फलतः जो भगवान्का सम्बन्धी जीवात्मा, प्रकृति आदि जेजति छन् त्यसको विचार वैष्णववेदान्तले गर्दछ। त्यसमा पनि वैष्णववेदान्तले जीवलाई परमात्माको शेष, शरीर, अंश आदिका रूपमा र परमात्मालाई शेषी, अंशी र शरीरीका रूपमा सप्रमाण विवेचन गरेर निर्णय गर्दछ। अतः वैष्णववेदान्तहरूलाई **भागवतवेदान्त** वा **भागवतसम्प्रदाय** भनिएको हो। यो निर्विशेष चैतन्यवादमा सम्भव हुँदैन। किनभने अद्वैतवेदान्तले ब्रह्मदेखि भिन्न जीव, प्रकृति आदिलाई मिथ्या मान्दछ।

यसरी वेदान्तहरूमा विशिष्टाद्वैत, शुद्ध द्वैत, द्वैताद्वैत र शुद्धाद्वैत वेदान्तका नामले सुपरिचित वैष्णववेदान्तहरू नै निर्विविशेषब्रह्मवादका विरुद्ध कुनै न कुनै रूपमा सविशेषब्रह्मवादलाई स्थापित गर्न उन्मुख देखिन्छन्। जसले परमात्माको अस्तित्वका साथ पारमार्थिक दृष्टिले जीवात्मा र प्रकृतिको सत्तालाई दृढतापूर्वक प्रतिष्ठापित गरेका छन्। यसैले यी चार वेदान्त दर्शनहरू वैष्णववेदान्तका नामले सुपरिचित छन्।

२.३१.१ शुद्ध द्वैतवेदान्त (मध्वाचार्य)

वेदान्त वाङ्मयमा शुद्ध द्वैततत्त्वलाई प्रतिपादन गर्ने वेदान्त दर्शन नै **शुद्ध द्वैतवेदान्त**का नामले विश्वविख्यात छ। मध्वाचार्यद्वारा प्रवर्तित

श्रीविष्णुस्वामीलाई स्वीकार गर्नु भयो भने निम्वार्काचार्यलाई सनक, सनातन, सनन्दन, सनत्कुमार यी चार कुमारहरूले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएकाले यसलाई **माध्ववेदान्त** पनि भनिन्छ। मध्वाचार्यको जन्म इस्वी सन् ११९९ मा भारतको कर्णाटक प्रान्तअन्तर्गतको उडुपी नामक स्थानमा भएको थियो। यहाँको पिताको नाम मध्वगेह हो भने माताको नाम वेदवती हो। त्यस्तै गुरुको नाम अच्युतप्रेक्ष थियो, अच्युतप्रेक्ष महान् अद्वैती हुनुहुन्थ्यो, तर गुरुशिष्यका बिच शास्त्र चर्चा हुँदै जाँदा गुरुलाई पनि द्वैतवादको वास्तविकता प्रति आकृष्ट बनाउन मध्वाचार्य सफल हुनुभएको थियो। यस्ता विलक्षण वैदुष्यका धनी मध्वाचार्यको समग्र जीवन स्वाध्याय, ईश्वरोपासना र शास्त्रचर्चामा व्यतीत भएको पाइन्छ। बाल्यावस्थामा यहाँको नाम वासुदेव थियो।

मध्वाचार्य विद्वत्कुलीन, भगवद्भक्त, ब्रह्मसूत्रका भाष्यकार पनि हुनुहुन्छ। यहाँले लेखेका भाष्यको नाम **पूर्णप्रज्ञाभाष्यम्** हो। त्यसैले यस दर्शनलाई **पूर्णप्रज्ञादर्शनम्**[२०] पनि भनिन्छ। जसमा शुद्ध द्वैतवादका सिद्धान्तहरूको राम्ररी विवेचन गरिएको छ। यस दर्शनले जीवात्मा र परमात्माको द्वित्वलाई श्रुति, स्मृति र उपपत्तिका आधारमा स्थापित गर्दछ। कुनै पनि प्रकारले अद्वैतको अस्तित्वलाई स्वीकार नगर्नु नै शुद्ध द्वैतको मौलिक सिद्धान्त हो। त्यसैले भनिएको छ- **स्वतन्त्रं परतन्त्रञ्च द्विविधं तत्त्वमिष्यते (तत्त्वविवेक)** अर्थात् स्वतन्त्र र परतन्त्रका भेदले दुई प्रकारका तत्त्वहरू स्वीकृत छन्। त्यसमा स्वतन्त्र, निर्दोष, कल्याणकारी गुणका खानि सर्वनियन्ता जीव मात्रका आराध्य तत्त्वका रूपमा सर्वेश्वर परमात्मालाई स्वीकार गरिन्छ भने त्यसको विपरीत जीवात्मा परमात्माको उपासक, सेवक, शेष, अंश र अणुरूप हुन्छ भनी जीवात्मा र परमात्माको वस्तुगत पार्थक्यलाई सप्रमाण प्रतिष्ठापन गरिएको छ। फलतः यी दुई तत्त्वका बिचमा उपास्य-उपासक भाव, सेव्यसेवक भाव शेषशेषीभाव आदि सम्बन्धहरू श्रुति, स्मृति, इतिहास, पुराण, आगममा निर्दिष्ट प्रमाण वचनका आधारमा निर्धारित छन्।

यस दर्शनले प्रत्यक्ष, अनुमान र शब्द गरी तीन प्रमाणहरू प्रमेय साधकका रूपमा स्वीकार गरेको छ। त्यस्तै द्वैतवादलाई दृढतापूर्वक प्रतिष्ठापन गर्न विशेष गरेर १ जीव र ईश्वरको भेद २ - जड र ईश्वरको भेद ३- जीव र जडको भेद, ४- एकआपसमा जीवजीवका बिचमा भेद ५- जडहरूको भेद गरी पाँच प्रकारका भेदहरू सिद्धान्तका रूपमा निर्दिष्ट छन्। प्रपञ्चात्मक कार्यका प्रति ईश्वरलाई निमित्त कारण मान्ने शुद्ध द्वैत वेदान्त

---

२० पूर्णा आत्मतत्त्वप्रतिपादकशास्त्रे प्रज्ञा = मतिर्यस्य स पूर्णप्रज्ञः मध्वाचार्य इत्यर्थः, तेन प्रवर्तितं दर्शनं पूर्णप्रज्ञदर्शनम्) (सर्वदर्शन सङ्ग्रहः उदोद्घातः, पृ. ७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दर्शनले अल्पज्ञत्व धर्मले युक्त जीवात्मा हुन्छ भने सर्वज्ञत्व धर्मले युक्त परमात्मा हुन्छ भनी जीवात्मा र परमात्माको स्वरूपलाई निर्धारण गरेको छ। यो वस्तुगत भेदलाई कुनै पनि प्रकारले निषेध गर्न सकिँदैन, त्यसैले जीवात्मा र परमात्माको तादात्म्य कदापि सम्भव छैन भन्दै श्रुति, स्मृति, इतिहास, आगम र पुराणका आधारमा द्वित्ववादलाई अप्रकम्प्य रूपमा सिद्ध गरिएको छ। वेदलाई अनादि, अपौरुषेय, स्वतः प्रमाण मान्ने शुद्ध द्वैतका केही विचारहरू सविशेष चैतन्यवादको विवेचक विशिष्टाद्वैतसँग मिल्दाजुल्दा छन्। सप्रमाण द्वित्ववादको परिपोषक मध्वाचार्यका दार्शनिक सिद्धान्तहरूको विवेचक **पूर्णप्रज्ञभाष्यम्**, **गीताभाष्यम**, **महाभारततात्पर्यनिर्णयः**, **श्रीमद्भागवततात्पर्यनिर्णयः** जस्ता गहकिला कृतिहरू छन्। जसमा जीवात्मा र परमात्माको भेद, यी दुईका सम्बन्धहरू, जीवात्मा, परमात्मा र प्रकृतिको स्वरूप, प्रपञ्चात्मक कार्यका प्रति ब्रह्म निमित्त कारण, जीवको अणुत्व, नित्यत्व, अल्पज्ञत्व र शेषत्वका सम्बन्धमा विचारपूर्वक निर्णय, परमात्मा सर्वव्यापी, सर्वान्तर्यामी हुन्छ लगायतका शुद्ध द्वैतका अभिमत सिद्धान्तहरू विवेचित छन्। समग्रमा भन्नुपर्दा शुद्ध द्वैतवादको सङ्क्षिप्त परिचय यही नै हो।

२.३१.२ द्वैताद्वैतवेदान्त (निम्बार्काचार्य)

द्वैत र अद्वैत दुवै रूपमा ब्रह्मको अस्तित्वलाई स्थापित गर्ने वेदान्त नै **द्वैताद्वैतवेदान्त**का नामले विश्वप्रसिद्ध छ।

सविशेष ब्रह्मवादीहरूमा द्वैताद्वैतवेदान्तका प्रवर्तक निर्म्बाकाचार्य पनि एक हुनुभयो, त्यसकारण यसलाई **निम्बार्कवेदान्त** पनि भनिन्छ। केही यसका अनुयायी विवेचक विद्वान्हरूले **स्वाभाविक द्वैताद्वैतवेदान्त**का नामले पनि यसलाई चिनाउने गरेका छन्।

निम्बार्काचार्य दाक्षिणात्य तेलगु ब्राह्मण हुनुहुन्थ्यो। यहाँको प्रसिद्धि निम्बादित्य, नियमानन्द नामले पनि रहेको पाइन्छ। निम्बर्काचार्यको जन्मकालका सम्बन्धमा ठुलो मतभेद छ। सनकादि अंशका रूपमा निम्बार्काचार्यको अवतार कलियुगमा हुने छ भनी पुराणमा उल्लेख भएकाले, सनक सम्प्रदायका प्रवर्तक आचार्य निम्बार्क हुनुहुन्थ्यो भन्ने ऐतिहासिक तथ्य भए तापनि रामानुजाचार्य पछि नै यहाँको जन्म भएको हो भन्ने धेरैको मत छ। त्यसैले भारतीय दर्शनका इतिहास भाग ३ मा स्पष्ट उल्लेख गरिएको छ- रामानुजाचार्यको केही समयपश्चात् निम्बार्काचार्यको इ.सं. ११६५ मा भएको हो। यस कथनलाई धेरैले समर्थन पनि गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस्तै राधाकृष्णन्को भारतीय दर्शनमा निम्बार्काचार्य एघारौँ शताब्दीका हुनुहुन्थ्यो भनी उल्लेख गरिएको छ। (**भारतीय दर्शन, भाग–२, पृ. ६५९**)

दक्षिणभारतको गोदावरी तटमा अवस्थित वैदूर्यपत्तन (मूग पैष्ण) नामक ग्राममा जन्मेका निम्बार्काचार्यको पिताको नाम जगन्नाथ र माताको नाम सरस्वती देवी थियो। कसै कसैले पिता अरुणमुनि र मुनिपत्नी जयन्ती देवीका गर्भबाट निम्बार्काचार्यको जन्म भएको थियो भनी उल्लेख गरेका छन्।

निम्बार्काचार्य वा निम्बादित्य नाम किन भयो भन्ने जिज्ञासामा एउटा ऐतिहासिक घटना प्रसिद्ध छ। त्यो के हो भने निम्बार्काचार्यको पहिलो नाम नियमानन्द थियो, पछि जन्मभूमिबाट व्रजमा आएर त्यहीँ निवास गरिरहेको क्रममा कुनै दिन अकस्मात् शिष्यका साथ विद्वान् दण्डी सन्न्यासीको आगमन भयो। त्यसपछि दुई जना सन्तका बिच दिनभरि अनवरत रूपमा आध्यात्मिक चिन्तन चल्यो। चिन्तन गर्दागर्दै सूर्यास्त भएको थाहा नै भएन। सूर्यास्तपश्चात् दण्डी सन्न्यासीलाई भोजन गर्न निषेध छ। यसरी सन्न्यासीले सूर्यास्तपश्चात् भोजन गर्नु हुन्न भन्ने विषयलाई लिएर नियमानन्द दुखित हुनुभयो। त्यस अवसरमा आफ्नो दैवी प्रभावलाई प्रकट गर्दै नीम वृक्षको पछिल्लो भागमा प्रकाश भइरहेको सूर्यको साक्षात् दर्शन गराएर अहिले सूर्यास्त भएको छैन भन्ने अवस्थालाई आत्मसात् गराउँदै सन्न्यासीलाई भोजन गराएको कारण सन्तको आशीर्वचनले त्यस दिनदेखि नियमानन्द निम्बार्काचार्यका नामले प्रसिद्ध हुनुभएको हो भनी निम्बार्काचार्यका जीवनवृत्त प्रकाशक भक्तमाला आदि ग्रन्थमा उल्लेख गरिएको पाइन्छ। त्यसमा निम्बको अर्थ निमको वृक्ष हो भने अर्क शब्दको अर्थ सूर्य। यसरी नियमानन्द निम्बार्काचार्य हुनुभएको हो भन्ने आभाणक प्रसिद्ध छ।

यसमा ध्यातव्य विषय के छ भने- निम्बार्काचार्य र द्वैताद्वैतवेदान्त सबैभन्दा प्राचीन आचार्य र प्राचीन दर्शन हुन् भनी यसका अनुयायीहरूद्वारा प्रमाणित गर्ने प्रयत्न गरिएको छ, तर त्यो तथ्य साक्ष्यका आधारमा सिद्ध हुने देखिँदैन। त्यसमा एउटा प्रबल प्रमाण के हो भने भने यदि रामानुजाचार्य र मध्वाचार्यभन्दा पूर्ववर्ती निम्बार्काचार्यलाई मान्ने हो भने तेह्रौँ शताब्दीका उत्तरार्धका सर्वदर्शनसङ्ग्रहकार सायणमाधवाचार्यद्वारा जसरी रामानुज दर्शन र पूर्णप्रज्ञादर्शनको विवेचन गरियो तदनुरूप द्वैताद्वैतवेदान्तको पनि त्यसताका प्रचारमा आएको थियो भने यसमा समावेश हुनुपर्थ्यो, तर त्यो छैन, त्यसैले द्वैताद्वैतवेदान्तको प्रचार त्यति बेला थिएन भन्ने तथ्य प्रमाणित हुन्छ। जब यही प्रकृतिका वेदान्त दर्शनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विवेचन गर्ने सायणमाधवाचार्यद्वारा निम्बार्कवेदान्तको सङ्ग्रह गर्नु नपर्ने वस्तुगत तथ्य के हो त ? जसको कुनै वस्तुगत समाधान देखिँदैन। पुराणमा केही उल्लिखित श्लोक प्रमाणका आधारमा निम्बार्काचार्यको सर्वप्राचीनत्वलाई स्वीकार गर्ने हो भने त्यसमा उल्लेख भएअनुसार भविष्यमा यस्ता आचार्यहरू हुनुहुने छ भन्ने नियम सबै आचार्यका लागि समान रूपले लागू हुन्छ। त्यो केवल निम्बार्काचार्यका लागि मात्र होइन। त्यसैले उपलब्ध र प्रामणिक तथ्य र साक्ष्यका आधारमा निम्वार्काचार्य, रामानुजाचार्य र मध्वाचार्यपछिका नै हुनुहुन्छ भन्ने मत नै सर्वथा प्रामणिक र वास्तविक प्रतीत हुन्छ।

द्वैताद्वैतवेदान्तमा घटक दुई पदहरू छन्- द्वैत र अद्वैत। त्यसमा द्वैतको अर्थ द्वित्व हुन्छ भने अद्वैतको अर्थ द्वित्वको अभाव। यसरी द्वित्व र त्यसको अभाव यी दुवै परमात्माका अवस्था विशेष हुन् भन्ने कथनलाई शास्त्र र प्रमाणका आधारमा व्यवस्थापन गर्दै तदनुकूल सिद्धान्तको निर्धारक वेदान्तलाई द्वैताद्वैत वा भेदाभेदवेदान्त भनिन्छ। जसरी जलगत तरङ्ग अवस्था विशेषले जलदेखि भिन्न, अभिन्न दुवै रूपमा अनुभूत छ त्यसरी नै जीव अवस्थाका भेदले ब्रह्मरूप र त्यसदेखि भिन्न दुवै अवस्थामा जीवको स्वरूप पनि अनुभूत छ। ती जीवहरू असङ्ख्य तथा अणुरूप छन्। त्यसैले वेदान्त कौस्तुम्भकार श्रीनिवासाचार्यद्वारा जीवको स्वरूपको स्पष्ट गर्दै भनिएको छ- अचिद्वर्गदेखि भिन्न ज्ञानस्वरूप, ज्ञातृत्व, कर्तृत्व आदि धर्मले युक्त ईश्वर परतन्त्र, प्रतिशरीर भिन्न, बन्ध र मोक्षयोग्य, चित् शब्दद्वारा व्यक्त जो आत्मा हुन्छ त्यो नै जीव हो[२१]। त्यस्तै वेदवेदान्तवेद्य अनन्त, अचिन्त्य, स्वाभाविक गुण शक्ति, पराक्रम आदिले सर्वोत्कृष्ट रमापति श्रीकृष्ण नै ब्रह्मतत्त्व हो। जो जीव मात्रका आराध्य हुन्छ भनी वेद, वेदान्त, रामायण, महाभारत आदि प्रामाणिक शास्त्रहरूले एक स्वरमा बताएका छन्। जसको अन्यन्य भक्तिद्वारा बद्ध जीवहरू मुक्त हुन्छन्। जसको शरणागति नै मोक्षप्राप्तिका लागि प्रधान साधन हो भनी शरणागति तत्त्वका प्रतिपादक शास्त्रहरूले निर्देश गरेका छन्। यस्तो विलक्षण प्रपञ्चात्मक कार्यका प्रति अभिन्न निमित्तोपादन कारण हुन्छ[२२], त्यसलाई उपासकहरूले श्री राधाकृष्ण, पुरुषोत्तम, राधारमण आदि नामहरूले पुकार्दछन् त्यो नै

---

२१ तत्राचिद्वर्गभिन्नो ज्ञानस्वरूपो ज्ञातृत्वकर्तृत्वादिधर्मकोऽहमर्थरूपो भगवदायत्तस्वरूपस्थित प्रवृत्तकोऽणुपरिमाणकः प्रतिशरीरं भिन्नो वन्धमोक्षार्हश्चित्पदार्थः (वेदान्तकौस्तुभम्, ब्रह्मसूत्रम् भाष्यम, पृ. ७)

२२ इह खलु सर्वेश्वरः सर्वात्मा सर्वजगदभिन्ननिमित्तोपादनकारणरूपो भगवान् पुरुषोत्तमः श्रीवासुदेवः .... (श्री ब्रह्मसूत्रम्, वेदान्तकौस्तुभम्, पृ. २)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सर्वेश्वर, परब्रह्म, सर्वान्तर्यामी, सर्वव्यापक परमात्मा तत्त्व भन्ने निष्कर्ष निम्बार्क वेदान्त दर्शनको छ। यस्तो ब्रह्मतत्त्व शब्द प्रमाणदेखि अतिरिक्त अनुमान आदि प्रमाणगम्य कदापि हुन सक्तैन भन्दै अनुमानप्रमाणद्वारा ईश्वरको अस्तित्वलाई स्थापित गर्ने नैयायिक र वैशेषिकहरूको मत खण्डन गरिएको छ। त्यस्तै वेदहरू अनादि, अपौरुषेय स्वतः प्रमाण हुन् भनी स्वीकार गर्दछ यो वेदान्त दर्शनले। यसबाट स्पष्ट हुन्छ- प्रत्यक्ष, अनुमान र शब्दलाई प्रमाणका रूपमा स्वीकार गर्दै तदनुरूप नै आफ्ना दार्शनिक सिद्धान्तलाई स्थापित गर्ने द्वैताद्वैतवादीहरू अचित्पदबोध्य त्रिगुणात्मिका प्रकृति, त्यसका भेद उपभेदहरू पनि उदाहरणका साथ विवेचन गरी तत्सम्बन्धी निर्णय गर्दछन् र यी सबै परमात्माका अंश हुन् भनी सप्रमाण व्यवस्थापन गर्दछन्। यस दर्शनका अभिमत, सिद्धान्तका विवेचक प्रामाणिक ग्रन्थहरूमा निम्बार्काचार्यद्वारा ब्रह्मसूत्र माथि लेखिएको **वेदान्तपारिजातसौरभम्** नामक भाष्यग्रन्थ, वेदान्तदशश्लोकी मन्त्ररहस्यषोडशी र श्रीनिवासाचार्यको **वेदान्तकौस्तुभभाष्यम्**लगायतका अनेकौं दार्शनिक ग्रन्थहरू छन्। जसमा यसका मौलिक सिद्धान्तहरू सप्रमाण विवेचित छन्।

२.३१.३ शुद्धाद्वैतवेदान्त (वल्लभाचार्य)

वेदान्त वाङ्मयमा वैष्णववेदान्तहरूमध्ये **शुद्धाद्वैतवेदान्त** पनि एउटा स्थापित वेदान्त दर्शन हो। श्रीविष्णुस्वामीका अनुयायी वल्लभाचार्यद्वारा विशेष प्रचार-प्रसारमा आएर यसको वैभव आलोकित भएको कारण यसलाई **वल्लभवेदान्त** पनि भन्दछन्। यसरी शुद्धाद्वैतवेदान्तका प्रवर्तक आचार्यका रूपमा वल्लभाचार्यको विश्वप्रसिद्धि छ।

यहाँको जन्म इस्वी सन् १४०१ मा दक्षिण भारतमा भएको थियो भनी **भारतीय दर्शन** नामक पुस्तकमा राधाकृष्णन्ले उल्लेख गरेका छन् **(भारतीय दर्शन भाग २ पृष्ठ ६६३)** वल्लभाचार्यको पिताको नाम लक्ष्मण भट्ट थियो भने माताको नाम जल्लमगरु। वैशाख कृष्णपक्ष वरुथिनी एकादशी तिथिमा वल्लभाचार्यको जन्म भएको कारण कतिपय भारतीय तथा नेपाली पञ्चाङ्गहरूमा **वल्लभाचार्य जयन्ती** भनी स्पष्ट उल्लेख गरिएको पाइन्छ। यही दिन यस सम्प्रदायका अनुयायीहरूद्वारा **वल्लभाचार्य जन्मजयन्ती** उत्सव मनाइन्छ। यसबाट प्रमाणित हुन्छ यो तिथि नै वल्लभाचार्यको जन्म तिथि हो। यहाँले वेदको अध्ययन बाल्यकालमा नै माधवयतीन्द्र आदि विभिन्न वैदिक विद्वान्हरूबाट गर्नुभएको थियो भने पिताबाट अरू शास्त्रको अध्ययन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्नुभएको थियो भन्ने विषयलाई जीवनी प्रकाशक अभिलेखहरूले प्रमाणित गरेका छन् ।

विशेष गरेर वल्लभाचार्य विष्णुस्वामी सम्प्रदायका अनुयायी वा प्रवर्तकका रूपमा चिनिनुहुन्छ । किनकि वल्लभ सम्प्रदायका प्रधान आचार्य विष्णुस्वामीलाई मानिन्छ । त्यसैले यसको नाम **'विष्णुस्वामिवल्लभसम्प्रदाय'** पनि हो । प्राचीन आचार्यहरूको कथन छ- विष्णुस्वामीद्वारा ब्रह्मसूत्रमाथि भाष्यको रचना गरिएको थियो, जुन भाष्यको नाम **सर्वज्ञसूत्र** थियो तर कुनै समयमा विधर्मीहरूको आक्रमण भएकाले सनातन धर्मका तात्कालिक मौलिक धेरै ग्रन्थहरू जलाइए । त्यसैमा यो भाष्य पनि पऱ्यो भन्ने केही प्राचीन इतिहासविद्हरूको मत छ । त्यसकारण त्यस बेलाका ओजस्वी विद्यावैभवका धनी वल्लभाचार्यद्वारा शुद्धाद्वैतवादलाई पुनरुज्जीवित गर्न ब्रह्मसूत्रमाथि **अणुभाष्यम्** नामक भाष्य लेखेर यो वेदान्त दर्शनलाई आलोकित गर्ने कार्य गरियो ।

निर्विशेषाद्वैतवादका विरुद्ध सविशेषद्वैतवादको समर्थनमा दृढतापूर्वक आफ्ना चिन्तनहरूलाई अगाडि सार्न जागरूक यो वेदान्त दर्शनले ब्रह्म जस्तै जगत्, प्रकृति, जीव, सत्य हुन् भन्ने सिद्धान्तलाई प्रतिष्ठापित गर्दछ । अद्वैतीको जस्तो मायाको कार्य प्रपञ्च मिथ्या होइन, अपितु ब्रह्मबाट उत्पन्न जेजति वस्तु छन्, ती सबै ब्रह्मस्वरूप हुन्, अतः सत्य हुन् । अर्थात् कारण ब्रह्म र कार्य ब्रह्म एक हो ।

त्यसैले भनिएको छ - सर्वं खल्विदं ब्रह्म (छान्दोग्योपनिषद्, चतुर्दश खण्ड, मन्त्र १, पृ. २८) अर्थात् - यो दृश्यमान जेजति छ, त्यो सबै ब्रह्मस्वरूप हो, ब्रह्मदेखि अतिरिक्त केही छैन भन्दै जगत्मा ब्रह्मत्वको सिद्धि गरिएको छ । फलतः कारणब्रह्म र कार्यब्रह्मको ऐक्य नै शुद्धाद्वैत हो भन्ने वल्लभाचार्यको निष्कर्ष छ ।

विशिष्टाद्वैतीहरू प्रपञ्चात्मक जगत् सत्य भए तापनि विनाशशील छ भन्दछन् भने शुद्धाद्वैतीहरू जगत्लाई तिरोभाव र आविर्भावका रूपमा स्वीकार गर्दछन् । त्यसैले जीवभाव भनेको आनन्दको तिरोभावावस्था हो न कि आनन्दको अभाव । यही अवस्था जडात्मिका प्रकृतिमा पनि रहेको हुन्छ । अतएव आनन्दांश र चिद् अंशको तिरोभाव भएकाले प्रकृतिलाई जड भनिएको हो । यसको तात्पर्य जडात्मक प्रकृतिमा आनन्दको अभाव नभएर त्यसको तिरोभाव मात्र हो । यसरी आविर्भाव र तिरोभावका आधारमा जीवगत आनन्द र प्रकृतिगत आनन्दको स्वरूप निर्धारित गरिन्छ । फलतः जब आनन्दको आविर्भाव हुन्छ त्यस्तो स्थितिमा जीव, प्रकृति सबै ब्रह्मस्वरूप नै हुन्, अतः यसलाई शुद्धाद्वैत भनिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आकाशको समान ब्रह्म सर्वव्यापी[२३] हुन्छ, त्यसकारण ब्रह्म समवायिकारण हुँदो छदो निमित्तकारण पनि हुन्छ। यसमा स्मरणीय के छ भने माटोबाट बनेको जो गाग्रो हुन्छ त्यसका प्रति माटोरूप कपाल समवायिकारण, दुइटा कपालको संयोग असमवायिकारण र त्यसदेखि अतिरिक्त कुमाले चक्र आदि निमित्तकारण हुन्छन्। त्यसैले कार्य मात्रमा तीन प्रकारका कारणहरू हुन्छन् भन्ने नैयायिकहरूको मत छ। त्यसमा वेदान्तीहरूले समवायिकारणलाई उपादानकारण भन्दछन्, त्यसदेखि अतिरिक्त असमवायिकारणलाई स्वीकार गर्दैनन्। त्यसमा निमित्तकारण त्यसलाई भनिन्छ जो कार्यदेखि भिन्न रहेर कार्यको निष्पादक हुन्छ। जस्तै कुमाले, चक्र आदि गाग्राका प्रति निमित्तकारण हुन्छन्, तर वस्तु उत्पन्नपश्चात् तिनीहरूको त्यसमा (कार्य) कुनै संलग्नता रहँदैन, तर माटोको परिष्कृत परिणामविशेष नै गाग्रो भएकाले माटोदेखि अतिरिक्त गाग्राको अस्तित्व हुँदैन, त्यसैले गाग्राका प्रति माटो समावायिकारण हो। यसबाट स्पष्ट हुन्छ, समावायिकारण भनेको स्वंय कारण नै कार्यका रूपमा परिणत भएर कार्यसँग आफ्नो अस्तित्वलाई कायम गर्ने कारणविशेष हो भने कार्यको निष्पत्तिका अवसरमा मात्र सहयोगी हुने कार्यदेखि सर्वथा भिन्न निमित्तकारण। यही प्रकृतिको कार्यकारण भावलाई व्यवस्थापन गर्दै शुद्धाद्वैतीहरू ब्रह्मगत कार्यता र कारणताको निर्धारण गर्दछन्। त्यो के हो भने प्रपञ्चात्मक कार्यका प्रति ब्रह्म समवायिकारण, निमित्तकारण दुवै हुन्छ। किनकि स्वंय ब्रह्म निमित्त भएर सृज्यवस्तुहरूको व्यवस्थापन गर्दै कारणब्रह्म नै कार्यब्रह्म परिणत हुने भएकाले ब्रह्ममा उभयकारणता निर्विवाद सिद्ध छ, त्यो कसरी भन्दा ब्रह्मदेखि अतिरिक्त केही पनि छैन। अतः सत् स्वरूप ब्रह्मबाट सद्रूप चराचार प्रपञ्चात्मक कार्य उत्पन्न हुन्छ, फलतः कार्य मात्रमा अभिन्ननिमित्तोपदन कारणब्रह्मको अभिव्याप्ति छ। यो नै कारणब्रह्म र कार्यब्रह्मको ऐक्य हो। त्यति मात्र नभएर ब्रह्मगत विशेषताको विवेचन गर्दै भनिएको छ- साकार, सर्वशक्तिसम्पन्न, सर्वज्ञ, सर्वकर्तृक, सच्चिद् आनन्दस्वरूप, प्राकृत धर्मले रहित अप्राकृतिक समग्र धर्मको आश्रय, शास्त्र मात्रगम्य जस्ता अनेकौं विशेषणले युक्त विलक्षण जो तत्त्व हो, त्यही ब्रह्मतत्त्व हुन्छ भनी शुद्धाद्वैतीहरू वेद, उपनिषद्, आगम, भगवद्गीता, भागवतपुराण आदिका वचनहरूलाई प्रमाणका रूपमा अगाडि सारेर मायाको सम्बन्धले रहित शुद्धाद्वैत स्वरूप ब्रह्म हुन्छ भनी प्रतिपादन गर्दछन्। यस प्रकारको विवेचनबाट अद्वैतीहरूले स्वीकार गरेको निर्धमक

---

२३ आकाशवद् व्यापकं हि ब्रह्म (शुद्धाद्वैतमार्तण्ड, पूर्वपीठिका, पृ. ८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निर्विशेष ब्रह्म हुन्छ भन्ने निर्विशेषाद्वैतवाद स्वतः निस्तेज र निराकृत हुन्छ। त्यसैले शुद्धाद्वैतमा घटक शुद्धपद[२४]को अर्थ मायाको सम्बन्ध नहुनु हो अर्थात् जसमा मायाको सम्बन्ध छैन त्यो नै शुद्धाद्वैतब्रह्म हो।

अन्य वेदान्त दर्शनको अपेक्षा यस वेदान्तले एउटा भिन्न विशेषतालाई सिद्धान्तका रूपमा स्थापित गरेको पाइन्छ। त्यो के हो भने अरू वेदान्तहरूले ब्रह्मसूत्र, उपनिषद् र भगवद्गीता यी तीन ग्रन्थलाई पारमार्थिक विद्याका मूलग्रन्थ मानेर प्रस्थानत्रयीका रूपमा स्वीकार गरेका छन् भने वल्लभाचार्यद्वारा प्रस्थानचतुष्ट्यवादलाई स्थापित गरिएको छ। यो यस दर्शनको दार्शनिक वा सैद्धान्तिक विशेषता हो। किनकि वेदान्त दर्शनका उपजीव्य तीन ग्रन्थहरू ता छँदै छन्। त्यसमा **श्रीमद्भागवतपुराण** पनि यस वेदान्तको उपजीव्य ग्रन्थ हो। त्यसकारण **श्रीमद्भागवतपुराणलाई** वेदान्तको मौलिक तथा प्रामाणिक ग्रन्थका रूपमा स्वीकार गर्दै त्यो पनि भिन्न स्वतन्त्र प्रस्थान हो भनिएको छ। यसरी वल्लभाचार्यद्वारा उच्चकोटिका सिद्धान्तनिर्धारक कृतिहरूमा भागवतपुराणमा लेखिएको **सुबोधिनी**नामक व्याख्या पनि एक हो। अतएव यो अत्यन्त लोकप्रिय र भागवतपुराणमा लेखिएका टीकाहरूमध्ये अन्यतम, प्रामाणिक र सुपरिष्कृत टीकाका रूपमा समादृत छ। त्यस्तै ब्रह्मसूत्रको अणुभाष्यमाथि तत्त्वदीप, त्यसको पनि प्रकाशनामक व्याख्या लेखेर शुद्धाद्वैतवाद र पुष्टिमार्गको राम्ररी विवेचन, विस्तार र प्रकाश गर्ने स्तुत्य प्रज्ञाप्रधान कार्य गर्दै दार्शनिक वाङ्मयको अभिवृद्धिमा उल्लेख्य योगदान वल्लभाचार्यले गर्नुभएको थियो। यसरी छोटा ग्रन्थहरूसहित ८४ ओटा विभिन्न प्रकृतिका महनीय कृतिहरू लेखेर रुद्रसम्प्रदायका अपरावतार वल्लभाचार्य वैष्णववेदान्तका चार आचार्यहरूमध्ये ओजस्वी, शुद्धाद्वैतवाद र पुष्टिमार्गका प्रवर्तक र प्रखर प्रचारक आचार्यका रूपमा स्थापित हुन सफल हुनुभएको तथ्य सर्वथा प्रमाणित हुन्छ।

यसरी प्रस्थानचतुष्ट्यवादी[२५] वल्लभाचार्यद्वारा शुद्धाद्वैतवेदान्तका अभिमत प्रमेयहरूको सिद्धिका लागि **वेद**, **भगवद्गीता**, **ब्रह्मसूत्र** र

---

२४ मायासम्वन्धरहितं शुद्धमित्युच्यते वुधैः, (शुद्धाद्वैतमार्तण्ड, पूर्वपीठिका, पृ. ३६)

२५ वेदाः श्रीकृष्णवाक्यानि व्याससूत्राणि चैव हि।
समाधिभाषा व्यासस्य प्रमाणं तच्चतुष्टयम् ॥
(शुद्धाद्वैतमार्त्तण्ड कारिका, ७०, पृ. ९४) -अर्थात् वेदहरू, श्रीकृष्णका वचनहरू (भगवद्गीता) व्याससूत्र (व्रह्मसूत्र) व्यासाचार्यको समाधिभाषा (श्रीमद्भागवतपुराणम्) यी चार मात्र प्रमाणहुन्छन्, त्यस देखि विरुद्ध जेजति छन्, तिनलाई प्रमाण मानिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भागवतपुराण यी चार ग्रन्थलाई नै प्रमाणका रूपमा स्वीकार गरिएको छ। यो नै शुद्धाद्वैतवेदान्तको सङ्क्षिप्त परिचय-विवरण हो।

२.३२ उपसंहार र निष्कर्ष

प्रस्तुत कृति तीन खण्डमा विभक्त छ। त्यसमा प्रथम खण्डअन्तर्गत **रामानुजाचार्यको जीवनी** प्रस्तुत छ। त्यस्तै द्वितीय खण्डमा दार्शनिक वैभव, प्रभाव र अन्य वैष्णववेदान्त दर्शनहरूको सङ्क्षिप्त परिचय र समीक्षा जस्ता विषयहरूको समावेश छ। त्यस्तै तृतीय खण्डमा परिशिष्ट तथा सन्दर्भ ग्रन्थसूची समाविष्ट छ। यसमा विशष्टाद्वैतदर्शनका केही पारिभाषिक शब्दार्थविवरण, प्रमाणप्रमेयको सङ्क्षिप्त परिचय जस्ता विषयहरू निर्दिष्ट छन्। त्यस्तै प्रथम खण्डमा विषयवस्तुको प्रकृतिअनुसार शीर्षक उपशीर्षकहरूको निर्धारण गरी प्रतिपाद्य र विवेच्य विषयहरूको विचार-विमर्श गरिएको छ। जसमा विशिष्टाद्वैतवेदान्त दर्शनका शिखर आदर्श पुरुष, सविशेषाद्वैतवादका प्रखर व्याख्याता उपदेशक, विचारक वेद मात्रका प्रामाण्यप्रतिष्ठापक, भक्ति र प्रपत्तिका मर्मज्ञ विस्तारक, साक्षात् शेषावतार भगवद्रमानुजाचार्यको चरित्र-वैभवलाई सङ्क्षिप्त रूपमा प्रकाशित गरिएको छ। यस प्रसङ्गमा रामानुजाचार्यको जीवनीसँग जोडिएका धेरै विषयहरू कुनै न कुनै रूपमा शास्त्रीय विषयअन्तर्गत वेदान्त दर्शनको प्रबोधन, सच्चरित्र, वैदुष्य, प्रभाव र वैभवलाई आलोकित गर्ने प्रयास गरिएको छ। प्रारम्भिक जीवनदेखि १२० वर्षसम्मका रामानुजाचार्यका जीवनीपरक धेरै विषयहरू यसमा समाविष्ट छन्। विषयवस्तुको प्रकृतिका आधारमा केही विस्तृत र केही सङ्क्षिप्त चर्चा गरी यथासम्भव जीवनीसम्बन्धी सबै अङ्गहरूको उपयुक्त उपन्यास गरी यसलाई सबैले बुझ्ने किसिमले विषयहरूको उपस्थापन गर्ने प्रयास गरिएको छ। त्यो चाहे गुरुशिष्य संवाद होस्, शिष्यलाई उपदेश गर्ने प्रसङ्ग होस्, चाहे आफैँले अध्ययन र अध्यापन गर्ने विषयवस्तु किन नहोस्, चाहे तीर्थयात्रा गर्दा भएका विशेष अविस्मरणीय घटनाको चर्चा ती सबै विषयहरू उपस्थापन गर्दा विशिष्टाद्वैतवेदान्त र भगवद् विषयलाई केन्द्रीय विषयवस्तुका रूपमा प्रस्तुत गर्ने यथासम्भव प्रयास गरिएको छ। यसमा रामानुजाचार्यको जीवनीसँग रामानुजदर्शन, भगवद्भक्ति, प्रपत्ति जस्ता पारमार्थिक र तात्त्विक विचारहरू कृतिका मूल प्रघट्ट भएर यसमा समाविष्ट छन्।

विशेषतः रामानुजाचार्यको जीवनीलाई प्रामाणिकताका साथ प्रस्तुत गर्न अहिलेसम्म प्रकाशित र उपलब्ध आचार्यवैभवम्, प्रपन्नामृतम्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुरुपरम्पराप्रभावम् जस्ता ग्रन्थका साथै अरू आधिकारिक ग्रन्थअन्तर्गत भूमिका वा उपोद्घातम्मा लेखिएका विषयवस्तुका आधारमा रामानुजाचार्यको चरित्र, कृति र कृतिगत विशेषताको चर्चा गरिएको छ। यसरी प्रस्तुत कृतिको प्रथमभाग रामानुजाचार्यको जीवनी केन्द्रित रहेको कुरो स्पष्टै छ। यस्ता विषयवस्तुहरूको चर्चा गर्दा तदनुरूप शीर्षक उपशीर्षकहरू निर्धारित छन्।

दोस्रो भागमा सविशेषाद्वैतवादको वैभव र प्रभावलाई प्रामाणिकताका साथ प्रतिपादन गर्न यसका मूलग्रन्थहरू श्रीभाष्यम्, वेदार्थसङ्ग्रह, वेदान्तदीप, यतीन्द्रमतदीपिका लगायतका उपजीव्य ग्रन्थहरूको प्रयोग गरिएको छ। त्यसमा अरूको मत खण्डन गर्दा मूलग्रन्थप्रतिपाद्य विषयवस्तुलाई उपस्थापन गरी मतगत साम्य वैषम्यको समीक्षण र परिशीलन गर्दै वस्तुतत्त्वको निष्कर्षात्मक धारण उपस्थापन गरिएको छ। यसअन्तर्गत वेद र वेदान्तको विशेषता, तत्त्वत्रयवाद, विशिष्टाद्वैतको व्युत्पत्ति र परिभाषा, वेदान्तविद्यामा पारमार्थिकता, विशिष्टाद्वैतवादको वैशिष्ट्य चित् र अचित् तत्त्वको स्वरूप, प्रमाणविचार, ईश्वरको लक्षण र त्यसका भेदहरू, जीवको लक्षण, ईश्वरसँग चेतन र अचेतनको सम्भावित सम्बन्धहरू पुरुषोत्तम शब्दको विशेषता, जगज्जन्म आदिका प्रति ब्रह्मको अभिन्ननिमित्तोपादनकारणता जस्ता विषयवस्तुहरू तदनुरूप शीर्षक उपशीर्षकहरूका साथ विवेचित र प्रतिपादित छन्। त्यस्तै **वेद र वेदान्त**नामक उपशीर्षक देखि **ईश्वरनामक** उपशीर्षकसम्मका विषयहरूलाई दार्शनिक वैभवका रूपमा निर्धारित गरिएको छ भने, **पुरुषोत्तम शब्द**को प्रयोग उपशीर्षकदेखि **विशिष्टाद्वैत**को **वैशिष्ट्य सम्म**का विषयहरूलाई दार्शनिक प्रभावका रूपमा व्यवस्थापन गरिएको छ। यस खण्डको अर्को विवेच्य विषयका रूपमा **वैष्णववेदान्तदर्शनहरूको सङ्क्षिप्त परिचय र समीक्षा** नामक शीर्षक निर्धारित छ। त्यसपछि **उपसंहार** र **निष्कर्ष** प्रस्तुत गरी यो खण्डको समाप्ति भएको छ।

यसमा विशेष गरेर युक्ति, उपपत्ति, श्रुति, स्मृतिका आधारमा सविशेषाद्वैतको महनीयता, प्रामाणिकता र सार्वभौमिकतालाई प्रतिष्ठापित गर्ने प्रयास गरिएको छ, साथै तत्सम्बन्धी चर्चा गरेर शास्त्रसम्मत विशिष्टाद्वैत सिद्धान्तको मौलिकता र वेदमूलकतालाई सप्रमाण निरूपण र विवेचन गरी प्रस्तुत गरिएको छ। अन्तमा विशिष्टाद्वैत दर्शनले स्वीकार गरेका प्रमाण, प्रमेयलगायत अरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पारिभाषिक शब्दहरूको सङ्क्षिप्त परिचयात्मक विवरण तृतीय खण्डअन्तर्गत परिशिष्टका रूपमा समाविष्ट छ। त्यसपछि अन्तमा सन्दर्भ ग्रन्थसूची राखिएको छ। यसरी यो लघुकृतिको पूर्णता हुन्छ।

निष्कर्षमा भन्नुपर्दा विशिष्टाद्वैत दर्शनका मूलभूत सिद्धान्तहरूको परिचायक यो लघुप्रबन्ध यसका जिज्ञासु अनुसन्धाता अध्येताहरूका लागि अत्यन्त उपयोगी, सहयोगी र मार्गदर्शक सिद्ध हुने छ भन्ने मेरो धारणा छ। किनकि यसमा रामानुजाचार्यको जीवनीलाई सर्वथा प्रामाणिकताका साथ उपस्थापन गर्ने व्यापक प्रयत्न मैले गरेको छु। कतिपय विषयहरूको पुनरावृत्ति जस्तो देखिए तापनि त्यो एकअर्काका परिपूरक वा उद्‌बोधकका रूपमा रहेकालाई त्यसको उल्लेख अनुपयुक्त छैन भन्ने मेरो ठहर छ। यति गर्दागर्दै पनि कतिपय ठाउँमा छुटेको, उल्लेख्य विषयको उल्लेख नभएको हुनसक्छ। तर पनि मूलभूत विषयहरू नछुटुन् भनेर यथासम्भव प्रयास पर्याप्त रूपमा गरेको छु। रामानुजाचार्यका चरित्र, वैभव, प्रतिभा र पारमार्थिक रहस्यज्ञता जस्ता जीवनचरित्रप्रधान उत्कर्ष आदर्शहरू सबै दार्शनिक, चिन्तक, वेदान्तका मर्मज्ञ, आचार्य, विशिष्ट कोटिका अनुसन्धाता, अध्येता, भगवद्‌रहस्यका उपदेशक तथा प्रचारकहरूलगायत यसका सर्वसाधारण जिज्ञासुजनहरूका लागि समेत सर्वथा मार्गदर्शक तथा उत्प्रेरक भएकाले त्यसको अध्ययन-अनुसन्धानसम्बन्धी लेखनबाट मलाई राम्रो प्रेरणा प्राप्त भएको छ। यस कार्यबाट संस्कृतका माध्यमले र गुरु परम्पराअनुसार विशिष्टाद्वैतवेदान्तदर्शनमा प्रवेश पाउन नसकेका जिज्ञासु महानुभावहरूलाई विशेष मार्गदर्शन वा लाभ मिल्नेछ। यस्तै एउटा विशिष्ट महापुरुषको चरित्रवैभवको परिचयका साथै विशिष्टाद्वैतदर्शनका मूलभूत प्रमाण र प्रमेय के के हुन् र सविशेषाद्वैत र निर्विशेषाद्वैतको सैद्धान्तिक भिन्नता के हो? त्यसको मोटामोटी समाधान प्राप्त गर्न यो पुस्तक नितान्त उपयोगी हुनेछ। त्यति मात्र नभएर वेदान्त वाङ्मयमा विशिष्टाद्वैतदर्शनको वैभव र प्रभाव केकस्तो रहेछ, त्यसको एउटा सङ्क्षिप्त स्वरूप यसमा अभिव्यक्त छ। विशेष गरेर ब्रह्मसूत्र, उपनिषद्, श्रीभगवद्‌गीताका आधारमा सविशेषाद्वैतवाद प्रतिष्ठापित छ, जसलाई विपुलीकृत गर्दै नाथमुनि, यामुनाचार्य, श्रीपराशरभट्टर, वेदान्तदेशिकाचार्य जस्ता प्रौढ वैदुष्यशाली महापुरुषहरूले विभिन्न कालखण्डमा यसका दार्शनिक सिद्धान्तलाई आलोकित गर्दै यसको अविच्छिन्न विद्यापरम्पराको संरक्षण र संवर्धन गर्नुभएको तथ्य घाम जस्तै छर्लङ्ग छ। त्यसको अझ राम्ररी संरक्षणका साथ यसको वैभव र प्रभावलाई प्रस्फुटित गर्न रामानुजाचार्यले उच्चकोटिको प्रामाणिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीभाष्यम् जस्तो ग्रन्थ लेख्नुभयो। त्यसको उपदेश गर्दै व्यापक रूपमा प्रचारप्रसार पनि गर्नुभयो। यो सबै वस्तुस्थितिलाई प्रकाश पार्दै तत्त्वमुक्ताकलापमा वेदान्तदेशिकाचार्य भन्नुहुन्छ- **नाथोपज्ञं प्रवृत्तं बहुभिरुपचितं यामुनेयप्रबन्धैः। त्रातं सम्यग् यतीन्द्रैरिदमखिलतमं दर्शनं कर्शनं नः।** अर्थात् नाथमुनिस्वामीद्वारा राम्ररी प्रचारमा ल्याइएको, यामुनाचार्यले आगमप्रामाण्यम्, सिद्धित्रयम् जस्ता उच्चकोटिका प्रामाणिक अनेकौं ग्रन्थहरूद्वारा उत्कर्षतालाई प्राप्त गरेको यतीन्द्र रामानुजाचार्यद्वारा श्रीभाष्यम् वेदार्थसङ्ग्रह, गीताभाष्यम् जस्ता ग्रन्थहरू लेखेर राम्ररी रक्षा गरिएको, इतर सम्पूर्ण दर्शनगत प्रगाढ अन्धकारलाई निर्मूल गर्ने, शास्त्रविपरीत विचार र सिद्धान्तहरूलाई निस्तेज गर्ने यो वेद प्रामाण्यवादीहरूको सर्वोत्कृष्ट वैदिक दर्शन हो। जो विशिष्टाद्वैत, सविशेषाद्वैत वा रामानुजवेदान्तका नामले विश्वविख्यात छ। यो नै यसको निष्कर्षात्मक स्वरूप हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तृतीय खण्ड

(परिशिष्ट तथा सन्दर्भ ग्रन्थसूची)

३.१ श्रीभगवद्रामानुजाचार्यस्य परिचायका उत्तमुरु-वीरराघवाचार्य-विरचिताः केचन श्लोका ह्यत्र सङ्गृहीताः सन्ति - (नेपाली-भावार्थ-समेत)

॥१॥

श्रीभूकेशवसोमयाजितनयः श्रीभूतपुर्योद्भवो
हारीतान्वयदुग्धवारिधिविधुः शेषस्य मूर्तिः परा ।
गायत्रीं श्रुतिसम्प्रदायसरणीः प्राप्यैव यस्ताततो
व्याख्यां यादवमुख्ययोगिकलितां ज्ञातुं तदन्तेऽवसत् ॥

माता कान्तिमती र पिता सोमयागी केशवाचार्यका पुत्र श्रीभूतपुरीमा प्रकट हुनु भएका, हारीतगोत्रीय निर्मल दुग्ध समुद्रका समान शोभायमान शेषका अपरावतार, जसले पिता केशवाचार्यबाट गायत्री मन्त्र, वैदिक सम्प्रदायको पद्धतिलाई प्राप्त गरेर नै जो प्रमुख रूपमा यादवप्रकाश, महापूर्ण आचार्यद्वारा ग्रहण गरेको उपनिषद् व्याख्यालाई जान्नका लागि ती आचार्यहरूको सन्निधिमा बस्नुभयो, यस्ता रामानुजाचार्य हुनुहुन्थ्यो ।

॥२॥

काञ्च्यां हस्तिगिरिश्रितेन महता श्रीयामुनेयेन यो
दृष्टो यादवशिष्यगोष्ठ्युपगतः प्रीत्याऽस्मदीयोऽस्त्विति ।
यस्यार्थे शरणं प्रपद्य वरदं तस्मिन् सदेशं गते
योऽसौ यादवनीत ऐच्छदनघो गङ्गादितीर्थाटनम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीरङ्गम्बाट काञ्चीनगरीमा विद्यमान हस्तिपर्वतमा पुग्नुभएका परमाचार्य श्रीयामुनेयमुनिद्वारा यादवप्रकाशका शिष्य समुदायका बिच रहनुभएका जो रामानुजाचार्य देखिनुभयो, त्यस्ता रामानुजाचार्यप्रति प्रीतिपूर्वक उहाँ हाम्रा हुनुहोस् भन्ने सङ्कल्प गर्दै, जसका लागि वरदराज भगवान्को शरणको प्रपत्ति गरेर यामुनाचार्यस्वामी स्वदेश श्रीरङ्गम् प्रस्थान गरिसकेपछि, यादवप्रकाशद्वारा प्रेरित निष्कलङ्क रामानुजले गङ्गा, प्रयागराज आदि तीर्थ यात्राको इच्छा गर्नुभयो ।

॥३॥

कप्यासंश्रुतिमुख्यचिन्तनविधौ भग्नो गुरुःस्वात्मनेऽ
निष्टं चिन्तयतीति सोदरमुखाद् विज्ञाय यात्रां त्यजन् ।
एकाकी विपिने विचिन्त्य वरदं तस्थौ य एष क्षणात्
कैराताकृतिदिव्यदम्पतिवशःकाञ्चीं समासादयत् ॥

कप्यासंपुण्डरीकमेवाक्षि यो श्रुति वाक्यको मुख्य रूपले विचार गर्ने क्रममा रुष्ट यादवप्रकाशाचार्य गुरुले आफ्नु शिष्य रामानुजको अनिष्टको चिन्तन गरिरहेको वास्तविकतालाई सानिमाका छोरा भाइ गोविन्दबाट थाहा पाएर तीर्थयात्राको प्रसङ्गलाई त्याग्दै रामानुजाचार्य एक्लै घोर जङ्गलमा वरदराज भगवान्को चिन्तन गरेर रहिरहनुभएको थियो । त्यसको केही क्षण व्यतीत भएपछि किरात रूपलाई धारण गरेका दिव्य दम्पतीमा वशीभूत हुनुभएका रामानुजले अकस्मात् काञ्चीक्षेत्रलाई प्राप्त गर्नुभयो ।

॥४॥

तीर्थापेक्षिकिरातरूपकमलाकान्तोपचारं चिरं
कुर्वन् यामुनयोगिवर्यकलिते स्तोत्रे कदाचित् श्रुते ।
तत्सेवात्वरितोऽपि यो यतिवरश्रीदेहमात्रेक्षणात्
दूनोऽभूदथ तन्मनोरथमहापूर्त्यै च यत्नं व्यधात् ॥

काञ्चीपुरीमा रामानुजाचार्यबाट जलसेवाको इच्छा गर्ने किरात रूपलाई धारण गर्नु भएका लक्ष्मीवल्लभ वरदराज भगवान्को धेरै कालसम्म जलको सेवा गर्दै आउनुभएका रामानुजाचार्यले कुनै बेला योगिवर यामुनाचार्यद्वारा रचित स्तोत्ररत्नको (आल्वन्दारस्तोत्र) श्रवण गरिसकेपछि यामुनाचार्यको सेवा गर्न अत्यन्त आतुर हुँदाहुँदै पनि रामानुजाचार्यले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यामुनाचार्यको श्रीदिव्यविग्रहात्मक शरीर मात्रको दर्शन प्राप्त भएको कारण दुखित हुनुभयो। तत्पश्चात् उहाँका मनोरथहरूको परिपूर्तिका लागि रामानुजाचार्यले प्रयत्न गर्नुभएको थियो।

॥५॥

काञ्चीपूर्णमुखादवेत्य भगवद्भावं स्वयं प्रस्थितो
मध्ये यो मधुरान्तकऽश्रितमहापूर्णाङ्घ्रिपद्मोऽर्थवित् ।
आज्ञां तस्य वतंसयनधिगतः श्रीयामुनेयाश्रितान् गोष्ठीपूर्णमुखान्
परानपि महाप्राज्ञो बभौ भूतले ॥

आफ्ना प्रिय सखा काञ्चीपूर्णस्वामीका मुखबाट वरदराज भगवान्को भावलाई राम्ररी बुझेर स्वयं श्रीविष्णुदीक्षा ग्रहण गर्न रामानुजाचार्य काञ्चीबाट श्रीरङ्गम्तर्फ प्रस्थान गर्नुभयो। यस्ता रामानुजाचार्यले मधुरान्तकनामक ठाउँमा मन्त्रार्थविद् महापूर्णस्वामीलाई प्राप्त गर्नुभयो। त्यसपछि उहाँको चरणारविन्दमा आश्रित हुनुभयो अर्थात् पञ्चसंस्कारसम्पन्न हुनुभयो। अनि महापूर्णस्वामीको आज्ञालाई शिरोधारण गर्दै यामुनाचार्यस्वामीका आश्रित गोष्ठीपूर्ण आदि प्रमुख शिष्यहरूलगायत अरू जेजति आफ्ना परमाचार्यका अभिमत जनहरू हुनुहुन्थ्यो, उहाँहरूलाई पाएर महान् बुद्धिशाली रामानुजाचार्य यस पृथ्वीतलमा देदीप्यमान हुनुभयो।

॥६॥

श्रीकूरेशसहाय एव सहसा काश्मिरदेशं गतो
यो बोधायनवृत्तिमद्भुतरसामान्तः निरीक्ष्याऽऽगतः ।
वेदार्थं च समग्रहीत् बहुविधप्राच्योक्तिरक्षी व्यधात्
श्रीभाष्यं त्वथ दीपसारसहितं भाष्यञ्च गीताश्रितम् ॥

श्रीकूरेशाचार्यको सहयोगमा रामानुजाचार्य अकस्मात् नै कश्मीरदेशमा प्रस्थान गर्नुभयो। त्यहाँ पुगेर उहाँले अद्भुत रसले युक्त बोधायनाचार्यको वृत्तिलाई राम्ररी अवलोकन गरेर फर्कनुभयो। त्यसपछि अनेक प्रकारका प्रमाणसहित पूर्वाचार्यका सद्वचनहरूको रक्षा गर्ने रामानुजाचार्यले **वेदार्थसङ्ग्रह, श्रीभाष्यम्, वेदान्तदीप, गीताभाष्यम्, वेदान्तसार** जस्ता सविशेषाद्वैतवादका प्रतिपादक, वेदको अर्थराशिका सङ्ग्राहक, वेदान्तप्रधान ग्रन्थहरूको सङ्ग्रह गर्नुभयो र तदनुकूल तीती ग्रन्थहरूको रचना पनि गर्नुभयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

॥७॥

प्राप्तो यो यतिराजतां बहुशतैश्चछात्रैः शुभैर्योगिभिः
सङ्ख्यातीतगृहस्थसेवितपदो देशान् अटन् ऐधत ।
अद्वैतादिमतं निरस्य सगुणश्रीशैकनिष्ठां हरि
द्वारात् सेतुपदावधिं प्रचुरयन् देवालयान् पालयन् ॥

शुभगुणशाली योगीजन तथा सयकडौँ छात्रहरूद्वारा **यतिराजत्व पदवी**लाई जुन रामानुजाचार्यले प्राप्त गर्नुभयो अर्थात् यतिराजपदवीद्वारा विभूषित बन्नुभयो, त्यस्ता रामानुजाचार्य असङ्ख्य सद्गृहस्थहरूद्वारा सेवित देशहरूको भ्रमण गर्दै अगाडि बढ्नुभयो। त्यस्तै अद्वैत, बौद्ध, चार्वाकलगायत जेजति वेदविरोधी मतहरू छन्, तिनीहरूको खण्डन गरेर लक्ष्मीनारायणको परत्वप्रतिको निष्ठालाई हिमालदेखि रामेश्वर, कन्याकुमारी पर्यन्त व्यापकरूपमा फैलाउँदै र देवालयको सुरक्षा गर्दै श्रीसम्प्रदायको श्रीवृद्धिको अभियानमा अगाडि बढ्नुभएको थियो ।

॥८॥

शेषाद्रौ विनुतोऽथ मातुलवरश्रीशैलपूर्णादिभि :
श्रीरङ्गादिपरिष्कृतिं विरचयन् शैवञ्च विध्वंसयन् ।
श्रीनारायणशैलश्रृङ्गभुवि यः श्रीशं प्रतिष्ठापयन्
लोकक्षेमपरो भुवं व्यतनुत श्रीवैष्णवैकाञ्चिताम् ॥

त्यसपछि आदरणीय मामा श्रीशैलेशस्वामी, महापूर्णस्वामी, आदि महापुरुषहरूका साथ श्री वेंङ्कटाद्रिमा गएर श्रीवेङ्कटेश भगवान्को स्तुति-पूजा गर्नुभयो । श्रीरङ्गम्, मेलकोटा जसलाई यादवाद्रि पनि भनिन्छ, त्यस्ता महनीय क्षेत्रमा देखिएका वेदविरुद्ध प्रथाहरूको निर्मूलन गरी संशोधन गर्नुभयो । त्यस्तै वेदविरुद्ध शैवमतको खण्डन गर्दै श्रीनारायण पर्वत अथात् मेलकोटाको उच्च शिखर भूमिमा विद्यमान लक्ष्मीनारायण भगवान्को प्रतिष्ठापन गर्दै लोककल्याणमा परायण रामानुजाचार्यले श्रीवैष्णवजनहरूद्वारा मात्र विभूषित भएको भूमण्डलको विस्तार गर्नुभयो ।

॥९॥

इत्थं श्रीकरिशैलवेङ्कटगिरि-श्रीयादवाद्रि प्रभृ-
त्यार्थक्षेत्रपरिष्कृतेः परमसौ श्रीरङ्गवासी भवन् ।
दिव्यद्रामिडवेदबोधनपरः श्रीव्यासबोधायन-
श्रीमन्नाथमुनीन्द्रदर्शितपथानीताऽखिलार्यव्रजः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी श्रीकाञ्ची, वेङ्कटाद्रि, यादवाद्रि(मेलकोटे) आदि दिव्यआर्यदेशहरूको सुधार, सुव्यवस्था कार्य सम्पन्न गरेर दिव्यप्रबन्ध, द्राविडवेदान्तको प्रबोधनमा समर्पित व्यासाचार्य, बोधायनाचार्य, श्रीमन्नाथमुनिवर आचार्यहरूद्वारा प्रदर्शित वाटामा सबै आर्यजनहरूलाई प्रवर्तित गराएर आर्यजनहरूको मार्गदर्शक हुनुभएका यस्ता रामानुजाचार्य, श्रीरङ्गनाथनिवासी हुनुभयो । अर्थात् धेरै वर्षसम्म श्रीरङ्गनाथ भगवान्को सेवा गरेर रहनुभयो ।

॥१०॥

सर्वज्ञैः स्वकदर्शनप्रचरणं कुर्वश्चतुःसप्ततौ पीठेषु श्रितवत्सलैः प्रपदनं-प्रख्याप्य मुक्तौ हितम् । भक्तिज्ञानविरक्तिशीलनिगमाचारादि पुष्णन् भुवि ख्यातोऽभूदयमस्तु मे हृदि सदा रामानुजार्यो मुनिः ॥

सकल शास्त्रका ज्ञाता पूर्वाचार्यहरूद्वारा संरक्षित स्वकीय परमवैदिक विशिष्टाद्वैत वेदान्त दर्शनको प्रचार गर्दै चौहत्तर पीठहरूमा विराजमान आफ्ना प्रिय पीठाधिपति शिष्यहरूका माध्यमले प्रपत्तिको रहस्यलाई प्रकाशमा ल्याएर मुक्तिका साधन भक्ति, ज्ञान, विरक्ति, शील, वेद, आचार, संस्कार आदिको विशेष उपदेशद्वारा तिनीहरूको वैभवलाई परिपुष्ट गर्दै यो भूमण्डलमा प्रख्यात हुनुभयो, यस्ता रामानुजाचार्य मेरो हृदयमा सदा विराजमान हुनुहोस् ।

३.२ विशिष्टाद्वैत दर्शनका प्रमाण र प्रमेयहरूको सङ्क्षिप्त परिचय

➢ **प्रत्यक्षानुमानशब्दभेदेन प्रमाणानि त्रीणि**

प्रत्यक्ष, अनुमान र शब्दका भेदले प्रमेयसाधक प्रमाणहरू तीन प्रकारका हुन्छन् ।

➢ **प्रमाकरणं प्रमाणम्**

प्रमाको असाधारण जो कारण हो, त्यो करण हुन्छ, त्यसैलाई प्रमाण भनिन्छ ।

➢ **अबाध्यव्यवहारहेतुर्ज्ञानं प्रमा**

कुनै पनि प्रकारले बाध हुन नसक्ने व्यवहारका प्रति जो असाधारण कारण हुन्छ, त्यो ज्ञानको स्वरूप हो, जसलाई प्रमा भनिन्छ । त्यो मिति, प्रमाता र प्रमेय विषयक त्रिपुटात्मक हुन्छ । यहाँ ज्ञानपदले धर्मभूत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्ञानलाई लिइएको छ, त्यो ज्ञान स्वयंप्रकाश, द्रव्य यथार्थ हुन्छ, घटपट आदि जड पदार्थको प्रकाशक धर्मभूतज्ञान हुन्छ भन्ने विशिष्टाद्वैतीहरूको मत छ। यस्तो ज्ञानको विषय स्वयं ज्ञान पनि हुने हुँदा त्यसलाई समेत ग्रहण गर्दा ज्ञानका विषयहरू तीनओटा हुन्छन्। त्यसैले त्रिपुटात्मक ज्ञान भनिएको हो।

➢ **साक्षात् प्रतिपत् = प्रत्यक्षम् ।**

जुन ज्ञान साक्षात् इन्द्रिय आदिबाट ग्राह्य हुन्छ, त्यसलाई प्रत्यक्ष भनिन्छ। त्यसमा साक्षात् भनेको लैङ्गिक, शाब्द र स्मृतिरहित ज्ञान हो। यो प्रत्यक्षलक्षण मुक्त आत्मा र बद्ध आत्मा सबैमा घट्तछ। त्यसकारण मुक्त आत्मा आदि सबैको यो प्रत्यक्षको लक्षण हो।

➢ **तद्द्विविधं निर्विकल्पकं सविकल्पकञ्चेति । संस्कारनिरपेक्षेन्द्रियजन्यं ज्ञानं निर्विकल्पकम् संस्कारसहितेन्द्रियजन्यं ज्ञानमनुवृत्तिविषयकं सविकल्पकम्, ज्ञानद्वयमपि विशिष्टविषयकमेव ।**

निर्विकल्पक र सविकल्पकका भेदले प्रत्यक्षात्मक ज्ञान दुई प्रकारको हुन्छ, त्यसमा संस्कारको अपेक्षा नगरी चक्षु आदि इन्द्रियहरूबाट उत्पन्न जो ज्ञान हो, त्यसलाई सविकल्पक भनिन्छ भने संस्कारका साथ इन्द्रियबाट उत्पन्न गुण, संस्थान विशिष्ट एकजातीय द्रव्यहरूमध्ये द्वितीय पिण्डलाई अनुवर्तन गरी त्यसलाई विषय गर्ने ज्ञानलाई सविकल्पक ज्ञान। यी दुवै ज्ञान विशिष्ट विषयक नै हुन्छन् अर्थात् विशेषण, विशेष्य र ती दुईको सम्बन्धलाई विषय गर्ने ज्ञान नै विशिष्टविषयक ज्ञान हो।

➢ **योगिप्रत्यक्षं नाङ्गीकियते**

विशिष्टाद्वैतमतमा नैयायिकको जस्तो यौगिक प्रत्यक्षलाई स्वीकार गरिँदैन।

➢ **व्याप्यदर्शनात् असन्निकृष्टार्थाविज्ञानमनुमानम्**

व्याप्तिविशिष्ट साध्यसाधक हेतुको प्रत्यक्षद्वारा सन्निकर्ष नभएको जो विषय हो, तद्विषयक ज्ञानलाई अनुमान भनिन्छ।

➢ **अन्वयव्यतिरेकिकेवलान्वयिभेदेन द्विविधमेव अनुमानम्, केवलव्यतिरेकि नाङ्गीक्रियते ।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्वयव्यतिरेकी र केवलान्वयीका भेदले दुई प्रकारको नै अनुमान हुन्छ। त्यसमा नैयायिकको जस्तो विशिष्टाद्वैतीहरू केवलव्यतिरेकी अनुमानलाई स्वीकार गर्दैनन्।

➢ **व्याप्तिपक्षधर्मताज्ञानयोरनुमितिकारणता।**

व्याप्ति र पक्षधर्मताको ज्ञान अनुमितिका प्रति कारण हुन्छ, त्यसैले अनुमितिका प्रति यी दुईमा कारणतानामक धर्म रहन्छ।

➢ **प्रथमदर्शने व्याप्तिग्रहणं भूयोदर्शनैर्व्यभिचारशङ्कानिराकरणं तर्केण पुनर्व्यभिचारशङ्कानिदानभूतोपाधिनिराकरणमिति विभागः।**

प्रथम विषयमा बारम्बार साहचर्यात्मक प्रत्यक्ष दर्शनका माध्यमले व्याप्तिविषयक निश्चय हुन्छ र तर्कको प्रयोगद्वारा व्यभिचार शङ्काको परिहार गरिन्छ, पुनः तर्कको सहयोगले व्यभिचार शङ्काको आदिकारणका रूपमा विद्यमान जो उपाधि हो, त्यसको पनि परिहार हुन्छ, यहाँ उपाधि भनेको हेतुगत दोषविशेष हो। यसरी अनुमानमा विभागद्वयको व्यवस्थापन गर्न तर्कद्वारा व्यभिचार शङ्काको निर्मूलन र उपाधिको परिहार हो भनी स्पष्ट गरिएको छ।

➢ **प्रतिज्ञाहेतूदाहरणभेदेन त्रय एवावयवा इति केचन। प्रतिज्ञाहेतूदाहरणोपयनयनिगमनानि पञ्चावयवा इति वेदान्तैकदेशिनः।**

प्रतिज्ञा, हेतु, उदाहरणका भेदले तीन प्रकारका मात्र अवयवहरू छन् भनी केही वेदान्ती दार्शनिकहरू बताउँछन् भने प्रतिज्ञा, हेतु, उदाहरण, उपनयन, निगमन र अवयव यी पाँचलाई वेदान्तका एकदेशीय विद्वान्हरू मान्दछन्।

➢ **हेत्वाभासोऽसिद्ध एक एवाभ्युपगम्यते। अनैकान्त्यादिहेत्वाभासजातं सर्वं व्याप्त्यभावे पक्षधर्मत्वाभावे वा विश्राम्यति न तु ताभ्यामतिरिक्तम्।**

विशिष्टाद्वैतीहरूद्वारा असिद्धनामक एक मात्र हेत्वाभास स्वीकार गरिन्छ। अनैकान्त, बाध, विरोध आदि जेजति हेत्वाभासहरू छन् ती सबैको व्याप्तिको अभाव वा पक्षधर्मताको अभावमा नै विश्राम हुन्छ अर्थात् सबै हेत्वाभासहरू व्याप्ति र व्याप्तिपक्ष धर्मताको अभावअन्तर्गत अन्तर्भूत हुन्छन्। यो दुईभन्दा अतिरिक्त हेत्वाभासहरू हुँदैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

➤ **लौकिको वैदिकश्च शब्दः प्रमाणम् । स च स्वतन्त्रो न तु वैशेषिकवत् अनुमानेऽन्तर्गतः । आकाङ्क्षा योग्यता आसत्तिश्चेति त्रीणि शाब्दबोधे सहकारिकारणानि ।**

लौकिक र वैदिक शब्दहरू प्रमाण हुन्छन् । त्यो शब्द स्वतन्त्र हुन्छ, नकि वैशेषिकको जस्तो शब्द अनुमानप्रमाणमा अन्तर्भूत हुन्छ । शाव्दबोधका प्रति आकाङ्क्षा, योग्यता र आसक्ति यी तीन सहकारी कारण हुन्छन् ।

➤ **बोधकत्वमेव शक्तिर्न तु सङ्केतः । सा च सिद्धपरवाक्येऽपि अङ्गीक्रियते । विशिष्टे एवं शक्तिर्न तु व्यक्तिमात्रे जातिमात्रे वा । वृत्तिर्द्विधा मुख्या गौणी चेति ।**

जो बोधको जनक हुन्छ, त्यसलाई शक्ति भनिन्छ । नैयायिकको जस्तो सङ्केतलाई शक्ति मानिँदैन । त्यस्तो शक्ति सिद्ध अर्को वाक्यमा पनि स्वीकार गरिन्छ । संस्थान आदि विशिष्टमा नै शक्ति रहन्छ न कि व्यक्ति मात्रमा वा जाति मात्रमा । मुख्य र गौणीका भेदले वृत्ति दुई किसिमको हुन्छ ।

➤ **श्रुतिप्रमाणानुसारं चेतनाचेतनयोर्भगवच्छरीरत्वम् ।**

श्रुतिप्रमाणअनुसार चेतन (जीव), अचेतन (प्रकृति) यी दुवै भगवान्का शरीर हुन् । यी दुवैमा ईश्वरशरीरत्व छ ।

➤ **यस्य चेतनस्य यद् द्रव्यं सर्वात्मना स्वार्थे नियन्तुं धारयितुं च शक्यम्, तच्छेषतैकस्वरूपं च तत् तस्य शरीरमिति शरीरलक्षणम् ।**

जुन चेतनको जो द्रव्य सबै प्रकारले स्वार्थमा नियमन गर्न र धारण पनि गर्न समर्थ हुन्छ, त्यो नै शेषत्वको एक स्वरूप हो । त्यसकारण त्यसको त्यो शरीर हो । यस प्रकारको अवस्था विशेष नै शरीरको लक्षण हुन्छ ।

➤ **अन्विताभिधानवादः, अभिहितान्वयवादश्च सम्मतः । अन्विताभिधानवादे आदरः, अभिहितान्वयवादे असम्मतत्वाभावश्च द्योत्यते ।**

विशिष्टाद्वैतवेदान्तमा मीमांसकहरूको अन्विताभिधानवाद र अभिहितान्वयवाद स्वीकार्य छ । त्यसमा पनि अन्विताभिधानवादको आदर गरिन्छ भने अभिहितान्वयवाद सम्मत छैन भनी विमति प्रकट गरिँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

➤ **लिङर्थः कृतिसाध्यत्वविशेष आप्ताभिप्रायश्चाप्रामाण्यं स्वतः अप्रामाण्यं तु परत इति ।**

कृतिसाध्यत्व र आप्तजनको अभिप्राय विशेष नै लिङको अर्थ हो। ज्ञानगत प्रामाण्य स्वतः हुन्छ भने अप्रामाण्य परतः अर्थात् अनुमानद्वारा हुन्छ भन्ने मान्यता विशिष्टाद्वैतीहरूको छ ।

➤ **वेदः अपौरुषेयः, अपौरुषेयत्वञ्च न मीमांसोक्तरीत्या वर्णनित्यत्वप्रयुक्तं किन्तु धाता यथा पूर्वमकल्पयत् इति श्रुत्या पूर्वस्मिन् कल्पे येन क्रमेण वर्णा उच्चारितास्तेनैव क्रमेण संस्कारविशेषेण तमेव क्रमविशेषं स्मृत्वा उच्चार्यमाणत्वम्, ततश्चानुपूर्वीनित्यत्वम् । अमुं च क्रमं सर्वेश्वरः संस्कारनिरपेक्षमेव स्वयमनुसन्धत्ते ।**

वेदलाई अपौरुषेय मानिन्छ, तर त्यो मीमांसाद्वारा निर्दिष्ट प्रक्रियाअनुसार वर्णगत नित्यत्व प्रयुक्त अपौरुषेयत्व नभएर **धाता यथा पूर्वमकल्पयत्** यो श्रुति वचनका आधारमा वेदमा पूर्वकल्पमा जुन क्रमअनुसार वर्णहरूको उच्चारण गरियो, त्यही क्रमले संस्कारविशेषका माध्यमले त्यस्तो क्रमविशेषलाई सम्झेर वर्णहरूको उच्चारण गरिने विषय विशेष नै अपौरुषेयत्व हो । त्यसपछि यो सिद्ध हुन्छ- वर्णको जो अनुपूर्वी छ, त्यसैको नित्यता नै यहाँ अभीष्ट हुन्छ। यो वर्णानुपूर्वीको क्रमलाई संस्कारको अपेक्षा नराखी स्वयं ईश्वर नै अनुसन्धाता बनेर अनुसन्धान गर्दछ। यस प्रकारको अपौरुषेयत्व नै अभिमत छ ।

➤ **पुराणेषु सात्त्विकपुराणानां प्रामाण्यम् । राजसादीनां तु न ।**

पुराणहरूमा पनि विष्णुपुराण, पद्मपुराण आदि सात्त्विक पुराणहरूको प्रामाणिकतालाई स्वीकार गरिन्छ, राजस आदि पुराणहरूको प्रामाणिकतालाई स्वीकार गरिँदैन ।

➤

➤ **पाञ्चरात्रागमस्यापि सर्वांशे प्रामाण्यमभ्युपगम्यते भगवदुक्तत्वात्, अबाधितत्वाच्च ।**

भगवान्द्वारा अभिव्यक्त वाणी भएको र कहिल्यै पनि बाधित नहुने भएको कारण सर्वांशमा पाञ्चरात्रागमको प्रामाण्यलाई स्वीकार गरिन्छ ।

➤

➤ **स्मृतिः- यथार्था, स्मृतिप्रत्यक्षमैतिह्यम् इत्यादिश्रुत्यनुसारेण प्रमाणञ्चेति कश्चित् पक्षः ।**

स्मरणात्मक ज्ञान यथार्थ हो। अतः **स्मृतिप्रत्यक्षमैतिह्यम्** इत्यादि श्रुतिप्रमाणका आधारमा स्मृति पनि प्रमाण हुन्छ भन्ने कसैको मत छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

➢ **नैयायिकोक्तस्योपमानस्य शब्दे, मीमांसोक्तस्य स्मृतौ, अनुमितौ वा यथायोग्यमन्तर्भावो न तूपमानमतिरिक्तं प्रमाणम् ।**

नैयायिकहरूद्वारा स्वीकार गरिएको उपमानप्रमाणको शब्द प्रमाणमा अन्तर्भाव हुन्छ भने मीमांसादर्शनले स्वीकार गरेको उपमान प्रमाणको स्मृति अथवा अनुमितिमा अवस्थाका आधारमा अन्तर्भाव हुन्छ। यसरी उपमान अतिरिक्त प्रमाण हुन सक्तैन ।

➢ **अर्थापत्तेरनुमानेऽन्तर्भावः ।**

मीमांसादर्शनले स्वीकार गरेको अर्थापत्तिप्रमाणको अनुमानप्रमाणमा अन्तर्भाव हुन्छ ।

➢ **अनुपलब्धिर्न पृथक् प्रमाणं किन्तु अभावस्य भावान्तररूपत्वेन तद्ग्राहकं प्रत्यक्षम् ।**

मीमांसकले स्वीकार गरेको अनुपलब्धि अलग प्रमाण हुँदैन तर अभावलाई अर्को भावात्मक स्वरूपले त्यसलाई ग्रहण गर्ने प्रत्यक्ष नै हो। त्यसबाट नै चरितार्थ हुन्छ। त्यसका लागि अलग अर्थापत्तिप्रमाणको आवश्यकता पर्दैन ।

➢ **ऐतिह्यस्य शब्दे, सम्भवस्य च अनुमानेऽन्तर्भावः ।**

ऐतिह्यप्रमाणको शब्द प्रमाणमा अन्तर्भाव हुन्छ भने सम्भवनामक प्रमाणको अनुमान प्रमाणमा अन्तर्भाव हुन्छ ।

➢ **ईश्वर आगमैकवेद्यो न त्वनुमानप्रमाणगम्योऽभिन्ननिमित्तोपादानञ्च । एवं विभुः सर्वज्ञश्चिदचिच्छरीरकः परव्यूहविभवान्तर्याम्यर्चावताररूपेण पञ्चप्रकारश्चेति ।**

आगमप्रमाणबाट मात्र जान्न योग्य जो ईश्वर छ, त्यो अनुमानप्रमाणगम्य हुँदैन र त्यस्तो ईश्वर प्रपञ्चात्मक संसारका प्रति अभिन्ननिमित्तोपादान हुन्छ अर्थात् ईश्वर नै यस प्रपञ्चको निमित्तकारण र उपादानकारण हुन्छ। यस प्रकार व्यापक, सर्वज्ञ, चिद्-अचित् शरीर भएको ईश्वर पर, व्यूह, विभव, अन्तर्यामी र अर्चावतारका भेदले पाँच प्रकारको हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

- **जीवोऽणुः स्वयंप्रकाशः प्रतिशरीरं भिन्नो नित्यः कर्ता भोक्ता शरीरी बद्ध-मुक्त-नित्यभेदेन त्रिधा भिन्नश्च ।**

अणुस्वरूप, स्वयंप्रकाश, प्रत्येक शरीर भिन्न-भिन्न भएको, अविनाशी, कर्ता, भोक्ता र शरीरी यस्तो जीवको स्वरूप हुन्छ भनी स्वीकार गर्दछन् विशिष्टाद्वैतीहरू । त्यो जीव बद्ध, नित्य र मुक्तका भेदले तीन प्रकारको हुन्छ ।

- **ईश्वरश्च नित्यानां मुक्तानां च भोग्य-भोगोपकरणभोगस्थानरूपा नित्यविभूतिः । सैव वैकुण्ठलोकः शुद्धसत्त्वञ्चेति व्यपदिश्यते ।**

ईश्वर नित्य आत्मा र मुक्त आत्माहरूको पनि भोग्य, भोगको उपकरण, भोगको स्थानको रूपमा नित्यविभूतितत्त्व रहेको छ। त्यसैलाई शुद्ध सात्त्विक गुण भएको वैकुण्ठलोक पनि भनिन्छ ।

- **जीवस्य वैकुण्ठलोकेऽपहतपाप्मत्वादिस्वस्वरूपाविर्भावपूर्वकपरिपूर्णब्रह्मानुभवो मोक्षः । मोक्षोपायश्च भक्तिः प्रपत्तिश्चेति द्विविधः ।**

वैकुण्ठलोकमा पापहरूबाट मुक्त, तृष्णा, पिपासारहित जो जीवको स्वकीय (वास्तविक) स्वरूप हो, त्यसको प्राकट्यका साथ परिपूर्ण ब्रह्मको अनुभवविशेष हो, त्यसलाई मोक्ष भनिन्छ । त्यस्तो मोक्षप्राप्तिको उपायचाहिँ भक्ति र प्रपत्ति गरी दुई प्रकारको हुन्छ ।

- **द्रव्यम्- आदौ प्रकृतिकालजीवेश-नित्यविभूतिज्ञानभेदेन षोढा विभक्तम् । ततो जडद्रव्यमाकाश-वायुतेजोजलपृथिवीकालभेदेन षोढा ।**

सर्वप्रथम प्रकृति, काल, जीव, ईश्वर, नित्य विभूति र ज्ञानका भेदले द्रव्य ६ भागमा विभक्त छ। त्यसपछि आकाश, वायु, तेज, जल, पृथिवी र काल यी जडद्रव्यहरू ६ प्रकारका छन् ।

- **पृथिव्यादिषु नित्यानित्यविभागो नाङ्गीक्रियते, परमाणोरनभ्युपगमात् ।**

पृथिवी, जल, तेज, वायु यिनीहरूमा नित्यत्व र अनित्यत्वको विभागलाई स्वीकार गरिँदैन। किनकि नैयायिक र वैशेषिक जस्तो विशिष्टाद्वैतीहरूले परमाणुलाई स्वीकार गर्दैनन् ।

- **इन्द्रियाणि न भौतिकानि किन्तु आहङ्कारिकाणि ।**

इन्द्रियहरू भौतिक हुँदैनन् अपितु आहङ्कारिक हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

➢ **आकाशः प्रत्यक्षो न त्वनुमेयः, आकाश एव दिश अन्तर्भूतत्वात् तदतिरिक्ता दिक् नानुमन्यते ।**

आकाशको प्रत्यक्ष हुन्छ, अतः त्यो अनुमानप्रमाणगम्य हुँदैन। आकाशमा नै दिशाको अन्तर्भाव हुन्छ। त्यसकारण आकाशदेखि अतिरिक्त दिक्तत्त्वलाई विशिष्टाद्वैतीहरूद्वारा स्वीकार गरिँदैन।

➢ **वायुरपि प्रत्यक्षो न त्वनुमेयः ।**

वायु पनि प्रत्यक्ष तत्त्व हो। त्यसकारण त्यो अनुमेय हुँदैन।

➢ **सुवर्णं च पार्थिवं न तु तैजसम् ।**

सुन पनि पार्थिव द्रव्य हो, तैजस द्रव्य होइन।

➢ **तमः पार्थिवं न तु आलोकाभावः ।**

अन्धकार पार्थिव द्रव्य हो, त्यसैले नैयायिकद्वारा सिद्ध गरिएको प्रकाशको अभावरूप अन्धकार हुन सक्तैन।

➢ **अद्रव्यपदवाच्या गुणाः- रूप-रस-गन्ध-स्पर्श-शब्द-संयोग-शक्ति-सत्त्व-रजस्तमांसि दश, इतरेषां नैयायिकोक्तगुणानां क्लृप्तेष्वन्तर्भावः ।**

अद्रव्यपदवाच्य गुणहरू हुन्छन्। ती रूप, रस, गन्ध, स्पर्श, शब्द, संयोग, शक्ति, सत्त्व, रज, तम गरी दश प्रकारका हुन्छन्। अरू नैयायिकहरूद्वारा निर्देश गरिएका गुणहरू विशिष्टाद्वैतीका मतमा उक्त दश गुणहरूमा नै अन्तर्भूत हुन्छन्। फलतः अद्रव्यपदबोध्य दश गुणहरू नै प्रमाण सिद्ध छन् भन्ने दश गुणवादी विशिष्टाद्वैतीहरूको मान्यता छ।

➢ **संयोगविशेष एव कर्म न तु तदतिरिक्तमिति केचित्, अपरे तु अतिरिक्तमिति ब्रुवन्ति ।**

केही विशिष्टाद्वैती विद्वान्हरू संयोगविशेष नै कर्म हो, त्यसदेखि अतिरिक्त कुनै कर्म छैन भन्दछन् भने केही विद्वान्हरू संयोग अतिरिक्त नै कर्म हुन्छ भन्ने मान्यता अगाडि सार्दछन्।

➢ **सामान्यं न गोत्वादिधर्मः, अपितु संस्थानविशेषः, स च गवादीनां परस्परं सौसादृश्यमेवेति न जातेरतिरिक्तत्वम् ।**

गोत्व, पशुत्व आदि धर्म सामान्य होइन, जसलाई नैयायिकहरू जाति पनि भन्दछन्, किनकि कुनै त्यस्तो वस्तु हुन सक्तैन, अपितु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्थानविशेष भनेको नै गोत्व आदि पदार्थ हो। त्यो पनि गाई, गोरु आदिको एकआपसमा जो सुन्दर सदृशता छ, तादृशसंस्थान विशेष नै हो। त्योभन्दा अतिरिक्त कुनै जाति हुन सक्तैन भनी विशिष्टाद्वैतीहरू जातिमा अतिरिक्त पदार्थत्वको खण्डन गर्दछन्।

➢ **प्रामाणिकत्वमेव सत्त्वं न तु तदतिरिक्ता सत्ता नाम जातिः।**

वस्तुनिष्ठ प्रामाणिकता नै सत्ता हो। त्यसदेखि भिन्न सत्तानामक जाति पदार्थ हुन सक्तैन।

➢ **वस्तूनां परस्परं स्वभाव एव व्यावर्तको न तु तदतिरिक्तविशेषः। अतो विशेषपदार्थो नाङ्गीक्रियते। एवं परमाणून् नाभ्युपगच्छन्ति विशिष्टाद्वैतिनो वेदान्तिनः। अतस्तेषां व्यावर्तकतया न विशेषसिद्धिः।**

वस्तुगत अर्थात् वस्तुको एकआपसको स्वभावविशेष नै व्यावर्तक हो। त्योभन्दा अतिरिक्त कुनै विशेष पदार्थ छैन। त्यसकारण विशिष्टाद्वैतीहरूद्वारा अतिरिक्त पदार्थहरूका रूपमा विशेष पदार्थलाई स्वीकार गरिँदैन। किनकि विशिष्टाद्वैती वेदान्तीहरू परमाणुलाई स्वीकार गर्दैनन्। त्यसैले पदार्थहरूको व्यावर्तकका रूपमा विशेष पदार्थको सिद्धि हुन सक्तैन भन्ने उनीहरूको तर्क छ।

➢ **समवाय अप्रत्यक्षो नाङ्गीक्रियते, किन्तु तत्स्थाने विशेष्यविशेषणयोः स्वभावेनैव गोत्वस्यैव गवा सह सम्बन्धः, पृथिव्यैव गन्धस्य सम्बन्धः, इति नियमः सम्पद्यते न तदर्थं समवाय अभ्युपगन्तव्यः।**

विशिष्टाद्वैत वेदान्तले प्रत्यक्षको विषय नभएको समवायलाई स्वीकार गर्दैन। तर त्यसका स्थानमा विशेष्य र विशेषणको रूपमा रहेका गोत्व र तद्विशिष्ट गोपदार्थसँग र पृथिवीको गन्धसँग जो स्वाभाविक सम्बन्ध हुन्छ भन्ने नियम छ। यसैका आधारमा निर्वाह हुने भएकाले त्यसका लागि अतिरिक्त समवायलाई स्वीकार गर्नु आवश्यक छैन भन्ने विशिष्टाद्वैतीहरूको मत छ।

➢ **भावान्तरमेव अभावो न तु तदतिरिक्तः। यथा- गवि विद्यमानोऽश्वत्वाभावो गोत्वमेव न तु तदतिरिक्त इति।**

भावान्तर अर्थात् भावभिन्न पदार्थ नै अभाव हो, त्योभन्दा अतिरिक्त अभाव पदार्थ हुँदैन। जस्तै गोपदार्थमा विद्यमान अश्वत्वको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभाव भनेको गोत्व नै हो, त्यो भन्दा अतिरिक्त अरू केही होइन। भावान्तर नै अभाव पदार्थ हो भन्ने मान्यता विशिष्टाद्वैतीहरूको छ।

➢ **इत्थं विशिष्टाद्वैतवेदान्तिमते द्रव्याद्रव्यभेदेन पदार्थो द्विविधो न तु षट् न वा सप्त इति ।**

यस प्रकार विशिष्टाद्वैत वेदान्तीका मतमा द्रव्य र अद्रव्यका भेदले पदार्थ दुई प्रकारको हुन्छ, न त्योभन्दा न्यून हुन्छ, न त्योभन्दा अधिक नै। एतावता वैशेषिक र नैयायिकहरूलाई इङ्गित गरेर षट्पदार्थवाद र सप्तपदार्थवादको निषेध गर्दै द्रव्य र अद्रव्यका रूपमा पदार्थविभागको व्यवस्थापन विशिष्टाद्वैतीहरूले गरेका छन्। वेदान्तदेशिकद्वारा पदार्थविभाग व्यवस्थापक श्लोकको उपास्थापन गर्दै प्रमेयको निर्धारण यसरी प्रस्तुत गरिएको छ–

द्रव्याद्रव्यप्रभेदान्मितमुभयविधं तद्विदस्तत्त्वमाहुः ।
द्रव्यं द्वेधा विभक्तं जडमजडमिति प्राच्यमव्यक्तकालौ ॥
अन्त्यं प्रत्यक् पराक् च प्रथममुभयथा तत्र जीवेशभेदात् ।
नित्या भूतिर्मतिश्चेत्यपरमिह जडामादिमां केचिदाहुः ॥
(तत्त्वमुक्ताकलापः, जडद्रव्यसरः, श्लो.–६)

द्रव्य र अद्रव्यका भेदले प्रमेय तत्त्वहरू दुई किसिमका छन् भनी प्रमेय तत्त्वका विद्वान्हरू बताउँदछन्। यसमा **मितम्** यो क्रियापद प्रयुक्त छ। यसको अर्थ ज्ञानका विषय प्रमेय तत्त्वहरू हुन्छन् भन्ने हो। फलतः यसबाट यो निष्कर्ष प्राप्त हुन्छ- द्रव्य र अद्रव्यका भेदले दुई प्रकारका प्रकृष्ट ज्ञानका विषयस्वरूप प्रमेयहरू हुन्छन्। त्यसमा द्रव्य जड र अजडका रूपमा विभाजित छ। पहिलो जडद्रव्य अव्यक्त र कालका भेदले दुई प्रकारको हुन्छ। यहाँ अव्यक्त भनेको प्रकृति हो। अर्को अजड़द्रव्य प्रत्यक् र पराक्का रूपमा विभक्त छ। त्यसमा प्रत्यक्द्रव्य जीव र ईश्वरका भेदले दुई प्रकारको हुन्छ। अर्को पराक्द्रव्यचाहिँ नित्यविभूति र बुद्धि गरी दुई किसिमको हुन्छ। यसमा ज्ञानपदले धर्मभूतज्ञानलाई लिइन्छ। त्यसमा पनि विशिष्टाद्वैत दर्शनका केही विद्वान्हरूले प्रथम नित्यविभूतिलाई जडद्रव्य हो भनी बताउँदछन्। वास्तवमा त्यो कथन युक्तिसम्मत छैन। यसरी जड र अजडका रूपमा प्रमेय पदार्थहरू विभक्त छन्।

यसमा सर्वङ्कषाव्याख्याकार वरदाचार्यले द्रव्य र अद्रव्य विभागको औचित्य र आवश्यकतालाई देखाउँदै सुन्दर विवेचन गरेका छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जो यस प्रकार छ- द्रव्य र अद्रव्यको यो विभाग के हो ? भन्ने जिज्ञासामा पूर्वपक्षका रूपमा प्रस्तुत गरिन्छ- यस किसिमको विभागलाई स्वीकार गरिएको स्थितिमा **घटः घटभिन्नश्चेति** अर्थात् घट र घटभिन्न भनेर पनि पदार्थको विभाग गर्न सकिन्छ। अतः प्रस्तुत विभाग त्यति वैज्ञानिक वा वस्तुगत देखिँदैन। यसरी शङ्कापक्षको उपस्थापन गरेर त्यसको उपयुक्त समाधान दिँदै भनिन्छ- हजारौँ वर्षदेखि चल्दै आएको द्रव्य र अद्रव्यको विभागको वैज्ञानिकता र वास्तविकतालाई नबुझी हचुवाका भरमा आक्षेप लगाउनु उचित हुँदैन। स्वयं देवताद्वारा वरण गरिएका आचार्यहरूले पनि कुनै नूतन सिद्धान्तको प्रवर्तन गरेका हैनन्। अपितु रामानुजाचार्यद्वारा अभिमत सिद्धान्तको प्रतिष्ठापन गरेको मात्र हो। भगवद्रामानुजाचार्यले पनि कुनै नवीन सिद्धान्तलाई प्रकाशमा ल्याउनुभएको होइन। अपितु प्राचीन वृत्तिकारको मतअनुसार नाथमुनि आदि पूर्वाचार्यहरूका चिन्तनहरूलाई सङ्ग्रह गरेर व्यवस्थापित गर्नुभएको मात्र हो। जो श्रुति, स्मृति र आगमसम्मत छ। हेतुवादी बौद्ध, उनका अनुयायीहरू र निर्विशेषवादीहरूद्वारा भगवद्भक्तिका पोषक तथा समर्थक श्रुति, स्मृति, इतिहास, पुराण आदि ग्रन्थहरूलाई निरर्थक सिद्ध गरियो। यिनीहरूमा प्रतिपादन गरिएको भक्ति, प्रपत्ति निरर्थक र मिथ्या भनेर त्यसको महत्ता र विशेषतालाई धूलिसात् गर्ने कार्यमा आफ्ना वैदुष्य र वाग्वैभवको खर्च गरियो। फलतः सविशेषवाद स्थापना गर्न आएका शारीरकसूत्रात्मक प्रस्थानलाई निर्विशेषवादका रूपमा व्याख्या गरेर शास्त्रको गौरव र वैशिष्ट्यलाई अभिभूत गर्ने काम भयो। यसबाट परमात्माका गुण, विग्रह र विभूतिहरू व्यर्थ सिद्ध भए। जुन विषयहरूलाई अभिव्यक्त गर्ने श्रुति, स्मृति, इतिहास, पुराण, आगमहरू एक स्वरमा उन्मुख देखिन्छन्। प्राकृतिक र विकारी गुणहरूको निषेधमा प्रवृत्त निर्गुणपरक श्रुति वाक्यहरूको पूर्वापरको राम्ररी समीक्षा नगरी सर्वथा गुणराहित्य अर्थ गरेर भगवान्का यत्रा विपुल स्मृतिहरू अर्थहीन बनाइए। ईश्वर निराकार तत्त्व हो भनी युक्ति र तर्कद्वारा प्रमाणित गर्न सारा वैदुष्य र वाग्वैभवको दुरुपयोग गरियो। जसले गर्दा भगवान्को ध्यान, उपासना, अर्चना आदि ब्रह्मज्ञानीहरूका लागि अनुपादेय सिद्ध भए। निर्विशेष ब्रह्म भएको कारण भगवान्मा विद्यमान दया, वात्सल्य, क्षमा, सौलभ्य, आर्जव आदि लोककल्याणकारी गुणहरू साधकका लागि अनुपयुक्त र प्रयोजनविहीन सिद्ध भए। एतावता संसार नै मार्गशून्य जस्तो दिग्भ्रान्त भयो। यही अवस्थामा निर्विशेषको विरुद्धमा सविशेषवादको स्थापना अवर्जनीय रूपमा उपस्थापन गर्नु आवश्यक भयो। अतः शास्त्रको रक्षा र तत्प्रतिपाद्य विषयवस्तुको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वस्तुगत तात्पर्य समन्वयपूर्वक उपस्थापन गर्न अनादिस्थित, वेद-वेदान्तवेद्य सविशेषवादको प्रतिष्ठापक तथा व्यवस्थापकका रूपमा भगवद्रामानुजाचार्यको अवतार भएको हो । उहाँले वेद-वेदान्तको रहस्यलाई वस्तुगत रूपमा आग्रह, पूर्वाग्रहमुक्त भएर उद्घाटित गरी भक्ति, प्रपत्ति र शरणागतिको मूलमर्मलाई व्यवस्थापित गर्नुभयो । त्यसैका लागि श्रीभाष्यम् जस्तो प्रामाणिक भाष्यरत्न लेखेर निर्विशेषवाद र सविशेषवादका बिचमा देखिएका असामञ्जस्यहरूलाई सप्रमाण हटाई सविशेषवादलाई दृढतापूर्वक प्रतिष्ठापित गर्नुभयो । यसरी श्रीभाष्यग्रन्थको परम उद्देश्य नै सविशेषवादको सप्रमाण प्रतिष्ठापन गर्नु हो । त्यसैका आधारमा प्रमेयको विचार गर्ने क्रममा जड र अजडका रूपमा द्रव्य र अद्रव्यको विभाग भएको हो । जो सर्वथा प्रमाणसिद्ध, युक्तिसम्मत र वस्तुगत छ । यही नै यसको मूलभूत तात्पर्य हो ।

॥ इति ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सन्दर्भग्रन्थसूची

आचार्य श्रीनिवास, **श्रीरामानुजाचार्य र विशिष्टाद्वैतवाद**, काठमाडौं : श्रीवेणुगोपालमन्दिर, वि.सं. २०४३ ।

आचार्यः रघुनाथः **विशिष्टाद्वैतवैभवम्**, आन्ध्रप्रदेशः सम्प्रदायपरीक्षणसभा, सन् १९९६ ।

ईशादि नौ उपनिषद्, पञ्चत्रिंशत् पुनर्मुद्रणम्, गोरखपुर : गीताप्रेस, वि.सं. २०७३ ।

उदयनाचार्यः **न्यायकुसुमाञ्जलिः** दुर्गाधरझाकृतभाषानुवादसहितः वाराणसी : वाराणसेय संस्कृतविश्वविद्यालय, सन् १९७३ ।

उदयनाचार्यः **न्यायकुसुमाञ्जलिः** तत्त्वप्रकाशिकायुता, प्रकाशकारः वसन्तत्र्यम्बकशेवडे, चौखम्वा सुरभारती प्रकाशन वाराणसी, सन् १९९७ ।

उदयनाचार्यः **न्यायकुसुमाञ्जलिः** हरिदासियुता, व्या. श्रीहरिदासभट्टाचार्यः, वाराणसीः चौखम्वा विद्याभवन, सन् १९७८ ।

पराशरः **श्रीविष्णुपुराणम्**, मुनिलालगुप्तविरचितहिन्दी अनुवाद, छब्बीसवाँका संस्करण, गोरखपुर : गीताप्रेस, वि.सं २०५९ ।

वरदराजः **सिद्धान्तकौमुदी**, प्रभाकरी विवृतिसहिता, सम्पा. पं. विशवनाथ शास्त्री, मुम्बई : मोतीलाल बनारसी दास, सन् १९३९ ।

वर्णेकर श्रीधरभाष्कर, **संस्कृत वाङ्मयकोश**, तृतीय आवृत्ति : कलकत्ता : भारतीय भाषा परिषद्, वि.सं. २०१० ।

वात्स्यायनः **न्यायभाष्यम्** सुदर्शनाचार्यकृत प्रसन्नपदापरिभूषितम् अभिनवसंस्करणम्, वाराणसीः बौद्धभारती, सन् १९९८ ।

वेदान्तदेशिकः तत्त्व**मुक्ताकलापः**, व्याख्यात्रयोपेतः, द्वितीयोभागः सम्पा. ना. रा. श्रीकृष्णताताचार्यः, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, सन् १९९६ ।

वेदान्तदेशिक, **न्यायसिद्धाञ्जनम्**, रङ्गरामानुजव्याख्यायुतम् मद्रासः श्रीवैष्णव सिद्धान्तप्रचारसभा सन् १९३४ ।

तत्त्वमुक्ताकलापः सर्वार्थसिद्धिसमेतः, मद्रास : सम्पत्कुमाराचार्यः सन् १९४१ ।

शर्मा द्वारकाप्रसाद, **भाष्यकार श्रीरामानुजाचार्य** : चतुर्थ संस्करण, कलकत्ता : रायबहादुर विश्वेश्वरलाल, मोतिलाल हलवासिया ट्रस्ट, वि. सं. २०२२ ।

श्री निवासाचार्यः, **यतीन्द्रमतदीपिका**, व्या. केशवदेव शास्त्री, वृन्दावन : श्रीरङ्गनाथमुद्रणालय, सन् १९७६ ।

सङ्क्षिप्त हिन्दी प्रपन्नामृत, अनु.पं.श्रीनिवासाचार्य, राजस्थान : सोमानीपरिवार, २०२३ ।

छान्दोग्योपनिषद्, सानुवादशाङ्करभाष्यसहित, एक्काइस पुनमुद्रण गोरखपुर : गीताप्रेस, वि. सं. २०७३ ।

रामानुजाचार्यः श्रीभाष्यम्, प्रथमसम्पुटः, मेलुकोटेः संस्कृत-संसोधनसंसत्, सन् १९८५ ।

रामानुजाचार्यः, **वेदार्थसङग्रहः**, सुदर्शनसूरिप्रणीत तात्पर्यदीपिकायुक्तः, काशी : मेडिकल हाल्, सन् १८९४ ।

प्रपन्नामृत, नेपालीभाषानुवादक वै.वा. स्वामी गोविन्दाचार्यः, द्वितीय प्रकाशन हेटौंडा : श्रीलक्ष्मीनारायण मन्दिर, वि.सं. २०६२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वामी त्रिभुवनदास, **विशिष्टाद्वैत वेदान्त का विस्तृत विवेचन,** दिल्ली: चौखम्वा संस्कृत प्रतिष्ठान, सन् २०१३ ।

स्वामी रघुनांथदेशिक, **श्रीसम्प्रदाय,** परम्परा एवं सिद्धान्त परिचय, फैजावाद : श्रीपीठम् चैरिटेबल सेवा ट्रस्ट, वि.सं. २०६३ ।

सिंह अमर: **अमरकोशः**, कुलचन्द्रगौतमकृत नेपालीटीकयायुतः, वाराणसी : नारायणप्रसाद गौतम, वि.सं. २०१७ ।

यामुनाचार्य, **आलवन्दारस्तोत्रम्,** हिन्दीव्याख्यासहित, तिरुपति : तिरुमल तिरुपति देवस्थान, सन् २०१२ ।

श्रीरामानुजाचार्य एवं विशिष्टाद्वैत दर्शन, प्र. सम्पा. रघुनाथ नेपाल, काठमाडौँ : श्रीवैष्णव-परिषद्, वि.सं. २०७४ ।

श्रीप्रपन्नामृतम्, अनु.पद्मधराचार्यः, काठमाडौं : श्रीवैष्णव युवा परिषद्, वि.सं. २०७३ ।

श्रीमद्भगवद्गीता श्रीरामानुजभाष्यवेदान्तदेशिकविरचितया तात्पर्य-चन्द्रिकया सहिता वृन्दावनधाम : श्रीमन्नारायणरामानुजजीयरस्वामी, सन् १९७६ ।

श्रीरामानुजनूत्तन्दादि (प्रपन्न गायत्री) हिन्दी टीकासहित, बम्बई : रामदयाल सोमाणी चेरिटेबिल ट्रस्ट, २०२४ ।

श्रीरामानुजाचार्यः, वेदान्तसारः, श्रीधरमुखोल्लासिनी-हिन्दीव्याख्या व्याख्याकार, गोविन्दाचार्य, दिल्ली : श्रीगोविन्दाचार्य प्रतिष्ठानम्, सन् २०१८ ।

भागवतसभामहोत्सवः स्मारिका प्रका. श्रीरङ्गलक्ष्मी आदर्श -संस्कृत- महाविद्यालयः वृन्दावनम्, सन् २००१ ।

दासगुप्त एस.एन., **भारतीय दर्शन का इतिहास** भाग- ३, द्वितीय संस्करण, जयपुर राजस्थान हिन्दी ग्रन्थ अकादमी, सन् १९८९ ।

दासगुप्त एस.एन., **भारतीय दर्शन का इतिहास** भाग- ४ एवं ५, द्वितीय संस्करण, जयपुर राजस्थान हिन्दी ग्रन्थ अकादमी, सन् १९८९ ।

श्रीब्रह्मसूत्रम्, श्रीनिम्बार्कभाष्यम्, निम्बार्कमहामुनीन्द्रविरचितवेदान्त पारिजातसौरभाख्यसूत्रवाक्यार्थेन, साहित्यम् श्रीनिवासाचार्यप्रणीत वेदान्तकौस्तुभभाष्यद्वयोपेतम्, प्रका. श्रीकल्याणदास, वृन्दावन, सन् १९३२ ।

राधाकृष्णन् भारतीय दर्शन, दिल्ली, राजपाल एन्ड सन्ज, सन् २००९ ।

रेग्मी शर्मा ऋषभदेव, **प्राच्यदर्शनपरिचय,** काठमाडौं पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.स.२०३४ ।

श्रीवरवरमुनि स्तोत्ररत्नावली, श्रीकांची प्रतिवादी भयंकर मठ, सन् २०१९ ।

उपाध्याय हरिशरण, **निम्बार्कदर्शनमीमांसा,** श्रीनिम्वार्कप्रकाशन समिति, वि.स २०५९ ।

भट्टराई पद्मप्रसाद, **पौरस्त्य दर्शन एक चिनारी,** भोटाहिटी काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०७४ ।

महाराज श्रीगिरिधर, **शुद्धाद्वैत-मार्त्तण्डः** भाषाटीकासहितः, वाराणसी षष्ठपीठ मन्दिर, वि.सं. २०६५ ।

माधवाचार्यः, **सर्वदर्शनसङ्ग्रहः,** अभ्यंकरोपाह्ववासुदेवशास्त्रि-विरचितया **दर्शनाङ्कुराऽभिधाव्याख्या** समेतः, द्वितीयावृत्तिः पुण्यपत्तनम्, प्राच्यविद्यासंशोधनमन्दिरम्, सन् १९५१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठान

9789937761284